# उन्माद

उपन्यास



-ललिता 'दोषी'

# उन्माद

उपन्यास

लेखिका:
ललिता 'दोषी'

प्रकाशक
डीकुरा पब्लिकेशन

कृति : उन्माद
लेखक : ललिता 'दोषी'
संस्करण : प्रथम, २०६६
मूल्य : रू. ९५/-
प्रकाशक : डीकुरा पब्लिकेशन

---

पत्रचार गर्ने ठेगाना :
**डीकुरा पब्लिकेशन**
पो.ब.नं. २१७३२, काठमाडौं, नेपाल
फोन : ०१-२०४४३७९, ९८४१५२१८९२

उपत्यकाको लागि वितरण :
**एभरेष्ट बुक डिस्ट्रीब्यूटर्स**
फोन : ९८४१४५२६०६



# समर्पण आमालाई

आदर्शकी प्रतिमूर्ति कोमल मनकी धनी
गाएर सकिन्न कठै ! तिम्रो त्यो जीवनी
तिमी बाँच अझै बाँच देऊ आशिषका घडा
तिम्रो कोखको लाज राखूँ बनी माटो उर्वर !

# उन्माद उपन्यासमा डुबुल्की मार्दा

'उन्माद' ललिता दोषीद्वारा लिखित शिक्षा र सन्देशले भरिएको उपन्यास हो । आदर्शवादी रोमाण्टिक धाराको यस उपन्यासमा उपन्यासकारले आफ्नो उद्देश्य प्राप्त गर्नमा सफलता हासिल गरेकी छन् । आजको उच्च वा उच्च मध्यमवर्गीय तथाकथित अभिजात समाजका विकृतिहरूलाई ललिता दोषीले भावुक र मार्मिक बनाएर प्रस्तुत गरेकी छन् । त्यस वर्गबाट विभिन्न नमुना पात्रहरूको संकलन गरेर उपन्यासमा तिनलाई पात्र बनाई तिनको चरित्र चित्रण गरेकी छिन् । आदर्श र अनादर्श पात्रको चित्रण गर्नु, तिनको द्वन्द्व प्रस्तुत गर्नु, तिनका आडम्बरी जीवनको प्रस्तुति र अन्त्यमा ती सबै पात्रहरूको आ-आफ्नो कर्मअनुसारको अन्त्य उपन्यासमा कौतुहलता‍पूर्वक प्रस्तुत गरिएको छ ।

उपन्यासमा शालु, कान्छी र आकाश जस्ता आदर्शबाट कहिल्यै च्युत नहने पात्र छन् भने निमेष, मौमसी, फिरोज आदिजस्ता बाटो बिराउने पात्र पनि छन् । लेखिकाको उद्देश्य भने प्रत्येक पात्रभित्र रहेको मानवीय आदर्शको खोजी गर्नु रहेको छ । यो लेखिकाको सामाजिक दृष्टिले एक दायित्वपूर्ण कार्य हो र सराहनीय पनि । सामाजिक अध्ययनका दृष्टिले पनि यो उपन्यास उपयोगी हुन सक्छ । अन्त्यमा असल पात्र त आफ्नो असलपनले प्रभावकारी रहिरहेकै हुन्छ, खराब पात्रलाई पनि उपन्यासकारले असल परिणतिमा पुऱ्याएकी छन् । तिनीहरूले आफ्नो अज्ञानमय पूर्वजीवनप्रति पश्चाताप गर्दछन् र भविष्यमा असल जीवनतर्फ डोहोरिन्छन् ।

उपन्यास परम्परागत शैलीमा लेखिए पनि कथावस्तुको संयोजन चरित्र चित्रण सहज प्रस्तुतिले गर्दा आजको एक खास वर्गको जीवनको चित्रण गर्न सफल छ । तथाकथित अभिजात वर्ग र तिनका सामन्ती सोचले गर्दा उत्पन्न भएका बिकृति एकातिर यसको विषय बनेको छ भने अर्कातिर सुरासुन्दरी र लागु पदार्थको दुर्व्यसनले समाजलाई कति जर्जर तुल्याउँछ भन्ने कुराको मार्मिक चित्रण गरिएको छ । ठाउँठाउँमा भावुकताको आधिपत्यका कारण पाठकसमेत भावुकताको प्रभावमा बगेर आँखा रसाउन बाध्य हुन्छ । उपन्यास यस रूपमा निकै सफल भएको छ । यसका अन्य सफलता पनि छन् । यसको भाषा सरल छ । सिनेमा हेरेझैं, कथानक प्रवाहमय बनेर गएको छ । पाठकले कथामा अल्मलिनु पर्दैन, कथानकले पाठकलाई तानेर लान्छ । थालनीदेखि अन्त्यसम्म उपन्यास रोचक छ । बौद्धिकताको भारी नबोकेर यसले सरस कौतुहलमय ढङ्गबाट आफ्नो कुरा भन्छ । उपन्यासमा कुलतका विरुद्ध एक अभियान जस्तै चलाइएको छ । त्यसैगरी पुरुषले गर्ने नारीको शोषण पनि

प्रमुख मुद्दाका रूपमा उठाइएको छ। त्यति मात्र होइन आजका कतिपय नारीहरू आफ्ना क्रियाकलापद्वारा भ्रमवश र विवशतावश पनि दुर्व्यसन र पुरुष अन्यायको शिकार हुन पुग्छन्, जसले उनीहरूको जीवन बिथोलिन्छ, अवसादभ्रष्ट बनाइदिन्छ। तीमध्ये प्रायः परिस्थितिसित मुकाबला गर्दै नयाँ जीवन थाल्दछन् । यसले नारीवादी सन्देश पनि राम्ररी दिएको छ।

लेखिकाको सबभन्दा बलियो पक्ष के छ भने, आज एउटा अपसंस्कृतिलाई अँगालेर बाँच्दा जुन खोक्रो गर्वको देखावटीपन छ, त्यसप्रति उपन्यास सहमत छैन । प्रेम र त्यसको खोक्रोपन, संस्कृति र विलासिता अनि यी सबका नाउँमा हुने विभिन्न प्रकारका शोषणहरू विरुद्ध आवाज उठाइएको छ, यिनको वास्तविकता र भ्रमलाई छुट्याएर देखाइएको छ। अनि भ्रममा बाँच्नेहरूको दुःखद परिणाम पनि छर्लङ्ग पारिएको छ। एउटा पाठकले यसबाट धेरै कुरा सिक्न सक्छ, धेरै सन्देश लिन सक्छ ।

अभिजात वर्गका यी पात्रको खोक्रोपन र हिलोमा कमल फुलेझैं 'शालु' जस्ता पात्रको आदर्श, शान्त र सफल जीवनको तुलना गरेर लेखिकाले जीवनका आडम्बरहरू क्षणिक हुन्छन् भन्ने सन्देश दिएकी छन् । विलासिता प्रेम होइन यो हामी यस पुस्तकमा पाउँछौं भने, वास्तविक प्रेमले मानिसलाई बदलिने तागत पनि राख्दछ भन्ने सन्देश पनि हामी यसै उपन्यासद्वारा ग्रहण गर्दछौं ।

यस अर्थमा 'उन्माद' एक निश्छल, निःस्वार्थ, त्याग, बलिदान र आत्मिक अनि आदर्श प्रेमको पक्षमा रहेको उपन्यास हो। त्यसकारण यसलाई प्रेमका विभिन्न रूप दर्शाउने, प्रेम-त्रिकोणको उपन्यास पनि भन्न सकिन्छ। फिरोज, आकाश र शालुको सम्बन्धलाई नमुनाका रूपमा हेर्न सकिन्छ।

उपन्यासले एउटा खास समुदायको जीवनका विभिन्न पक्षहरू प्रस्तुत गरेको छ, जसबाट कति पाठक अनभिज्ञ पनि रहेका हुन सक्छन् । यस अर्थमा यसले एक वर्गको जीवनको ज्ञान हामीलाई जानकारी दिएको छ।

सरल र बगेको शैलीले गर्दा अनि कथावस्तुको राम्रो विकासका कारण उपन्यास लोकप्रिय बन्ने आशा गर्न सकिन्छ। यो उपन्यासको कथा अत्यन्त रोचक हुनाले यसमा एक सफल फिल्म वा टेलिश्रृङ्खला पनि बन्न सक्छ भन्ने मलाई विश्वास छ।

अन्त्यमा पाठकमा यो उपन्यास एकदम लोकप्रिय हुनेछ भन्ने शुभकामना दिन चाहन्छु। यो उपन्यास, नरोकिएर पढिसिध्याएँ। अन्य पाठकले पनि यसैगरी पढ्ने कामना गर्दछु।

डाः ध्रुवचन्द्र गौतम

२०६५/११/२

# आफ्नो भनाइ

जीवनका विविध घुम्तीहरू पार गर्दै म यहाँहरूसामु आफ्नो आठौँ कृति 'उन्माद' लिएर उपस्थित भएकी छु । आशा छ, मेरा प्रिय पाठकवृन्दहरूले. मेरो अन्य कृतिलाई जस्तै यस उपन्यासलाई पनि अवश्य माया गर्नुहुनेछ ।

मैले यो उपन्यास युवावर्गकै लागि लेखेकी हुँ । आफूले देखेसुनेका घटनाहरूलाई मैले टपक्कै टिप्न खोजेको छु । कथालाई सिंगार्ने क्रममा कतै-कतै काल्पनिक शब्द भएपनि यी घटनाहरू धेरैजसो वास्तविक नै हुन् । ती पात्रहरूको कथाव्यथालाई उतार्न म कतिसम्म सफल भएँ या भइनँ यसको जिम्मा लगाउने काम प्रिय पाठकहरूलाई नै सुम्पेकी छु ।

'दोषी' उपनामलाई लिएर उठ्ने प्रश्नहरूको सवालमा चाहिँ म यति नै भन्छु, मैले थाहा पाएदेखि आफ्नो स्वार्थको लागि अरूको खुसी रेटेझैं पटक्कै लाग्दैन । आफूले प्रचण्ड गर्मी सहेर अरूलाई छहारी दिँदा पनि भोग्नुपरेका पीडाहरू आफ्नै ठाउँमा छन् । यही पीडाहरू पोख्ने क्रममा नै म प्रिय पाठकहरूको प्रिय लेखिका बन्न पुगेछु ।

जीवन भनेको यस्तै हो । प्रत्येकको जीवनमा उकाली ओरालीहरू आइरहन्छन् । आज भने मैले सगरमाथा टेकेको अनुभूत गरेकी छु, किनकि मैले आफ्नो उपन्यासको पानामा वरिष्ठ साहित्य साधक डा. ध्रुवचन्द्र गौतमलाई सजाउन पाएकी छु । म यति विग्न खुसी छु जसको लेखा जोखा नै छैन । मेरो बच्चादेखिकै रहर थियो वहाँलाई नै उपन्यासमा भूमिका लेखाउने वहाँले मेरो रहरलाई सहर्ष स्वीकार गर्नु भयो । म वहाँको यो गुणलाई आजन्म भुल्ने छैन ।

मैले जति नै अगाडि पाइला चाले पनि म आफ्नो प्रथम पाइला टेकाउने वरिष्ठ साहित्य साधकज्यूहरूमा कृष्णप्रसाद पराजुली, डा. ओमवीर सिंह बस्न्यात र इन्दिरा प्रसाईलाई कदाचित भुल्नेछैन ।

मलाई प्रेरणा दिने यति विघ्न साहित्य साधकज्यूहरू हुनुहुन्छ । म धर्म संकटमा छु कसको नाम लेखौं कसको नाम छोडौं । त्यसैले मैले एकपाटो रोज्न बाध्य भएँ । मेरो साहित्य रूपी सन्तानलाई सही मार्ग देखाउदै भूमिका र समीक्षा लेखिदिदै मलाई हौसला प्रदान गर्नुहुने वरिष्ठ

साहित्य साधकज्यूहरूमा रमेश विकल, जनकवि केसरी धर्मराज थापा, गोपिकृष्ण शर्मा, केशव सुवेदी, चुडामणी रेग्मी, मुक्तिनाथ शर्मा (नेउपाने) कलाधर काफ्ले, ज्ञानुवाकर पौडेल, मोहन दुवाल, श्री ओम श्रेष्ठ रोदन, ब्रह्मप्रिय प्रेमस्वरूप, श्यामप्रसाद अर्याल, डा. खगेन्द्र प्रसाद लुइटेल, तिलकप्रसाद लुइटेल, अर्याल ,अर्जुन विरक्ति, यादव भट्टराई, नवराज रिजाल, बी. के पाल्पाली, अरुण खत्री नदी, विजयराज आचार्य, विश्व सिग्देल, छवीरमण सिल्वाल, दिपेश चौलागाई, ज्ञानेन्द्र विवश यहाँहरू सम्पूर्णप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

साहित्य लेखनका लागि मलाई हरक्षण साथ दिने स्व. बाबा कुलबहादुर (गजुरेल) क्षेत्री, आमा सूर्यकुमारी क्षेत्री, श्रीमान टेकबहादुर (खरेल) खत्री, बाबु गंगा खरेल, सम्पूर्ण दिज्यूहरू, दाज्यूहरू, नेत्रबहादुर क्षेत्री, डा. राज क्षेत्री, सुरेश क्षेत्री, डा. दिनेश क्षेत्री (भाइ), गोविन्द सुवेदी, शेरबहादर के.सी, भाष्कर सुवेदी, पुरेन्द्र शर्मा (भिनाज्यूहरू), छोराहरू आकाश खरेल, क्षितिज खरेल, सम्पूर्ण आफन्तहरूप्रति र नेत्रहीन साथीहरू सुरेश राजभण्डारी, ओमप्रकाश बञ्जाडे, उन्माद उपन्यासलाई सम्पादन गर्नुहुने कृष्ण पौडेल, कम्प्युटर गर्नुहुने प्रवीण बुढाथोकी, लक्ष्मी श्रेष्ठ, आवरण गर्नुहुने हरिकृष्ण बस्ताकोटी, कुश्माखर पाण्डेय, गोपाल गैरे सबैप्रति र प्रकाशनको जिम्मा लिएर तपाईंको हातसम्म पुस्तक पुऱ्याउने ढीकुरा प्रकाशनका प्रति हार्दिक कृतज्ञ छु ।

र, हरेक पक्षमा अपनत्व र सदभावनाका साथ गम्भीरतापूर्वक सल्लाह र सुझाव दिनुहुने बहुचर्चित साहित्यकार पुण्यप्रसाद प्रसाईका प्रति हार्दिक आभार ।

अन्त्यमा पाठकको मायामा नै आफ्नो अस्तित्व जोगिने हुँदा यहाँहरूको यस्तै मायाको अपेक्षा गर्दछु ।

म यो पुस्तक मेरी ममतामयी आमा सूर्यकुमारी क्षेत्रीमा समर्पण गर्दछु ।

**– ललिता 'दोषी'**
बुद्धनगर, काठमाडौं
मिति : २०६४ पुस २३

# एक

कारको हर्न सुनेपछि मस्त निद्रामा परेकी कान्छी जन्याकजुरुक उठेर गेटमा पुगिन्। गेट खोलेपछि कार घरभित्र पस्यो। कार घरभित्र पसेको धेरैबेर भइसक्दा पनि शालु सधैँझैँ दिदी भन्दै बुर्लुक्क उफ्रँदै निस्किनन्। मालिक र मालिक्नी कारबाट बाहिर निस्कँदै लर्बराएको स्वरमा भने, 'हेर कान्छी, अब हाम्री शालु पनि ठूली भइन्। आजदेखि त पिउन पनि सिकिन्। नपत्याएर आफैँ हेर' भन्दै उन्मत्त हाँसो हाँस्तै घरभित्र पसे। मालिक र मालिक्नीको कुराले कान्छीको हृदय नै छिन्नभिन्न भयो। आँखाबाट बर्बरी आँसु झार्दै मूर्तिझैँ उभिरहिन्।

'शालु मैयाँसापलाई झिक' भन्ने ड्राइभर चन्द्रकान्तको बोलीले झसङ्ग भई कान्छीले शालुलाई कारबाट बाहिर निकालिन्। शालुले कान्छीलाई अङ्गालो हाल्दै भनिन्, 'दिदी टाउको दुख्यो। खुट्टा पनि टेकिँदैन, अब के गरौँ ?' कान्छीले चुपचाप शालुलाई डोऱ्याउँदै कोठामा ल्याएर पलङमा सुताइन्। शालुको जुत्ता खोलेर कोठाबाहिर राखिदिइन्। कान्छीको आँखाबाट झरेको आँसु रोकिएको थिएन। शालुले 'ऐया, टाउको दुख्यो' भन्दै लामो सुस्केर हालिन्। कान्छीले पलङमा बसेर शालुको टाउको आफ्नो काखमा राखेर मिचिदिइन्। तर ओठ चल्न सकेन। शालुले दिदी नबोल्नुको कारण बुझेर भनिन्, 'दिदी तपाईं त कुरा नै नबुझी रिसाउनुभयो।' आफ्नो हात दिदीको आँखामा पुऱ्याउँदै भनिन्, 'अहो ! रुनु पनि भएछ। साँच्चि मैले रक्सी पिएकी होइन। कसले मेरो खानेकुरामा के मिसाइदिएछ। मलाई पत्तो छैन। दिदी नरुनोस्, साह्रै गाह्रो भएको छ, बत्ती निभाएर जानोस्।'

कान्छी बत्ती निभाएर आफ्नो कोठामा आई, डङ्ग्रङ्ग ओछ्यानमा पछारिइन्। आफूलाई थाम्न नसकेर घुँक्क-घुँक्क गरी रोइन्। आँखामा विगत र वर्तमान चलचित्रझैँ नाचिरह्यो। आफूलाई घरबाट निकालेपछि फुपूले बच्चा स्याहार गर्न र घरको काम गर्न भनेर दीपक र उर्मिलाको घरमा ल्याएर छोडिदिइन्। त्यतिखेर शालु अठार दिनकी मात्र थिइन् भने कान्छी बीस-बाईस वर्षकी थिइन्। शालु तीन पुगेर चार वर्षमा लाग्दा उर्मिलाले सुजनलाई जन्माइन्। शालु र सुजन दुवै कान्छीकै पोल्टामा हुर्कंदै गए। कुपण्डोलमा टन्न पुर्ख्यौली सम्पत्ति भएका दीपकले सानै उमेरमा अधिकृत पास गरेको भए पनि अधिकृतको जागिर छोडी व्यापारमा लागे। व्यापारमा लागेपछि उनको रहनसहन, बोलीचालीमा बिस्तारै परिवर्तन आउन थाल्यो। व्यापारमा राम्रो फाइदा भएकोले चाबहिल र कुलेश्वरमा जग्गा किनी भाडामा लगाउनकै लागि घर बनाए। घरभाडा मात्रै मासिक चालिस-पचास हजार आउने भएकोले उनीहरूलाई

पैसाको कमी थिएन । त्यसमाथि व्यापारबाट आउने पैसा छुट्टै थियो । दीपकका बाबु-आमा सानैमा मरेका हुनाले दीपक, उर्मिला नै पूर्ण स्वतन्त्र थिए । उनीहरूले साँझको खाना घरमा खाएको त्यति याद छैन कान्छीलाई । होटेल, रेष्टुराँ, पार्टी आदिमै आधारात बित्थ्यो र बित्छ पनि । मनलाग्दा घर आउँछन् त मन नलाग्दा घर आउदैनन् । शालु र सुजन सानोमा बिरामी पर्दा कान्छीले कति रात आँखा झिमिक्कै नगरी पनि बिताइन्, त्यो आफ्नै ठाउँमा छ । सबै परिवारको तुलनामा शालु ज्यादै संवेदनशील छिन् । शालु र सुजन दुवैलाई कान्छीले हुर्काएकी भए पनि कान्छी शालुलाई आफ्नै मुटुझैँ प्यारो गर्छिन् ।

शालु कान्छीकै मायालु काखमा हुर्किन्, बढिन् । बाबु सम्पन्न भएको हुँदा उनले अभाव देख्नुसम्म पनि परेन । अभाव र पीडा भनेको के हो, उनले कान्छीदिदीले भनेका कथाहरूमा मात्र सुनिन् । शालु कथाका पात्रहरूको दुःख सुन्दा पनि चिन्तित हुने भएकीले कान्छीले उनलाई दुःखका कथाहरू सुनाउन पनि छोडिन् । शालुको सानो मस्तिष्कले केवल यही सोच्यो । संसार त धेरै सुन्दर रहेछ । सबै सम्पन्न र खुसी रहेछन् । मानव आर्तनादको त पत्तै भएन शालुलाई ।

यहाँसम्म कि आफ्नै घरमा बसेकी, सुन्दर आँखा र बान्की परेको अनुहार भएकी आफूलाई आफ्नै मुटुझैँ ठान्ने कान्छीदिदीको विगतसँग पनि अनविज्ञ थिइन् शालु । उनले यति मात्र बुझेकी थिइन्- कान्छीदिदी आफूलाई असाध्यै माया गर्छिन् । आफ्नो मायाको कारण नै यहाँ बसेकी हुन् । म नै दिदीको सम्पूर्ण हुँ । जसरी मलाई ठेसलाग्दा दिदीलाई दुख्छ, त्यस्तै दिदीलाई ठेस लाग्दा मलाई दुखेन भने म जन्मनुको अर्थ छैन । हो अर्थ .... ।

# दुई

कान्छीलाई उठ्नै मन लागेको थिएन । शालुलाई ब्रेकफास्ट दिनकै लागि नसकी-नसकी उठिन् । अण्डा र दूध लिएर शालुको कोठामा पुगिन् । त्यतिखेरसम्म शालुले स्कुल जानका लागि जुत्ता, मोजा लगाइसकेकी थिइन् । शालुले डराई-डराई कान्छीको अनुहारमा हेरिन् । कान्छीको आँखा रातो र ओठ-मुख पनि सुन्निएको साथै मौन थिइन् उनी । शालुले कान्छीदिदीको गालामा म्याइँ खाँदै भनिन्, 'दिदी नबोल्ने भए म स्कुल नै जान्न के, दिदी त्यत्तिकै पीर गर्नुहुन्छ म बिग्रिन्न भनेपछि बिग्रिन्न ल तपाईंलाई गाह्रो भए जस्तो छ गएर सुत्नोस् ।'

कान्छीले कुनै प्रतिक्रिया नजनाई एकोहोरो शालुको अनुहारमा हेरिरहिन् । गोरो अनुहार, ठूलाठूला निर्मल र सुन्दर आँखाहरू, मिलेको दाँत, पुष्ट छाती, होचो-होचो मोटोमोटो शरीर । शालुले हाँस्तै भनिन्, 'दिदी मलाई हेरेर कहिले पनि अघाउनुहुन्न भन्या, साँच्चै दिदी म अप्सराजस्तै छु र ?'

शालुको शब्दले कान्छीको आँखा भरियो । शालुले कान्छीदिदीको आँखाको आँसु पुछ्दै भनिन्, 'मलाई थाहा छ, म दिदीका लागि अप्सराभन्दा पनि सुन्दरी छु । म दिदीलाई माया गर्नकै लागि स्वर्गबाट झरेकी हुँ, म फूल हुँ रे, म जून हुँ रे, दिदीले सानोमा भन्ने गरेको शब्दहरू अझै बिर्सेकी छैन । नरुनोस्, आजदेखि दिदीले जे भन्नुहुन्छ त्यही गर्छु' भन्दै शालु स्कुलतिर लागिन् ।

कान्छी शालुकै ओछ्यानमा थचक्क बसिन् । आँखामा शालुकै मायालु अनुहार नाचिरह्यो । मनमनै सङ्कल्प गरिन्- म मेरी शालुलाई सन्त्रासमय वातावरणभित्र निशास्सिँदै मर्न दिने छैन । मेरी शालु अग्निकुण्डमा पर्दा म स्वयम् जल्नेछु । सम्पूर्ण पाएर पनि दुर्भाग्य शालुले आदर्श बाबु-आमा पाउन सकिनन् । शालुकी आमाले आफ्नो औकात नबिर्सिदिएकी भए सायद मैले त्यो उर्लंदो बैंसलाई किच्नु, मिच्नु र थिच्नु पर्दैनथ्यो । बैंसलाई थेग्नुपर्दाको कष्ट सम्झेर कान्छीको मन भक्कानिएर आयो ।

उर्मिलाले शालुको कोठाको ढोका खोल्दै कर्कसा स्वरमा भनिन्, 'फेरि के भयो तिमीलाई ? किन मुख फुलाएर बसेकी ? शालुले हिजो के अलिकति पिएर आएकी थिइन्, यिनको शिरमाथि पहाडै टुट्यो । मेरी छोरीलाई तिमी यो जमानामा पनि आफूजस्तै बनाउन चाहन्छ्यौ ? थाहा छ तिमीलाई ? अस्ति डा. पुष्करकी श्रीमतीले मेरो पिउने बानी छैन भन्दा सबै पेट मिचिमिची हाँसे । डा. पुष्करले कहाँबाट गोबर टिपेछु भन्दै थिए । त्यति मात्र हो र यो जमानामा परिचय गर्दा नमस्कार पो गर्छे । त्यसको हात छुँदैमा त्यो सानी हुन्थी र ! सधैं मै हुँ भन्ने डा. पुष्कर त स्वास्नीको गँवारपन देखेर नीलो र कालो भयो । मेरी शालुलाई अहिलेदेखि नै सभ्य समाजमा रहने तरिका सिकाउँछु बुझ्यौ ? पाइलटको छोरा गान्टे, प्रभाते छ नि त्यो शालुसँग डराउँदो रहेछ । मलाई अन्टी शालुलाई यो गिफ्ट दिनु भनेर दियो । छान्न कति जानेको गान्टेले, फ्रक पनि यति राम्रो ल्याएछ कि ठ्याक्कै हिरोनीहरूले लाउने जस्तो छ भन्या ! शालुको पापा भनिसिन्थ्यो- त्यो फ्रक त होलसेलमा नै निक्कै महँगो पर्छ रे ! आज त्यही फ्रक लगाएर पार्टीमा लैजान्छु । गान्टे दङ्ग पर्छ ।'

उर्मिलाको कुराले कान्छीलाई भाउन्न होला जस्तो भयो । कान्छीको मगजले केही सोच्नै सकेन । उनी हेरेको हेरै भइन् । भर्खर चौध पुगेर पन्ध्र लागेकी छोरी नशामा झुम्दा रमाउने र छोरीकै लागि गिफ्ट ल्याउने आमा पनि हुँदारहेछन् । कान्छी भित्रभित्रै दाह्रा किट्दै कोठाबाट बाहिरिन् ।

'ओ डार्लिङ तिम्रो फोन ।' दीपक उर्मिलालाई कर्डलेस दिएर ट्वाइलेट पसे । उर्मिलाले हलो गर्दै भनिन्, 'हैन किन बिहानबिहानै सम्झनुभयो उमाजी ? आज खाल त्यहीं जम्ने होइन र ? त्यहाँ क्यान्सिल भयो रे, किन ? ए कान्छी सासू आउने ? हो भन्या, पाखेहरूले त टाउकै खान्छन् । दुई-चार महिना भएको छैन गएको फेरि किन अन्मरिनु पर्‍या होला ? त्यसो भए तपाईं आज

आउनुहुन्न ? जचाउनु जानु छ भनेर आउँछु रे ! हुन्छ, हुन्छ आउनुहोस् । पाखेहरूको फतौरे गफ सुनेर दिन काट्न गाह्रै पर्छ । प्रेमाको घरको खान्की त्यति मीठोचाहिँ हुँदैन । छुच्ची मोरी रेडलेबलमा सस्तो रक्सी मिसाउँछे जस्तो छ, जति पेग खाए पनि छुँदैन । बर्गर, पिजा, सेकुवा सबै बाहिरैबाट मगाउनु भन्नु अस्तिनैको जस्तो झुरेष्ट नपरोस् । तासमा धेरै पैसा जित्ने पनि त्यही, खान दिन कन्जुस गर्ने पनि त्यही । मलाई त प्रेमाको व्यवहार पटक्कै मन पर्दैन । आज त रेडलेबल हाम्रै अगाडि खोल भन्नुपर्छ । हुन्छ म पनि दसै बजे आउँला । फेरि भरे पार्टीका लागि चाँडै फर्किनुपर्‍यो नि ! मनीषा ब्युटिपार्लर राम्रो छ रे, हुन्छ त्यसो भए म पनि त्यहीँ जान्छु । राम्री त हुनैपर्‍यो नत्र बूढाहरूले के ठान्लान् ? ल-ल राख्छु । दस बजे नै आउँला ।'

फोन गरिसकेर भान्सामा आई डाइनिङ टेबुल ठटाउँदै भनिन्, 'हरे शिव ! यो कान्छीलाई कालले घिसार्ने बेला भयो कि कसो ? अझै ग्यास सल्काएकी छैन, कहाँ मरी होला ?'

कान्छीले भान्साको ढोकामा आई भनिन्, 'सापनी ! आज साह्रै गाह्रो भएको छ चन्द्रकान्तलाई काम गर्नु भनिस्यो । उनैले सबै काम गर्छन्, फ्रिजमा फ्राइ मासु, अचार सबै छ । चिया र भुजा पकाउने त हो नि !'

उर्मिला चिच्याइन्, 'ओहो ! अब त यो राँडको जिब्रो पनि कर्दझैँ भइसक्यो । शालुलाई माया गर्दिन भनौँ भने पनि त्यत्रो जवानी नै बलि चढाई । माया गर्छे भनौँ भने शालुले लाए, खाएको देखिसहन्न । हामी सगुल्लै बाबु-आमा हुँदाहुँदै यसलाई केको टाउको दुखाउनुपर्दो हो कुन्नि ? हिजो शालुले पिएर आएपछि यसको होस हराएको छ । न यो घरबाट निस्की भन्दा निस्कन्छे । कुन जुनीको पाप आइलाग्यो ।' उर्मिला फतफताउँदै चन्द्रकान्तलाई बोलाउँछिन् ।

उर्मिलाको बाणरूपी शब्दहरू सुन्दासुन्दै अचानो भइसकेकी कान्छीको छातीमा उर्मिलाको गालीले त्यति दुखेन । हिजोको शालुको दृश्य सम्झेर भने तरक्क आँसु झारिन् । 'अन्न फारो गर्नु हुँदादेखि छोराछोरी बानी लाउनु कुनादेखि' भन्ने उखान सम्झिन् । आफूले जति चोट सहन परे पनि शालुलाई सपार्छु । 'अन्त्य राम्रो त सबै राम्रो' यस्तै मनमा कुरा खेलाएर ओछ्यानमा छट्पटाइरहिन् कान्छी ।

# तीन

चन्द्रकान्तले कान्छी सुतेको कोठामा गएर बोलाए, 'कान्छी खान आऊ, साप-सापनीको सवारी भयो ।'

कान्छीले विरक्त स्वरमा भनिन्, 'तिमी खाऊ म पछि खान्छु ।'

चन्द्रकान्तले सम्झाए, 'तिमी भोकभोकै बस्दैमा समस्याको समाधान हुन्छ त ? तिम्रो गाँठी कुरा मैले पनि बुझेको छु । म पनि शालु मैयाँसापलाई माया गर्छु नि ! आऊ खाँदै शालु मैयाँसापलाई सर्पको डसाइबाट कसरी टाढा राख्ने हो दुवै मिलेर सल्लाह गरौँ ।'

चन्द्रकान्तको कुरा सुनेर कान्छी उठिन् र चुपचाप चन्द्रकान्तको पछिपछि भान्सामा आइन् । चन्द्रकान्त मेचमा बसे । कान्छीले चन्द्रकान्तनजिकैको मेचमा बस्दै भनिन्- 'चन्द्रकान्त ! शालु मैयाँसाप त मैले रक्सी पिएकै होइन भनिसिन्छ नि ! उहाँले यो उमेरमा आएर पहिलोपल्ट मसँग झूटो बोलिस्यो बुझ्यौ ? त्यसैले हृदयमा उठेको हुरीको झोक्का मत्थर हुँदै भएन ।'

चन्द्रकान्तले लामो श्वास फेर्दै उत्तर दिए- 'मैयाँसापले भनेको कुरा ठीक हो । तिमी कुरा नै नबुझी मन सानो बनाउँछ्यौ । मैयाँसाप र अरू केटाकेटी हिन्दी गीतमा डान्स गर्दै थिए । सबैले मैयाँसापको डान्स र सौन्दर्यको तारिफ पनि गरिरहेका थिए । मैयाँसाप गाह्रो भो भन्दै म नजिकै आएर बस्नु भो । त्यो गान्टेले सिँगै फेन्टाको बोतल मैयाँसापलाई देऊ भनेर इसारा गरेको मैले झट्ट देखेँ । मैयाँसापले फेन्टा लिएर घुट्‌घुट् पिइस्यो । फेन्टा पिएको केहीबेरमै झुल्न थालिस्यो । मेरो सातोपुत्लो गयो । म मैयाँसापलाई समातेर बसिरहेँ । साले गान्टेको मनशाय बुझ्न थाहा नपाएझैँ गरी त्यसलाई हेरेँ । त्यो सिकार खान आतुर भएको सिंहझैँ थियो । त्यसको त्यो रूप सम्झँदा अहिले पनि मुटु ढुकढुक हुन्छ । दीपक साप र उर्मिला मैयाँसापलाई छोराछोरीको केही वास्ता छैन । पिउन र अश्लील कुरा गर्न पाए केही चाहिँदैन । आज पार्टीमा म नभएको भए शालु मैयाँसापको जीवन तहसनहस हुन्थ्यो होला । कान्छी, अब शालु मैयाँसापका लागि केही गर नत्र तिम्रो सपना टुक्रिन्छ । प्रभाते जस्ताको गिद्द दृष्टिबाट कहिलेसम्म बचाउन सकिन्छ र ? पार्टीमा भएकोले पो म सँगै थिएँ । होटेल, रेस्टुराँमा त टन्न भात खाएर आई कारमै मुर्दालाई ढुकेझैँ साप-सापनीलाई ढुक्न हो । होटेल रेस्टुराँमा यो दुर्घटना घटेको भए के हुन्थ्यो होला, आफैँ सोच त । त्यो गान्टे देख्दा मात्र सानो हो । केटीहरू फेरी-फेरी कारमा डुलाएको मैले कतिपल्ट देखेको छु ।'

चन्द्रकान्तको कुराले कान्छी होस हराएझैँ भइन् । कान्छीको भोकप्यास कता भाग्यो-भाग्यो ।

चन्द्रकान्तले कुरा थपे, 'कान्छी तिमीलाई थाहा छ ? त्यो जँड्याहा पूर्णेकी छोरी मोनाको अस्ति राति सम्साँझैमा बलात्कार भएछ नि !'

कान्छीले आत्तिँदै भनिन्, 'होइन के भनेको तिमीले ? अस्ति बिहानै त हो मैले भेटेकी ।'

'ल कस्तो विश्वास गर्दिनौ तिमी, अस्ति बेलुका नै बलात्कार भएको रे । आज बिहान दूध लिन जाँदा सबै त्यही कुरा गर्दै थिए । बलात्कार पनि एक-

दुईजनाले हो र चार-छ जनाले गरेका रे । कस्तो समय आयो, त्यत्रि कोपिलालाई पनि बाँकी राखेनन् यौनप्यासीहरूले । मोनाको उमेर त बाह्र वर्षको थियो होला होइन र ?'

चन्द्रकान्तको कुराले कान्छीलाई काटेको धाउमा नुनचूक दलेझैं असह्य भयो । कान्छी केही नबोली चुप नै रहिन् । आँखामा मोनाको मायालु अनुहार र खुट्टा खोच्याड-खोच्याड गर्दै हिंडेको दृश्यहरू नै आइरह्यो । कान्छीको आँखाबाट पुनः आँसुको वर्षा भयो ।

चन्द्रकान्तले सम्झाए, 'भो अब नरोऊ । तिमी धेरै कोमल छ्यौ, त्यसैले दुःखका कुराहरू नै गर्न मन लाग्दैन । बरु मोनालाई हेर्न जाऊ । उनलाई शान्तभवनमा राखेको छ रे । विचरीको आफन्त भन्नु नै को छ र ! बाबु-आमा लोकल ठर्रामा झुल्दै होलान् । ल म गएँ, तिमी पीर नगरी बस' भन्दै चन्द्रकान्त हिंडे ।

कान्छी बस्नै नसकी फेरि ओछ्यानमा गएर पल्टिन् । उनको मनमा नाना तर्क-वितर्क खेलिरह्यो । कहिले मोना त कहिले शालु कान्छीको आँखामा नाचिरहे ।

'ममी, दिदी त हुनुहुन्न कहाँ जानुभएछ ?' शालुले स्कुलबाट आएर सोधिन् ।

उर्मिलाले साडी मिलाउँदै भनिन्, 'ए, कान्छी बाहिर गइन्, शालु बेटा यो फ्रक लगाएर हेर त, आज यही फ्रक लगाएर पार्टीमा जानुपर्छ, फ्रकमा तिमी साँच्चिकै परीझैं देखिन्छ्यौ । तिमीलाई प्रकाशे कस्तो लाग्छ ? ऊ त तिम्रो खुब तारिफ गर्दै थियो ।'

शालुले अलि रिसाउँदै भनिन्, 'ममी त्यस्ताको कुरा नै नगरिस्यो । कान्छीदिदीले सधैं भन्नुहुन्छ, 'म त राजकुमारी जस्तै छु रे । राजकुमारीले त धेरै पढ्नुपर्छ रे ।'

उर्मिलाले रिसाउँदै भनिन्, 'भो, बढी कुरा नगर । फ्रक लगाएर निस्क । म आइहाल्छु ।'

शालु फ्रक टिपेर कोठामा गइन् । उर्मिलाले मनमनै सोचिन्, 'शालु छिटो फ्रक लगाएर बाहिर निस्किहाले हुन्थ्यो । कान्छीलाई ओछ्यानमा सुतेको देखिन् भने अर्को आपत आइपर्छ । बल्ल-बल्ल अलिअलि सभ्यता सिक्दैछिन् । कान्छी शालु सभ्य भएको हेर्न सक्दिन । ऊ शालुलाई आफूजस्तै गँवार बनाउन खोज्छे । छोटोको सङ्गत गऱ्यो भने मान्छे छोटै हुन्छ भनेको ठीकै रहेछ । शालु र कान्छीको बोल्ने शैली एकै छ । त्यो राँड यो घरबाट निस्कीभन्दा पनि निस्किन मान्दिन । हरे भगवान् ! कुन साइतमा यसलाई भित्र्याएका रहेछौं । अहिले निल्नु न ओकाल्नु भएर घाँटीमा अड्की ।'

शालु फ्रक लगाएर आमासामु गइन् । उर्मिला खुसी हुँदै चिच्याइन्, 'बाऊ

! कति सुन्दरी देखिएकी तिमी, फ्रकको कलरले पनि कति म्याच गरेको ।'

आमाको कुराले शालु पनि खुसी भइन् । उर्मिलाका कुराहरू सुनेर कान्छीको मुटुको ढुकढुकी भने बढ्यो । उनी जुरुक्क उठेर ट्वाइलेट गइन् । ट्वाइलेट गएको केही समयपछि उनी चिच्याइन्, 'ऐया, म मरें, म मरें मैयाँसाप !'

कान्छीको आवाज सुनेर शालु दौडँदै ट्वाइलेटमा पुगिन् । र, कान्छीदिदीको निधार समात्दै भनिन्, 'ल छिटो हिंड्नुस् डक्टरकोमा जाऊँ । निधार धेरै फुटेजस्तो छ ।'

उर्मिला रिसाउँदै कोठाबाहिर निस्केर भनिन्, 'फेरि के भयो यसलाई ? छोरी हिंड आज बाबाले नै कार चलाइसिन्छ । चन्द्रकान्तले कान्छीलाई डक्टरकोमा लैजान्छन् ।'

शालुले रिसाउँदै उत्तर दिइन्, 'यहाँ दिदीको निधार फुटेको छ । हजुरलाईचाहिं पार्टीको वास्ता छ । देखिसेन निधारबाट रगत बगेको । हजुरहरू गै सो म नै दिदीलाई डक्टरकोमा लैजान्छु ।' शालुको शब्दले कान्छीको मन केही ढुक्क भयो ।

'हामीभन्दा त्यसकी बजै ठूली भई' भन्दै मनमनै फतफताउँदै उर्मिला घरबाट निस्किइन् । कान्छीलाई निधारमा लागेको चोटको कुनै वास्ता थिएन । शालुलाई रोक्न सकेकोमा नै उनी खुसी थिइन् । निधारबाट शालुको हात हटाएर ऐनामा निधारको घाउ हेरिन् । रगत भल्ल बग्यो । कान्छीले सोचेको भन्दा घाउ ठूलो नै रहेछ ।

शालुले आंखा चिम्लेर भनिन्, 'दिदी, दिदी घाउ छोप्नुहोस् न मलाई डर लाग्यो ।'

कान्छीले कपासले घाउ छोप्दै भनिन्, 'शान्तभवन नै जाऊँ न त मैयाँ । त्यहाँ मोनालाई पनि भेटौं ।'

'मोनालाई के भएको छ र ?' शालुले प्रश्न गरिन् ।

'सबै त्यहीं गएपछि थाहा हुन्छ, जाऊँ ।' कान्छी र शालु शान्तभवन जानका लागि ट्याक्सी चढे । ट्याक्सीले शान्तभवनको मोड लिंदै गुड्यो ।

# चार

समय साँझसाँझको थियो । शान्तभवन पुगी ओर्लिन नपाउँदै एउटा युवक शालुनजिकै आएर भन्यो, 'ओ ! च्वाँक देखिएकीछ्यौ छ च्वाक !' केही पाइला चालेपछि अर्को युवकले कुरा थप्यो, 'ओ यार ! प्लिज एक किस मात्र भए पनि देऊ, म स्वर्ग पुगेझैं हुन्छु ।'

शालुले कान्छीलाई च्याप्प समातिन्, कान्छी सुनेको नसुनै गरी हिंडिरहिन् ।

कान्छीले चार-पाँचजना युवाको नजिकैबाट शालुलाई हिंडाइन् । त्यहाँ शालुले केही सुन्नुपरेन । कान्छीले पुनः चार-छजना युवा भएको नजिक गएर ब्याग खोतलखातल गरेझैं गरी शालुलाई अड्न बाध्य गराइन् । एउटा युवकले अर्को युवकलाई कोट्याउँदै भन्यो, 'ऊ हेर ।' अर्को युवकले शालुतिर हेर्दै भन्यो, 'मैयाँ फ्रक अलि लामो भएछ । थोरै छोटो भएको भए झनै सुहाउँथ्यो ।'

अर्कोले टक्क ओठ बजाउँदै भन्यो, 'म पनि यस्तै कपडा किनिदिउँला, तिमीसँगसँगै हिंडिदिउँला ।'

अर्कोले हाँस्दै कुरा थप्यो, तिमीहरू के-के किनिदिन्छौ किन रानीवन घुम्नचाहिँ मसँग हिँड ।' शालुले कान्छीलाई चिमोट्दै भनिन्, 'दिदी यहाँबाट छिटो जाऔं ।'

कान्छीले निधारमा टाँका लगाउँदा शालुलाई सँगै राखिन् । डक्टरको ध्यान कान्छीमा भन्दा आफूमा बढी केन्द्रित पाइन् शालुले । शालु मनमनै रिसाउँदै टाँका लगाउन लगेको ठाउँबाट बाहिर निस्किन् ।

शालु बाहिर ढोकामा के उभिएकी मात्र थिइन्, एउटा अधबैंसे पुरुषले शालुलाई धक्का मार्दै हिंड्यो । केही बेरपछि एउटा साठी-बैसठ्ठी वर्षको बूढोले शालुको कान नजिकै गएर भन्यो, 'तिमीलाई देखेपछि त आफू बूढो भएकै बिर्सेछु नानी !'

सबैका घृणित शब्दहरू सुनेर शालु थरथर काम्न थालिन् । कान्छी बाहिर निस्कनेबित्तिकै शालुले कान्छीलाई च्याप्प समातेर भनिन्, 'दिदी छिटो घर जाऔं । मेरो त प्राण नै जान लागिसक्यो ।'

कान्छीले शालुलाई ट्वाइलेटनजिकै लगेर हातमा झोला थमाउँदै भनिन्, 'ल ट्वाइलेटमा गएर यो कपडा फेरेर आइस्यो सब ठीक हुन्छ ।'

शालु ट्वाइलेटमा गएर कान्छीदिदीले जन्मदिनका दिन दिएको कुर्था-सुरुवाल लगाएर बाहिर निस्किन् । कान्छीले हाँस्दै भनिन्, 'अब हजुरले कसैको अपशब्द सुन्नुपर्दैन ।'

शालुले रुन्चे स्वरमा सोधिन्, 'दिदी म उत्ताउली छु र ? प्रत्येकले मलाई नराम्रै दृष्टिले हेरे । साँच्चि कति टाँका लगाउनुपऱ्यो ? दुख्यो पनि होला ।'

'चार टाँका लगाउनुपऱ्यो । नदुख्ने सुई दिएकाले दुखेको त्यति पत्तो भएन । हजुर बिलकुलै उत्ताउलो होइसिन्न । त्यो फ्रकले गर्दा नै मान्छेहरूले हजुरलाई त्यस्तो ठानेका हुन् । एउटा चरित्रवान् मान्छेले त्यस्तो कपडा कहिल्यै पनि लाउँदैनन् । कत्तिको बलात्कार त कपडाले गर्दा पनि हुन्छ । प्रत्येक कुराहरू मैले भन्नुभन्दा पनि आफैंले जान्नुपर्छ ।'

शालुले ठुस्किँदै भनिन्, 'दिदीले घरमै यो कपडा नलगाउनु भनेको भए म लगाउँदिनथें नि !'

'उर्मिला मैयासापले कपडाको राम्रो तारिफ गरेको सुनेपछि बोल्ने आँट नै आएन । अर्को कुरा कपडाको आधारमा मानिसले हजुरको मूल्याङ्कन कसरी गर्दारहेछन्, आफैंले अनुभव गरिसिन्छ जस्तो पनि लाग्यो, त्यसैले कुर्था-सुरुवाल बोकेर आएकी नि !'

शालुले भनिन्, 'यो फ्रकलाई ममीकै अगाडि च्यातेर टुक्राटुक्रा पार्छु ।' शालुको कुरा सुनेर कान्छीको मन खुसीले गद्‌गद् भयो । कान्छी र शालु क्याबिन नं. १०५ मा पुगे । कोही आएको चाल पाएपछि मोनाले पुलुक्क आँखा खोलिन् । कान्छी र शालुलाई देखेपछि मोनाको आँखाबाट आँसुको मूल फुट्यो । गला अवरुद्ध भयो । शालु र कान्छीका आँखाहरू पनि रसाए । शालुले मोनाको कपाल मुसार्दै भनिन्, 'के भयो तिमीलाई ?'

मोनाले कान्छी र शालुलाई स्टुलमा बस्न आग्रह गर्दै भनिन्, 'दिदीहरूलाई थाहा छैन कि क्या हो ? म त बर्बाद भएँ । मेरो त बलात्कार भयो नि !'

शालुले कान्छीलाई हेर्दै भनिन्, 'के भनेको मोनाले, मैले त कुरै बुझिनँ ।'

मोनाले धुँक्कधुँक्क रुँदै भनिन्, 'हेर्नोस् शालुदिदी मलाई पाँच-छजनाले बलात्कार गरे । बलात्कार गर्दा मरेकी भए पनि हुन्थ्यो । किन बाँचे हुँला ? तर, बाँचेको पनि ठीकै छ । आफूले थाहा पाएदेखि नै पेटभरि खान नपाए पनि अबदेखि पेटभरि खान पाउने भएँ ।' मोनाको अनुहारमा केही खुसीका रेखाहरू कोरिए ।

'कसरी पेटभरि खान पाउने भयौ ?' कान्छीले जिज्ञासा राखिन् ।

'मोनाले केही हाँसेझैं गरी भनिन्, 'मलाई अस्ति बचाउने मालिक-मालिक्नीले लैजान्छु भन्नुभएको छ । उहाँहरूले लैजान्छु नभनेको भए म यही हस्पिटलको छतबाटै हामफालेरै भए पनि मर्थें, तर त्यो नर्कजस्तो घरमा म फर्कंदैनथें ।

शालु मोनाको कुराले एकोहोरी भइन् । केहीबेरपछि आँखाको आँसु पुछ्दै सोधिन्, 'तिमीमाथि बलात्कारचाहिँ कसरी भयो ?'

मोनाले गहभरि आँसु पार्दै भनिन्, 'दिदी खुट्टामा नराम्रोसँग सिसाले काटेको हुँदा हिंड्नै नसकेर ओछ्यानमा पल्टिरहेकी थिएँ । बाबुले कराउँदै भन्यो, 'मोना छिटो तल मोर, रक्सी लिन जानुपर्छ भनेर खुट्टा दुखेको बहाना गर्छेस् ?' आमा मेरो नजिकै थिइन् । मैले आमालाई भने, 'आमा, मलाई भट्टीमा जानै मन लाग्दैन । रक्सी खान आएका पुरुषहरूले के-के भनेर जिस्क्याउँछन् । त्यसमाथि रात पनि परिसक्यो । खुट्टा पनि काटेको छ, म हिंड्न सक्दिनँ ।' आमा चुप लागिन् । बाबु तलबाट हँसिया बोकेर माथि आयो अनि हँसिया उठाउँदै भन्यो, 'खुरुक्क रक्सी लिन जान्छेस् कि यही हँसियाले छिनालुँ ?' बाबु मलाई काट्न अघि सऱ्यो । म पिटाइबाट बच्न खुट्टा खोच्याउँदै भट्टीमा गएँ । कृष्ण साहुलाई सिसी दिँदै भने, 'एक लिटर रक्सी दिनोस् रे पैसा भोलि दिने रे ।' भट्टीमा युवा

वृद्धा सबै थिए उनीहरूले हाँस्दै भने, 'यस्ती राम्री छोरी नै पठाएपछि पैसा किन चाहियो ? हेर्दा-हेर्दै यो त तरुनी पो भई । आइजो भुटन-चिउरा खा !' भुटन चिउरा देखेपछि मेरो मुखबाट पानी आयो । मैले भने, 'छिटो रक्सी दिनोस्, मलाई बेर भइसक्यो । साहुले रक्सी दियो, रक्सी लिएर दस-बीस पाइला मात्र के सारेकी थिएँ, एउटाले मलाई च्याप्प समात्यो । अर्कोले मुखमा कपडा कोच्यो । अरू दुई-तीनजनाले घिच्याउँदै मलाई खेतमा लगेर मेरो शरीरमाथि खेल्न थाले । म केहीबेर पीडाले छटपटाएँ, त्यसपछि के भयो पत्तै भएन । म बाटोमा मिल्किरहेकी देखेर उहाँहरूले यहाँ ल्याउनुभएको रे । साहु-साहुनी दयालु जस्तै हुनुहुन्छ ।' मोनाले उज्यालो अनुहार लगाएर कुरा थपिन्, 'दिदी मैले आज टन्न भातमासु पनि खान पाएँ नि !'

शालुले अचम्म मान्दै भनिन्, 'यसभन्दा अगाडि तिमीले टन्न भातमासु खाएकी थिएनौ त ?'

'पेटभरि ढिंडो-पिठो त खान पाएकी छैन । मासुभातको कुरै छोडौं । थाहा छ दिदी मेरो बाबु-आमा टन्न मासु-रक्सी खाँदा मलाई एक टुक्रा मासु खा भनेर दिँदैनथे । भोलिपल्ट बिहान भाँडा माझ्दा उनीहरूले फ्याँकेको हड्डी चुस्थें । कहिलेकाहीँचाहिं उनीहरूले नखाएर फ्याँकेको छाला खान्थें । अब भने... ।'

बाह्र-तेह्र बर्षकी मोनाको कुरा सुनेर शालुको जीउभरि काँडा उम्रेझैं भयो । उनी केही बोल्न नसकेर चुपचाप भइन् । त्यत्तिकैमा मोनाकी आमा भीमा आएर अचम्म मान्दै भनिन्, 'अहो ! शालु नानी र कान्छी पनि आइछिन् । हेर्नोस् न शालुमैयाँ यो हैजाले दिनु दुःख दिई । आफ्नो जीवन पनि बेर्थ पारी । हाम्रो पनि बद्नाम गरी । अब यस्तालाई कसले पो बिवाह गर्ला ? यसका दिदीहरू पनि उमेर नपुग्दै पोई चाहिएर हिंडे । यो पनि भट्टीका केटाहरूसँग छिल्ली होला अनि के बाँकी राख्थे, होइन त ? हिजो बिहान एक्कासि यो हस्पिटलमा छ भन्ने खबर आउँदा त सातै गयो भन्या ।'

शालु र कान्छीले नै भीमाको अनुहारमा हेरे । उसको अनुहारमा दुःखको एक कण पनि थिएन । शालुले गह्रौं मन पारेर सोधिन्, 'अस्ति राति मोना घर नआएपछि कहाँकहाँ खोज्नुभयो नि ?'

'मोना नआएपछि यसका बाबु फतफताउँदै भट्टीतिर गएका थिए । त्यहींबाट फेरि रक्सी बोकेर आएछन् । मेरो जीउ साह्रै दुखेको हुनाले अलिकति रक्सी पिएकी त भुसुक्कै निदाएँछु । कान्छीको निधारमा के भयो ? हजुरचाहिं कताबाट नि ?'

'दिदीलाई घाउ लागेकोले टाँका लगाउन आएका थियौं । एकपल्ट मोनालाई हेर्न मन लाग्यो । अनि यहाँ पसेका हौं । मोना तिमी हिंडडुल गर्न सक्छ्यौ ।'

'दिउँसोदेखि अलिअलि हिँडे । मेरो डिस्चार्ज पनि भइसक्यो । अहिले साहु-साहुनी मेरा लागि कपडा लिन जानुभएको छ ।'

भीमाले अलि हडबडाउँदै भनिन्, 'कुनबेला आउने हुन् साहु-साहुनी, घर ढिलो गयो भने बूढाले महाभारत गर्छन् ।'

भीमाको त्यो क्रूर रूप देखेर कान्छी र शालु नै मौन भई उनलाई हेरिरहे । केहीबेरपछि हातमा कपडाको पोको बोकेर अधबैंसे लोग्ने-स्वास्नी मोनासामु आए । अधबैंसे आइमाईले भनिन्, 'हिँड बिस्तारै ट्वाइलेट गएर लुगा फेरौं ।'

शालुले कपडा लिँदै भनिन्, 'हजुर यहीं बसिस्यो, म कपडा फेराइदिन्छु ।' यति भनी शालु मोनालाई लिएर ट्वाइलेटतर्फ लागिन् । मोना पाइलैपिच्छे ऐया-ऐया गर्दै ट्वाइलेटमा पुगिन् । बिहान फेरेको कपडामा रगतका केही टाटाहरू रहेछन् । मोनाले कपडा फेर्न खुट्टा उचाल्दा दाह्रा किटेर ऐया गरिन् र आँसु झारिन् ।

शालुले मोनाको पुरानो कपडा ब्यागमा हाल्दै भनिन्, 'मोना, दुई-चार दिन यहीं बसेको भए हुन्थ्यो ।'

मोनाले लामो श्वास फेर्दै भनिन्, 'अस्ति बेलुका एघार बजे हस्पिटल ल्याएदेखि मालिक्नी सापले एकछिन पनि छोड्नुभएको छैन । उहाँ पनि रोगी हुनुहुँदोरहेछ । हातखुट्टा सुन्निएर आयो, कुनै कोही नहुँदा मालिककै घर जानु पर्‍यो ।' शालुलाई मान्छेहरूको विभिन्न रूप देखेर खुसी र दुःख दुबै लाग्यो । सबैजना बिस्तारै गेट बाहिर निस्के । शालुले मोनालाई कारभित्रसम्म पुऱ्याइन् । कारमा बस्दा पनि मोना ऐया भन्दै बसिन् । भीमाले साहु-साहुनीतिर हेर्दै भनिन्, 'हजुर पैसाचाहिँ एक गते नै चाहिन्छ है । हिजो भनेको भन्दा एक पैसा नघटाउनुहोला । फेरि एक गतेभन्दा उता नजाओस् नि ! कार गुड्दा मोना खिसिक्क हाँसिन् । शालु र कान्छीले पनि हात हल्लाएर बिदाइ गरे । भीमाले कार टाढा पुग्दासम्म त्यही शब्द दोहोऱ्याइन् । हजुर म एक गते नै पैसा लिन आउँछु । एक गते ........ ।

# पाँच

'प्रभाते सधैं-सधैं सोध्छ । आन्टी शालु किन आउँदिनन् भनेर । खाने मुखलाई जुंगाले छेक्दैन । एक-दुई घन्टा त यसो मुड फ्रेस पनि गर्नुपर्छ । अरू केटीहरू प्रभाते भनेपछि मर्न खोज्छन्, प्रभातेचाहिँ तिम्रो दिवाना बनेजस्तो छ । तिम्रो भाग्य बलेकै छ कि क्या हो ?' उर्मिलाले कुरा चुहाइन् ।

शालुले रिसाउँदै जवाफ दिइन्, 'ममी आइन्दा मलाई यस्ता फाल्तु कुरा नगरिसेला । मेरो मुडअफ हुन्छ ।'

'त्यो राँडले के-के कुरा गरेर तिम्रो कानमा फुकिहोला, अनि मेरो कुराले मुडअफ भयो होइन तिमीलाई ? कान्छीले तिमीलाई भड्खालोमा पार्दा थाहा पाउली । स्वास्नीको गँवारपनले डा. भट्ट अहिले कसैको अगाडि मुख देखाउन सक्दैनन् । तिमीले पनि आफ्नो लोग्नेको त्यही चाल गराउँछ्यौ, मैले देखिसकें ।'

'ममी हामीबीच किन दिदीलाई ल्याइसिन्छ ? यो जमानामा एकपेट खाएर सम्पूर्ण काम गर्ने मान्छे पाउँदा पनि हजुर खुसी होइसिन्न ?'

उर्मिला चर्किन्, 'त्यस राँडलाई कसले बस भनेको छ र ? पैसा पाउने ठाउँमा मर भनेको त हो नि ! त्यसैको बाबुको पेवाझैं ठानेकी छे यस घरलाई । आमा-छोरीको सम्बन्धमा नै विष घोल्ने त्यो राँडलाई निकाल्न सकिनँ भने मेरो नाम उर्मिला होइन बुझ्यौ ?'

कान्छीलाई निकाल्ने कुरो गरेपछि शालु झसङ्ग भइन् र आमाको रिस शान्त गर्नु श्रेय ठानिन् । ज्यादै नम्र स्वरमा भनिन्, 'ममी पनि त्यसै रिसाइसिन्छ । सबै सरमिसहरू भन्नुहुन्छ । मेरो पढाइ ज्यादै कमजोर छ रे, त्यसैले पो होटेल, पार्टीतिर जान छोडेकी । हजुरलाई थाहा नै छ अस्ति नशा पिउँदा म झन्डै बेहोस भएकी ।'

उर्मिलाले हाँस्दै भनिन्, 'ल-ल चेपारो घस्नुपर्दैन । आमाको मन राखिदिन कहिलेकाहीँ जाँदा कति नै पढाइ बिग्रिन्थ्यो र ? लाटी, पहिला-पहिला रक्सी पिउँदा मलाई पनि कम गाह्रो पर्दैनथ्यो । बिस्तारै पिउँदै जाँदा अहिले म रक्सी नभई बाँच्नै सक्दिनँ ।'

शालु आमाको कुरा सुनेर मनमनै रोइन् । कान्छीदिदी अनेकौं घृणा सहँदै आफ्नो घरमा बस्नुको रहस्य बुझिन् । ममीले तारिफ गरेको कपडा लगाउँदा सहनुपरेको अपमान सम्झिन् । कान्छीदिदीले दिएको कपडा लगाउँदा मोनालाई लैजाने साहुनीले भनेको पनि सम्झिन् । त्यो साहुनीले बडो सभ्य भाषामा भनेकी थिइन्, 'नानी हेर्दा त ठूलै खान्दानकी जस्ती छ्यौ । धेरै चरित्रवान् बनाएका रहेछन् बाबु-आमाले । न लगाइमा उच्छृङ्खलता न व्यवहारमा नै । के हो नानी तिम्रो नाम र बाबु-आमाको नाम ?'

भीमाले बीचैमा भनेथिन्, 'हो हजुर शालु रानीको सम्पत्तिको गणना गरेर साध्य छैन, तर शालु रानीकै निम्ति यही कान्छीले सारा जीवन अर्पिन् । त्यसैले छरछिमेकीहरू यिनलाई शालुको पहिला जन्मको आमा हुनुपर्छ भन्छन् । मालिक-मालिक्नीले त सयौंपल्ट निकाल्न खोजेका थिए, शालु रानीकै मायाले त्यो घरमा अडेकी छिन् यिनी ।'

मोनाको मालिक्नीले खुसी हुँदै कान्छीलाई बिस्तारै दुईपल्ट धाप मारिन् । शालुको आँखामा त्यो दृश्य पनि नाच्यो ।

'लौ कहाँ हरायौ शालु ? आमाको शब्दले शालु झसङ्ग भइन् र भनिन्,

'ममी हजुरको सुन्दर रूप देखेर टोलाएकी । साँच्चै हजुरहरूको ग्रुपमा हजुर नै राम्रो होइसिन्छ ।'

उर्मिलाले हाँस्दै भनिन्, 'हेरन फुर्क्याएकी । यो रातो लिपिस्टिक लाउँदा सुहाउँछ कि, गुलाफी लिपिस्टिक लाउँदा सुहाउँछ भन त ?'

'हजुरलाई दुवै लिपिस्टिक सुहाउँछ, तर गुलाफीले चाहिँ सोभर देखिन्छ,' शालुले उत्तर दिइन् ।

तिम्रो पापाले त रातै मनपराइसिन्छ भन्या । त्यसैले रातै लिपिस्टिक लगाउँछु है ? फेरि आज हामी दस-बाह्रजनालाई मात्र बर्मा सापले बोलाएका छन् । त्यसैले पापाले कार हाँक्नुहुन्छ ।

'दिदी यो टीका लगाउनोस्, ममीले त सधैं यस्तै टीका लागाइसिन्छ । अनि मात्र दिदीसँग तरकारी किन्न जान्छु ।' कान्छीले टीका हेर्दै जिब्रो काढ्दै भनिन्, 'उर्मिला मैसापले थाहा पाउनुभयो भने मार्नुहुन्छ । जे होस्, हजुरलाई मनपर्ने हुनाले लगाइदिन्छु ।' कान्छीले आफूले लगाएको टीका खोलेर शालु दिएको टीका लगाएर तरकारी किन्न हिँडिन् । बाटोभरि चिनेकाले कान्छीको मुखमा हेरेर हाँस्दै भने, 'होइन कान्छी तिमी त बहुलाउन लाग्यौ कि क्या हो ? यो धोतीमा त्यस्तो टीका कहीं सुहाउँछ ? बैंस धान्यौ, बुढ्यौली धान्न सक्दिनौ जस्तो छ अब, तिमीलाई निधारै ढाक्ने लामो टीकाभन्दा सानै टीका सुहाउँछ ।' कान्छीले कसैको कुरा पनि वास्ता गरिनन् । घरमा आएपछि शालुले लामो टीका झिकेर सानै टीका लगाइदिइन् । तीन-चार वर्षअगाडिको कुरा सम्झेर शालुलाई नमज्जा लाग्यो ।

रातो लिपिस्टिक लगाएर पुनः सोधिन् उर्मिलाले, 'भन त नानु म कस्ती भएँ ?'

'ममी ज्यादै राम्रो भइस्यो । म जान्छु है' भन्दै शालु आफ्नो कोठामा पसिन् । ओछ्यानमा पल्टेर दिदीले गाली खाँदाको त्यो क्षण पनि सम्झिन् ।

दिदी आज पनि हिजो काकाको घर जाँदा लगाएको त्यही साडी लगाउनोस् । त्यो साडीले तपाईलाई साह्रो सुहाउँछ । कान्छीले त्यही साडी लगाएपछि शालु रमाइन् । सधैं साँझमा मात्र घर फर्किने उर्मिला बैंकको चेक लिन घर आइन् । कान्छीलाई नयाँ साडीमा देखेपछि कान्छीलाई कहाँ गएर आएको भनेर सोधिन् । कान्छीले कहीं पनि गएकी छैन भनेपछि चिच्याइन्, 'मलाई ढाँट्छेस् नकचरी, बाहिर जाने साडी लगाएकी छे, सोझो कुरा गर्दिन । सधैं म नभएको मौका पारेर बाहिर मर्दी पो रहिछे ।' (कान्छी चुप लागिन्)

उर्मिलाले रिसाउँदै भनिन्, 'मुसुमुन्द्रे राँड जे भने पनि एक कानबाट सुनेर अर्को कानबाट उडाउँछे । भन् कहाँ मरेकी थिइस् ? कोसँग पल्केकी छस् हँ ?'

शालुले आफ्नो कोठाबाट निस्केर भनिन्, 'किन दिदीलाई गाली गरिस्या

ममी ? कुरा नै नबुझी गाली गर्ने हो ? मैले दिदी हिजो लगाएको साडी लगाउनुहोस् तपाईंलाई सुहाउँछ भनेर जिद्दी गरेपछि बल्ल उहाँले लगाउनुभएको हो । हजुरले त सधैं राम्रो-राम्रो साडी लगाइसिन्छ । दिदीले एक दिन पनि राम्रो साडी लगाउन हुँदैन ?'

'शालु तिमी पनि अचम्मकी छ्यौ । घरको काम गर्दा साडी लगाएर काम गर्न गाह्रो हुन्छ । यस्ती बच्चीले जे भन्यो त्यही गर्ने यो पनि कम्तीकी छे ? '

शालुलाई अतीत सम्झेर मनमा कता-कता नमज्जा लाग्यो ।

साँझ-साँझ परेपछि उर्मिला र दीपक कारमा बाहिर गए । कान्छी भान्साको काम गर्दै थिइन् । शालुले कान्छीको नजिक बस्दै भनिन्, 'दिदी के गर्न लाग्नुभएको ? तपाईंको कामचाहिँ म गरिदिन्छु । मैले भनेको कुराको उत्तरचाहिँ तपाईंले दिनुहोस् नि !'

हजुरले अलि-अलि कामचाहिँ सिक्नुपर्छ, तर अलिपछि मात्र, अहिलेको काम भनेकै पढ्ने हो । गइस्यो कोठामा बसेर पढिस्यो, म तातो दूध लेराइदिन्छु ।

'होइन, आज के कुरा हुँदैछ, आमाछोरीको, हामी पनि सुनौं न !' चन्द्रकान्त ठट्यौली गर्दै भान्सामा पसे ।

'के हुनु नि तिम्रै कुरा गरेको, हामी दुईजनालाई भए तरकारी पकाउनु पर्दैनथ्यो । तिमी हलीले खाने जति तरकारी खान्छौ त्यसैले तरकारी काट्न लागेकी', कान्छीले उत्तर दिइन् ।

'तिमीलाई दुःख हुने भए बाहिरै खाउँला नि !'

'ल हेर चन्द्रकान्त त रुनै थाले । सानो कुरामा पनि चित्त दुखाउँछन् यिनी । जाबो तरकारी पकाउन के गाह्रो ? भारी बोक्नुपर्ने होइन ।' कान्छीले उत्तर दिइन् ।

शालुले चन्द्रकान्ततिर हेर्दै भनिन्, 'बस्नोस् न दाइ । म दिदीलाई यहाँ किन आउनुभयो, फेरि यत्रो वर्षसम्म किन यहीं बस्नुभयो त्यही कुरा बुझ्न दिदीलाई फकाइरहेछु ।'

चन्द्रकान्तले शालुको कुरामै सही मिलाउँदै भने, 'भन न कान्छी हामी पनि सुनौं ।'

कान्छीले काट्दै गरेको तरकारी पर सार्दै भनिन्, 'त्यसो भए चन्द्रकान्तले थोरै तरकारीमा चित्त बुझाऊ है त ?'

तिमीले मागे त यो प्राण नै दिन्थें । जाबो तरकारी त के, तिमीले मनको कुरा बुझिनौ र पो मान्यो ।

शालुले हाँस्दै भनिन्, 'यो चन्द्रकान्त दाइलाई ठट्टा गर्न कसले सिकाओस्, होइन दिदी ?'

चन्द्रकान्तले आँखामा टलपल आँसु पार्दै भने, 'मोरिजाऊँ मैयाँ ढाँटेको होइन । यो घरमा पसेपछि कान्छीले हजुरलाई माया गरेको देखेपछि म मेरो टुहुरो छोरोलाई यही आमा दिन्छु भनेर कुरें । कुर्दाकुर्दै कपाल फुल्न लाग्यो । यिनले मेरो आँखाको भाषा बुझ्दै बुझिनन् । अब त छोरो पनि आठ-दस वर्षको भइसक्यो ।'

कान्छीले अलि रिसाउँदै भनिन्, 'मैयाँसापसँग पनि चाहिँदो-नचाहिँदो कुरा गर्ने हो ? हेरिस्यो मैयाँसाप यिनी मभन्दा तीन-चार वर्ष कान्छा छन् । म यही पुसमा पैंतीस पुगेर छत्तीस लाग्छु । वास्तवमा चन्द्रकान्तले स्वास्नीको मायाले कतै विवाह नगरी बसेका हुन् । एकान्तमा रोएको दुई-चारपटक त मैले पनि देखेकोचाहिँ छु । मैले कति सम्झाइसकें विवाह गर भनेर यिनी पटक्कै मान्दैनन् । म जस्तोको कुरा के खान्थे ?'

वर्षौंवर्षदेखि बाँधेको बाँध एकैचोटि भत्केझैं गरी चन्द्रकान्त घुँक्कघुँक्क गर्दै रुन थाले ।

कान्छी र शालुलाई नै चन्द्रकान्तको पीडा देखेर साह्रै नमज्जा लाग्यो । दुवैले सोचे- चन्द्रकान्त स्वास्नीलाई सम्झेर भक्कानिए । कान्छीले चन्द्रकान्तको कुरा मोड्दै पलङमा बसेर आनन्दले कुरा गर्ने बताएपछि तीनैजना शालुको पलङमा बसेर गफ गर्न थाले । कान्छीले लामो श्वास फेर्दै भनिन्, 'शालु मैयाँसापको मायाले गर्दा सबै कुरा भुलिसकेकी थिएँ । पुनः मैयाँसापको आग्रहले अतीत काट्याउँदै छु- मलाई याद छ, म पनि सानोमा हजुरजस्तै चञ्चल थिएँ । त्यसैले होला आमा मलाई चञ्चली भन्दै बोलाउनुहुन्थ्यो । बा-आमा र म अति नै हाँसीखुसीका साथ दिनहरू बिताइरहेका थियौं । म पढ्नमा तेज भएकी हुँदा एक कक्षादेखि नै प्रथम भएँ । म प्रथम हुँदा बाले प्रत्येक वर्ष खसी ढाल्नुहुन्थ्यो रे । म पाँच कक्षामा हुँदा खसी काटेर सबै गाउँलेलाई भोज खान दिएको त मलाई अझै याद छ । हाम्रो खुसीमाथि दैवलाई ईर्ष्या भएरै होला बाबु आफूभन्दा बाह्र वर्ष कान्छी अत्यधिक राम्री इन्दुको मायामा फसेछन् । त्यसपछि घरमा सधैं रडाको मच्चिन थाल्यो । बाले मेरी गंगाजस्ती आमालाई विभिन्न पुरुषहरूको बात लगाउन थाले । मलाई पनि त मेरी छोरी नै होइन भन्दै बिनाकारण कुट्न थाले । एकरात मेरी आमालाई अहिले निस्किनस् भने आजको रात काट्न दिन्न भनेपछि आमा मलाई छलेर मामाघर गइन् ।

शालुले रुन्चे स्वरमा सोधिन्, 'दिदी रात काट्न दिन्न भनेकोचाहिँ के हो नि ? फेरि तपाईलाई किन छाड्नुभएको नि ?'

कान्छीले पनि आफ्नो रसिलो आँखालाई धोतीका टुप्पोले पुछ्दै शालुको प्रश्नको उत्तर दिइन्- 'रात काट्न दिन्न भनेको तलाई मार्छु भनेको हो । मलाई घरमै छोड्नुको कारणचाहिँ छोरीले पेटभरि खान पाउली भनेर हुनुपर्छ । किनकि मेरो बाबु प्रशस्त पुँजीवाल थिए । मामाघरमा पेटभरि खान साह्रै गाह्रो थियो ।

मामाघरमा माइजूले आमालाई अति नै हेला गर्न थालेपछि फुपूले आमाको दुःख हेर्न नसकी स्वास्नी मरेको तीन छोराछोरीको बाबु बूढो-बूढो पुलिससंग टीका-टाला गरेर पठाइदिनुभएछ। पछि मैले आमाको बारेमा सोध्दा भन्नुहुन्थ्यो, 'नानी, तेरी आमालाइं लोग्नेलगायत सौतेला छोराछोरीले पनि असाध्यै माया गर्छन्। जांदा तंलाई पनि लैजान्छु, त्यो नर्कमा छोरी राख्दिनचाहिं भनेकी हो। हामीले नै तँलाई उससँग पठाउन उचित ठानेनौं। आमाले पठाएको पैसा-कपडाचाहिँ बेलाबेलामा फुपूले लेराइदिनुहुन्थ्यो।'

शालुले बीचैमा सोधिन्, 'तपाईंकी आमा गएपछि तपाईंको बाबुले के गरे ?'

बर्र आँसु खसाउँदै कान्छीले भनिन्, 'बाबुले आमा गएको रात नै अलि ठूलो भुँडी भएकी साह्रै राम्री पुतलीजस्ती सानीआमा इन्दुलाई घरमा भित्र्याए। सानीआमाले मलाई शङ्कालु आँखाले हेरेपछि बाबुले हाँस्दै भने, 'यसलाई छोडेर मरिछे। हुन्देऊ तिम्रो स्याहारसुसार गर्न काम लाग्छे। तिम्रो फूलजस्तो नरम हातले काम गरेको म हेर्न सक्दिनं। नभन्दै त्यसै दिनदेखि बाबुले त्यो पुतलीजस्ती सानीआमाको खुट्टा मिच्नदेखि लिएर सम्पूर्ण काम गर्न लगाए। बाबुले घरमा ल्याएको चार महिनामै सानीआमाले सुन्दर छोरो पाइन्। त्यसपछि त झन् बाबुको खुट्टा भुइँमा नै भएन। छिमेकीहरूले 'के हो रामे चार महिनामै छोरो पायौ नि' भनेर भन्दा बाबु जुँगा मुसार्दै भन्थे, 'हाम्रो भेट भएको त एक-दुई वर्ष भइसकेको थियो। जेठी घरमा हुँदाहुँदै कान्छी भित्र्याउनु मनले मानेन जेठी हिंडेपछि बल्ल मैले यिनलाई भित्र्याएं।'

छिमेकीहरू उत्तर दिन्थे, 'किन कुरो चपाउंछौ, रामे, जेठी ननिकाली कान्छी आउन्न भनिन्, त्यसैले जेठीलाई निकालें भनन्।'

बाबु हाँस्दै भन्थे, 'ल भन्नोस् मैले जेठीलाई कुटेर निकालेको हो त ? अघिपछि यस्तो कुटपिट भयो होला अर्कै कुरा, त्यस दिन छोएकोसम्म पनि छैन मरिजाऊँ।'

'बचनले कुट्यौ होला नत्र घर नै छोड्नेखालकी थिइनन् कान्छीकी आमा। जे होस्, बुढेसकालमा कान्छीकी आमालाई सम्झी-सम्झी नरोएस्। छिमेकीहरू सबै त्यसै भन्थे।'

बाबुले उन्मत्त हाँसो हाँस्दै ठाडो उत्तर दिन्थे, 'मेरी कान्छीलाई देखेपछि डाहा नगर्ने मान्छे नै देखिनं।' बाबुको कुराले छिमेकीहरूको मुख बन्द हुन्थ्यो। मेरो पीडा मसँगै थियो। बिहान चार बजेदेखि उठेर घरको सम्पूर्ण काम गर्थें। भाइको दिसाको थाङ्ना धुनदेखि लिएर तेल लगाइदिने जिम्मा पनि मेरै थियो। गाई-भैंसी चराउने, भकारो सोत्तर गर्ने, भात पकाउने गर्दा पनि कहिल्यै जस र पेटभरि खान पाउँदिनथें। म मर्नु-बाँच्नुको दोसाँधमा दिन घिसारिरहेकी थिएँ। आमाले पठाइदिने गरेको कपडा र खानेकुरा सानीआमाले खोसेर माइती पठाइदिन्थिन्। एकदिनको कुरो हो। म साह्रै भोकाएर गोठालाबाट घर आएँ।

अँगेनामा फुक्क फुलेको चामलको रोटी देखें, भोक खप्नै नसकेर एउटा रोटी चोरेर भाग्दै थिएँ। भाइले रोटी चोरेको देखेछ। आमालाई कुरा लगाइहाल्यो। आमा चोटाबाट दौडेर आई मलाई लछार्दै अँगेनामा लगेर तातो भुङ्ग्रोमा हात घुसार्दै भनिन्, 'यही होइन तेरो रोटी चोर्ने हात, अब पनि चोर्छेस् कि ?' म पीडा सहन नसकेर चिच्याएँ। एकैछिनमा हातमा ठूलाठूला फोका उठे। साउनको महिना थियो, म पोलेको पीडा सहन नसकेर मर्न भनी खोलातिर दौडँदै थिएँ। काकीले समातेर ल्याई घाउमा घ्यूकुमारी लगाइदिनुभयो। बेलुका बाबु आएर मेरो घाउ हेर्नुको साटो चोर्नी रण्डीको बान भन्दै मेरो कपाल जगल्ट्याएर थाममा ठोक्काइदिए। म पुनः मर्लान्त भएर पछारिएँ। त्यो पोलेको हातले पनि शान्ति पाएन। बेलुका भाँडा माझें। सबैजना हात कुहिएर झर्छ भन्थे। तर झरेन, महिनौं पछि हात निको भयो। दाग भने अझै छ। कान्छीले शालु र चन्द्रकान्तलाई दाहिने हात बढाएर हातको दाग देखाइन्।

शालु र चन्द्रकान्तका आँखाबाट आँसुहरू बग्न थाल्यो। कान्छीले पनि आफ्नो आँखाको आँसु पुछ्दै भनिन्, 'हजुर रुने भए अब म कुरै गर्दिनँ।'

शालुले रन्चे स्वरमा भनिन्, 'दिदी अब साँच्चै रुन्न ल सबै कुरा भन्नोस्।'

कान्छीले कुरा बताइन्, 'मासु पकाएका दिनहरूमा भने मलाई चाँडै सुत्न पठाउँथे। भाइहरू सुतेका छन् भने पनि भाइहरूलाई उठाएर मासु खुवाउँथे। म थाहा पाएर पनि थाहा नपाएझैं गरी रुँदै सुत्थें। भोलिपल्ट थुप्रिएका भाँडाहरू माझ्दा ठीक मोनाले भनेझैं म पनि हड्डी र छालाहरू चपाउँथें। यसरी अति नै कष्ट सहेर अठार वर्ष बित्यो। गाउँकै पढेलेखेका भावेन्द्रले मेरो दुःख हेर्न नसकी मागी मलाई मन्दिरमा लगेर सिन्दूर हाले।

चन्द्रकान्त कान ठाडो पार्दै भने, 'कान्छी तिम्रो कुरा भोलि सुनौंला। तल कारको हर्न लाग्यो।' चन्द्रकान्त गेट खोल्न गए। शालु खाना खान्न भन्दै ओछ्यानमा पल्टिन्। चन्द्रकान्तले पनि खाने इच्छा छैन भने। कान्छी पनि भोकै सुतिन्।

# छ

स्कुलबाट आएपछि कपडा पनि नखोली कान्छीसामु गएर उनको हात मुसार्दै शालुले भनिन्, 'दिदी आज ममी-पापा मात्र बाहिर जाने कुरा सुनेकी थिएँ। चन्द्रकान्त दाइ पनि हुनुहुन्छ। अस्तिको बाँकी तपाईंको कथा भन्नुस् है।'

कान्छीले विरक्त स्वरमा भनिन्, 'अब म हजुरलाई केही कुरा गर्दिनँ। मेरो कुरा सुनेपछि हजुर र चन्द्रकान्तले कति दिन खान खाइसेन। बितेको कुरा सम्झँदै मन दुखाएर कहीं काम लाग्छ ?'

शालुले कान्छीको गालामा म्वाइं खाँदै फकाइन्, 'ल आज साँच्चि पीर गर्दैनौं । मलाई त कहिले बाँकी कुरा सुनौं जस्तो भइसक्यो ।'

कान्छीले मुसुक्क हाँस्दै भनिन्, 'हजुरको कुरा कसले पो टार्न सक्ला र ? जिद्दी गरेपछि गऱ्यो, गऱ्यो । त्यसो भए आजचाहिँ खाना खाइवरी बसौंला है ।'

शालुले खुसी हुँदै झ्यालबाट फूलबारीमा पानी हाल्दै गरेको चन्द्रकान्तलाई बोलाइन् । चन्द्रकान्त फूलमा पानी हालिसकेर आए । त्यतिखेरसम्म कान्छीले कुकरमै खाना बसाइन् । खाना पाक्न बेर नै लागेन । तीनैजनाले बिहानकै तरकारी र अचारसँग खाना खाए । कान्छीले भान्सा पुछपाछ गरिन् । चन्द्रकान्तले भाँडा माझे । शालुले भाँडा घोप्ट्याइन् । चाँडै काम सकेर तीनैजना कोठामा गए । पलङमा सजिलोसँग बसे । कान्छीले शालुतिर हेर्दै भनिन्, 'हजुरलाई कुरा सुन्न पाएपछि पढ्न पनि पर्दैन ? जाँच बिग्रियो भने मचाहिँ रिसाउँछु नि !'

'दिदी पनि, एकैछिन नपढ्दैमा कहीं पढाइ बिग्रिन्छ र ? म पढ्छु । साँच्चै राम्रैसँग पढ्छु । ल भन्नोस् । भावेन्द्रसँग विवाह भएपछि के भयो ?'

कान्छीले भावुक हुँदै कुरा बढाइन्, 'भावेन्द्रसँग विवाह भएपछि मैले भावेन्द्र र उसको घरपरिवारको भरपूर माया पाएँ । मेरो विवाह गरेको तीन-चार महिना पनि नवित्दै बाबुलाई एकदिन बेलुका धानमा पानी लगाउन गएको मौका पारी कसैले दाउराको चिर्पटले टाउकोमै बजारेछन् । बाबु चोट सहन नसकी त्यहीं बेहोस भएछन् । हान्ने मान्छेलेचाहिँ बाबुलाई मऱ्यो भनेरै छोडेको होला, संयोग बाबु उत्तानो परेर ढलेको हुँदा पानीमा मुख गाडिएको रहेनछ । भोलिपल्ट खेतमा जानेहरूले देखेपछि हस्पिटल पुऱ्याएछन्, हस्पिटल लगेर होस खुल्ने सुई दिएपछि होस खुल्यो रे ।'

'दिदी कसले किन हानेको रहेछ त्यो पापीलाई ? तपाई हेर्न जानुभयो त ?' शालुले जिज्ञासा राखिन् ।

ठूलोबुबाको जेठो छोरो र सानीआमाबीचको नराम्रो सम्बन्ध मलाई धेरै पहिलादेखि नै थाहा थियो । उनीहरू मलाई त मान्छे नै गन्दैनथे । कहिलेकाहीं म घरभित्र छु भने दाइ आएर भन्थे, 'नानी, बाहिर जा, म खुसुक्क घरबाट निस्कन्थें । सानीआमा र दाइको हाँसोठट्टा भने बाहिरैसम्म कैयौंपटक सुनेकी थिएँ । बाले आफ्नी प्राणप्यारी स्वास्नी र छोरोकै बीचको सम्बन्ध थाहा पाएपछि आमालाई गाली गरे रे भन्ने सुनेकीचाहिँ हुँ । आमा र दाइकै मिलेमतोमा बाबुलाई मार्न खोजेको हुनुपर्छ भन्थे छिमेकीहरू, तथ्य कुरा उनीहरूलाई नै थाहा होला । दाउराले हानेपछि बाबुको मुन्टो केही हल्लिन थाल्यो । चालीस-पचास हजार खर्च गरेर टाउकोको अप्रेसन गरे सफल पनि हुन सक्छ, असफल पनि हुन सक्छ भन्दा सानीआमा अप्रेसन गर्न तयार भइनछन् । मेरो लोग्नेलाई केही भयो भने कसले जिम्बा लिन्छ भन्दै बाजिन् रे भन्ने सुनेकी थिएँ ।

हुलाकको सुब्बासम्म भएका बाबुलाई पेन्सन नपाकी अफिसबाट काम गर्न सक्दैनस् भनी निकालिदिएछन् । बाबुको मुखबाट बेलाबेलामा र्‍याल निस्किन थालेपछि कान्छीआमा बाबुलाई पिँढीमा भात दिन्थिन् रे भन्ने हल्ला सुनेकीसम्म हुँ । म त्यो निर्दयी बाबुलाई हेर्नसम्म गइनँ । त्यो पतिङ्गर मलाई र आमालाई सम्झेर धेरै रुन्थ्यो रे । त्यसै भन्थे छिमेकीहरू ।

शालुले फेरि प्रश्न गरिन्, 'त्यो अहिले जिउँदै छ कि मर्‍यो दिदी ?'

'त्यो पापी यति छिट्टै के मर्थ्यो ? कान्छीआमाको गोठालो भएर बसेको छ रे । ठूलोबुबाको छोराले स्वास्नी बिवाह गरे पनि सानीआमालाई पनि छोडेका छैनन् रे । फुपू त्यसै भन्नुहुन्थ्यो ।'

शालु र चन्द्रकान्तकै अनुहारमा खुसी छायो । शालुले मुसुक्क हाँस्दै भनिन्, 'दिदी तपाईंको सानीआमा र बाबुलाई काट्न म नै जान्छु भन्ने सोचेकी थिएँ । दैवले नै काटेछ त्यस निचलाई मैले केही गर्नुपरेन ।'

कान्छीले सम्झाइन्, 'मैयाँसाप हामीले रिसलाई बडो कन्ट्रोल गर्नुपर्छ । कहिलेकाहीँको रिसले मान्छेको सिङ्गो जीवन नै तहस-नहस हुन्छ । हजुरले बुझिराख्नुपर्ने कुरा यही हो । मेरो बाबु-आमा, मोनाको बाबुजस्ता मान्छेहरू त रछ्यानसरह हुन् । उनीहरू जस्तालाई चलाउँदा आफ्नै मुखमा छिटा पर्छ ।'

'ल ल अब चाँडै रिसाउँदिनँ तपाईं र भावेन्द्रबीचको कुरा गर्नुहोस् । त्यति माया गर्ने भावेन्द्रले तपाईंलाई किन छोडे ?'

के भनौं मैयाँ मेरो भाग्यमै खुसी लेखेको रहेनछ ।

चन्द्रकान्तले मुटुमा गाँठो पारेर भने, 'शालु मैयाँसाप, म कान्छीलाई सक्दो खुसी दिन तयार थिएँ र छु पनि यिनलाई आफ्नो खुसीको मतलब नै छैन । यिनको प्राण त केवल हजुरमै अडेको छ । हजुरले भन्ठानिस्यो होला अस्ति कान्छी चिप्लेर लडिन्, त्यो होइन हजुरलाई पार्टीमा जानबाट रोक्नकै लागि यिनले जानीजानी आफ्नो टाउको फुटाएकी हुन् ।'

'चुप लाग चन्द्रकान्त नत्र म तिमीसँग बोल्दिनँ । हैन, त्यसो हैन मैयाँसाप चन्द्रकान्त झूट हुन् । यिनको बनावटी कुरामा विश्वास नगरिसेला ।'

चन्द्रकान्तले आफ्नो आँखाको आँसु हातले पुछेर ओभानो पार्दै भने, 'हो मैयाँसाप हजुर झुल्दै आएको देख्दा यिनको होस नै गुम भयो । यिनी रातभरि हजुरकै पीरले सुत्न सकिनन् । भोलिपल्ट मसँग शालु मैयाँसापले रक्सी पिएकै हो त भनेर सोधिन् । मैले मैयाँसापले रक्सी पिइस्या होइन । त्यो प्रभातेले नै फेन्टामा केही हालेर मैयाँसापलाई दिन पठाएको हुनुपर्छ । त्यो प्रभातेको चरित्र राम्रो छैन, मैले धेरै केटीहरूसँग देखेको छु । मैले मैयाँसापको रक्षा नगरेको भए के हुन्थ्यो होला' भनेपछि यिनले भनिन्, 'चन्द्रकान्त तिम्रो गुण म कहिल्यै बिर्सने छैन । अबदेखि मेरो मैयाँसापलाई त्यस्ता प्रभातेहरूको आँखाबाट टाढा

राख्न सकिनँ भने म आफ्नो जन्मलाई धिक्कार ठान्छु। म मोर्छु चन्द्रकान्त शालु मैयाँलाई केही भयो भने म त मोर्छु भन्दै थिइन्। उर्मिला मैयाँसापले दीपकसापसँग कुरा गरेपछि पो म झसङ्ग भएँ। उर्मिला मैयाँसाप भन्दै होइसिन्थ्यो- हेरिस्यो हजुर, त्यो कहीँ नभएकी लवस्तरीले आज शालुलाई रोकेरै छोडी। शालुलाई दिदी छैन बाहिर गएकी छिन् भनेर झुक्काइसकेकी थिएँ। हत्तनपत्त ट्वाइलेटमा गएर टाउको पो फुटाएर मरिछे। शालुले त्यसको निधारमा के रगत देखी उसलाई पुगिहाल्यो, मसँग आउन किन मान्थी। साह्रै घटिया आइमाई रहिछे त्यो। शालुलाई त्यसको सङ्गतबाट छुटाएन भने हामी कहीँ मुख देखाउन लायक हुँदैनौँ। कम्की छे त्यो राँड शालुमाथि सम्पूर्ण अधिकार मेरै छ जस्तो गर्छे। बिहानदेखि एक थोपा पानी पनि मुखमा हालेकी छैन त्यसले। अब शालुलाई दुई-चार दिन बाहिर पठाएर त्यसलाई निकाल्नैपर्‍यो। त्यो हुँदासम्म शालु हाम्रो कुरा भन्दा त्यसैको कुरा सुन्छिन्। सधैँ कमारीकै जीत कति सहनु ?'

दीपकसापले नराम्रो केही भन्नुभएन। उर्मिला मैयाँसापलाई सम्झाउनुभयो, 'हेर उर्मी, कुवाको पानी सिद्धिएपछि मात्र कुवाको महत्त्व थाहा हुन्छ। कान्छी नपढेकै भए पनि समझदार छे। शालुलाई हानि हुने कुरा ऊ सोच्न पनि सक्दिन। बस हामीमै कतै खोट भएर शालु कान्छीकै कुरामा विश्वास गर्छिन् कि सोच त। दीपकसापले के त्यति मात्र भन्नुभएको थियो उर्मिला मैयाँसाप त सिंहिनीझैँ गरी गर्जिन थाल्नुभयो। त्यसो भए म नै नजाती हुँ। अब म मरे पनि भयो होइन ? दीपकसापले सम्झाउँदै भन्नुभयो- 'उर्मिला चुप लाग मन नदुखाऊ। म शालुलाई दुई-चार दिनका लागि बाहिर घुम्न लैजान्छु। तिमी कसैगरी भए पनि कान्छीलाई घरबाट निकाल। त्यसको कारणले घरमा धेरै अशान्ति भयो। मैले उहाँहरूले गरेको कुरा कान्छीलाई आएर भने।'

कान्छीले बडो सरल रूपमा नै भनिन्, 'यो घरबाट मेरो लाश निस्किन परे पनि म यो घर छोड्दै छोड्दिनँ। म भइनँ भने मेरो शालु मैयाँसापको जीवन भत्किन्छ।'

'कान्छी चिच्याइन्- कति बकबास ओकल्छौ चन्द्रकान्त तिमी, मेरो करा सुन्न बसेको कि आफ्नो भाषण सुनाउन ? चुप लाग्लान् भन्यो,

चुप त लाग्ने नै होइन तिमीलाई झूट ओकल्न कसले सिकायो हँ ? सँगै बसेपछि कहिलेकाहीँ ठूली मैयाँसापले गाली गरिस्यो होला तर उहाँ तिमीले भनेझैँ कठोर होइसिन्न।'

शालुले केही दिनअगाडि मात्र आफ्नी आमाले भनेको कुरा सम्झिन्। शालु बेटा, तिम्रो पापाले तिमीलाई एक-दुई दिन घुमाउन लाने कुरा गरिस्या छ।'

'किन म मात्र हजुर पनि जाऊँ न एक्लै बोर हुन्छ।'

उर्मिलाको जवाफ थियो यहाँ व्यापारमा अलि किचलो भएको छ, म जान मिल्दैन । पोखरा पुगेपछि तिम्रो साथी सिर्जना छँदैछिन् नि । सिर्जनाले तिमीलाई हेर्न मन गरेकी छिन् रे क्या । पापाको फुर्सद हुनेबित्तिकै पापाले तु लगिसिन्छ ।'

कान्छीले शालुको हात समातेर मुसार्दै भनिन्, 'हेर यो चन्द्रकान्तको झुटो कुराले गर्दा मैयाँसापको मन दुख्यो । यो मगरको जात एकोहोरो पो हुँदोरहेछ ।

'चन्द्रकान्त ! शालुलाई बचाएकोमा तिम्रो गुण कहिल्यै बिर्सन्न भन्ने पनि त्यही मुख, आज अनेक थरी भन्ने पनि त्यही मुख । जे कुरा पनि शालु मैयाँसापलाई केही नभन है म बिन्ती गर्छु भन्छिन् । आज पोल खोलिदिएँ बोले बोल न बोले नबोल । कहिले पो तिमीले मेरो हृदय चिहाएकी छौ र ? शालु मैयाँसाप एकान्तमा म स्वास्नीको मायाले होइन यिनको मायाले रुन्छु । आजसम्म म विवाह नगरी यिनकै मायाले बसेको हुँ । स्वास्नीको माया लाग्छ, नलाग्ने होइन । मैले उनलाई पाठेघरको क्यान्सरबाट बचाउन सारा सम्पत्ति सिध्याएँ तर केही लागेन, मरेकी स्वास्नीको खुसीका लागि त्यो टुहुरो छोरोलाई यही आमा दिन्छु भनेर बसें, आज त यस्तो झुटो उस्तो झुटो पो भन्छिन् । काजी सापको के काम नमिलेर मात्र शालु मैयाँसापलाई पोखरातिर लगिस्या छैन त्यसपछि थाहा पाउली के होला ?'

शालुले कुरा मोड्नु नै उचित ठानिन् र भनिन्, 'चन्द्रकान्त दाइ अब सबै कुरा छोडेर दिदी र भावेन्द्रको कुरा सुनौं, तपाईंहरू दुवैजना चुप लाग्नुहोस् ।'

चन्द्रकान्तले उठ्दै भने, 'म यिनको एउटा कुरा पनि सुन्दिन । के नै कुरा होला र लोग्नेकै खुसीका लागि फेरि बलि भइहोलिन् र यो नर्कमा आइन् ।' यति भन्दै चन्द्रकान्त रिसाउँदै हिँडे । कान्छी र शालु हेरेको हेरै भए । दुवैले चन्द्रकान्त रिसाएको पहिलोपल्ट देखेका थिए ।

कान्छीले भनिन्, 'चन्द्रकान्तले जे भने त्योचाहिँ सोह्रैआना ठीक हो । मबाट चार वर्षसम्म बच्चा नभएपछि घरपरिवारले मलाई साह्रै हेला गर्न थाले । भावेन्द्रले मलाई घरमा नबसी हामी हङकङ जाऔं, उतै गएर राम्रो औषधि गरौंला भनेका थिए । मैले उनको कुरा मानिनँ । तपाईंबाट बच्चा हुन्छ भने विवाह गर्नुहोस् भनेर जिद्दी गरें । उनले सबैको करमा परेर विवाह गरे । विवाह गरेपछि पनि उनमा धेरै परिवर्तन आएको थिएन । सौताले बच्चा पाउने भएपछि भने थोरै परिवर्तन आयो । भन्थे, 'कान्छी तिमीले विवाह गर्नु भनेर ठीक गर्‍यौ । तिम्रै बाटो कुरेको भए सन्तानको मुख नै नदेख्ने पो रहेछु ।'

मलाई पनि उनको खुसी देख्दा खुसी लाग्थ्यो । सौताको जात न हो ऊ भावेन्द्रलाई मेरो नजिकसम्म पर्न दिँदैनथी । सबै परिवार कान्छीकै पक्षमा थिए । एक रात भावेन्द्र मेरो कोठामा सुत्न आएको निहुँमा घरमा महाभारत मच्चियो । भोलिपल्ट भावेन्द्र अफिसतिर गएपछि सौतालगायत सासूससुरा मिलेर मलाई मलाई घिच्चाई-मुन्टाई गरी घरबाट बाहिर निकाले । सौताले त

घरबाट निस्किन मानिनस् भने अहिल्यै पेटको बच्चा मारिदिन्छु भनी । त्यसपछि त्यहाँबाट निस्केर फुपूकोमा गएँ । फुपूले भोलिपल्ट यहाँ लेराइदिनुभयो । हजुरलाई देखेपछि विस्तारै आफ्नो पीडा भुल्दै गएँ । साँच्चै मैयाँसाप अहिले त मलाई ती क्षणहरू सबै सपनाजस्तो लाग्छ ।'

शालुले सोधिन्, 'भावेन्द्र तपाईलाई फेरि कहिल्यै भेट्न आएनन् त ?'

मलाई छोडेको पाँच-छ वर्षपछि यहीं मलाई भेट्न आएका थिए । उर्मिला मैयाँसापले जाने भए जाऊ भन्दा हजुरले मेरो फरियाँ समातेर रुँदै भनिस्यो, 'दिदी जाने भए म पनि सँगै जान्छु । म हजुरलाई समातेर घुँक्कघुँक्क गर्न पुगेछु, भावेन्द्र के भन्न खोज्दै थिए, अलमल्ल परे । त्यसपछि भावेन्द्र केही नबोली रुँदै हिंडे । त्यसको केही दिनपछि नै काकाले एउटा चिठी र जग्गाको लालपूर्जा मेरो हातमा थमाएर जानुभयो । यो कुरा आजै हजुरलाई मात्र खोल्दैछु । चिठी पनि अझै छ ल आफैंले पढिस्यो ।' कान्छीले लाजपूर्जा र चिठी नै शालुलाई दिइन् ।

शालुले लालपूर्जा हेर्दै भनिन्, 'लालपूर्जा जस्तो कुरा पनि यसरी राख्ने हो ?'

'मेरो त सम्पूर्ण सम्पत्ति भनेकै हजुर हो । यो सम्पत्तिको के काम ?'

कान्छीको कुराले शालुको मुटु नै फुट्लाझैं भएको थियो तर मन बाँधेर लालपूर्जालाई जतनशाथ आफ्नै दराजमा राखेर आई चिठी पढिन । चिठीमा लेखिएको थियो- प्यारी कान्छी सम्झना सधैंको ।

कान्छी जिन्दगी यस मोडमा आउला भन्ने पत्तै थिएन । हेर त हुर्त्तिदै तिमी कहाँ पुग्यौ म कहाँ पुगें । तिमीलाई सबै खुसी दिन्छु भनेर बिबाह गरें तर आँसु सिवाय केही दिइनँ । तिम्रो सिमल भुवाजस्तै मन पलपल फाट्यो । मैले पनि तिम्रो ती निर्बोध आँखालाई धेरै रुवाए । हुन त म त्यहाँ तिम्रो मायाले भनौं या स्वार्थले तिमीलाई लिन नै आएको थिएँ । मबाट बच्चा नहुने थाहा पाएकी भए तिमी पुनः मसँग आउँथ्यौ पनि होला तर शालुप्रतिको तिम्रो अगाध प्रेम देखेर मैले फेरि एकपल्ट तिम्रो खुसी खोस्न चाहिनँ । कुरा के भने कान्छी श्रीमतिले पाएको बच्चा मेरो होइन । तिमीबाट बच्चा हुन्छ, त्यसैले तिमी विवाह गर । तिमीलाई जिन्दगीभरि खान पुग्ने सम्पत्ति मैले तिम्रो नाममा जम्मा गरिदिएको छु । पछिका लागि एउटा जीवनसाथी रोज । तिमीले अर्को विवाह गऱ्यौ भने म पनि शान्तिले निदाउनेछु । अर्को जन्म भए भगवान्ले तिमीसँगै भेट गराओस् । म तिम्रो काकाको सल्लाहअनुसार तिम्रै काकाको विधवा छोरी र छोरालाई लिएर हङकङ गएँ । बाबु-आमा, श्रीमती बिनुले आफ्नो कुकर्मको फल भोगून् । अरू के भनौं । मेरै खुसीका लागि भए पनि अन्तै विबाह गरे । तिमीले विबाह गऱ्यौ भने मलाई शान्ति मिल्छ । तिम्रो जवानी निशास्सिंदै, छट्पटिंदै, कल्पिंदै नबितोस् । म यहीं चाहन्छु ।

उही भावेन्द्र

चिट्ठी पढिसकेपछि शालुले आफ्नो आँखालाई दुःख दिइन् । एकोहोरो दिदीलाई हेरिन् । उनलाई यस्तो लाग्यो, दिदीको शिरमाथि सिङ्गै सगरमाथा पो अडिएको रहेछ । दिदीको भूल यही न हो उहाँले केवल मेरो खुसी चाहनुभयो । अब मैले दिदीको खुसीका लागि केही गर्नैपर्छ ।

'मैयाँ यस्ता कुराहरू त धेरैको जीवनमा घटेको छ । पटक्कै पीर नगरिसेला । हजुरको उमेर पुगेपछि त्यो जग्गा हजुरकै नाममा पास गरिदिने धोको छ ।'

शालुले त्योभन्दा बढ्ता कुरा सुन्न सकिनन् । जुरुक्क उठेर भान्सामा गइन् । कान्छी आफ्नो कोठामा गइन् ।

# सात

कान्छीको जीवनकथा सुनेपछि शालुको धेरै दिनसम्म भोकनिद्रा हरायो । उनी स्कुलमा पनि एकोहोरिन थालिन् । शालुका एकदम नै मिल्ने साथी रोहिणीले शालुलाई चिन्ताको कारण सोधिन् । शालुले सबै कुरा एकएक गरी रोहिणीलाई बताइन् । रोहिणीले मेरो ममीपापालाई गएर सबै कुरा भनिस् भने समस्या समाधान हुन्छ भनी सम्झाइन् । शालु रोहिणीको घरमा गएर रोहिणीको बाबुआमालाई दिदीको सबै कथा सुनाइन् । चन्द्रकान्त दाइले कान्छीलाई माया गरेका कुराहरू पनि बताइन् । दुई छोरी मात्र भएका रोहिणीका बाबुआमाले कान्छी र चन्द्रकान्तजस्ता मान्छे पाए आफूले छोराबुहारीकै दर्जा दिने कुरा बताएपछि शालुको हृदयमा बलिरहेको आगो केही मत्थर भयो । शालुलाई रोहिणीको बाबुआमा साक्षात् भगवान् जस्तै लाग्यो । शालु खुसी हुँदै घर आइन् । दिदीलाई देखेपछि आँखा भरिएर आयो । उनी आफ्नो कोठामा पस्दै थिइन् । ममीले बोलाएपछि ममीकै कोठाभित्र पस्दै भनिन्, 'किन बोलाइस्या ममी, खास कुरो केही थियो कि ?'

'पोखरा जानका लागि पापाले पर्सिको टिकट बुक गर्छु भन्दै होइसिन्थ्यो । नयाँ केही किन्नु छ भने पैसा लग भन्न बोलाएकी ।'

'हुन्छ मलाई पैसाचाहिँ दिसेला तर पोखराचाहिँ चार-छ दिनपछि जान्छु । अहिले त क्लास टेस्ट चलिरहेको छ ।'

उर्मिलाले ओठ चेप्राउँदै भनिन्, 'आ तिमी पनि, क्लास टेस्ट लिंदा पनि किन रोक्किनुपर्छ र त्यो नम्बर पछि जोडिने होइन ।'

'हेर भोलि क्लास टेस्ट भन्नु पनि छ फेरि क्यारेम खेलौं पनि भनिसिन्छ । ल अहिले थपक्क पढ्न बसिस्यो, क्लास टेस्ट सिद्धिएपछि हजुरले जे-जे भनिसिन्छ त्यहीत्यही खेल्छु ।' दिदीको कुरा सम्झेर भित्र कतै दुख्यो शालुलाई, शालुले

मनमनै सोचिन्, 'कुकुरलाई घ्यू नपचेको भनेको यही हो । दिदी गएपछि यो घर मसानमा परिणत हुँदा बल्ल चाल पाउँछ्यौ तिमी, तिमीले एक्का र बास्सा भन्दै तास खेल्न पाएकी दिदीले गर्दा नै त हो नि ! यत्रो घर र हामीलाई दिदीले बडो इमानदारिताका साथ नसम्हालिदिएको भए तिमी स्वतन्त्र आकाशमा कावा खान पाउँथिनौ । सिङ्गै आकाशमा उड्न पाउँदा पनि तिमीलाई आकाश पनि साँगुरो भयो होइन ? दिदीको दोष त्यही हो उनीभित्र स्वार्थको एक कण पनि छैन । उनी अर्काको सन्तानलाई सही मार्ग देखाउन हरपल कटिबद्ध छिन् । तिमी आफ्नो सन्तानलाई आधुनिकताको नाममा नशामा झुलाउन कटिबद्ध छ्यौ । मेरो त सम्पूर्ण दिदी हुन् दिदी, उनी नभएकी भए म जीवन के हो नबुझ्दै झर्दोरहेछु । मलाई जीवनको मूल्य सिकाउने मेरी प्राणप्यारी दिदीलाई निकाल्न कति हतार छ्यौ तिमी म बुझ्दै छु ।'

'होइन थुप्रै बेर पोखराको सौन्दर्य सम्झेर त्यहीं हरायौ कि क्या हो ? मूर्तिजस्तै भयौ नि ?'

'ममी हजुरको खुसीका लागि म पोखरा जाउँला तर मेरो जाँच सिद्धिन दिस्यो । पोखरा मैले धेरैपल्ट हेरिसकेकी छु । प्रकृतिले सम्पूर्ण दिएर पनि हामीले त्यसको सदुपयोग गर्न जानेनौं । फेवातालको नजिकै सानै घर होस् तर अति आकर्षक होस्, त्यो छैन । पाताले छाँगाकै वरिपरि मनै लोभ्याउने फूलबारी होस् । बाराही मन्दिरमा पनि टलक्कै टल्कने सिङ्गमर्मर होस् । विदेशले यो प्राकृतिक छटा पाएको भए कस्तो बनाउँथ्यो होला । नेपालीले हीराको मूल्यलाई कीरा सम्झिरहेका छन् । राम्रो र नराम्रो छुट्याउने तागत हामीमा छैन ममी ।'

उर्मिलाले हाँस्दै भनिन्, 'तिमी त बडो तर्क दिन सक्ने पनि भइछौ, मलाई त पत्तै थिएन ।'

'हजुरले मसँग कति समय नै बिताइस्या छ र ममी, पापाले अस्ति मात्र भनेपछि पो थाहा पाएँ । मलाई त अठार दिनदेखि नै दिदीले सुताउनुभएको हो रे । पापा भनिसिन्थ्यो- हजुर त धेरै सुघ्घरी होइसिन्छ रे, एकपल्ट मैले हजुरको काखमा दिसा गर्दा टाउकोमै गोली लागेझैं गरी चिच्याइस्यो रे । मैले दिसा गरेको साडी अब कहिल्यै लाउँदिनं भनेर फ्याँकिस्या रे होइन ?'

'उफ ! तिम्रो पापा पनि यस्ता झिना-मसिना कुराहरू पनि के छोरीसँग गरिस्या होला । जाऊ कपडा फेर, त्यसो भए चार-छ दिनपछिकै टिकट बुक गर्नुपर्ला हुन्न ?'

'हजुरलाई जे मन लाग्छ त्यही गरिस्यो' भन्दै शालु आफ्नो कोठामा पसिन् । ममीको कोठामा चन्द्रकान्तको आवाज सुनेपछि शालु ममीकै कोठातर्फ लागिन् । चन्द्रकान्त कार नबनेको कुरा बताउँदै थिए । शालु चन्द्रकान्तको कुरा सुनेर दङ्ग परिन् र भनिन्- 'दाइ मलाई फूलको प्रोजेक्टवर्क बनाउनु छ । बगैंचामा हिंड्नुस् र मलाई फूलको नामहरू बताइदिनोस् ।'

कान्छीले भान्साबाटै कराइन्, 'मैयाँ, यिनलाई सबै फूलहरूको नाम आए पो, म हजुरको सहयोग गर्छु । यिनले खाना पकाउँछन् ।'

शालुले हाँस्दै भनिन्, 'दिदी पनिर-पकौडा त दाइलाई बनाउन आउँदैन होला नि !'

त्यसो भए हजुरले फूलहरू लेराइस्यो म फूलहरूको नाम बताइदिइहाल्छु नि !'

चन्द्रकान्तले कान्छीतिर हेरेर दाह्रा किटे । शालु र चन्द्रकान्त दुवै बगैंचामा गए । शालुले बस्न आग्रह गर्दै भनिन्, 'अफै दिदीसँग बोलेको देखिदिनँ नि, तपाईं त साँच्चै रिसाउनुभयो कि क्या हो ?'

चन्द्रकान्तले बस्दै भने, 'हो, मैयाँसाप, अब म यहाँ बस्दिनँ । कान्छीको आश गर्दागर्दै दाह्रीजुंगा फुल्न आँटिसक्यो । तिनलाई देख्यो भने मुटु जल्छ मात्र अब कति मुटु जलाउनु ? तिनी त पत्थर हुन् शालु मैयाँसाप पत्थर, तिनलाई राम्रोसँग थाहा छ, म तिनकै मायाले रुन्छु । अब कति रुनु मैयाँसाप, रुँदारुँदा आँखाहरू थाकिसके ।'

शालुले बडो नम्र स्वरमा भनिन्, 'मप्रतिको अत्यधिक मायाले गर्दा दिदीले कहीँकतै देख्नु नै भएको छैन । म दिदीको त्यो नाजुक हृदयलाई तोड्छु, तपाईं मलाई साथ दिनोस् । दिदीले मेरा लागि देख्नुभएको जुन सपना छ म त्यो पनि पूरा गर्छु । मेरै आँखाअगाडि मेरो मुटुभन्दा पनि प्यारी दिदीको अपमान अब सहन सक्दिनँ । तपाईंले भनेझैं मलाई पोखरा पठाउन योजना बनिसकेको रहेछ ।'

'होइन मैले त केही कुरै बुझिनँ नि मैयाँसाप ।'

शालुले सबै कुरा बताइन् । तपाईं अहिले नै रोहिणीको घर हेरेर आउनोस् । दिदीलाई तपाईं नै चाहिन्छ हो तपाईं । यी कुराहरू बिर्सेर पनि दिदीलाई नबताउनु होला । दिदीको घृणा म जीवनभर सहन तयार छु तर अँ हँ म उहाँको आँखामा आँसु हेर्न सक्दिनँ ।

चन्द्रकान्तले आँखाभरि आँसु पार्दै भने, 'हजुरले ठीक सोचिस्यो । तिनी त सिमल हुन् आफू जाडो सहेर अरूलाई तातो दिने । तिनलाई हामीले खुसी दिएनौं भने हामीले पनि आफूलाई माफ दिन सक्दैनौं । हुन्छ म अहिले नै रोहिणीको घर पुगेर आइहाल्छु ।'

'ल अनि खोई त फूल लिएर आइसेको ?'

दिदीको शब्दले शालुको मुटु घाँटीमै अड्केझैं भयो । बडो कष्टसँग जवाफ दिइन्, 'तपाईंले रातमा फूल टिप्न हुन्न भनेको सम्झेर नटिपी आएँ ।'

'हुन्छ म भोलि बिहानै फूल टिपेर फूलको नाम पनि भनिदिन्छु । अस्तिको

जस्तो चार्टपेपरमा टाँस्ने त होला नि ! कहाँकहाँ टाँस्ने अहिले बताइदिस्यो, म अस्तिको जस्तै मिलाएर टाँसिदिन्छु ।'

शालुले आँसु लुकाउँदै भनिन्, 'ल हेर्नोस् अब त म तपाईंजत्री भइसकें । अबदेखि मेरो पीर नगर्नोस् । तपाईंले मलाई जस्तो बनाउन चाहनुभएको थियो म त्यस्तै बन्छु । तपाईंको कसम, म बिग्रिन्न, साँच्चै बिग्रिन्न । तपाईं जस्तो कर्म दिने दिदी पाएपछि पनि बिग्रन्छु र म ?'

'मैयाँसापलाई ठूलो-ठूलो कुरा गर्न आइसक्यो । ल तातोतातो पकौडा खाइस्यो ।'

'दिदीको शब्द सुनेर शालु रुँदै कोठामा पसिन् र ओछ्यानमा पछारिँदै रोइन् । कान्छी फत्पताइन्- होइन के भएको होला मैयाँसापलाई आज, खान पनि खोजिस्या छैन । मुख पनि उज्यालो छैन । सानो हुँदा पो सबै कुरा भनिसिन्थ्यो र बुझिन्थ्यो, ठूलो भएपछि केही भन्ने हैन । आफूले मनको कुरा बुझ्न सकिँदैन ।'

शालुले मन सम्हालेर दराज खोलखाल पारिन् । कान्छीले पढ्दै पनिर पकौडा खाइस्यो भनेर शालुको कोठामा छोडेर गइन् । शालुले हतारहतार त्यो पनिर पकौडालाई प्लास्टिकको झोलामा हालेर पोको पारेर दराजको मुनि राखिन् । मुखले चाहिँ पकौडा मीठो रहेछ आजलाई पुग्यो भनिन् । कान्छीले आफूले पनिर पकौडा भोलिसम्मलाई हुनेगरी पकाइदिएको कुरा बताइन् । चन्द्रकान्त आएर शालुको कोठामा पसे । दुवैले आँखाकै इसारामा कुरा गरे । त्यसपछि साह्रै मीठो बास्ना आयो भन्दै चन्द्रकान्त भान्सामा पसे तर, कान्छीले दिएको पकौडा खान सकेनन् । आफूलाई टाउको दुखेको छ भनेर ढाँटिदिए । कान्छीले मुसुक्क हाँस्दै भनिन्, 'तिम्रो रिस त अझै मरेको छैन जस्तो छ । तिमी रिसाएको त मैले पहिलोपल्ट नै देखें । म तिमीसँग कहिल्यै रिसाउँदिनँ चन्द्रकान्त ? तिमीले मेरो पोल्टाभरि खुसी नै खुसी दिएका छौ । आफ्नो बाबुझैं बनेर शालु मैयाँसापको रक्षा गर्‍यौ ।' चन्द्रकान्तले चुपचाप कान्छीको कुराहरू सुनिरहे मात्र ।

शालुले कोठाभित्रबाट चिच्याइन्, 'दिदी, म पकौडाले नै अघाएँ । तपाईंहरू मात्र खाना खानोस् । आज म दिदीसँगै सुत्छु । मलाई राजकुमारको कथा सुन्नु छ ।

कान्छीले हाँस्दै भनिन्, 'भर्खरै भनिसिन्थ्यो दिदी म ठूली भएँ । भर्खरै भनिसिन्छ- राजकुमारको कथा सुन्ने ।'

चन्द्रकान्त म शालु मैयाँसापको विवाह भएपछि बाँच्न सक्छु होला जस्तै लाग्दैन । चन्द्रकान्त कान्छीको कुरा सुन्न नसकी उठेर हिंडे ।

शालु पहिला नै कान्छीको पलङमा गएर सुतिरहेकी थिइन् । कान्छी खाना खाइवरी हात पुच्दै कोठामा पस्दै भनिन्, 'शालु मैयाँसाप मैले भनिदिएकी छु ।

भोलिदेखि पढाइ छल्नका लागि अनेक बहाना चन्दैन । होइन किन घोप्टो परिसेको ?'

शालुले देब्रे कोल्टे फर्केर आँसु पुच्दै भनिन्, 'म त निदाउन पो लागिसेकी रहेछु दिदी ! चन्द्रकान्त दाई पनि बस्नोस् ।' चन्द्रकान्त पलङमुनिको मुढामा बसे । शालु र कान्छी पलङमा बसे । कान्छी बसेपछि शालुले कान्छीको काखलाई सिरानी बनाइन् ।

कान्छीले शालुको कापल मुसार्दै भनिन्, 'मैयाँ, दिदीको काखभन्दा पनि प्यारो अहिलेलाई पढाइ हो । मैले धेरै दिनदेखि हजुरले पढेको देखेकी छैन ।'

'दिदी तपाईंलाई मेरो भविष्यको मात्र चिन्ता छ । त्यस्तै मलाई पनि तपाईंको भविष्यको चिन्ता छ । दिदी, मैले पनि तपाईंका लागि चन्द्रकान्त दाइ जस्तै राजकुमार खोजिदिएकी छु । त्यो राजकुमारले तपाईंलाई धेरैधेरै खुसी दिन्छन् । तपाईंको आफ्नो स्वर्गजस्तै घर हुन्छ ।'

कान्छीले बीचैमा कुरा काट्दै भनिन्, 'ए, हजुरले मेरो अर्को जन्मको कुरा गरिस्या ? हुन्छ, हुन्छ अर्को जन्ममा म चन्द्रकान्तसँगै विवाह गर्छु । अनि हजुरलाई छोरीको रूपमा जन्माउँछु । निस्फिक्री माया गर्छु । उर्मिला मैयाँसाप हुँदा त हजुरसँग बोल्न डर लाग्छ भन्या । उर्मिला मैयाँसापले हजुरको कोठामा गएको देख्यो कि बिरालोको जत्रो आँखा पल्टाइसिन्छ । उहाँले आफ्नो मर्यादा नभुलेको भए मलाई यति चिन्ता हुँदैन्थ्यो ।'

शालुले कान्छीको हात मुसार्दै भनिन्, 'दिदी तपाईंले मन नदुखाउनुहोस् । मेरो चिन्ता गर्न चटक्क छोडिदिनोस् । तपाईंले मेरा लागि जुन त्याग गर्नु भो त्यो कसै-कसैले गर्नै सक्दैन । दिदी तपाईंले जाडोमा न्यायो घाम दिनुभयो, गर्मीमा छहारी दिनुभयो, तपाई भने सधैं घाम-जाडो सहँदै आउनुभएको छ । त्यो मैले देखेकै छु । अब म स्वयम् चिसो र तातोबाट बच्न सक्छु । तपाईंलाई चिसो र तातोबाट बचाउनु मेरो कर्तव्य हो । कुरा गर्दागर्दै बाहिर गेटमा बेल लाग्यो, शालु हतार-हतार कान्छी र चन्द्रकान्तलाई एउटै कोठामा बन्द गरेर, तल रुँदै ओर्लिन् र गेट खोल्दै भनिन्, 'ममी, पापा म यो घरमा बस्नै नसक्ने भएँ चन्द्रकान्त र दिदीको राम्रो सम्बन्ध छैन । आज त हजुरहरूलाई देखाउन मैले चन्द्रकान्त र दिदीलाई एउटै ओछ्यानमा देखेपछि ढोकामा लक गरिदिएकी छु । छिटो माथि आइस्यो ।'

दीपक उर्मिला नै रक्सीको नशामा हल्लँदै सास न बास भएर कान्छीको कोठानजिक आए ।

कोठाभित्रबाट आवाज आइरहेको थियो । मैयाँसाप किन ढोका थुनेको छिटो खोलिस्यो । उर्मिलाले ढोका खोल्दै चिच्याइन्, ' ए रण्डा, रण्डी हो तिमीहरूले यो घरलाई कोठी नै बनायौ होइन ? देखिस्यो हजुरले सती सावित्री ठानेकी

कान्छीको हाल । मैले भनेकै हुँ बैंसको उन्मादलाई थेग्न कसैले सक्दैन भनेर, दुवैले किन विवाह गरेनन् भनेको त कुरा यस्तो पो रहेछ । दूध खान पाउँदापाउँदै गाई पाल्नु किन ? शालुलाई माया गरेको स्वाङ रचेर विनापैसा बस्नुको कारण त मस्ती लुट्न पो रहेछ ।'

कान्छीले रुँदै जवाफ फर्काइन्, 'आफू मात्र बोलिसिन्छ कि मलाई पनि बोल्न दिइसिन्छ हँ ? चुप लागिस्यो मुखमा जे आयो त्यही नबोलिस्यो । शालु मैयाँसापलाई थाहा छ हामी के गर्दै थियौं ।'

शालुले रुँदै भनिन्, 'हो ममी यिनीहरूको विचार राम्रो छैन । कान्छी त झन् हजुरको विरुद्ध भड्काउँछिन् । मैले के माया गरेजस्तो गरेकी थिएँ उनले त आफ्नै छोरी ठानिन् । यसो गर, उसो गर भनेको सुन्दा म त पागलै हुन लागिसकें ।'

कान्छीले घरै थर्कने गरी चिच्याइन्, 'नाइँ, शालु मैयाँसाप त्यसो नभनिस्यो म मर्छु ।'

शालुले रुँदै भनिन,- 'मोर अहिले मोर, कसले रोकेको छ र ? न रहर लाएको लाउन दिन्छे, न खानै दिन्छे कुन जन्मको शत्रु रहिछे यो ।'

उर्मिलाले कान्छीको कपाल भुत्ल्याउँदै भनिन्, 'धेरै तमासा नदेखा, खुरुक्क घरबाट निस्किहाल । नत्र अहिल्यै पुलिसलाई डाक्छु बुझ्यौ ?'

'कान्छी आफैंलाई भुत्ल्याउँदै चिच्याइन्, 'शालु मैयाँसाप तोलाको वचन खोलामा नहालिस्यो, म हजुर बिग्रेको हेर्न सक्दिनँ ।'

चन्द्रकान्तले कान्छीको हात समात्दै भने, 'देख्दा सोझी रहिछिन् मैयाँसाप भित्र त कर्द रहिछन् कर्द ।'

'हो-हो म कर्द नै हुँ निस्क, निस्किहाल पापी हो । मेरो जन्म दिने आमाभन्दा ठूली कोही छैन बुझ्यौ ? जाओ, जाओ छिटो जाओ । अझै रमिता देखाउँछौ ?

उर्मिलाले चन्द्रकान्त र कान्छीलाई नै नजिकैको कूचोले हान्दै भनिन्, 'छिटो निस्कन्छौ कि पुलिस नै बोलाऊँ हँ ?

चन्द्रकान्तले कूचो समाउँदै भने, 'कान्छी तिमीले आफ्नो स्वार्थ हेरेकी भए आज यो दिन देख्न पर्दैनथ्यो ।'

दीपकले कुरा थपे, 'अझ बढी बोल्छस् चन्द्रे, यो सुँगुर्नीलाई छिटो यहाँबाट लगिहाल् ।'

'शालु मैयाँसाप मेरो यहाँबाट लास जाला म यहाँबाट जान्न । म हजुरलाई छोड्न सक्दिनँ,' कान्छीले भुइँमा बजारिँदै भनिन् ।

शालुले कान्छीको मुखमा थुक्दै भनिन्, 'थुक्क नकचरी, पागल, कति अपमान

सहन सक्छेस् तँ ? मोर तँ जस्ता मान्छे त मर्नु नै पर्छ। विष दिऊँ या कौसीबाट फालहालेर मोर्छेस् ? चन्द्रकान्त यसलाई बागमतीमा लगेर फ्याँकिदेऊ । अनि यसले शान्ति पाउँछे ।'

उर्मिलाले रण्डी, फुँडी, वेश्या भन्दै कान्छी र चन्द्रकान्तमाथि कुचो वर्षाइरहेकी थिइन् भने दीपकले दुवैलाई लात्ती प्रहार गरिरहेका थिए । चन्द्रकान्तले कान्छीलाई घिच्याउँदै भऱ्याङ ओराले । कान्छीले घर नै थर्किनेगरी शालु मैयाँसाप भन्दै चिच्याइन् । डेरामा बसेका र छिमेकीहरू झ्याल-झ्यालबाट र ढोकाबाहिरैबाट त्यो वीभत्स दृश्य हेरिरहेका थिए । शालु आफ्नो कोठाको ढोका थुनेर मुर्दाझैं लम्पसार परिन् । कानमा भने कान्छीदिदीकै शालु शब्द नै गुञ्जिरह्यो ।

उर्मिला र दीपक नरभक्षी बाघकै सिकार गरेझैं गरी प्रफुल्ल हुँदै काठोमा पसे । उर्मिलाले भनिन्, 'देखिस्यो हजुर बैंसको तिर्खा थाम्न त्यो मोरीले पनि सकेकी रहिनछ । हात्तीको खाने दाँत र देखाउने दाँत जस्तो तिनीहरूका पनि दुईवटा दाँत रहेछ, होइन ? आज त कति हाइसन्चो भयो कुचोले बढार्नुपर्ने फोहोर हावाले उडायो हा...हा । शालुले नै काम तमाम गरिदिइन् ।'

दीपकले पलङमा पल्टिँदै लर्बराएको स्वरमा भने, 'उर्मी, वनले नचिनेको बाघ होइन, बाघले नचिनेको वन होइन । शालुले पूर्ण सोचविचार नगरी कान्छीलाई घरबाट निकालिन् जस्तो मलाई लाग्दैन ।'

'हजुर पनि चाहिने-नचाहिने कुरा सोचिसिन्छ । कुकर्मले डाँडा काटेपछि कति सहन्छे शालुले ।'

त्यो त हो, दीपकले उर्मिलाकै कुरामा साथ दिए । कान्छीको त्यो दर्दनाक दृश्य उनीहरूका लागि मनोरञ्जन बन्यो । दुवै रात्रिक्रीडामा लीन भए ।

रोहिणीको घरमा पुग्दासम्म कान्छीले पूर्ण रूपमा होस गुमाइसकेकी थिइन् । रोहिणीको बाबु केशवले फेमेली डा. राजलाई बोलाए । डा. राजको सक्दो प्रयासबाट कान्छीको होस त आयो तर उनले आफूलाई बिर्सिसकेकी थिइन् । उनको ओठमा केवल शालुकै नाम थियो । भन्थिन् ऊ... ऊ शालु मैयाँ त्यहीँबाट गइस्यो ।'

हा... हा शालु मैयाँसापले त कपाल बाटिसेछ । पर्खिस्यो म रिबिन मिलाइदिन्छु । सधैं दिदी हजुर नि खानोस् भन्नु छ । म त खाइहाल्छु नि !, मेरी शालु मैयाँसाप त परी हो बुझ्यौ परी हो ।

कान्छीको त्यो विजोग देखेर सबैको आँखाबाट आँसु झऱ्यो । डा. राजले मानसिक विशेषज्ञ डा. दिनेशलाई बोलाए । डा. दिनेश पनि रातको चकमन्नतालाई तोड्दै केशवको घरमा आइपुगे । सम्पूर्ण घटना सुनेपछि डा. दिनेशको पनि आँखा रसायो । जति खर्च लागे पनि घरमा नै कान्छीको उपचार गर्ने निर्णय भएपछि कान्छीलाई दिनेशले लठ्याउने सुई दिए । उनी जिउँदो मुर्दामा परिणत

भइन् । कान्छीको सम्पूर्ण स्याहारसुसार चन्द्रकान्तले गरे । डा. राज र डा. दिनेश कान्छीको उपचारमा कटिबद्ध भए । केशव र पीताम्बराले मानवीय सहयोग गरे । तह्रौं दिनको दिउँसो एक बजेतिर कान्छीले आँखा खोलेर चारैतिर हेरिन् । आफूलाई सुन्दर चिटिक्क परेको कोठामा सँगै चन्द्रकान्त भित्तामा शालुको सुन्दर तस्बिर झुन्ड्याइरहेको देखेपछि अचम्म मान्दै सोधिन्, 'चन्द्रकान्त यो सब के हो ? मेरो अर्को जन्म त भएको होइन ?'

चन्द्रकान्तले खुसीको आँसु झार्दै भने, 'हो कान्छी तिम्रो अर्को जन्म नै भएको हो । तिमीले असाध्यै माया गर्ने बाबु-आमा पाएकी छ्यौ । डा. राज र डा. दिनेश जस्तो डा. पायौ । सुरेश क्षेत्रीजस्तो बिरामी पर्दा सहयोग गर्ने दाइ पायौ । सबै-सबै पायौ । तिमीले बस् आफूलाई सम्हाल सबै ठीक हुन्छ ।

कान्छी बिस्तारै उठ्दै भनिन्, 'खोई बाबु-आमा ?'

चन्द्रकान्तले बोलाएपछि केशव र पीताम्बरा नै आए । कान्छीलाई उठेको देखेर हर्षित हुँदै भने, 'नानी अहिले उठेर जरक-मरक नगर ।'

उनीहरूको कुरा सुनेर कान्छी टोलाइरहिन् । चन्द्रकान्तले दूधमा हर्लिक्स फिटेर कान्छीलाई दिँदै भने, 'हर्लिक्स खाएर सुत ।' कान्छीले हर्लिक्स पिइन् । चन्द्रकान्तले औषधि खान दिएपछि फेरि कान्छी गहिरो निद्रामा परिन् ।

# आठ

कान्छीले चौधौं दिनको मध्यरातमा पनि आँखा खोलिन् । चारैतिर हेरिन्, आफ्नो पलङभन्दा पर चन्द्रकान्तलाई निदाइरहेको देखेर केही धक मान्दै भनिन्, 'चन्द्रकान्त... चन्द्रकान्त ।'

कान्छीको बोली सुनेर चन्द्रकान्त झसङ्ग हुँदै उठेर मर्करी बाल्दै कान्छीको नजिकै गएर भने, 'के भयो कान्छी, के भयो ?'

कान्छी धेरैबेर मौन भएपछि भनिन्, 'मैले थाहा पाएँ हिजो मैयाँले आफ्नो घरबाट निकालेपछि हामी यहाँ आयौं, मैले आँखा खोल्नेबित्तिकै त्यही मैयाँको फोटोमा आँखा पऱ्यो, त्यो फोटो निकालिदेऊ । किन त्यो फोटो राखेको चन्द्रकान्त ?'

चन्द्रकान्तले उत्तर दिए, 'तिमीले मैयाँ-मैयाँ भनेपछि त्यो फोटो राखिदिएको हुँ । तिमीले झिक भन्छ्यौ भने झिक्छु । तिम्रो मुख सुकेको छ भने पानी दिऊँ ?'

'अँ पानी देऊ म आफूलाई सम्हालिहाल्यें नि । तिमीले यसरी एउटै कोठामा

सुत्न नहुने थियो। चन्द्रकान्त तिमीले यो फोटो झिकिदेऊ। अब म पत्थरमा परिणत हुन्छु। मैले यो उमेरसम्म कोही मानवीय मूल्य भएको त मान्छे नै देखिनँ।'

चन्द्रकान्तले शालुको फोटो निकालेर घोप्टो पारेर ठह्याए।

कान्छीले रुन्चे स्वरमा भनिन्- 'होस्-होस् फोटो झुन्ड्याइदेऊ, भोलि म आफैं त्यो फोटोलाई झिकेर फ्याकुंला। फोटोमा अलि धूलो लागेजस्तो छ सफा कपडाले पुछिदेऊ।'

चन्द्रकान्तले चुपचाप सफा कपडाले फोटो फुछे। रातको समयमा औषधि दिने बेला भएकोले औषधि खुवाए। औषधि खुवाएको केही बेरपछि कान्छी कुरा गर्दागर्दै निदाइन्। चन्द्रकान्त पनि मनमा कुरा खेलाउँदै निदाए। क्रमशः दिन बित्दै गयो। कान्छी बिस्तार पानी सार्न, ट्वाइलेट जान सक्ने भइन्। तर उनी सोच्थिन्- आफूमाथि बज्र परेको क्षण हिजो नै हो। एक्काइसौं दिनको दिन कान्छी उठिन्, आफैं नुहाइधुवाई गरिन्। बडो राम्रेसँग मिलाएर राखेको कपडा झिक्दै भनिन्, 'हिजो मैले मैयाँसापका लागि पकौडा राखिदिएकी थिएँ, देखिस्यो कि देखिसेन होला।'

'कान्छी तिमीले उनको नाम नै नलेऊ। ऊ बाबु-आमा पनि आउनुभयो। एकछिन बसेर कुरा गर। म औषधि सिद्धिएको छ लिएर आउँछु।'

पीताम्बरा र केशबले कोठाभित्र पसेर सोफामा बस्दै भने, 'आफैंले आज नुहाएजस्तो छ नि हो? तिमीलाई यो रूपमा देख्दा साह्रै खुसी लाग्यो। तिमीलाई यस रूपमा देखेपछि पर्सि नै सत्यनारायणको पूजा लगाउँझैं लाग्यो।'

'हुन्छ लगाउनुहोस्, हिजो अलि धूलो-मैलोमा बजारिएकीले आज नुहाएकी हुँ। अघि यसो बगैंचा र फूलबारी हेर्न मन लागेर गएकी थिएँ। व्यवस्थित तरिकाबाट केही लगाएकै छैन। दुबोमा पनि घाँसैघाँस उम्रिएको रहेछ। आँगनमा पनि फोहोरैफोहोर छ। फोहोर देखेपछि त मेरो टाउको नै घुम्छ। न धुपीहरूकै कटिङ गरेको छ।'

पीताम्बराले कुरा चुहाइन्- अलिअलि त काम गरिन्थ्यो। तिमी बिरामी भएर आएपछि बगैंचाभन्दा पनि ध्यान तिमीमा गयो। फेरि काम गर्न आउने मान्छेलाई दस घर भ्याउनुपर्छ, के राम्रो काम गर्थे? खैर आँगन, बगैंचाको कुरा छोडौं अब तिम्रो र चन्द्रकान्तको बारेमा कुरा गरौं।

'ए चन्द्रकान्त, उनी र म पहिला सँगै बस्थ्यौं। त्यहाँबाट निकालेपछि चन्द्रकान्तले यहाँ लिएर आएछन्। विश्वास गर्नोस्, हाम्रो सम्बन्ध केही नराम्रो छैन, हिजै मात्र हो उनले मलाई छोएका। हिजो उनले नसम्हाको भएचाहिँ म बाँच्दैनथें हुँला।'

पीताम्बराले कान्छीको हात समातेर भनिन्, 'लाटी, तिमी यहाँ आएकी त ठीक एक्काइस दिन भयो। एक्काईस दिनसम्म तिनै चन्द्रकान्तले तिमीलाई

दिसा, पिसाब गराउने, दिसा धुने, नुहाइदिने, कपडा फेर्ने तिम्रो कपडा धुने काम गरे । उनले स्याहार नगरेको भए र डा. राज र डा. दिनेश र सुरेश नभएको भए तिमी यहाँ होइन अहिले सडकमा हुन्थ्यौ । त्यसैले हामीले तिमीहरूको विवाह गर्न सत्यनारायणको पूजा राख्न खोजेका हौं ।'

कान्छीले विश्वास गरिनन् र नजिकै रहेको क्यालेन्डरमा पल्टाएर हेरिन्, 'उफ् मङ्सिरको १२ गते पो रहेछ । उनी थचक्क बसिन् । आँखाबाट आँसु झारिन् मात्र ।'

पीताम्बराले सम्झाइन्, 'फेरि पनि पीर गऱ्यौ भने तिमी बिरामी हुन्छ्यौ । पीर नगर । हाम्रो विवाह हुँदा उहाँ पच्चीस वर्षको र म बीस वर्षकी थिएँ । विवाह चाँडै भए पनि बच्चाचाहिँ बयालीस वर्षमा भयो, तिमीहरूको त उमेरै छ । कुनै पनि सुकार्य गर्न ढिलो गर्नुहुन्न । हामीले तिमीहरूको विवाहका लागि गहना, कपडा सबै तयार परिसक्यौं । तिमी होसमा आउने प्रतीक्षामा थियौं । समाजमा विवाह नगरी एकै ठाउँमा सुतेका छन् भन्ने किन पार्नु ? तिमीहरूको चाँडै विवाह गरिदिन पाए आनन्दै हुन्छ ।'

कान्छीलाई घोर अचम्म लाग्यो । केही रिंगटा चलेजस्तो पनि भयो उनी सोफामै मुन्टो अड्याएर चिम्म आँखा चिम्लिइन् । केशवले नम्र स्वरमा भने, 'कान्छी, मैले चन्द्रकान्तजस्तो पुरुष त संसारमै देखेको छैन । तिमी बिरामी हुँदा उनले तीन दिन तीन रात आँखा झिमिक्कै गरेनन् । चौथो दिन कमजोरीले होला मूर्छा नै परे । डाक्टरसापहरूले के-के सुई दिएपछि सत्र-अठार मिनेटमा आँखा खोले । आँखा खोल्दा कान्छीले औषधि खाइन् कि खाइनन् भन्दै थिए ।'

कान्छीले कुरा सुन्न अलि झिँजो मानेजस्तो गरेपछि पीताम्बरा र केशव उठेर गए । आँखा खोल्दा कान्छीको आँखा शालुको तस्विरमा पऱ्यो । मनमनै सोचिन् । मलाई मृत्युको मुखमा छोड्नेको के अनुहार हेर्नु ? साँच्चि चन्द्रकान्तले मेरो घरजग्गाको लालपूर्जा देखेर त माया गरेको होइन ? शालुजस्ती त त्यस्ती भएर निस्केपछि चन्द्रकान्तको त के विश्वास ? फेरि शालुकै फोटोमा आँखा परेपछि कान्छीलाई रिस उठ्यो । उनले शालुको फोटो झिकेर केहीबेर घोप्ट्याएर भित्रै राखिन्, शान्ति भएन र बाहिर राखिन् । अझै शालुले घरबाट निकालिदिंदाको क्षण सम्झेपछि फोटो गेटबाहिर राखेर आइन् । औषधि लिएर आउँदै गरेको चन्द्रकान्तको आँखा फोटोमा पऱ्यो । फोटो भित्र लगेर पीताम्बरालाई जिम्मा दिंदै आफ्नो कोठामा पसे । कान्छी टोलाएर सुतिरहेकी थिइन् । चन्द्रकान्त आएको चाल पाउनेबित्तिकै उठेर बसिन् । कान्छीलाई चन्द्रकान्तसँग कताकता लाज-लाज पनि लाग्यो ।

चन्द्रकान्तले औषधि र पानी दिंदै भने, 'ल अब औषधि खाएर सुत । अनार छोडाएको छ खाऊ है भनेर गएको थिएँ, यत्तिकै छ । म पनि उस्तै खान दिएर जानुपर्ने रहेछ ।'

कान्छीले औषधि निल्दै भनिन्, 'चन्द्रकान्त जग्गाको लालपूर्जा कहाँ राख्यौ ? चिठ्ठी पनि सँगै थियो ।'

'होइन तिमी फेरि बेसुरको कुरा गर्न लाग्यौ । कस्तो लालपूर्जा, केको लालपूर्जा, कसको चिट्ठी मलाई केही थाहा छैन। ल सुतिहाल पछि कुरा गरौंली ।'

कान्छीले मनमनै भनिन्- 'ओ ! मैयाँलाई त्यही जग्गामा आँखा लागेछ क्यार, मैले त उनकै नाममा गरिदिन्छु भनेकी थिएँ। पहिल्यै निकालिन्। लिऊन् तिनलाई दाइजो नै भयो । चन्द्रकान्तको प्रेम त निस्वार्थ पो रहेछ। उनी सुन्दर र मायालु छन्, उनले त कुमारी केटी नै पनि पाउन सक्थे । उनी मलाई प्रेम गर्छन् भन्ने थाहा थियो तर यतिविघ्न माया गर्छन् भन्ने थाहा थिएन। सोच्दासोच्दै कान्छीको आँखा लट्ठिन थाल्यो । उनी केही बेरमा निदाइन् पनि ।

भोलिपल्ट बिहानै कान्छीले आँगन बढारिरहेको देखेर केशवले नजिकै आएर भने, 'नानी ! आँगन नबढार, तिमीलाई अहिले त्यति ठीक भएकै छैन । बरु आमासँग गएर केही कुरा गर । उनलाई साथी हुन्छ । मचाहिँ यस्सो घुमेर आउँछु ।' कान्छी पूरै आँगन बढारेर पीताम्बरासामु पुगिन् । पीताम्बराले बढो राम्रो पाराले सम्झाएपछि कान्छीले चन्द्रकान्तसँग विवाह गर्ने कुरा नकार्न सकिनन् । भोलिपल्ट नै कान्छी र चन्द्रकान्तको सत्यनारायणको पूजा लगाएर त्यहीं सिन्दूर राख्ने काम पनि गरियो । विवाहमा कान्छीको काकालगायत अरू केही आफन्त पनि जम्मा भए । सबैले कान्छी र चन्द्रकान्तको वैबाहिक जीवन सुखद् होस् भनी शुभकामना दिए। बेलुका चन्द्रकान्त र कान्छीको सुत्ने ओछ्यानमा फूल छरिएको थियो । दुवै विगत भुलेर वर्तमानमा रमाइरहे । चन्द्रकान्तको मायालु आलिङ्गनमा कान्छीले संसार बिर्सिन् । त्यस्तै कान्छीको मायालु आलिङ्गनमा चन्द्रकान्तले .... ।

विवाहको भोलिपल्ट कान्छी र चन्द्रकान्तको शिर लाजले झुक्यो । त्यसमाथि चाँडै घोत्ले छोरो पाउनू भनी पीताम्बराले कान्छीलाई, केशवले चन्द्रकान्तलाई जिस्क्याउन बाँकी राखेनन् । बिस्तारै कान्छीको आँखाबाट शालु दिनप्रतिदिन झर्दै गइन् । कान्छीको आँखामा शालुको त्यो क्रूर दृश्य नाचिरहन्थ्यो । त्यसमाथि चन्द्रकान्त शालुको नराम्रो पक्षको मात्र कुरा गरिदिन्थे । कान्छीले मानसिक रोगको औषधि खाए पनि पूर्ण रूपमा आफूलाई सम्हालेकी थिइन् । पीताम्बरालाई खाना पकाउन सघाउनदेखि लिएर सबै काम गर्थिन्। चन्द्रकान्त केशवको घरकै भाडाको ट्याक्सी चलाउँथे। एकदिन केशवले कान्छीतिर लालपूर्जा बढाउँदै भने, 'कान्छी म पनि कस्तो हुस्सु । तिम्रो यो कागज एउटा नानीले दिनु है भनेर छोडेर गएको पहिल्यै हो, दिनै बिर्सेछु । धेरै वर्ष भएछ, जग्गाको तिरो नतिरेको, चन्द्रकान्तलाई तिर्न पठाउनू ।' कान्छी लालपूर्जा देखेर मौन भइन् । ए लालपूर्जा त लेराइदिछे त्यसले, राम्रै भयो दुःख हुँदा काम लाग्ला ।

लालपूर्जाको बारेमा केशवले चन्द्रकान्तसँग शालुले भनेका कुराहरू जस्ताको तस्तै भनेपछि चन्द्रकान्तले तुरुक्क आँसु खसाले । लालपूर्जा पाएको दिन चन्द्रकान्तको मुड ठीक नभए पनि कान्छी भने साह्रै प्रशन्न थिइन् । सुत्ने समयमा चन्द्रकान्तको छातीमा टाउको राखेर कान्छीले भनिन्, 'चन्द्रकान्त, आज दुईवटा खुसी एकैचोटि मिल्यो । जग्गाको लालपूर्जा अनि मेरो पेटमा पनि बच्चा छ रे, म र आमा जचाउन गएका थियौं ।' चन्द्रकान्तले खुसी हुँदै भने, 'कान्छी हामीले स्वर्ग नै पायौं हगि ? अस्ति भर्खर गाउँबाट ठूलो छोरा पनि आयो । आज तिमी यो खुसीको कुरा सुनाउँदै छ्यौ । बाबुआमा पनि पायौं । रोहिणी र रोष्मा मैयाँसाप पनि पायौं । हामी त कति भाग्यमानी । न हामीसँग पैसाको कमी छ । यो पेटको बच्चाचाहिँ छोरी होस् । त्यो पनि शालुमैयाँजस्ती ।' कान्छी चिच्याइन्, 'चन्द्रकान्त, त्यस पापिनीको नाम लिएर मलाई फेरि पागल गाराउन चाहन्छौ ?'

चन्द्रकान्तले कान्छीको कपाल मायालु पारले मुसार्दै भने, 'कान्छी तिमीले आफूलाई कठोर बनाएको पटक्कै सुहाउँदैन । कुरा अर्कै छ । शालु मैयाँले कसम खुवाएकोले आजसम्म चुप थिएँ । अब छातीमा कति पत्थर राखेर बाँचौं ? तिमीले हरपल शालु मैयाँको घृणा गरेको कति सहूँ ? हेर शालु मैयाँसापले तिमीलाई खुसी दिनका लागि सबै नाटक गरिस्या हो । हामी त उहाँले बनाएको नाटकमा सहभागी भएका हौं । तर, हामी सबैको प्रेम बनाबटी होइन । शालु मैयाँको तिमीप्रतिको घृणा मात्र बनावटी हो । लालपुर्जा दिंदा भनिस्याथियो रे दिदीलाई तब मात्र लालपूर्जा दिनु जब दिदीले चन्द्रकान्त दाइको वास्तविक प्रेम बुझ्नुहुन्छ । चन्द्रकान्त दाइलाई लालपूर्जाको बारेमा आ पनि नगर्नुहोस् । लाटी, बुबाले लालपूर्जा जस्तो कुरा पनि बिर्सनुहुन्छ त ? उहाँले शालुकै कुरा मान्नुभएको हो । मैयाँसापले नै यहाँ बस्ने बन्दोबस्त मिलाउनुभएको हो । हामीले शालु मैयाँसापलाई तिमी बिरामी भएको कुरा ढाँट्दा पनि उहाँ दुईपल्ट स्कुलमा मूर्छा परिसक्नुभयो रे । हाम्रो विवाह भयो भनेपछिचाहिँ साह्रै खुसी हुनुहुन्छ रे । रोहिणी मैयाँसाप र शालु मैयाँसाप साथी-साथी हुनुहुन्छ । साँचो कुरा यही हो ।

चन्द्रकान्तको कुरा सुनेपछि कान्छी धेरैबेर रोइन् । उनको मनमा शालुले भनेका शब्दहरू एकपछि अर्को गर्दै ओहोर-दोहोर गरिरहे । 'तपाईंलाई चन्द्रकान्तजस्तै राजकुमार खोजिदिन्छु । दिदी म ठूली भइसकें, म तपाईंले देखाएको बाटोमा हिँड्छु । आज भोक लागेको छैन, तपाईंहरू मात्र खाना खानोस्, तपाईंको पनि स्वर्गजस्तो घर हुन्छ आदिआदि ।'

चन्द्रकान्तले कान्छीको आँखाबाट बगिरहेको आँसु पुछ्दै भने, 'नरोऊ कान्छी, नरोऊ । शालु मैयाँसापले भनिस्याथ्यो, 'दाइ मेरी दिदीको आँखाबाट एकथोपा आँसु नखसोस् । मेरी दिदीलाई सधैं डालीमा लटरम्म फुलेको फूलझैं देख्न पाऊँ । दिदी खुसी हुँदा म स्वयम् खुसी हुन्छु ।'

कान्छीले चन्द्रकान्तको ओठ बन्द गर्दै भनिन्, 'अब यसभन्दा बढी नभन । चन्द्रकान्त मैले आफूलाई चिनें । हामी दुईमा त आकाश-पातालको अन्तर रहेछ । म त पापिनी हुँ । त्यसैले आफ्नैअगाडि भएको हीरालाई चिन्न सकिनँ । शालु मैयाँसापले मलाई सम्पूर्ण खुसी दिस्यो । मैले उहाँलाई केवल घृणा गरे बुझ्यौ घृणा ।'

'आफूलाई सम्हाल कान्छी सम्हाल । तुलना गर्दा दुवैको त्याग बराबरी छ । तिमीहरू दुवैले कुनै पल आफ्नो स्वार्थ हेरेका छैनौ । तिमीहरू बनेको नै एक-अर्काका लागि हौ ।'

'चन्द्रकान्त शालु मैयाँसापलाई भोलि नै डाकिदेऊ । नत्र म मर्छु म बाँच्न सक्दिनँ ।'

चन्द्रकान्तले आश्वासन दिए, 'पीर नगर म भोलि नै शालु मैयाँसापलाई यहाँ बोलाइदिन्छु । हामी सबैको चाहना नै यही त हो नि । तिमी र मैयाँसापको ओठमा पुनः पहिलाको जस्तै खुसी आओस् ।'

कान्छी केही बोल्न सकिनन् । आँखामा भने शालुको तस्बिर नाचिरह्यो । रातको थुप्रै पल बितेपछि मात्र कान्छी निदाइन् ।

भोलिपल्ट बिहानको छ पनि नबज्दै शालु आएर रुँदै ओछ्यानमा पल्टिरहेको कान्छीको आँखा छोपिन् । शालुको हातमा कान्छीको तातो आँसु लागेपछि शालुको आँखा पनि रसाए । कान्छी हात झिक्दै जुरुक्क उठेर शालुतिर फर्किन् । दुवै एक-अर्काको अङ्गालोमा बाँधिएर थुप्रैबेर रोए । चन्द्रकान्त उनीहरू रोएको दृश्य हेरेर बसिरहे । धेरैबेरपछि शालुले अङ्गालोबाट छुट्टिएर कान्छीको आँखाको आँसु पुछ्दै भनिन्, 'दिदी, पेटमा बच्चा हुँदा रुन हुँदैन रे । दाइले मलाई बिहान लिन जाँदा सबै कुरा बताइसक्नुभएको छ । दिदी, मैले जुन सपना देखेकी थिएँ । त्यो सबै साकार भयो ।'

कान्छीको रुवाइ अझै थामिएको थिएन । घुँक्कघुँक्क रुँदै भनिन्, 'मैले हजुरलाई कति नराम्रो सोचेँ, मलाई माफ गर्नुहोस् । म त हजुरको अगाडि केही पनि होइन रहेछु । म त पापिनी रहेछु मैयाँसाप पापिनी ।'

शालुले कान्छीको मुख छोपिदिँदै भनिन्, 'तपाईंले आफूलाई पापिनी ठान्नुभयो भने यो संसारमा को धर्मात्मा होला ? मैले त तपाईंलाई घरबाट निकाल्न सानो नाटक मात्र गरेकी हुँ । तपाईंले मेरा लागि सिङ्गो जीवन नै बलिदान गर्नुभयो । ममीको त्यो तिरस्कार हाँसोमा उडाइदिनुहुन्थ्यो । केवल मेरो खुसीका लागि आफूलाई पलपल मार्नुहुन्थ्यो । यहाँसम्म कि आफूलाई नै भुल्नुभयो । दिदी, ममी तपाईंलाई निकाल्न धेरै आतुर हुनुहुन्थ्यो । मैले नै तपाईंलाई निकालेपछि उहाँ स्वर्ग पाएजस्तै खुसी पनि हुनुभयो । त्यति मात्र होइन, भोलिपल्टै होटलमा भोज पनि दिनुभयो । तपाईंलाई बेश्या साबित गर्नुभयो ।

छरछिमेकले पनि तपाईंलाई राम्रै वेश्यामा परिणत गरे । म सबैको कुरा सुन्न बाध्य भएँ । अहिले तीन-चार महिनामा तीन-चारवटा काम गर्ने फेर्दा पनि ममीको चित बुझेको छैन । फूलबारी र करेसाबारीमा केवल घाँसैघाँस उम्रिएको छ । घर लथालिङ्ग छ । काम गर्नेहरू दिनभरि टी.भी. हेर्दै बस्छन् ।'

'हजुरलाई बेलामा खान दिन्छन् होइन ?' कान्छीले सोधिन् ।

शालुले हाँस्दै उत्तर दिइन्, 'मेरो त पीर नै नगर्नुहोस् । म उनीहरूले नदिए आफैं बनाएर खाइहाल्छु नि ! साँच्चि गाउँबाट आएको छोरो कत्तिको ज्ञानी छन् ?'

कान्छीले प्रशन्न स्वरमा भनिन्, 'मैयाँ बानी-व्यवहार ठ्याक्कै चन्द्रकान्तको जस्तो छ । मैले त कल्पनासम्म पनि गरेकी थिइनँ । उनी त्यति मायालु होलान् भन्ने, तर साह्रै असल छन् । आमा भनेको छ, वरिपरि लुटुपुटु गरेको छ, मलाई पेटमा बच्चा आओस् भन्नेसम्म पनि रहर थिएन । हजुरको मायामाझैं वीरुको मायामा डुबिसकेकी छु । बाबु-आमा रोहिणी मैयाँसाप, रेष्मा मैयाँसापले पनि हामीलाई आफ्नै परिबारझैं ठानिसिन्छ । अस्ति त आमाले भण्डारको चाबी नै मेरो हातमा थमाउनुभयो । मलाई आफ्नो कर्तव्य पूरा गर्न नसकौंला कि भन्ने पो पीर लागेको छ ।'

शालुले दङ्ग पर्दै भनिन्, 'रोहिणी पनि भन्दै थिइन्, बाबु-आमा तपाई र दाइ भनेपछि हुरुक्कै गर्नुहुन्छ रे । तपाईंहरूलाई चिनेरै उहाँहरूले साँचो सुम्पनुभयो । त्यही त हो 'जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिंड' भनेको । ममीहरूले तपाईंको मूल्य बुझ्नुभएन । रोहिणीको बाबु-आमा बडो पारखी हुनाले तपाईंलाई चिन्न बेर लगाउनुभएन ।' परिणाम ममीपापाले सम्पूर्ण गुमाउनुभयो । रोहिणीको ममीपापाले सम्पूर्ण पाउनुभयो । दिदी त्यो पनौतिको घरजग्गा बेचेर यतै नजिकै जग्गा किनेर राखिदिनु होला, यहाँ भए आजको भोलि नै जग्गाको भाउ बढ्छ ।'

'हजुरले ठीक भनिस्यो । अब घर सल्लाह गरेर त्यसै गरौंला, मैयाँसाप, भावेन्द्र पनि मेरो विवाह भयो भन्ने सुनेर साह्रै खुसी छन् रे । काका त्यही खबर लिएर आउनुभएको थियो । हजुरले पनि आफ्नो ख्याल राखिसेला । दुब्लाएर आँखा पनि गडेछन् ।'

शालुले कान्छीको हात मुसार्दै भनिन्, 'हुन्छ म आफ्नो ख्याल राख्छु । तपाईंले पनि आफ्नो ख्याल राख्नुहोला । कान्छी आँखाभरि आँसु पारेर मौन रहिन् । शालु सबैलाई भेटी खुसी हुँदै घर फर्किन् । कान्छीको सुखी जीवन देख्दा शालुलाई सिङ्गै बसन्त पाएझैं लाग्यो ।

# नौ

शालु कान्छीलाई भेटेर आएपछि यतिविघ्न खुसी थिइन्। आफ्नो खुसी पोख्न उनले घर नै थर्कने गरी क्यासेट खोलिन्। त्यही क्यासेटको तालमा नाचिन्। क्यासेटको गीतमा स्वर मिलाएर गीत गाइन्। शालुको त्यो क्रियाकलाप देखेर टाउको दुखेर सुतिरहेका दीपकले उर्मिलातिर फर्कंदै भने, 'हेर उर्मी आज म यो के सुन्दैछु हामीले क्यासेट सुन्दा सानो पारेर बजाए हुन्छ भन्ने मान्छेले आज आफैं....।'

सधैं आदर्श ओकेल्ने मैयाँसापलाई पनि अब बैंसले कुत्कुत्याएजस्तो छ।

दीपकले कुरा थपे, 'उर्मी मैले भन्दै थिएँ। शालु सिम्पल भइन् भनेर पीर नगर। बैंस आएपछि उनमा आफसेआफ परिवर्तन आउँछ। पख न अब बिस्तारै उनी तिम्रो इच्छाभन्दा पनि माथि उठ्छिन्। अनि हाम्री छोरीलाई छुन कसले सक्ने ? तर आज भने मलाई यो धुन अलि बढी नै भयो। धुन अलि कम गर्न लगाइदेऊ।'

उर्मिलाले दीपकको गालामा म्वाइँ खाँदै भनिन्, 'प्लिज डार्लिङ चुप लागिस्यो। छोरीको यो रूप देख्दा म ज्यादै खुसी छु। म मात्र के हजुर पनि त खुसी होइसिन्छ नि, हैन भनिस्यो त ? उफ ! आज हजुरलाई टाउको दुखेकोले फिरोजको डान्स मिस भयो। आज कस्ता-कस्ता तरुनी लिएर आउँथ्यो कुन्नि ! होइन त्यसले त्यत्रा युवतीहरू कहाँ पाउँदो होला ? मलाई त अचम्मै लाग्छ भन्या। मोरो आफू पनि कारिगरले कुँदेको ढुङ्गाको मूर्ति जस्तै छ। गंगा र रमण त त्यति राम्रा होइनन् त्यो कसरी पूर्ण चन्द्रझैं जन्म्यो कुन्नि ?'

हो उर्मी, तिमीले ठीक भन्यौ। बाबु-आमा त खासै राम्रा होइनन्। ऊ भने अलग्गै रहेछ। सबै भन्थे दार्जिलिङ पढ्न बस्दासम्म साह्रै असल थियो रे। बाबु-आमाले चार-छपल्ट के पार्टीमा ल्याएका थिए। त्यसपछि उसले शिखर चढिहाल्यो। बाबु-आमालाई नै माथ गर्ने गरी पिउँछ बा !

रमण भन्दै थिए, 'फिरोज स्टुडेन्ट भिस्सामा अमेरिका जाँदैछ। फेरि किन अमेरिका गएन छ कुन्नि ? आजकाल किन गंगा रमण पनि देखिँदैनन् ?'

नेपालमा अरू कुरामा विकसित हुनु त्यत्तिकै हो। छाडापन भने राम्ररी सप्रेको छँदैछ। घन्टा-घन्टामै केटीहरू फेर्न पाएपछि किन जाओस् अमेरिका समेरिका। सचिवनी उमा भन्दै थिइन्- 'गंगा र रमणको त हाड र छाला मात्रै छ रे। पहिला मेरोजस्तो छोरो संसारमा नै छैन भनेर नाक फुलाउँथे। अहिले छँडौलीहरूको पछि लागेर घरमा बास नै हुँदैन रे। बाबु-आमासँग मुखमुखै लागेर भन्छ रे तिमीहरूले जुन बाटो देखायौ त्यतै हिँडे के बिराम गरे हँ ?'

दीपकले लामो श्वास फेर्दै भने, 'त्यसो भए तिमीलाई लाग्दैन ? जे छिन् हाम्री शालु ठीक छिन् भनेर।'

उर्मिलाले टाउकोमा हात राख्दै भनिन्, 'फिरोजजस्तो पो हुनुभएन त समयअनुसारको त हुनैपर्‍यो नि । हाम्री शालु त सत्ययुगकी सीताजस्ती छे । उसलाई यो युगमा कसले गन्छ शालुको पापा ? देखिसेन, सुब्बा-सुब्बिनीको जोडीलाई, चट्ट वाइन समाई दुई पेग मात्र खाई । सबैसँग हात मिलाएर हिंडी, सबैले उसलाई राम्रै माने । हाम्री शालुचाहिँ डा. पुष्कर भट्टको श्रीमतीभन्दा कम हुन्न । न लाउनको सोख न खानको ।'

दीपकले थुक घुटुक्क निल्दै भने, 'हो उर्मी त्यो सुब्बिनीको हात पिउरीजस्तै नरम थियो । अहिले सम्झँदा पनि जीउ नै सिरिङ्ग हुन्छ ।'

उर्मिलाले अलि ठुस्किँदै भनिन्, 'भर्खर विवाह गरेर ल्याउँदा म पनि तिनीभन्दा कम थिइनँ ।'

उर्मिलाको कुरा सुनेर दीपक ठूलो स्वरमा हाँसे । अनि सोचिरहे- 'साथीको विवाहमा जन्त जाँदा रूप राम्रो देखेर विवाह गर्छु भनिहाले । विवाह गरेर ल्याएको राति फुटेका हात खुट्टाले शरीरमा कोरेको अझै बिर्सिएका थिएनन् उनले । मनमनै भने, 'मैले विवाह गरेर नल्याएको भए कहाँ दाउराघाँस गरिरहेकी हुन्थिन् यतिखेर । धादिङबाट विवाह गरेर ल्याउँदा बोल्नसम्म ढङ्ग थिएन । स्पष्ट बोल्न नजानेर कत्रो हत्य । चम्चा उचाल्नसमेत आउँदैनथ्यो । तिमीलाई मान्नैपर्ने कुराचाहिँ तिमीले आफूलाई चाँडै नै सहरीया साँचोमा ढाल्यौ ।'

'होइन के सोचिस्या ? म सुब्बिनी जस्तो थिइन त ?' चेप्रिँदै बोलिन् उर्मिला ।

थियौ बाबा थियौ । तिम्रो रूपले मोहनी लगाएरै त हो नि त्यो डाँडाबाट यहाँसम्म ल्याएको । तिमीलाई आफ्नो चालढालमा ढाल्न गाह्रो हुन्छ भन्ने लागेको थियो, तिमी त उपियाँ उफ्रेझैं मभन्दा पहिला उफ्रियौ । अहिले तिमीलाई कसले भन्छ धादिङकी भनेर ?'

उर्मिलाले मख्ख हुँदै कुरा थपिन्, 'अब हाम्रो गुप्र नै नृत्य सिक्न जाने भएका छ । जीउ पनि बन्ने कला पनि सिकिने ।'

दीपकले भने, 'अबचाहिँ योभन्दा माथि नगए राम्रो । जे पनि पच्ने गरी खाएको राम्रो हुन्छ । तिम्रो ग्रुप अलि माथि नै गइसक्यो, अब कति माथि जाने मन छ हँ ?'

'सबैले नाच सिक्ने भनेपछि म मात्र कौवाको बथानमा बकुल्लो हुनु भएन । हजुर हल्का भुजा, दाल तरकारी खाइस्यो । म भने मासुसँग अलिकति सुईक्याउँछु । हेरिस्यो नखाई त निद्रा नै पर्दैन । शालु पनि नाच्दानाच्दा थाकेर सुतिन्जस्तो छ ।'

नभन्दै शालु थाकेर ओछ्यानमा पल्टेकी थिइन् । यता शालु उता कान्छीको मन नै खुसीले नाचिरहेको थियो । कान्छीले शालुको तस्विरलाई पहिलाकै

किलामा झुन्ड्याइन् । शालुसँगको भेट हुँदाको खुसीले गर्दा कान्छीलाई खान पनि मन लागेन । राति चन्द्रकान्तको छातीमा सुतेर आँसु बगाइरहिन् । चन्द्रकान्तले कान्छीको मनको कुरा बुझेर कान्छीलाई दुई वर्षको बालकलाईझैं माया गरेर सुमसुम्याइरहे । कान्छी रुँदारुँदै निदाइन् । चन्द्रकान्तले बडो मायालु पाराले कान्छीको टाउको तकियामा राखेर आफू पनि सुते ।

सुजन कोठामा पसेपछि शालुको एकाग्र भङ्ग भयो । सुजनले दिक्क मान्दै भने, 'हेरन शालु आज पापालाई टाउको दुखेर पार्टीमा जान पाइनँ । हिजो त्यो फिरोज भन्नेले डान्स गरेको अझै आँखामा झल्झली आइरहेको छ । सेम तिम्रोजस्तै डान्स गर्दोरहेछ । त्यो प्रकाशेलाई त अहिले कसैले वास्ता नै गर्दोरहेनछन् । हेर शालु, फिरोजलाई देखेपछि युवतीहरू त हाम फालेर आउँदारहेछन् । म पनि ठूलो भएपछि फिरोज जस्तै बन्छु । डान्सचाहिँ तिमीले सिकाइदिनुपर्छ नि !'

शालुले सुजनको हात समातेर मुसार्दै भनिन्, 'डान्सचाहिँ म सिकाइदिउँला तर फिरोजजस्तै बन्छुचाहिँ नभन, फिरोज भनेको बेलुनमा हावा भरेको जस्तै हो । केही समयपछि आपसेआफ फुट्छ त्यो । जीवन नबुझ्नेहरूमा गनिन्छ त्यो । त्यसको चर्चा ममीको मुखबाट पनि धेरैपल्ट सुनेकी हुँ मैले । ममीहरू जस्ताको मात्र पारखी हो त्यो ।'

'दिदी तिमी त आफूलाई निक्कै ठूली भएँ भन्ने ठान्छ्यौ कि क्या हो ? मान्छे कति-कति पढ्दा त ठूलो हुँदैनन् तिमीले त बल्ल एस्.एल्.सी. दिएकी छ्यौ ।'

'कान्छु, मैले सानोमा नै दिदीबाट धेरै कुरा सिक्ने मौका पाएँ ।'

तिमीले नै दाइ र दिदीको नराम्रो विचार रहेछ भनेर निकालिदिएको होइन र ? फेरि कसरी उनीहरू राम्रा भए ?'

शालुले तुरुक्क आँसु झार्दै भनिन्, 'तिमी अहिले सानै छौ कुरा बुझ्दैनौ । डान्स म सिकाइदिउँला । मान्छेले सबै कुरा जान्नुपर्छ तर सबैभन्दा ठूलोचाहिँ पढाइ नै हो । कहिलेदेखि पढाइ सुरु हुन्छ तिम्रो ?'

सुजनले हाई गर्दै भने, 'पर्सिदेखि हुन्छ । दिदी हुँदा कहिले घरको खाना खाऊँ जस्तै हुन्थ्यो । अहिले जतिपल्ट घर आउँछु उतिपल्ट काम गर्नेहरू फेरिएका हुन्छन् । होस्टेलको भन्दा पनि खाना मीठो हुँदैन । अहिले पनि मैले भुजा खानै सकिनँ । तिमीले खायौ ?'

'आज मलाई खान मन नलागेर त्यसै सुतेकी थिएँ । भोलि बिहान म खाना पकाउँला, दिदीले जस्तो पकाउन त सक्दिनँ, तीर्थले भन्दाचाहिँ मीठो नै पकाउँछु ।' हुन्छ भन्दै सुजन आफ्नो कोठातिर लागे । शालु दिदीको सम्झनामा आँसु झार्दै सुतिन् ।

# दस

क्याम्पस आएको पहिलो दिनदेखि नै आफ्नो हाउभाउ र सुन्दरताले कक्षाकोठाको मर्यादालाई नै हलचल पारेकी थिइन् मौसमीले । केही बनौंला भनेर विज्ञान विषय लिएर पढेका युवाहरूको ध्यान पढाइमा भन्दा मौसमीको रूपमा केन्द्रित थियो । शालुलाई मौसमीको चालढाल देखेर अत्यन्त रिस उठ्यो । केही दिन त शालु मौन नै रहिन् । जब कक्षामै मर्यादाभन्दा बाहिर गएर हात हालाहाल गरी चलेको देखेपछि शालुले मौसमीलाई एकान्तमा गएर सम्झाइन्, 'मौसमी, तिमी कुन विषय लिई पढ्दैछ्यौ थाहा त छ, होइन ?'

मौसमीले हाँस्दै उत्तर दिइन्, 'शालु, तिमीले भन्न खोजेको कुरा मैले बुझिसकें । हेर म यहाँ आफ्नो खुसीले भर्ना भएकी हुँ भन्ने ठानेकी छौ ? जिल्लामा सरहरूले नै चिट चोराएकाले गर्दा राम्रै फस्ट डिभिजन आएछ । बिचरो मेरो सोझो बाबुलाई छोरीले राम्रो नम्बर ल्याएकी छ, साइन्स पढा, भोलि डाक्टर हुन्छे भनेर उचालिदिएछन् । हो न हो छोरी डाक्टर बन्छे भन्ने सपना देखेर मलाई यो क्याम्पसमा ल्याएर कोचेर पो गए । हेर, बाबु-आमा भनेको त पढेलेखेको चाहिने रहेछ बुझ्यौ ? मैले हजारपल्ट भने- बुबा म साइन्स पढ्न सक्दिनँ । मेरो कुरा मरे सुनेको भए पो । अझ अर्को कुरा सुन्छ्यौ ? बसमा मान्छेहरूले कहाँ जान लाग्नु भो भन्दा भन्ये- मेरी छोरीले एस्.एल्.सी.मा बोर्ड ल्याएकीले काठमाडौंमा डाक्टर पढाउन हिंडेको । भकारो सोर्ने बाबुलाई फस्ट डिभिजन र बोर्डफस्टको अन्तरसम्म थाहा छैन ।'

मलाई पो लाज लागेर, उता बूढाको खुट्टा भुईमा छैन । अब म लद्दुले डाक्टर बनेर उनको छाती दुखेको निको पार्ने रे, उफ् कर्म !, बाबुको कुरा सम्झँदा पनि कहिले एक्लै हाँस्छु कहिले एक्लै रुन्छु ।'

शालुले मुसुक्क हाँस्दै भनिन्, 'बडो हँसायौ तिमीले, बिचरो, तिम्रो बाबु बडो सिधासादा हुनुहुँदोरहेछ । कहाँबाट आएकी नि ?'

मौसमीले निदारमा हात राख्दै भनिन्, 'राम्रो ठाउँबाट आएकी भए यो दशा किन भोग्नुपर्थ्यो ? पर्वतबाट आएकी बाबु डाक्टर बन है छोरी भनेर नाक फुलाएर गएका छन् । तेत्रो पढेलेखेका घरबेटीलाई यसो भने- 'ए हजुर, यो छोरीले डाक्टर पढ्दै छे कहिलेकाहीं घरबाट भाडा आउन ढिलो भए केही नभन्नु होला ।'

घरबेटी बुबाले मेरो बाबुको कुरा सुनेर मुसुक्क हाँस्दै मुन्टो हल्लाउनुभयो । मैले कतिपल्ट डाक्टर बन्न सजिलो छैन भनेर सम्झाएँ, मेरो कुरा सुने पो । उल्टै भन्ये- 'तिमीले मलाई मूर्ख बनाउन नखोज है छोरी, 'म पनि देश खाएर

सेस भएको मान्छे' अहिलेसम्म त बाबुले गाउँमा मेरी छोरी डाक्टर बनेर आउँछे भन्दै हल्ला पिटे होला । हेर शालु, मेरो बाबुलाई डाक्टर बन्नु भनेको गुन्द्रुकभात खानझैं सजिलो हुन्छ झैं लाग्छ क्यारे ।'

मौसमीको कुराले शालुले हाँसो रोक्नै सकिनन् । केहीबेर हाँसेर भनिन्, 'मौसमी मान्छेले चाहेमा जे पनि गर्न सक्छ । तिमीले दिलोज्यान दिएर पढ, यी भवराहरूको भुनभुनबाट ज्यादै टाढा रहु । जसरी भमराहरू फूलको रस पाउन्जेल मात्र फूलमा बस्छन् । यी युवकहरू पनि त्यस्तै हुन्, तिमीले आमाको त कुरै गरेनौ नि ?'

आमा त म तीन बर्षकी हुँदा बित्नुभयो रे । आमाको त सम्झना नै छैन । बाबुले नै हुर्काउनुभयो । हामीलाई दुःख देली भनेर अर्को बिवाहसम्म गर्नुभएन । आमा मर्दा बाबु पैंतीस-चालीसको मात्र हुनुहुन्थ्यो रे । दाइ र दिदीले एस्.एल्.सी. पास गर्न सकेनन् । मैले फस्ट डिभिजन ल्याएको उनलाई के-के न भयो । बाबु भन्दै थिए, 'नानी तँलाई डाक्टर बनाउन चालीस-पचास हजार पर्ने टाँडी खेत नै बेचिदिन्छु ।' बाबुको कुरा सुनेर म झन्डै पागल भएं । सम्झाउन खोज्दा उल्टै बोल्न दिने हो र । भन्थे- 'तिमी खुरुक्क पढ मात्र अरू कुरा मलाई थाहा छैन । त्यो खेत बेच्दा पनि पैसा नपुगे माझा पाटो पनि बेचिदिउँला । डाक्टर बनेर पहिला पोस्टिङ गाउँमा नै मिलाए है नानी ...। अँ साँच्चि शालु, मसँग तिमी सबै कुरा गर तर भमरा र फूलको कुरा नगर । म वैसका उन्मादहरूलाई बसमा राखेर तड्पिन चाहन्न । म आफूलाई कुण्ठित पारेर बाँच्दिन पनि । म उड्न चाहन्छु बुझ्यौ ? तिमीले बगैंचामा गएर कोपिलाहरूलाई नफुल भनेर गाली गर्दैमा फुल्दैन र त्यो ? फुलेपछि भमरा लाग्नु प्रकृतिको नियम हो । त्यो प्राकृतिक नियमविरुद्ध हिंड्नु नै पाप हो । सक्छौ भने प्राकृतिक नियमबिरुद्ध तिमी पनि नहिंड । यी क्षण हामीबाट बगेपछि बग्यो शालु । हामी बुढेसकालमा चाहेर पनि यो खुसी पाउन सक्दैनौं । म तिमीलाई अन्तिमपटक भन्दैछु, मेरो ओठको हाँसो नखोस् ।'

शालुले बडो नम्र स्वरमा भनिन्, 'मौसमी, तिम्रो बाबुको सपनासँग तिमीलाई कुनै सरोकार नै छैन त ?'

मौसमीले उत्तर दिइन्, 'सपना देख्नेले पनि अलि सार्थक हुने सपना पो देख्नुपर्‍यो नि ! हुट्टिट्याउँले आकाश थामेको सपना देख्नेले देखिरहुन् । मलाई कुनै चासो छैन । एक-दुई बर्ष यसो क्याम्पसमा हल्लिन्छु । त्यसपछि गाँठवाला पट्याउँछु र बिबाह गर्छु । सुन्दरी छँदैछु, मान्छेले हेर्ने सुन्दरता नै हो । मान्छौ भने तिमीले पनि आफ्नो सुन्दरतामा ध्यान दिने गर, साँच्चि शालु तिमीलाई पो युवकहरूले कुन गाउँबाट आएकी भनेर मसँग सोध्दै थिए । कमसेकम काठमाडौंको त इज्जत राख । उनीहरूले मात्र होइन । मैले पनि तिमीलाई गँवार नै सोचेकी थिएं । यस्तै हो भने तिम्रो भविष्य अन्धकार छ बालिके ।'

मौसमीको कुरा सुनेर शालु एकैछिन मौन रहिन् र भनिन्, 'मौसमी, भीर खोज्ने गोरुलाई रामराम मात्र भन्न सकिन्छ काँध नै थाम्न त सकिँदैन । मैले जीवन के हो नबुझेकी भए म किन तिमीसँग राम्रो बाटो रोज भनेर हात जोड्थें । तिमी र म एकै उमेरका हौं । के तिमीलाई बैंसले कुतकुत्याउँदा मलाई बैंसले छोड्छ होला र ? तर, ठूलो त मन हो । तिमीलाई आफ्नै आँसु पियाएर हुर्काउने बाबुभन्दा तिम्रो बैंस ठूलो होइन । टाढा किन जान्छ्यौ । तिम्रो बाबुले नै तिमीहरूको खुसीका लागि आफ्नो खुसी बन्धकी राख्नुभयो । तिमी साइन्स पढ्न सक्दिन भन्छ्यौ भने अर्को विषय पढ, समय छँदैछ । बरु सक्दो सहयोग म नै गर्छु । प्लिज मौसमी तिमीले आफूलाई सत्व नठान । अहिलेसम्म तिमी बहुमूल्य रत्न हौ । तलमाथि केही भयो भने तिमीलाई मान्छेहरूले फुटेको भाँडोसँग पनि दाँज्दैनन् ।'

मौसमीले रिसाउँदै भनिन्, 'शालु, तिमीलाई मेरो रूपको त्यत्रो डाह छ भने काटेर लेऊ । तिमीलाई युवकहरूले पछ्याएनन् अनि मेरो डाह गर्छ्यौ, तिम्रो मनको कुरा मैले बुझिसकें । भमरा झुम्मिंदा पनि बास्नादार फूलमा झुम्मिन्छन् याद गर । तिमी र झरेका फूलमा कुनै अन्तर छैन । अनि को पछि लागोस् तिम्रो ? सक्छ्यौ भने एकजना युवकलाई मात्र पछि लगाउन सक' भन्दै मौसमी भुतभुताउँदै उठेर आफ्नो कक्षाकोठामा प्रवेश गरिन् ।

शालुले मनमनै सोचिन्, 'भगवान् मौसमीको जीवनमा आँधी नआओस् । उनले जीवनको मूल्य बुझून् ।'

रोहिणीले ढोकाबाट चिहाउँदै भनिन्, 'मोरी, म तँलाई खोज्दाखोज्दा हैरान भैसकें । के सोचेर बसेकी ? कतै तैंले अरिङ्गालको गोलामा हात हाल्ने काम गरिनस् ? मौसमी पनि कक्षामा फतफताउँदै पसेकी थिइन् । तँ किन प्रेमलाई घृणा गर्छेस् भन त ? मौसमीले भन्दा बढ्ता उच्छृङ्खल हामीले प्रत्येक क्षण सडकपेटी र गल्लीहरूमा हिंड्ने प्रेमी-प्रेमिकाहरू देख्दै आएका छौं । यसरी तँ भावुक नबन, खुरुक्क क्लासमा हिंड । तँ सधैं यही भन्छेस्, 'वास्तविक प्रेममा त्याग हुन्छ, प्रेममा लज्जा हुन्छ, बास्नाभन्दा बढी प्रेम हुन्छ केवल प्रेम ? त्यस्तो प्रेम गर्ने भए तैंले र मैले मात्र गरौंला अरूबाट तैंले यस्तो प्रेम गर्लान् भन्ने आश नगरे पनि हुन्छ । तँ परिस् प्रेमको सख्त विरोधी । मैले कसैसँग प्रेम गरें भने तैंले सोचेझैं प्रेम गर्छु । अब त हाँस ।'

रोहिणीको कुराले शालु फिस्स हाँसिन् र बसेको ठाउँबाट उठ्दै भनिन्, 'रोहिणी, त्यो गाउँले केटी आफ्नै आँखासामु बिग्रिन् भने मचाहिँ हेर्न सक्दिन । यसो जानेबुझेको कुराहरू भन्दा राम्रै होला भनेर भनेकी थिएँ । तैंले भनेझैं अरिङ्गालको गोलामै हात हालेंछु । उनी बाहिरको मात्र सुन्दरी रहिछिन् । मलाई त उनको बाबुको माया लाग्यो । छोरी ठूलो बन्ली भन्ने ठूलो सपना देखेका रहेछन् । छोरीको ताल भने देखिहाल्यौ । त्यो श्रीराम सरको ताल पनि

के हो ? मौसमीबाट उनको आँखा टाढा जाँदै जाँदैन । बूढो भएर पनि पात्तेको मोरो । त्यस्तै ताल हो भने हामीले राम्रो शिक्षा पाउने आश नगरे पनि हुन्छ । पुरानो क्याम्पस भनेर अमृत साइन्समा नै आइयो ।'

'मोरी पीर नगर । पढाइ राम्रै होला नत्र आकाश किन यहाँ आउँथे ? मैले झुलुक्क उनलाई देखेकी थिएँ ।'

'ओ आकाश पनि यहाँ, उनी त ए सेक्सनमै होलान् । आकाश यहाँ आएका छन् भनेपछि त म ढुक्क भएँ ।' शालुको आँखामा खुसी छरियो ।

रोहिणीले भनिन्, 'शालु तिमी आकाशको नाम सुन्नेबित्तिकै सधैं हर्षित देखिन्छ्यौ किन ?'

शालुले हाँस्दै उत्तर दिइन्, 'रोहिणी कुरा हामी सबैलाई थाहा नै भएको हो । आकाशजस्तो चरित्रबान् त यहाँ जन्मेकै छैनन् होला । उनी सम्पूर्ण गुणले पूर्ण छन् । यदि भगवान्ले कुनै मान्छेको सृष्टि गर्नु छ भने आकाशजस्तो व्यक्तिकै सृष्टि गरोस् । म आकाशलाई कुन उपमा दिऊँ उनलाई दिने त्यस्तो उपमा नै भेटेकी छैन मैले ।'

'ऊ मैयाँसाप, भर्खरसम्म प्रेमको खिलापमा थिईं, फेरि भावनामा बगी, तँ कतै आकाशलाई प्रेम त गर्दिनस् ?'

शालुले उत्तर दिइन्, 'रोहिणी आकाशलाई प्रेम गर्नु भनेको चन्द्रमा छुनुजत्तिकै हो । उनलाई प्रेम गर्नेले पहिला आफ्नो अनुहार पनि त हेर्नुपर्‍यो । म उनलाई पूजाचाहिँ गर्छु ।'

'तँ नरिसाउने भए म एउटा कुरा गर्छु ।'

शालुले हाँस्दै भनिन्, 'भन न काली किन रिसाउनु ? नरिसाउने कुरा गरिस् भने रिसाउँदै रिसाउन्न, रिसाउने कुराचाहिँ नगर, कतै दिदी-दाइको बारेमा त होइन ?'

'ल हेर आत्तेकी, तेरा दिदीदाइले त हाम्रो घरलाई स्वर्ग नै बनाएका छन् । साँच्चै शालु, आफू बूढेसकालकी छोरी, मलाई घरको साह्रै पीर थियो । अहिले मेरो टाउकोबाट कसैले सिङ्गै पहाड झिकिदिए जस्तै भएको छ । तेरो यो गुण म कहिल्यै बिर्सने छैन । ममी-बाबा पनि सधैं तेरो कुरा गरिरहनुहुन्छ । दाजु, दिदी पनि तेरै कुरा गर्नुहुन्छ । तैंले आँसु पिएर कान्छीदिदीलाई मेरो घरमा पठाइस् । हामीले सम्पूर्ण पायौं, तैंले सम्पूर्ण गुमाइस् ।'

शालुले बीचैमा कुरा काट्दै भनिन्, 'तँ एक्लै बोलिरहेन्छस् कि मलाई पनि बोल्न दिन्छेस् काली ? पाउनु मात्र सबै होइन, आत्मा सन्तुष्टि नै सबै हो ।' दिदीले सबै पाउनुभयो । तैंले सहयोग नगरेको भए न तैंले सम्पूर्ण खुसी पाउँथिस्, न मैले, हामी सबै एक-अर्काका खुसीमा रमाएका छौं भने पाउनु र

गुमाउनुको त प्रश्नै रहेन । तेरा बूढा ममी-बाबाको ओठमा खुसी देखेपछि त मेरो हर्षको सीमा नै रहेन । तेरो घरको खुसीमा कसैको आँखा नलागोस् । तैंले के भन्न खोजेकी थिइस् कुन्नि ?'

'शालु मलाई लाग्छ आकाश तँलाई प्रेम गर्छन् । एकपल्ट त मेरो कुरामा विश्वास गर । आकाश तेरो लागि नै जन्मेको हुनुपर्छ ।'

शालुले रोहिणीको कुरालाई हाँसोमा उडाउँदै भनिन्, 'ल अब तेरो दिमाग खुस्कियो । प्रेम त्यो पनि आकाशले मसँग । त्यस्तो कुरा मनमा लिनु पनि पाप हो । आइन्दा प्रेमसिरेमका कुरा मसँग गरिस् भनेचाहिँ म साँच्चै रिसाउँछु तँ पनि कसैसँग प्रेम नगर है मैले भनिदिएकी छु ।'

रोहिणीलाई चुप लाग्न करै लाग्यो । पढाइ सिध्याएर बाहिर निस्कँदै गर्दा विनुले मौसमीलाई कोट्याउँदै भनिन्, 'के हो मौसमी ठूलै माछा जालमा पार्न लाग्यौ कि कसो ? श्रीराम सर त तिमीलाई देखेर लट्ठेजस्तो छ नि ?'

मौसमीले शालुतिर हेर्दै भनिन्- 'हेर्दै जाऊ न कति माछा जालमा पार्छु । प्रकृतिले नठगेपछि मान्छेले डाह गरेर के लाग्छ ? यो क्याम्पसमा त मेरो डाह गर्ने धेरै छन् बुझ्यौ ? कतै तिमीलाई पनि मेरो डाह लागेको त होइन ?'

'छ्या के को डाह नि, त्यो पनि बूढो ढेडुको, आफू त पहिल्यै रिजापमा छु ।' विनुले उत्तर दिइन् ।

शालु र रोहिणीले उनीहरूको कुरा सुने पनि नसुनेकोझैं गरी क्याम्पसबाट बाहिरिए ।

# एघार

शालु ओछ्यानमा सुतिन् । खुसीले गर्दा होला आँखामा निद्रा परेन । आँखामा कान्छीदिदीले जन्माएको तीन किलोको सुन्दर शिशु आइरह्यो । बाह्र-तेह्र वर्षको बीरुदेखि लिएर रोहिणीका सम्पूर्ण परिवार त्यो शिशु र दिदीको स्याहारमा कटिबद्ध थिए । सबैको अनुहारमा गुराँस फुलेको थियो । दिदीलाई स्याहार गर्नका लागि छुट्टै आइमाई राखेको रहेछ । पीताम्बरा अरूले स्याहार पुऱ्याउँदैनन् नातिलाई आफैं सेकताप गर्छु भनेर सुरिँएकी थिइन् । दिदी र दाइ प्रसन्न मुद्रामा नवजात शिशुलाई हेरेर टोलाइरहेका थिए । मलाई देख्नेबित्तिकै दिदी सम्पूर्ण खुसी बिर्सेर रुनुभयो । त्यसपछि एकैछिन र वातावरण नै स्तब्ध भयो । मैले सबैलाई बधाई दिएर त्यो सानो र सुन्दर शिशुलाई काखमा लिएपछि भने पुनः रमणीय वातावरण छायो । दिदीलाई बच्चा पाउन चिरफार गर्नुपर्छ कि भन्ने पीर थियो । त्यो पनि हट्यो । रोहिणी पनि कम बाठी छैन, मैले पीर गर्छु भनेर एकैपल्ट बच्चा पाएर घर ल्याएपछि डाकी । दिदीलाई अरूलाई भन्दा

केही गाह्रो त भयो होला, तर दिदीले मैयाँ धेरै गाह्रो भएन भनेर ढाँट्नुभयो ।

रोहिणीकी आमाले पनि दिदीकै कुरामा सही मिलाउनुभयो । शालु दिउँसोको सबै कुरा सम्झँदै ओल्टेकोल्टे परिन् ।

होइन मैयाँसाप आज पनि खाना नखाई सुत्ने कि क्या हो ? आफूभन्दा दुई-चार वर्ष जेठो तीर्थेले ढोकामा आई बोलेपछि पो शालुले आफू भोकै भएको कुरा थाहा पाइन् र ओछ्यानबाटै भनिन्, 'तपाई खानोस् म खान्न ।' तीर्थेले आफ्नै सुरमा के भन्यो बुझिनन् शालुले ।

केहीबेरपछि नशामा गुनगुनाउँदै आएको पापाको स्वर भने शालुले राम्ररी बुझिन् ।

उर्मिलाले हाँस्दै भनिन्, 'बुढ्यौली लागेर पनि अझै बैंस गएको छैन । मोरो तीर्थे र शालुले गीत सुन्लान् नि फेरि । शालुको पापा म पो अबदेखि रमझमबाट विमुख हुने भएँ । यो तीर्थेले पनि यो घर होइन, आफ्नै पेट मात्र सम्हाल्ने भयो । मेरो घर भत्कियो पापा भत्कियो । म बर्बाद भएँ । कान्छीलाई आजै लेराइदिस्यो आजै ।'

दीपक चिच्याए, 'उर्मी, चूप लाग आज तिमीलाई धेरै नशा लागेजस्तो छ । त्यो कान्छी चकलेट हो र तिमीले भन्दैमा किनेर ल्याउने । कान्छी बस्तासम्म आजै निकालौं भोलि निकालौं भन्दै दिमाग खान्थ्यौ । अहिले फेरि, कान्छी ल्याइदिन् पो भन्छिन् । होसमा बोलेकी हो कि बेहोसमा यो आइमाईको बोलीको भर नै छैन ।'

म होसमै छु भन्दै कपडा नै नखोली पलङमा पल्टिन् र कान्छी-कान्छी भन्दै निदाइन् ।

दीपक पनि उर्मिलाले कान्छीको नाम लिएको सुनेर केही रिसाउँदै सुते । शालु ममी र पापाको शब्दहरू सुनेर मनमनै रोइन्, 'तिमीहरू जस्ता पापीले गर्दा नै मैले दिदीको काखबाट टाढा हुनुपर्‍यो । तिमीहरू गतिला भएको भए त्यो भाइ आज यो घरमा हुन्थ्यो । माल पाएर चाल नपाउनेहरू रोओ, अब कति रुन्छौ । शालु दिदीलाई सम्झँदै निदाइन् ।'

'होइन तीर्थ दाइ किन झोलासोला बोकेर हिँडेको ?'

तीर्थले आँखा पल्टाउँदै भन्यो, 'म त पहिलाकै घरमा जान्छु । त्यहाँ त मैयाँसापसँग हाँस्न र ठट्टा गर्न पाइन्थ्यो । जति पैसा मागे पनि दिन्थे । यहाँ आएपछि न हाँसोठट्टा गर्न पाइन्छ न त पैसा नै दिन्छन् । पैसा दिनुपर्‍यो भने दाँतबाट पसिना निकाल्छन् । कान्छीले यसो गर्थी, उसो गर्थी भनेर उल्टै रामायण सुनाउँछन् । यो कलियुगमा को कान्छी भन्ने जन्तु रहिछे बिना पैसा काम गर्ने । उहाँकी मैयाँसाप म रिसाएँ भने मलाई काउकुति लगाएर

हँसाइसिन्थ्यो । हजुरकै उमेको भए पनि बढो रसिलो होइसिन्थ्यो । म भनेपछि हुरुक्कै होइसिन्थ्यो । यहाँ हजुर पनि यस्तै होला भनेर आएको त हजुरले त हाँस्नसम्म जानेको छैन रहेछ । अरू कुरा त परै जाओस् ।'

शालु तीर्थेको कुरा सुनेर डराइन् र आफ्नो रिसलाई कन्ट्रोल गर्दै भनिन्, 'दाइ तपाईं जानोस्, यहाँ अर्को काम गर्ने ल्याउने कुरा भइरहेको छ बरु बाटोखर्च छैन भने म दिन्छु ।'

तीर्थले झर्किंदै भन्यो, 'बिहान आफ्नो तलब मागिसकेको छु । जति काम गर्ने ल्याए पनि यो घरमा को टिक्ला र ? ल म गएँ । यही तलब पर्खेर बसेका थिए नत्र अस्ति नै गइसक्थें । मति बिग्रेका यहाँ आएँ, अहिले उहीं फर्कनुपऱ्यो ।'

फोनमा उहाँको साहु-साहुनी र मैयाँसापले अन्त बसेर चेतिस् होला, आउँछस् भने आइज भन्नुभएको छ ।'

तीर्थे ठूलो-ठूलो फड्को मार्दै बाटो लाग्यो । शालुले तीर्थेको नियति बुझेपछि ऊ निकाल्नु नै श्रेय ठानिन् । तीर्थेले बाटो लाग्दा उसको अनुहारमा पनि कुनै हीनताबोध थिएन । ऊ खुसीले उन्मत्त थियो ।

'होइन, तीर्थे कहाँ मऱ्यो र तिमी गेट खोल्न आएकी ?'

अरू काम गर्ने सात-आठजना मरेजस्तो ऊ पनि मऱ्यो । तीर्थेको कुरा भोलि गरौंला, अहिले हजुर नशामा होइसिन्छ सुतिस्यो ।

दीपकले भने, 'बिहानसम्म त उसले जाने कुरै निकालेको थिएन । एक्कासि किन हिंड्यो ?'

'भन्दै थियो काम गरेको तलब नदिएर पो बसेको नत्र म यो घरमा किन बस्थें ? पैसा माग्यो कि सधैं कान्छीको कुरा गर्छन् । भन्दै हिंड्यो ।'

उर्मिलाले विरक्त स्वरमा भनिन्, 'शालु हामी बिहानदेखि बेलुकासम्म बाहिरै हुन्छौं । काम गर्न के नै गाह्रो छ र, काम गर्नेहरू किन टिक्दैनन् ? न बगैंचा र करेसाबाहिरै काम गरेका हुन्छन् । धिच्नु र टी.भी. हेर्नुबाहेक अरू काम छैन र पनि यिनीहरूलाई के मात लाग्दो हो कुन्नि ?'

ममी हजुर सबैलाई कान्छीदिदीसँग तुलना गर्न खोजिसिन्छ । अनि कसको चित्त बुझ्छ हँ ? हेर, कान्छीले यति मासु तीन छाकलाई पुऱ्याउँथी । कान्छीले यति आलुले हप्ता दिन पुऱ्याउँथी, चामलले महिना दिन पुऱ्याउँथी, तेलले यति दिन, ग्यासले यति दिन, त्यसमाथि कान्छी त ज्याला लिंदैनथी । कपडा कहिल्यै माग्दैनथी । हजुरको यो भाषण प्रत्येक दिन सुनेपछि कसरी टिक्छन् मान्छे ? अब चुप लागेर सुतिस्यो । पकाउने, खाने काम म आफैं गरौंला, काम गर्ने मान्छे राख्नै पर्दैन ।

दीपकले उर्मिलालाई कोठामा लग्दै भने, 'अब चुप लाग, कान्छीलाई निकाल्न

अनेकौं वहाना वनाएको फल वल्ल भोग्दैछ्यौ । कान्छीले सिक्री चोरी, औंठी चोरी भन्दै घोच्थ्यौ, हेर्दै जाऊ अब के-के हुन्छ । तिम्रो घरलाई स्वर्गजस्तै सुन्दर भन्नेहरू आजकाल यहाँ आउन मन गर्दैनन् भन्दै आफैं बेसुरमा वर्बराउँछ्यौ । तिमीलाई थाहै छ । शालु कान्छीलाई सानोभन्दा सानो चोट लाग्दा पनि दुखित हुन्थिन् । त्यस्ती शालुले आफैंले कान्छीलाई निकालिन्, त्यो पनि चन्द्रकान्तको आरोप लगाएर त्यसमा ठूलै रहस्य होला । उर्मिलाले पलङमा पल्टँदै भनिन्, 'हजुर पनि नाना शङ्का-उपशङ्का गरिसिन्छ । कस्ताले कस्ताले त बैंस थेग्न सक्दैनन् । त्यो मोरीले सक्छे ? हामी कोही घरमा नहुँदा ती दुईकै रजाइँ हुन्थ्यो । कान्छी बारीमा गए पनि सँगै जान्थ्यो । त्यसले कान्छीलाई माया गर्छभ्कैं मलाई पहिल्यै लागेको थियो । त्यसैले त त्यो पनि पैसाको त्यति वास्ता गर्दैनथ्यो । अहिलेको काले स्वाठ देखिसिन्न कस्तो छ । मैले अस्ति भाइ त्यति फूलमा पानी हालिदेउन् भनेकी थिएँ ठाडै जवाफ दियो- 'मैल आजसम्म कसैको घरमा काम गरेको छैन, हजुरहरूको बाहिर जाने भए फोन गर्नु भन्दै टिम्किँदै हिँड्यो । चन्द्रकान्तलाई कहिल्यै काम अह्राउनु पर्दैनथ्यो । आफ्नै तलबबाट फूल ल्याएर कुन फूल कहाँ लगाउने कान्छीलाई सोधी-सोधी लगाउँथ्यो । तरकारी लगाउँदा पनि त्यस्तै गर्थ्यो । जसरी कान्छीले यो घरलाई आफ्नो सम्झन्थी त्यसैगरी चन्द्रकान्तले पनि यो घरलाई आफ्नै सम्भिन्थ्यो । यो सबै गर्नुको पछाडि चन्द्रकान्त पनि कान्छीभ्कैं यो घरबाट निस्कन चाहँदैन्थ्यो बुझ्नु भो ? शालुले यो घरमा बस्नुको वास्तविकता बुझेरै निकालेकी हुन् मलाई थाहा छ ।'

तिमीले जे सोचे पनि मेरो भित्री मनले भन्छ- 'शालुले कान्छीको कहिल्यै कुभलो चिताउँदिनन् । कान्छीलाई तिमीले निकाल्न लागेको योजना थाहा पाएपछि शालु आफैंले कान्छीलाई निकालिन् । कान्छी गएपछि कति दिनसम्म शालुले राम्रोसँग खाना खाइनन् । आजभोलि भने उनको अनुहारमा अलिक चमक छ, याद गरेकी छ्यौ ? त्यो चमक तिम्रो र मेरो कारणले होइन, कान्छीको कारणले आएको हुनुपर्छ । कान्छी गएदेखि शालुले न मीठो खाना खाएकी छिन् न समयमै खाना खाएकी छिन् । फूल भनेपछि हुरुक्क हुने शालुले न बगैंचा सुन्दर देख्न पाएकी छिन् । त्यति हुँदा पनि उनी खुसी छिन् । आखिर किन ?'

'भो-भो चुप लागिस्यो हजुर, नशाको सुरमा जे पनि भनिसिन्छ । हजुरको कुरा सुनेर त मेरो टाउको फुट्ला जस्तो भयो । अब एक पेग नथपी निद्रा नपर्ला जस्तो छ । उर्मिलाले वाइन खन्याएर गिलासमा हालिन् । पानी पनि नथपी वाइन् घट्घटी पिएर सुतिन् । दीपकले पनि सिसीमै ठाडो घाँटी पारेर घट्घट् वाइन पिई सुते । शालुको आँखामा दिदी, त्यो अबोध शिशु र सबैको हर्षित अनुहार नाचिरह्यो ।

# बाह्र

लौ, यो युवकले बिहानै-बिहानै पिएर आएछ क्यार, ऊ झुल्न पो लाग्यो। अर्कोले कुरा थप्यो, 'कहाँ पिएको हुनु, यो र म सँगै लगनखेलमा बस चढेका हौं। कुसुन्तीसम्म आउँदा ठीक नै थियो, अहिले पो झुल्दैछन्। अर्को यात्रुले ठूलो स्वरमा भने, 'ए ड्राइभर बस रोक कहाँ यो छारे रोगीलाई बसमा हालेको ? म झर्छु। मलाई छारे रोग सार्नुछैन।' सबै यात्रुले एक्कै स्वरमा चिच्याए, 'हो ... हो, बस रोक कस्तो वेसाइतमा हिँडिएछ। छारे रोगी चढेको बसमा। बस रोकेर ड्राइभर र कन्डक्टरले केही बोल्न नपाउँदै सबै फुतफुत बसबाट ओर्लेर हिँडे। त्यही बसमा आएकी रोहिणी हेरेको हेरै भइन्। रोहिणीले हतारहतार झुल्दै गरेको युवकलाई समातेर भनिन्, 'ड्राइभर साप छिटो हस्पिटल हिँड्नोस् न। तपाईलाई जति पैसा चाहिन्छ म दिन्छु।' रोहिणीको कुरा सुनेर ड्राइभरले केही खुसीको स्वरमा भन्यो, 'हुन्छ हजुर यहाँबाट नजिक वीर अस्पतालै होला त्यही जाऊँ है ?'

रोहिणीले स्वीकृति दिइन् तर युवक मुर्दाझैं भएपछि रोहिणीको सातोपुत्लो गयो। ड्राइभर र कन्डक्टर दुवै डराए। ड्राइभरले रोहिणीलाई केही सान्त्वना दिँदै भन्यो, 'बहिनी नडराउनुहोस्। यो केटो मूर्छा मात्रै परेको हो। मरेकैचाहिं छैन। रोहिणी र कन्डक्टरले दुईतिरबाट च्याप्प समातेर वीर हस्पिटल पुऱ्याई इमर्जेन्सीमा लगे। डाक्टरले जाँच गरेर स्लाइनपानी चढाए। धेरै स्लाइनपानी सकिएपछि युवकले आँखा खोले।

ड्राइभरले झिनो स्वरमा भने, 'अब यो युवक मर्दैन। हामी जान्छौं पनि, तपाईंको इच्छाले जति पैसा दिए पनि हामी खुसी हुन्छौं। पैसा छैन भने नदिए पनि हुन्छ।'

रोहिणीले पर्स खोल्दै भनिन्, 'तपाईंहरूले ठूलो सहयोग गर्नुभयो त्यसका लागि धन्यवाद, डाक्टरलाई पनि दिनुपर्छ होला, सय लिनोस्।'

ड्राइभरले पैसा समाउँदै भन्यो, 'मैले त यति पैसाको आश नै गरेको थिइनँ। तपाईंलाई पनि धन्यवाद जान्छौं पनि।'

रोहिणीले मुन्टो हल्लाएर ड्राइभर र कन्डक्टरलाई बिदा गरिन्। अब के गर्ने, के नगर्ने भन्ने सोचेर उभिइरहेकी थिइन्। सिस्टरले शालु नजिक आएर भनिन्, 'तपाईंलाई डाक्टरले बोलाउनुभएको छ।'

रोहिणी सिस्टरपछि लागेर इमर्जेन्सीमा पुगिन्। डाक्टरले रोहिणीतिर हेर्दै भने, 'तपाईंले अब बिरामीलाई घर लगे हुन्छ। उहाँ ब्लडप्रेसर लो भएर मूर्छा पर्नुभएको रहेछ। अहिले अनारको जुस ल्याएर खान दिनुहोस्, घरमा लगेर हड्डीको सुप, मुगुको सुप, खसीको खुट्टाको सुप प्रशस्त दिनु होला।'

डाक्टरको कुराले रोहिणी र युवक रातो न पिरो भए । युवकले केही बोल्न नपाउँदै रोहिणीले भनिन्, 'तपाईं बस्दै गर्नोस् म अनारको जुस लिएर आउँछु । त्यसपछि घर जाउँला ।' रोहिणी बाहिर निस्केर गएपछि काउन्टरमा पैसा तिरिन् र अनारको जुर लिएर आई युवकतिर बढाउँदै भनिन्, 'कृपया जुस पिउनोस् ।'

युवकले जुस समातेर रोहिणीतिर हेर्दै भन्यो, 'धन्यवाद, मलाई चक्कर लागेकोसम्म केही याद छ त्यसपछि के भयो पत्तै पाइनँ । तपाईंले यहाँ ल्याउनुभएको रहेछ नत्र म मर्थें होला ।'

'सानो सहयोग गरेकी हुँ, बढी केही गरेकी छैन । जुस पिउनुहोस् अनि म तपाईंको घरसम्म छोडिदिन्छु । स्वास्थ्यकोचाहिँ अलि ख्याल राख्नु होला ।'

युवकले अप्ठ्यारो मान्दै भने, 'तपाईंले मेरा लागि यति धेरै कष्ट उठाउनुभएकोमा धेरै-धेरै धन्यवाद, अब म आफैं जान सक्छु ।'

'फेरि बाटोमा केही भयो भने गाह्रो होला, घरसम्म पुऱ्याइदिएँ भने मलाई पनि सन्तोष हुन्छ, कुरा त्यति मात्र हो ।'

रोहिणीको कुरा सुनेर युवक अनकनाउँदै उठे । दुवै वीर हस्पिटलको गेटबाहिर पुगेपछि रोहिणीले ट्याक्सी रोकिन् । ट्याक्सी गुड्यो । ट्याक्सी गुडेको केही समयपछि युवकले झिनो स्वरमा भने, 'मेरो नाम प्रशन्न हो । घर खोटाङ, यहाँ पढ्न बसेको हुँ । आईएस्सी सिद्धिएको पनि दुई वर्ष भयो, इन्जिनियर पढ्न जानका लागि कोसिस गर्दैछु । दुईपल्ट प्लान जान नाम निकालेको पनि हुँ, तर इन्टरभ्युमा फ्याँकिएँ । घरमा आमा मात्र हुनुहुन्छ, बाबु सानैमा हामीलाई छोडेर मुग्लान पस्नुभयो । घरबाट खेत बेचेर आमाले यतिसम्म त पढाउनुभयो । तर, मैले केही गर्न सकिनँ' भन्दै युवकले गहभरि आँसु पारे ।

रोहिणीले सम्झाइन्, 'भैगो पीर नगर्नोस् । कोसिस गरेपछि एक दिन न एक दिन सफल भइहालिन्छ ।'

युवकले आँखाको आँसु पुछ्दै भने, 'रोहिणीजी पेटले खान नमागे त ठिकै थियो, खान माग्छ । उता आमाले पनि अर्काको काम गर्दै पेट पाल्नुभएको छ । जागिर खाऊँ कसैले जागिर दिँदैनन् । जहाँ पनि आफ्नै मान्छे चाहिन्छ, यहाँ आफ्नो मान्छे कोही छैन । मान्छे रहरले होइन बाध्यताले चोर बन्दोरहेछ । बुझ्नु भो बाध्यताले ... । मैले खाना नखाएको तीन छाक भयो । म पनि चोर्छु र पेट भर्छु यही सोचेर बस चढेको बेहोस पो भएँछु ।' रोहिणीलाई प्रशन्नको कुरा कथाजस्तै लाग्यो । रोहिणीले शिर उठाएर प्रशन्नतिर हेरिन् । निन्याउरो अनुहार, जिङ्ग्रिङ्ग परेको कपाल, मैलो सर्ट, चप्पल, अहँ पटक्कै पढेझैं देखिँदैनथे प्रशन्न । रोहिणीले मनमनै सोचिन्- मैले अवश्य यो युवकको उद्धार गर्नुपर्छ । नत्र म जन्मनुको कुनै अर्थ नै रहँदैन । उफ ! के सोचेकी होला मैले, कतै

यिनैसँग प्रेम बस्यो भने मेरो जिन्दगी बर्बाद हुन्छ । वास्तवमै प्रेम गर्नेहरू कति त डुब्छन् भन्थिन् शालु । म डुबें भने मेरो ममीबाबाको सपना चकनाचुर हुन्छ । सायद म यिनको प्रेमले गर्दा यहाँसम्म आएकी त होइन ? उफ् ! यो के भयो मलाई ? अब म डुब्न त डुब्दिनं ? यदि मैले प्रशन्नलाई प्रेम नगर्ने भए मझधारमा नै छोड्नुपर्छ । के म प्रशन्नलाई मझधारमै छोडूँ । अब म के गरौं ?

'होइन के सोच्नुभएको रोहिणीजी, तपाईंजस्ता सहर-बजारमा जन्मेको मान्छेलाई पीडा ओकलेर भूल गरें, माफ गर्नोस् । तपाईंले मेरो कुराको विश्वास गर्नुभएन जस्तो छ । मेरो डेरामा पुगेपछि आफ्नै आँखाले मेरो गरिबी हेरेर फर्कनुहोला । सक्नुहुन्छ भने खोटाङसम्म पुग्ने गाडी भाडा दिनोस्, म भोलि नै यो सहर छोड्छु र गाउँ गएर मेलापात गरी पेटभरि खोले भए पनि खान्छु । अब इन्जिनियर बन्ने सपना देख्न छोडिसकें मैले । मलाई पेटभरि खोले भए पुग्छ खोले ... ।'

'सहरमा बस्नेहरूको दिल नै हुँदैन भन्नेचाहिँ नसम्झनोस् । मैले तपाईंको कुरालाई विश्वास गरेकी छु । तपाईं भोकले नै ढल्नुभयो, त्यो पनि प्रत्यक्ष देखेरै यहाँसम्म आएकी हुँ । तपाईं आवेशमा आएर गाउँ जान्छु भन्दै हुनुहुन्छ । त्योचाहिँ मलाई त्यति ठीक लागेन । म आफ्नोतर्फबाट सक्दो सहयोग गरौंला, त्यसलाई नराम्रो नठान्नु होला ।'

कुरा गर्दागर्दै प्रशन्नको डेरा पनि आयो । ट्याक्सीबाट दुवै ओर्लेर कोठाभित्र पसे । त्यो कोठाको अवस्था देखेर रोहिणीको हृदय छियाछिया भयो । कोठाको भित्तामा झुन्ड्याएको थोत्रो र मैलो दुईवटा सर्ट । सानो पलङ, पलङमाथि गुन्द्री र कपडाको सानो डसना, च्यातिएर तीनचार ठाउँमा सिएको तन्ना र थोत्रो कम्बल । पलङभन्दा थोरै पर सानो स्टोभ, थोत्रो दुईवटा डेक्ची, एउटा थाल, एउटा पन्यौं, एउटा बाल्टिन र थोत्रो कप । केही गेडा उम्रिएको आलु । पलङको सिरानपट्टि भुइँमा मिलाएर राखिएको किताबको चाङ । अँध्यारो र कालो भित्ता भएको कोठा दक्षिणपट्टिको झ्यालबाट छिरेको थोरै उज्यालो । ती सबै दृश्य देखेर राहिणीको आँखाबाट आँसुमात्र झर्न सकेन । रोहिणीले आफ्नो घरमा त्यसै रहेको दुईवटा कोठा सम्झिन् ।

प्रशन्न बोल्न सकेनन्, आँखाबाट आँसु मात्र झरिरहे । रोहिणीले मन बाँधेर भनिन्, 'प्रशन्नजी तपाईं जस्तो अनन्त उडान लिएको मान्छे पनि रुने हो ? तपाईंले कमाएपछि मलाई ब्याजसहित यो पैसा दिनुहोला, अहिले मसँग भएको पाँच सय राख्नोस् । म ममी-बाबासँग कुरा गरेर तपाईंका लागि के गर्न सकिन्छ सोधौंला र चाँडै निर्णय दिउँला ।'

प्रशन्नले आवेशमा आएर रोहिणीको खुट्टा समाउँदै भने, 'म तपाईंको गुण कहिल्यै बिर्सने छैन । म त पोख्खी नै सकेको थिएँ तपाईंले उठाउनुभयो, तपाईंलाई म के भनौं ?'

रोहिणीले खुट्टा सार्दै भनिन्, 'भैगो नरुनोस् बरु केही किनेर खाइहाल्नोस् । अहिलेलाई म गएँ ।' रोहिणी प्रशन्नको कोठाबाट निस्केर घरतिर आइन् । प्रशन्नलाई रोहिणीको खुट्टा छोएकोमा कुनै पछुतो लागेन ।'

उनले त रोहिणीजस्ती युवती जीवनमा पहिलोपल्ट नै देखेका थिए । प्रशन्नका आफन्तहरू प्रशन्नले देखे भने पैसा माग्छ कि भनी टाढैबाट भाग्थे । युवतीहरू प्रशन्नसँग पन्छिएर हिँड्थे । प्रशन्नका कुनै साथीहरू थिएनन् । प्रशन्नले यत्रो ठूलो सहरमा आफ्नो मर्म बुझ्ने एक मात्र युवती रोहिणी भेटेका थिए । रोहिणी प्रशन्नका लागि साक्षात् देवीसरह थिइन् ।

रोहिणी मनमा नाना तर्क-वितर्क खेलाउँदै घरमा पुगिन् । आँखामा प्रशन्नको दयनीय अवस्था, उनको निर्बोध आँखाहरू र बान्की परेको अनुहार नै नाचिरह्यो । रोहिणीलाई केही खान मन लागेन, उनी धुमधुम्ती कोठामै बसिरहिन् । पीताम्बराले रोहिणीको कोठामा पस्दै भनिन्, 'वीरु र सौजनलाई कस्तो कपडा ल्यायौ ? पैसा त पुग्यो ?' रोहिणीले जस्ताको तस्तै प्रशन्नको सबै घटना आमालाई सुनाइन् । पीताम्बराले भनिन्, 'आज पैसा लगेको ठीक भएछ । कपडा त भोलि किने पनि हुन्छ । दुःख पर्दा सहयोग गर्नु हामी सबैको कर्तव्य हो । तर, उनलाई घरमा नै राख्नु त्यति राम्रो त नहोला । म तिम्रो बाबासँग सोध्छु, उहाँले के भन्नुहुन्छ । छोरा-बुहारीको पनि सल्लाह लिनुपर्‍यो । तिम्रो बाबालाई बाहिरको मान्छे घरमा बसेको मन नपर्ने भएर त तला नबढाएको तिमीलाई थाहा नै छ ।'

रोहिणी आमाको कुरा सुनेर चुप भइन् । पीताम्बरा कोठाबाट निस्किन् ।

'हेलो ! रोहिणी तँ किन क्याम्पस नआएकी ? त्यहाँ सबैलाई सञ्चै त छ होइन ?'

'सबैलाई सञ्चै छ, शालु पीर नगर । मलाई आज टाउको दुखेर पढ्न नआएकी हुँ । पढाइ राम्रै भयो त ?'

'अँ राम्रै भयो, अहिले कस्तो छ तँलाई ? भोलि आउँछेस् क्याम्पस ?'

'अहिले ठीकै छ भोलि आउँछु ।'

'सबैलाई सम्झना नमस्कार भनी दे है । ल बाई ।' भन्दै शालुले फोन राखिन् ।

'हुन्छ बाई भन्दै रोहिणीले पनि फोन राखिन् । शालुसँग वास्तविकता ढाँट्दा रोहिणीलाई नरमाइलो त लाग्यो नै । रोहिणीले शालुलाई सत्य नभन्नुको एउटै कारण थियो । रोहिणी प्रशन्नलाई केही माया गर्न लागिसकेकी थिइन् । शालु भने प्रेम गर्नेलाई त्यति राम्रो ठान्दैनथिन् ।

रोहिणीले नचाही-नचाही थोरै खाना खाइन् । र, टेबुलमा बसेर किताब

पल्टाइन् पनि तर आँखामा प्रशन्न नै झल्झली आइरहे । उनी किताब बन्द गरेर ओछ्यानमा पल्टिइन् । प्रशन्नको बारेमा सोच्दासोच्दै धेरैबेर पछि निद्रा पऱ्यो रोहिणीलाई ।

# तेह्र

'ल बास्सा ट्रायल भन्दै उर्मिलाले तास फ्याँकिन् । उमाले मुख बिगार्दै भनिन्- कलर त मलाई पनि परेको थियो । प्रतीक्षाले भनिन्- दुक्की जुट त मलाई पनि परेको थियो । दुक्कीले कहिल्यै छोड्दैन । मेरा दहल टप सिन्धुले हाँस्दै तास फ्याँकिन् । सिन्धुलाई त मैले जितेकी रहिछु । मेरो मिस्सी टप भन्दै शोभाले पनि तास फ्याँकिन् ।

उर्मिलाले तास फिट्दै भनिन्, 'सधैं फरास मात्र कति खेल्नु ? बरु यसो कलब्रेक खेलौं न, कलब्रेकमा समय गएको पत्तै पाइन्न । पैसा पनि ढिलै जान्छ ।'

सिन्धुले रिसाउँदै भनिन्, 'पहिलो हात पैसा सोरेर पनि नानाथरी कुरा नगर । थपक्क बाँड ल प्रतीक्षा तास काट । कलब्रेकमा दुई ग्रुप बन्नुपर्छ । फेरि झन्झट खेल । बरु चल्ती फरास खेल्ने भएचाहिँ ओके !'

'कति दिनमा बल्ल एक हात खाएकी छु । नत्र पैसा स्वाहा गऱ्यो, हिँड्यो । तिम्रो जस्तो एक्का टप भए पनि चल्ती फरास खेल्ने साहस भए पो ।'

सिन्धु 'मैले एक्का टपमा चल्ती फरास खेलें । गंगाले दहल टपमा ल चल्ती फरास खेल्छु भनी सुरिएकी बिर्सेऊ ?' हामीले बूढीलाई एक्का ट्रायल नै परेछ कि भन्दै डराएर प्याक गऱ्यौं आखिर बूढीको त दहल टप पो रहेछ । त्यो दिन बडा मज्जाले हँसाइन् गंगाले । साँच्चि गंगाको बूढाबूढी नै एक्कासि बेपत्ता भए । न घरको फोनै उठ्छ । किन एकाएक सम्पर्कमा आउन छोडे ? आजकाल सबै ठाउँमा बाबुको प्रतिनिधित्व पनि फिरोजले नै गर्छ । त्यो मोरोसँग सोधौं भने त्यसका आसेपासे गुलियोमा कमिला टाँसिएझैं टाँसिइरहेका हुन्छन् ।'

शोभाले लामो श्वास फेर्दै भनिन्, 'अब गंगाको कुरै नगरे पनि हुन्छ । उनी त अर्कै जन्म लिएझैं फेरिइछिन् । म अस्ति उनको घरको बाटो परेकोले यसो पसेकी त उनको फतौरे कुरा सुनेर कहिले उनलाई छोडेर भागौं जस्तो भएँ । फेरि दुब्लाएर रूपै सिद्धेछ । रुँदै भन्दै थिइन्, 'शोभा हामीले हिँड्नै जानेका रहेनछौं । हामीले छोराछोरीलाई सही बाटो देखाइदिएनौं । हेर, बेलैमा विचार गर, तिमीहरूका छोराछोरी पनि फिरोजझैं तहस-नहस होलान् । फिरोजलाई राम्रो संस्कार दिन नसक्ने हामी नै हौं । हामीले नै उसलाई चक्रब्युहमा फसायौं । त्यही पश्चात्तापले हामी मर्दो न बाँच्दो भएका छौं । खोई के-के हुन्,

हुन् तिनका कुरा । म त तिनको त्यो परिवर्तन देखेर महाअचम्म परें । तिनको कुरा सुन्दा-सुन्दा झ्याउ लागेर फुत्त निस्केर हिंडें ।'

'बूढी भए पनि भर्खर यौवन चढेको युवतीझैं गर्थिन् । फेरि मेकअप गर्नेदेखि लिएर पिउन, खेल्न जेमा पनि खप्पीस थिइन् । ठट्यौली पनि कति जानेकी, एकछिन मुख बिसाउन दिन्थिनन् । उनमा कतै परिवर्तन आउला भन्ने त मैले सोचेकीसम्म पनि थिइनँ ।'

'साँच्चै उनी परिवर्तन भएकी नै हुन् त', सिन्धुले सोधिन् । उमाले तास देखाउँदै भनिन्, 'यो हात मैले खाएजस्तो छ सत्ता, अट्ठा, नहल, रन छ ।'

'हो-हो तिमीले नै खायौ,' सबैले एक्कै स्वरमा भने ।

उमाले तास फिट्दै भनिन्, 'शोभाले भनेको कुरा ठीक हो, मैले पनि गंगालाई भेटेकी थिएँ । उनी त हावा खुस्केझैं भएकी छिन् । त्यो भर्भराउँदो अनुहार कहाँ गयो होला ? उनी आफूमाथि प्रलय पऱ्यो भन्दै थिइन् । शोभाले भनेको ठीक हो, म पनि उनको कुरा सुनेर बाक्कैदिक्कै परें । हामीलाई सही बाटोमा हिंड भनेर अर्ती दिन्थिन् । हामीले तिनलाई आऊ नानी भनेर डाकेको होइन क्यारे । दुई दिनको जिन्दगीमा पनि रमाइलो नगरे कहिले रमाइलो गर्नु भनेर उक्साउने तिनै हुन् । हामीले आफ्नो मर्यादा कहाँ छोडेका छौं त ? यसो रमाइलो गर्न एक, दुई पेग लगाइन्छ । तिनी नै सित्तै खान पाएपछि त कम्ता खान्थिनन् ? सेकुवाले त तिनको पेट कहिल्यै भरिन्थेन । मेरो श्रीमान्ले अझै भन्दै हुनुहुन्छ- उमा म त गंगाले सेकुवा खाएको देखेर छक्कै परें, अहिले बडो अर्ती दिन्छिन् ।'

'उनले असह्य पीडा भएरै त पोख्न खोजिन् होला । यो काठमाडौंमा युवतीहरू पनि असिना बर्षेझैं वर्षेका छन् । फिरोजजस्तो सुन्दर हुने-खानेको छोरो पाएपछि युवतीहरूलाई के चाहियो ? उसको एक नजर परेपछि युवतीहरू आगोमा घ्यू पग्लेझैं पग्लन्छन् । उसको डान्स र हाउभाउ देखेपछि आफ्नै जीउ त सिरिङ्ग हुन्छ,' उर्मिलाले उत्तर दिइन् ।

शोभाले कुरा थपिन्, 'कुरा त ठीकै हो ।'

उमाले हाँस्दै भनिन्, 'लौ अब पेग पनि लगाऊ छिटो जानुछ । लन्डनबाट बूढाका साथीहरू आउँछन् रे ।'

'तिम्रो बूढा गएको बीस, बाईस दिन त भयो होइन ?' शोभाले सोधिन् ।

'लन्डनमा आफ्नै मान्छेहरू भएकोले के-कसो गरी पच्चीस दिन काटिसक्नुभयो' उमाले भनिन् ।

उर्मिलाले हाँस्दै भनिन्, 'तिम्रो लोग्ने उतै विवाह गरेर बसे जस्तो छ है उमा नत्र भिस्सा सिद्धिएपछि त्यहाँ बस्न पाइन्थ्यो र ?'

सिन्धुले उमालाई बिस्तारै पिट्दै भनिन्, 'हेर, उमाले रातोकालो मुख पारेकी । उफ ! त्यति ठूलो मान्छेले केही मिलाए होला नि ! भैगो पीर नगर ।'

'तिमीहरूले एउटा सानो कुरा पायौ भने आकाश-पाताल छुवाउँछौ । पर्सि आउँदै हुनुहुन्छ । ल खानेकुरा पनि आयो । चिकेन चिल्ली त सिन्धुले बनाएजस्तो छैन है,' उमाले भनिन् ।

उर्मिलाले हाँस्दै भनिन्, 'चिकेन चिल्ली मात्र हो र यिनलाई त केही पनि बनाउन आउँदैन । यी सब होटलबाट ल्याएकी हुन् ।'

सिन्धुले उत्तर दिइन्, 'तिमीलेचाहिँ खुबै मीठो पकाउँछ्यौ ? कान्छी गएपछि तिम्रो घरमा खाना सबै थर्डकिलासको हुन्छ । किन तिम्रो मन दुखाउनु भनेर चुप लाग्छौँ हामी । आइन्दा तिम्रो घरमा पनि होटलकै खाना हुनुपर्छ । थुक्नु न निल्नुजस्तो खानेकुराले टार्न पाईंदैन नि !'

सबैले रक्सीको गिलास ठोक्काएर चेस भने । प्रतीक्षाले खिन्न स्वरमा भनिन्, 'साँच्चै नरिसाऊ उर्मिला कान्छी गएपछि त तिम्रो घर मसानघाटजस्तै भएछ । कान्छीले बनाएको सबै खानेकुरा आयातीतभन्दा पनि स्वादिलो हुन्थ्यो । मलाई त तिम्रो घरमा पस्यो कि झट्ट कान्छीकै झल्को लाग्छ । उसले पकाएको मृगको सुकुटी सम्झँदा अहिले पनि मुखबाट पानी आउँछ ।'

'अँ साँच्चै, त्यो मृगको सुकुटीको स्वाद त मैले पनि बिर्सेकी छैन । त्यस्तै बनाउन लाख कोसिस गरें, कहाँ बनाउन सक्नु ? जादु नै थियो कान्छीको हातमा जादु,' शोभाले पनि कुरा थपिन् ।

प्रतीक्षाले भनिन्, 'भैगो ! कान्छीको कुरै छोड । उसको चरित्रले गर्दा त हो नि उर्मीले निकाल्न बाध्य भएकी नत्र किन निकालिन्थिन् ? सबै खानेकुरा होटलबाट ल्याउने गर्दागर्दै डाडु पन्यौं नै चलाउन बिर्सिएला । कहिलेकाहीं यसो मान्छे आउने भनेको दिनमा मात्र भान्सामा पसिन्थ्यो, त्यो पनि छोड्यौं भने खोई के काम गर्नु ?'

उर्मिलाले हुस्कीमा पानी थप्दै भनिन्, 'मलाई माया गर्ने यही प्रतीक्षा छिन् । जे-जे भन्छौ भन सहनै पन्यो । सधैं कान्छी-कान्छी भन्छौ तिमीहरूको घरमा भएको भए कान्छी दुई दिन टिक्दैनथी होला, मेरो घरमा पन्ध्र-सोह्र वर्ष बसी त्यो कम भयो तिमीहरूलाई ? घरलाई नै कोठी सम्झेपछि के गर्नु त ?'

शोभाले प्याच्च भनिन्, 'अहिले त तिम्रो घरमा काम गर्नेहरू फेर्नुपरेको छैन होला हगि ?' मोरी थाहा नपाएझैं गर्छ्यौ । कान्छी र शालुको सम्बन्ध हामीलाई थाहा नभएको हो र ! तोतेबोली नफुटेदेखि नै शालुलाई कसको माया लाग्छ भनेर सोध्यो भने दिदीको माया लाग्छ भन्थिन् । त्यही शालुको मायाले अल्झेकी हुन् कान्छी । यदि तिम्रो इशारामा शालु हिँड्ने भए शालु तिम्रोपछि लागेर आउँथिनन् ? बुझ्ने भएदेखि एक दिन शालु पार्टीमा आएकी छिन् ? हेर हाम्रा छोराछोरीहरूले कहिले हामीलाई छोड्छन् ?' उर्मिलाले स्वाट्दै ह्वीस्की तानिन् ।

प्रतीक्षाले शोभातिर हेर्दै भनिन्, 'यी शोभा, नशा लागेपछि बढी कुरा

गर्छिन् । मेरो छोरो पनि त तिमीलाई कसको माया लाग्छ भनेर सोध्यो भने साहिँला दाइको माया लाग्छ भन्छ नि ! त्यस्तो सानो कुरालाई लिएर के कुरा गरेकी ? ल उठौं पनि ।'

सबैले फोनमा आफ्नो-आफ्नो ड्राइभरलाई बोलाए । ड्राइभर कार लिई आएपछि आ-आफ्नो घरतर्फ लागे ।

# चौध

हाई मौसमी, कति लेट गरेकी ? यति ढिलो गर्छ्यौ भन्ने थाहा पाएको भए तिम्रो डेरामा नै आउँथें ।'

मौसमीले कारमा बस्दै भनिन्- 'मैले कहिल्यै ढिलो गरेकी थाहा छ ? बाटो जाम भएपछि कसको के लाग्छ ?'

'हैन किन बाटो जाम भएछ ?'

साइकललाई बसले हान्यो भन्थे हो कि होइन पत्तो छैन । तपाईंलाई त कालो चस्माले पनि साह्रै राम्रो पो देखिँदोरहेछ ।'

निमेषले मौसमीको गाला मुसार्दै भन्यो, 'भैगो नफुर्क्याऊ । तिमीलाई भेटेपछि म चैनले कुनै रात निदाउन पाएको छैन, तिमीले त मन मुटु सबै लग्यौ यार ! मलाई त आफू रित्तै भएजस्तो लाग्छ । अँ, भन आज कहाँ जाने ? तिमी जहाँ भन्छ्यौ त्यहीं जान यो ज्यान हाजिर छ ।'

'तपाईंलाई कुरा गर्न कसले सिकाओस् ? यस्ता शब्दहरू मलाई मात्र भन्ने हो कि अरूलाई पनि भनिन्छ ?'

निमेषले नशालु हाँसो हाँस्दै भन्यो, 'कतिपल्ट भनौं मैले तिमीजस्ती अप्सरा भेटेकै छैन भनेर । तिमीजस्ती राम्री अर्को भेटेको भएचाहिँ के भन्थें भन्न सक्दिनँ, अब भने मैले मेरा सारा जीवन तिमीलाई न्यौछावर गरिसकें । अब मल्हम लगाऊ या चिथोर तिम्रो जिम्मा । भन यार कता जाने आज पनि नगरकोट नै जाने कि अन्तै ?'

'हुन्छ त्यतै जाऊँ, गाउँमै देखेकाजस्ता डाँडाकाँडा हेरेर अस्तिको जस्तो दुई-चार दिनचाहिँ बस्न सक्दिनँ नि ! भोलि नै फर्कने भए नगरकोट नै ठीक छ । घरमा विवाहको कुराचाहिँ चाँडै गर्नोस् है । फेरि छोराछोरी पाइसकेपछि विवाह गरौंला भन्नुहोला नि ! हाम्रो भेट भएको पनि वर्ष दिन हुन लागिसक्यो । कति लुकिछिपी एक-अर्कामा हराउनु, विवाह गरे सबैको मुखमा बुझो लाग्थ्यो । अरूभन्दा पनि त्यो शालुले हाम्रो प्रेम सफल हुन्छ भन्ने एकरत्ति पनि विश्वास गरेकी छैन । भन्छे, 'मौसमी तिमीले आफ्नो अस्तित्वलाई बिकाउन नहुने

थियो बुझ्यौ ?' उसको कुरा सुनेर म छक्क परें । उसले हामीबीचको सम्बन्ध कसरी थाहा पाई ? मैले उषासँग तपाईंसँग कसरी भेट भयो भन्ने मात्र कुरा गरेकी थिएँ । उषाले नै शालुसँग कुरा गरेकी हुनुपर्छ । उषा पनि कम्ता डारे छैन । रोहिणी भने आजकाल प्रेमको सपोर्ट गर्छिन् । रोहिणीले शालुसँग हाम्रो भेटलाई आकस्मिक घटना नै हो भनेर जिद्दी गरिन् । शालु भन्दै थिई- त्यो आकस्मिक घटना होइन, मौसमीलाई जानी-जानी त्यो युवकले धक्का दिएको हो । मौसमी लडेपछि मौसमीलाई उठाएर कारमा लग्यो होला, माफ माग्यो होला अनि यिनीहरूको प्रेमप्रसङ्ग सुरु भयो होला, ल हो कि होइन भन मौसमी ? म उसको कुरा सुनेर तीनछक्क परें । वास्तवमा हाम्रो प्रेमप्रसङ्ग त्यसरी नै सुरु भएको थियो होइन त ? मलाई खासै ठूलो घाउ लागेको थिएन ।'

रोहिणीले भनिन्- 'शालुले प्रेमसँग खेल्नेहरू मात्र धेरै देखेकी हुनाले यसलाई सबै प्रेम गर्नेहरूसँग घृणा लाग्छ । कुरा यत्ति हो । शालुले तिम्रो नराम्रो चिताएकीचाहिँ पक्कै होइन ।'

शालुले नम्र स्वरमा भनिन्, 'वास्तवमै प्रेम गर्नेहरू विवाहअगाडि वास्नामा रम्दैनन् । योचाहिँ वास्तविकता हो । तिमी अहिले पनि कुमारी नै छ्यौ भने तिम्रो प्रेम सफल हुन्छ अन्यथा... भन्दै हिँडी । भन्नोस् निमेष तपाईं झूट हो कि, शालु झुटी हो ?'

निमेषले क्रोधित स्वरमा भन्यो, 'कुनचाहिँ रहिछे त्यो शालु भन्ने । त्यसलाई बीचबाटोमा तमासा गरिदिन्छु, अनि खान्छे । हेर, सबै मान्छेको कुनै न कुनै शत्रु हुन्छन् । ऊ तिम्रो शत्रु हो । तिमी गाउँबाट आएकी मान्छेले काठमाडौंमै घर भएको कार भएको केटा पाउँदा त्यसलाई जलन भयो होला । त्यस्ताको कुरामा होइन मैयाँ, मेरो कुरामा विश्वास गर । मबाट धोका हुँदैन भनेपछि हुँदैन ।' निमेषले कारको ब्रेक लगाएर मौसमीलाई चुप्पा खायो र फेरि कार गुडायो । मौसमीले निमेषलाई समातेर मुसुक्क मुस्कुराई । कार गन्तव्य भेट्न गुडेकै थियो । मौसमीले धेरैबेर मौन रहेपछि भनी, 'मलाई डक्टर बन्नु भनेर छोडेर गएका थिए बाबुले, मैले भाग्यले तपाईंलाई भेटें । बाबु तपाईंजस्तो ज्वाइँ पाउँदा धेरै खुसी हुनुहुन्छ । तपाईंको बाबु-आमाले मलाई के भन्ने होला ? हुन त मेरो बुबाले मेरो खुसीका लागि माझपाटोमा घरबारी सबै बेच्न सक्नुहुन्छ ।'

निमेषले हाँस्दै भन्यो, 'त्यो कुरा तिमीले धन्दा नै नमान । तिम्रोतर्फबाट सम्पूर्ण खर्च म नै गरौंला । म पनि काठमाडौंबाहिरकै भएको हुँदा तिम्रो पीडा बुझ्छु । पहिला हामीले पनि त्यही खोले सिस्नो त खाएका हौं नि ! बाबुले मौकामा काठमाडौंमा झरेर घरजग्गाको कारोबार गर्नुभएकोले तिमीलाई कारमा हुइँक्याउन पाएको छु । यही कारले गर्दा त तिमी पनि मसँग छ्यौ नत्र तिमीले मलाई के गन्थेऊ ! होइन भन त ?'

'उफ ! फेरि त्यही कुरा । हजुरको कारले गर्दा होइन महाशय, हजुरको मायाले गर्दा आफूलाई सुम्पेकी हुँ । मन पराउन त गाउँदेखि यो सहरसम्म मलाई मन नपाउने मान्छे छैन भने पनि हुन्छ ।' हाम्रो क्याम्पसमा एउटा आकाश भन्ने केटो छ ऊ भने कुनै केटीको रूप नै हेर्दैन । तपाईंले पनि मेरोबाहेक अरूको रूप नहेरे हुन्थ्यो नि !'

निमेषले हाँस्दै भन्यो, 'तिमीचाहिँ कसले मलाई हेर्छ, कसले मलाई हेर्दैन भनी विचार गर्ने रे, मचाहिँ तिम्रो मात्र रूप हेर्ने ? ल बाबा ल अबदेखि अरू केटीहरूलाई देख्यो भने म आँखा चिम्लेर हिँड्छु, हुन्छ ?'

निमेषको कुराले मौसमी हाँसी मात्र ।

निमेषले कुरा बढायो । मैयाँ नेपालमा घुम्ने ठाउँजति घुमिसकियो । तिमी एक रातभन्दा दुई रात एउटै ठाउँमा बस्न मान्दिनौ । यसो इण्डियाको दार्जिलिङ नैनितालतिर पो जाने हो कि ! घुम्नलाई मौसम पनि ठीक छ ।'

मौसमीले खुसीले बुरुक्क उफ्रँदै भनिन्, 'हुन्छ त्यसै गरौंला । बरु कहिले जाने चाँडै कुरा मिलाउनोस् बाबु छाती-छाती के-के दुखेर काठमाडौं आउँदैछन् रे । उनी आएपछि जचाउँदा, रिपोर्ट लिंदा चार-छ दिन लागिहाल्छ ।'

'त्यसो भए अर्को हप्ता जाउँला । तिमीलाई अरू केही गहनाहरू चाहिन्थ्यो कि ? आजकाल गहनाको कुरै गर्दिनौ ।'

तीन-चार सेट गहनाहरू भइसके के गहनाको कुरा गर्नु ? अब सबै गहनाको रहर पुग्यो ।'

अब भने मैयाँले पैसा बचाउने भइन् । तिम्रो नाममा दुई-चार रोपनी जग्गा किनौं भनेको हेरन राम्रो जग्गा नै पाएको छैन । ल जग्गाको कुरा छोडौं । तिम्रै सौन्दर्यको कुरा गरौं । तिमीलाई यो टिसर्टले भन्दा हल्का गुलाबी टिसर्टले अझ आकर्षित देखिन्थ्यो । मलाई टाइट फिटिङभन्दा अलि गला खुल्ला भएको कपडा मन पर्छ ।'

स्वतन्त्र हुन्छयौ कि के हुन्छयौ त्यो त गेस्टहाउसमै गएपछि थाहा होला प्राण प्यारी । पिउनचाहिँ अहिले नै हल्का पिउने कि बेलुका मात्र त्यो तिम्रो मर्जी । अब नगरकोट पनि आइहाल्यो ।'

मौसमीले निमेषलाई हल्का चिमाट्दै भनिन्, 'पिएपछि तपाईंलाई के हुन्छ थाहा नपाएकी हो र ? अस्ति त्यत्रो मान्छेको सामु ........... । रोप्टुराँका सबै मान्छेको आँखा हामीतिरै थियो । म त लाजले पानी-पानी भएँ । मान्छेको सामु केही भन्नु पनि कसरी ?'

तिमी गाउँबाट भर्खर आएकीले केही असजिलो लागेको हो । देख्दिनौ, बाटा-घाटामा लिसो टाँसिएझैं टाँस्सिँदै हिँडेका । अब हात समातेर नहिँडे

चुम्मा-सुम्मा नगरे त पूरा असभ्य ठहरिन्छ । हामी त हुनेवाला श्रीमान्-श्रीमती हौं । जे-जे गरे पनि चल्छ । प्लिज थोरै पिउँछु है । बरु बाहिर ननिस्किउँला हामी गोठालेले नगरकोटको जस्तो दृश्य गाउँमै कति देखेका हौं ।'

मौसमीले निमेषको कुरामा स्वीकृति दिई । दुवैले रेस्टुरेन्टभित्र पसेर पहिला बस्ने रूमको व्यवस्था मिलाए । अनि खानाका लागि आए । त्यहाँ खाने मौसमीको जोडी मात्र होइन बैंसको उन्मान्दमा रम्नेहरू अरू तीन जोडी पनि आएका रहेछन् । निमेषले उनीहरूनजिकै गएर भने, 'तपाईंहरू आज यतै बस्नुहुन्छ कि फर्कनुहुन्छ ? कहाँबाट आउनुभएको ?'

अर्को ग्रुपको एउटा युवकले भन्यो- 'हामी बुटवलदेखि आएका हौं । एक-दुई दिन मात्रै बस्छौं होला । तपाईंहरू कहाँबाट नि ?'

'हामी त काठमाडौंबाट आएका हौं । हामी दुईजना मात्र छौं । तपाईंको ग्रुप देखेर साह्रै रमाइलो लाग्यो र सोधेको हुँ ।'

बुटवलबाट आएको अर्को युवकले भन्यो, 'हुन्छ तपाईंहरू पनि हाम्रै ग्रुपमा आउनुहोस् । आखिर हामी सबै अविवाहित नै हौं । हामी सबैको कुरा मिलिहाल्छ । बस्नोस् कुरा थोरै फरक छ, तपाईंले मुन टिप्नुभएछ, हामीले जून अरू यावत् कुराहरू त उस्तै-उस्तै हुन् ।'

निमेषले हात समातेर मौसमीलाई बसाउँदै भने, 'महाशय, तपाईं त कवि पो हुनुहुँदोरहेछ- ल अरू पनि सायरी सुनौं न ।'

बुटवलबाट आएको अर्को युवकले मुख बिगार्दै भन्यो, 'हेर्नोस् यसको एक-दुई अरू सायरी सुन्नुभयो भने तपाईं अर्कै रेस्टुरेन्ट जानुहोला । बरु परिचय गरौं खाऊँ-पिऊँ अनि घुम्न जाऊँ ।'

सबैले आ-आफ्नो परिचय दिए । तीन जोडी प्रेमी-प्रमिकाचाहिँ बुटवल क्याम्पसमा नै पढ्ने रहेछन् । कवि युवाको घरचाहिँ बुटवल सुक्खानगरमा नै रहेछ भने अरू बुटवलमा डेरा गरी पढ्ने रहेछन् । कसैको प्रेम परेको छ-सात महिना त कसैको प्रेम परेको बीस-बाइस दिन मात्र भएको रहेछ । त्यस ग्रुपमा मौसमी र निमेषको प्रेम परेको धेरै भएको रहेछ । सबैको कुरा सुनेपछि बुटवलको कविले हात हल्लाउँदै भन्यो-

तपाईंहरू अलि पाको,
हामी अलि काँचो,
बिहे गर्नु पहिले नै
हनिमुन मनाउन आको ।
हनिमुनपछि ठोकौंला
बिहेको पञ्चे बाजा

भोक लागेको छ अहिलेचाहिं

खाऊँ मागी खाजा ।

बुटवलको कविको कुरा सुनेर सबै मरी-मरी हाँसे ।

निमेषले हाँस्दै भन्यो, 'तपाईं त आँसुकवि नै हुनुहुँदोरहेछ, कुन साइतले हामी सबैको भेट भयो ।'

बुटवलको कविले फेरि भन्यो, 'कालो-कालो सर्ट लाको, नीलो रहेछ पेन्ट ।

सबैजना उस्तै खुसी हुँदा हाम्रो भेट ।।

अर्कोले हाँस्दै भन्यो, 'चुप लाग जय, तिम्रो कविता सुन्दा-सुन्दा वाक्क भएर चन्द्राले पनि छोड्लिन् नि फेरि ।'

निमेषले हाँस्दै भन्यो, 'ल .. ल थाहा भयो हामीभन्दा त तपाईंहरू नै पाको हुनुहुँदो रहेछ ।'

जयले हाँस्दै भन्यो, 'उनले अन्तै बिहे गरिन् । झन्डै पागल भाको, चन्द्राको मायाले नै नगरकोट घुम्न आ'को । ल... ल अब या हाँसिमजाक छोडौं केही खाऊं । बिवाहपछि चन्द्राले कवि बन्नोस् भनिन् भने म अवश्य कवि बन्छु ।' यति भनी जयले ओठ बन्द गऱ्यो ।

अर्कोले भन्यो, 'भो ... भो कवि हुने सपना नदेख । फेरि भएको घरखेत जाला र चन्द्राको बिजोक होला । यो जमानामा कविलाई कसले मान्ने ? हेर मति बिग्रेर कवि भयो भन्छन् । खेत बेचेर कविता छपायो भन्छन् । अलि..अलि तिमी कविचाहिं हौ । तर आइन्दा कविता लेख्ने भूलचाहिं नगर है । बरु खेतको गह्रा किन, घरको तला थप कविचाहिं नबन । यो राष्ट्रले साहित्यको मूल्य बुझ्दैन ।'

जय- 'ल ... ल अब कवि र कविताको कुरा छोडौं । पेटको कुरा गरौं । अहिले तातो-चिसो केही पिउने कि नपिउने ? मेरी चन्द्राचाहिं पिउँदिनन् ।

निमेषले हाँस्दै भन्यो, 'हेर-हेर अहिलेदेखि अधिकार जमाएको यो त भएन है ।'

हो-हो यो भएन भन्दै सबैले एक्कै स्वरमा भने ।

चन्द्राले भनिन्, 'मेरो अलि पिउने बानी छैन ।'

सबैले भने, 'थोरै त पिउनैपर्छ ।'

'चन्द्राले सबैको कुरालाई स्वीकार गरिन्, केटाहरू बाईस-चौबीस वर्षका र केटीहरू अठार, बीस वर्षजतिका थिए । भोलिलाई बिर्सेर सबै नशामा र एक-अर्काको अङ्गालोमा रमाइरहेका थिए ।

वेटरले मनमनै सोच्यो- 'कठै ! कहिलेसम्म धानको बालामा चराले बयली खेलेजस्तै एक-अर्कासँग खेलेका छन् तर यी केटीहरूको जिन्दगी चाँडै टुक्रिने छ । मैले थाहा पाएर पनि के गर्नु ? यी युवतीहरूको बुद्धिमा कीरा परेपछि ।'

# पन्ध्र

शालुले रोहिणीतिर हेर्दै भनिन्, 'रोहिणी तिमीले आजकाल पढाइमा त्यति ध्यान दिएजस्तो लाग्दैन मलाई । तिमीले त तपस्या गरेरै बाबु-आमा पाएकी छ्यौ । उनीहरूको सपना साकार गर्नुपर्छ नि । हामी जहाँ डाक्टर पढे पनि सँगै पढ्ने है ? दिदीको अन्तिम इच्छा पनि त्यही छ ।'

रोहिणीले उत्तर दिइन, 'पढ्ने कोसिस त गर्दैछु । मलाई डाक्टर बन्छु जस्तो लाग्दैन । किताब पल्टाउँछु मलाई त चक्कर नै लागेर आउँछ । ल पढाइको कुरा छोड, आशाको कुरा गर, आशाले प्रेम गरेको कुरा थाहा पाउँदा-पाउँदै तिमीले उनको प्रेममा त कुनै प्रतिक्रिया नै जनाइनौ नि ! अबचाहिँ तिमीले अरूको भविष्यको चिन्ता गर्न छोडिछ्यौ, राम्रै लाग्यो ।'

शालुले गम्भीर भएर भनिन्, 'रोहिणी तिमी पनि, मैले यहाँ सच्चा प्रेम गर्नेहरू छँदै छैनन् भनेकी कहाँ छु र ? सच्चा प्रेम गर्नेहरू हिजो थिए । आज पनि छन्, भोलि पनि हुनेछन् । म प्रेमकै विरोधीचाहिँ होइन । आशक्त अङ्गालोमा प्रेमभन्दा वास्ना बढी हुन्छ भन्न खोजेकी मात्र हुँ ।'

'प्रेम मात्र भयो वास्ना नै भएन भने पनि जीवन तहसनहस हुन्छ होइन र ?'

'रोहिणी, तिमीले मेरो कुराको आसय नै बुझिनौ । विवाहपछि सुखानुभूतिका लागि सबै चाहिन्छ । मैले विवाहपछिको त कुरै गरेकी छैन । विवाहअगाडि कुमारीत्व नगुमाउन्, मेरो सोचाइ यति मात्र हो । तिमीले आशाको प्रेमको कुरा गर्‍यौ । आशाको प्रेम फूल र भमराको जस्तो प्रेम होइन, मलाई थाहा छ उनीहरूको प्रेम सफल पनि हुन्छ ।'

रोहिणी शालुको कुराले हर्षित भइन् । तर, रोहिणीलाई आफू र प्रशन्नबीचको कुरा शालुलाई भन्ने आँट नै आएन । रोहिणी शालुसँग बिदा भएर क्याम्पसबाट घर आइन् । कोठामा पसेर सोचिरहिन्- 'शालुले भनेको कुरा ठीक हो । विवाह पहिला नै कुमारीत्व गुमाएपछि सुहागरातको त महत्व नै रहेन । रोहिणीले प्रशन्नको सम्झनामा डुबुल्की मारिन्, प्रशन्न धुप्रैपल्टको भेटमा पनि आफूसँग बोल्न डराउँथे । हृदयभरि प्रेम भएर पनि पोख्न धक मान्थे । मैले तपाईंबिना बाँच्न सक्दिनँ भनेपछि बल्ल हर्षको आँसु झारे । त्यो क्षण हिजोजस्तै लाग्छ तर महिनौं भएछ । शालुको हृदयमा कसैले बास नगरेको भएर नै ऊ पढ्न सक्छे

तर म कसरी पढौं ? जब किताब-कपि खोल्छु म प्रत्येक अक्षर- अक्षरहरूमा केवल प्रशन्नलाई नै देख्छु । ममी र बाबाले प्रशन्नलाई मन नपराउनुभएको भए सायद म मर्थें होला । प्रशन्न आफ्नो असल व्यक्तित्वले गर्दा सबैको आँखामा अटाइहाले । उनी पढ्न गए भने म कसरी बाँच्नु ? प्रशन्नको पनि धेरै पढ्ने रहर छ । एक दिन नदेख्दा त मलाई यति छटपटी हुन्छ भने वर्षौंसम्म नदेख्दा के गरौंली ? कल्पना गर्दा मात्र पनि रोहिणीको आँसु झऱ्यो । उनी धेरैबेर रोइन् ।

पीताम्बराले कोठाभित्र पस्दै भनिन्, 'नानी कुन बेला आयौ ? तिमीलाई भोक-प्यास केही लाग्दैन कि क्या हो ? आजकाल खाना त खोज्दै खोज्दिनौ । हामीले सबै बुझेका छौं । तिमी प्रशन्न बाबुकै चिन्तामा डुबिरहन्छ्यौ । तिमीहरूको माया देखेर आज बिहान हामी सबैजना बसी एउटा निष्कर्ष निकाल्यौं ?'

'कस्तो निष्कर्ष ममी ?'

पीताम्बराले सोफामा सजिलोसँग बस्दै भनिन्, 'हेर अहिले नै तिमीहरूको विवाह गरिदिऊँ भने त्यो मिल्ने कुरै भएन । प्रशन्नबाबुले बाहिर पढ्न जान पाउलान् भनेर कुरेर बसौं भने पाउने हो कि नपाउने हो । केटाहरूले त जति वर्षमा विवाह गरे पनि फरक पर्दैन । केटीहरूलाई बाईस-चौबीस वर्ष काटेपछि बूढीकन्या भन्न थाल्छन् । त्यसैले प्रशन्नबाबुलाई चाँडैभन्दा चाँडै पढ्न पठाउनुपऱ्यो ।'

रोहिणीले दिक्दार स्वरमा भनिन्, 'हामीसँग त्यति धेरै पैसा कहाँ छ त ? हामीलाई कसले सापट दिन्छ र ?'

पीताम्बराले सम्झाइन्, 'अहिलेलाई पठाउन मात्र कान्छीको घरजग्गा बेचेर आएको पैसा रहेछ । त्यसैले पुगिहाल्छ । हाम्रो कार व्यर्थै थन्केको छ । यही बेचेर पछि चन्द्रकान्तहरूले घर बनाउनेछन् यही सल्लाह भयो । पछि पैसा पठाउन त ट्याक्सी चलाएको पैसाले पुगिहाल्छ । त्यसमाथि पेन्सन छँदैछ । पछि यो घरको चाहिँ तिमीले आश नगर, यो घर रेष्माको हुन्छ । बाँकी चार-छ आना जग्गा फूलबारी र करेसाबारीले ओगटेको छ । त्योचाहिँ हामी मरेपछि जे-जे गर्छौ गर । अहिलेसम्मको हाम्रो सोचचाहिँ हामी बूढा-बूढी चन्द्रकान्तहरूसँग बस्छौं । उनीहरूको पनि यही इच्छा छ । हेर्दै जाऊँ के हुन्छ ।'

'आमाको कुराले रोहिणी धेरैबेरसम्म मौन रहिन् र भनिन्- 'तपाईंहरूले जे सोच्नुभयो हामीहरूको भलाइका लागि सोच्नुभयो । म हजुरको कुरामा ज्यादै खुसी छु । दाजु-दिदीदेखि लिएर हामी सबैको जीवन हाँसी-खुसी बितोस् । अरू के नै चाहिन्छ र ।'

पीताम्बराले भनिन्, 'हुन्छ त प्रशन्नलाई आज यतै खाना खान बोलाऊ । कहाँ पढ्न जाने हो उहाँको इच्छा पनि त बुझ्नुपऱ्यो ।'

'साँच्चि प्रशन्नको आमालाई कस्तो छ रे ? मैले त सोध्नै बिर्सेछु ।'

'अँ ममी, अहिले त राम्रै छ रे, हामीले पठाएको पैसाले घरबारी निखन्नदेखि भैंसी किन्नसम्म पैसा पुग्यो रे । अहिले त प्रशन्नको आमा ज्यादै खुसी हुनुहुन्छ रे । हुन्छ त म प्रशन्नजीलाई खाना खान डाक्छु ।'

'आउनुहोस् प्रशन्नबाबु ! हामी सबै तपाईंको प्रतीक्षामा बसेका थियौं,' केशवले बडो सभ्य भाषामा भने ।

प्रशन्नले सबैलाई नमस्कार गरेर सोफामा बस्दै भने, 'सबैलाई सन्चै छ ?'

केशवले उत्तर दिए, 'सन्चै छ बाबु, आज एउटा सल्लाह गरौं भनेर बाबुलाई बोलाएका हौं । हामी रोहिणीको खुसीलाई आफ्नै खुसी मान्छौं । रोहिणीलगायत हामी सबैको इच्छा छ, तपाईंलाई इन्जिनियर पढ्न पठाउने । जहाँ पढ्न जाँदा राम्रो हुन्छ त्यहीं पढ्न जानोस् । हामीले रोहिणी अंशभाग भनौं या जे भनौं त्यो तपाईंको पढाइमा लगाउने भयौं । रोहिणीले पनि त्यही भनिन् । कुनै पनि कुराको पहिले नै बिचार पुऱ्याउनु राम्रो हुन्छ, तपाईं पनि सोच्नोस् ।'

केशवको कुराले प्रशन्नको आँखाबाट आँसु नझारी छोडेन । प्रशन्नलाई रोहिणीलाई भेट्नु, रोहिणीले प्रेम प्रस्ताव राख्नु सबै सपनाजस्तै लागिरहेको थियो । पैसा नै लगानी गरेर पढ्ने कुरा त उनले कुनै क्षण कल्पनासम्म पनि गरेका थिएनन् । प्रशन्नले आँसु पुछ्दै भने, 'खोई म के भनौं ? रोहिणीलाई पाउनु मेरो ठूलो सौभाग्य थियो । यहाँहरूले मजस्तो गरिबलाई यति धेरै विश्वास गर्नुहोला भन्ने सोचेको थिइनँ । इन्जिनियर बन्छु भनेर दिलोज्यान दिएर पढेकै हुँ । आफूभन्दा थोरै पर्सेन्ट ल्याउनेहरूले जान पाए । आफू भने... ।'

पीताम्बराले भनिन्, 'बाबु ! हामी मनको गरिबलाई मात्र गरिब भन्छौं । हामीसँग पनि के नै छ र ? बिहान-बेलुका हाँसीहाँसी एक पेट खान पायो भने त्यो नै सुख हो । त्यो सुखचाहिँ भगवान्ले हामीलाई दिएकै छ भनौं । हामीलाई रोहिणी डाक्टर बन्लिन् भन्ने ठूलो आश थियो । हजुरसँग भेट भएदेखि रोहिणीले खान पढ्न सबै बिर्सेकी छिन् । खोई कसरी डाक्टर बन्लिन् उनी ? सबैभन्दा राम्रो कुराचाहिँ हजुर नै चाँडै पढ्न गए हुन्छ ।'

आमाको कुराले रोहिणी लाजले निहुरिन् । प्रशन्नले पनि केही लजाउँदै भने, 'कहाँ पढ्दा राम्रो हुन्छ, सबै कुरा बुझौंला ।'

प्रशन्नको कुराले सबै खुसी भए । रोहिणीको त झन् खुसीको सीमा नै रहेन । प्रशन्नले पनि आफ्नो जन्मलाई धन्य ठाने । सबैले हाँसीखुसीका साथ खाना खाए । खाना खाएपछि सबैसँग बिदा भएर प्रशन्न आफ्नो डेरातर्फ लागे भने रोहिणी आफ्नो कोठातर्फ लागिन् र पलङ्गमा पल्टिन् । आँखामा त्यो क्षण आयो प्रशन्नलाई आफूले नयाँ डेरामा लग्दा प्रशन्नले त्यो घरलाई रोहिणीकै

घर सम्झे । त्यो कोठालाई रोहिणीकै कोठा सम्झेर भने, 'रोहिणी यति राम्रो कोठा यति राम्रो घर रहेछ । मजस्तो गाउँले यस घरमा आउँदा तिम्रो बाबाले के भन्नुहोला ?'

रोहिणीले हाँस्दै भनिन्, 'भविष्यको इन्जिनियर साप यो घर मेरो होइन । यो तपाईंको डेरा हो । तपाईंले नाईं-नास्ती गर्नुहोला भन्ने सम्झी हामीले तपाईंलाई नभनी यो सजावट गरेका हौं । सानो खाना पकाउने किचेन भित्र छ । यहाँ बसेर पढ्ने, मलाई सम्झने वस् ।'

प्रशन्नले कोठाको वरिपरि आँखा डुलाए । बक्सखाले पलङ, ठूलो खानदानी मानिस सुत्नेजस्तो ओछ्यान, सोफा, मेच, टेबुल काठकै बडो सुन्दर दराज । करिबकरिब कोठा नै ढाक्ने जत्रो नेपाली गलैंचा ओछ्याएको । अट्याज बाथरुम । त्यो सबै हेरेर टाउको समात्दै प्रशन्नले भने, 'रोहिणी यो के गरेकी तिमीले ? कतिन्जेल यो थारो गाईलाई घाँस हाल्छ्यौ ? म कहिलेसम्म तिमीहरूको आदर्श परिवारलाई दुःख दिऊँ ?'

'आँटी छोरालाई बाघले खाँदैन' भन्ने उखान छ नि ! पख्नोस् पछि तपाईंको कमाई भएपछि म एकएक गरेर सबै पैसा असुलिहाल्छु नि । अहिले भने हाम्रो खुसीका लागि हामीले जे भन्छौं बिन्ती मानिदिनोस् । यो कोठा ममी आफैंले मान्छे लगाएर खोज्न लगाउनुभएको हो । तपाईं निरास हुनुभयो भने उहाँको पनि मन दुख्छ ।'

प्रशन्न मन थाम्न नसकेर रोए । रोहिणीले लोग्नेमान्छे त्यसरी रोएको पहिलोपल्ट नै देखेकी थिइन् । रोहिणीले सम्झाइन्, 'तपाईंले रुनुपर्ने त कुरै छैन । म तपाईंका लागि त प्राण नै दिन सक्छु । यदि म छिंडीमा सुतेकी हुन्थें भने के तपाईं मलाई त्यही अवस्थामा छोड्नुहुन्थ्यो त ? अवश्य सक्नुहुन्थेन । मैले तपाईंलाई दुःख पर्दा यति पनि गरिनँ भने प्रेमको अर्थ नै के भयो र ?'

प्रशन्नले आँसु पुछ्दै भने, 'रोहिणी, तिम्रो ममीबाबाले मलाई यति माया गर्नुको पछाडि कुनै कारण त अवश्य छ । उहाँहरूको पनि प्रेमविवाह हुनुपर्छ, हो ?'

'त्यो त होइन, कुरा के रहेछ भने मेरो बाबाको मामाघरनजिकै मेरी आमाको माइती रहेछ । मेरो हजुरआमा मरेपछि मेरो हजुरबाबाले सम्पूर्ण सम्पत्ति रक्सी र सुन्दरीका लागि स्वाहा पार्दै जानुभएछ । ममीको चारजना दाजुहरू विवाह गरेर घर छोडी गएपछि मेरो हजुरबुबाको झन् मनोमानी चलेछ । रक्सी खान पैसा नभएपछि मेरो हजुरबुबाले बाँचुन्जेल रक्सी खान दिनुपर्ने सर्तमा राधे साहुलाई सत्र वर्षकी ममी दिने कुरा गर्नुभएछ । पचास-पचपन्न वर्षको राधे साहुले हुन्छ नभन्ने त कुरै थिएन । हजुरबुबाको सल्लाहमै ऊ एक रात ममीलाई बलात्कार गर्न आएछ । मेरी ममी रोइकराई गर्दै राधे

साहुबाट बचेर बाबाको मामाघरमा आउनुभएछ । संजोक मेरो बाबा पनि त्यही दिन मामाघर बज्रबाराही जानुभएको रहेछ । बाबाको हजुरआमाले मेरो ममीको बारेमा सबै कुरा बताएपछि बाबालाई ममीको धेरै माया लागेछ । त्यही दिन राति नै कसैको कुरा नसुनी ममीले नाइँ जान्न भन्दाभन्दै घिस्याउँदै आफ्नो घर ल्याउनुभयो रे । घर ल्याएपछि हजुरबा हजुरआमाले माहिलाले हाम्रो नाक काट्यो भनी धेरै चित्त दुखाउनुभयो रे । पछि हजुरबा र हजुरआमालाई ठूलोममी र आन्टीले धेरै हेला गरेपछि हाम्रै ममीबाबासँग आएर बस्नुभयो रे । हजुरबा, हजुरआमाले भनेको म अलिअलि थाहा पाउँछु । उहाँहरू पनि भन्नुहुन्थ्यो- 'मन सानो हुने मान्छे मात्र गरिब हो नानी, पीताम्बरालाई हामीले चिन्न भूल गऱ्यौं । आज पछुतो लाग्छ ।'

प्रशन्नले सोधे, 'अहिले तिम्रो घरको हजुरबुबा, हजुरआमा, मामाघरको हजुरबुबा खोई त ?'

'घरको हजुरबा, हजुरआमा म सानो छँदैमा बित्नुभयो । मामाघरको हजुरबा पनि म दस-बाह्र वर्षकी छँदा एकाबिहानै रक्सी खाएर आर्यघाटमा नुहाउँछु भनेर जानुभएछ र असार महिनाको उर्लिरहेको आर्यघाटमा पस्नुभएछ । बाढीले कता पुऱ्यायो पत्तै भएन रे ! मेरो ममी र बाबाबाट विवाह गरेको पन्ध्र-सोह्र वर्षसम्म पनि बच्चा नभएपछि हजुरबा, हजुरआमाले बच्चा पाऊन् भनेर डाक्टर वैद्य आदिका लागि धेरै पैसा खर्च गर्नुभयो रे । हामी जन्मेपछि उहाँहरू ज्यादै खुसी हुनुहुन्थ्यो रे । म जन्मेकै साल बाबा प्रशासन अधिकृत हुनुभएको रे, त्यसैले मलाई छोरी भाग्यमानी छे भन्नुहुन्थ्यो ।'

प्रशन्नले भने, 'उहाँहरूको जीवनमा पनि दुःख परेकै रहेछ । तिमीलाई चाहिं के भाग्यमानी भन्नु मजस्तो... ।'

'इलम भनेको लाख हो, धन भनेको खाक हो' मेरो बाबाममी सधैं यही भन्नुहुन्छ । तपाईंको इलम देखेरै तपाईंलाई मन पराउनुभएको हो । धनी त काठमाडौंमा जति छन् तर इलमी भने कम । मेरो ममीबाबालाई बाबुआमाको सम्पत्तिमा रजाइँ गर्ने मान्छे त्यति मन पर्दैन ।'

'मचाहिं कसको सम्पत्तिमा रजाइँ गर्दैछु ? के म लाछी होइन ?'

रोहिणीले रिसाउँदै भनिन्, 'फेरि त्यही कुरा, मेहनत गर्दागर्दै नभएपछि कसको के लाग्छ ? हेर्नोस् न म पछि फस्ट क्लास इन्जिनियरकै श्रीमती बन्छु ।'

प्रशन्नले भने, 'रोहिणी, म तिम्रो हर सपना साकार पार्छु । तिम्रो आँखाबाट एक थोपा दुःखको आँसु झर्न दिन्न । यो मेरो प्रतीज्ञा नै भयो ।'

रोहिणीले प्रशन्नकै कुरा सम्झेर आधा रात बिताइन् ।

# सोह्र

'मौसमी फेरि पनि आउन ढिला गऱ्यौ, आज पनि जाम थियो कि ?'

मौसमीले कारमा बसेर लामो सास फेर्दै भनी, 'हेर्नोस् न कस्तो बोर हिंड्नै लागेकी थिएँ, बाबु टुप्लुक्क आइपुगे । मलाई र कोठालाई देखेर ज्यादै खुसी हुँदै भने, 'नानी, राम्रै जागिर पायौ कि क्या हो ? यो कोठा र तिमी नै नचिनिने भइछौ । मलाई ज्यादै खुसी लाग्यो, मैले देखेको सपना सबै साकार हुने भयो ।'

मैले भने, 'हो बा राम्रै जागिर पाएकी छु । चाँडै अफिस पुग्नुपर्छ, भाँडाहरूमा भात, तरकारी छ झिकेर खानु, म गएँ, भरे कुरा गरौंला भन्दै फुत्किएर आएँ । बाबु कुरौनी, घ्यूको कुरा गर्दै थिए म भरे सुनौंला भन्दै टाप कसें । आज हामी कहाँ जाने त ?'

निमेषले मुख बिगार्दै, कारलाई थानकोटतर्फ मोड्दै भने, 'यहीं जानुपर्छ भन्ने के छ र, बूढा पनि कस्तो साइतमा आएछन् ? अब हामी पर्सि नजाने त ? बूढालाई कसैगरी भए पनि घर पठाइदेऊ पर्सि त जानैपर्छ । बुटवलका कविबाहेक दुई ग्रुपचाहिं हामीसँगै जाने रे । कविचाहिं नजाने रे । त्यो च्याखुरे कवि त आफ्नै प्रेमिकाको कुरा हार्न नसकेर पो नगरकोट आएको रहेछ । कविता सुहागरातको गरे पनि प्रेमिकालाई छोएकै रहेनछ । देखिनौ, त्यसको प्रेमिकाको मुड कस्तो थियो । मोरा लाछीले प्रेमिकाको रहर पनि पुऱ्याएनछ ।'

'ए हो, तिनी किन रिसाइन् भनेको त कारण त्यो पो रहेछ, तपाईंहरू भने... । ल त्यो कुरा छोडौं, बाबुको पीर नगर्नोस् । आउन त औषधि-सौषधि के-के गर्न आएका रे, आजभैं बहाना बनाई भोलि नै गाउँ पठाइदिन्छु । भोलि बेलुका उनीहरू बुटवलबाट आएपछि सँगै होटलमा बस्नुपर्छ है । साह्रै रमाइला छन् मोरामोरीहरू, धेरै हँसाउने त कवि हो त्यही नपुङ्सक परेछ, नत्र किन मुखमा आएको फल छोड्थ्यो । केटी मुर्मुरिइरहेकी थिई । अब कविलाई त्यस केटीले पनि छोड्छे । बडो आदर्श बन्न खोज्दो हो मोरो, अब आदर्शको फल राम्रै चाख्छ त्यसले । अब इन्डियातिर घुमेर आएपछि चाहिं हामी पनि विवाह गरौं है ? अस्ति घरबेटी बाले भन्थे, 'तिमी छोरीजस्ती भएर भनेको आजकाल तिम्रो रूपरङ्ग अर्कै छ । आफूलाई सम्हाल बा, नबुझी हिंड्दा अगाडि खोलो पछाडि भड्खालो होला ।' सबैसबैले हाम्रो प्रेमलाई अङ्गालोको माया भङ्गालोको पानी नै सम्झेका छन् । अबचाहिं म सबैको घृणा सहन सक्दिनं है ।

निमेषले मौसमीको गाला चिमोट्दै भने, 'हुन्छ मैयाँ अबचाहिं विवाह गर्ने समय आयो । इन्डियाबाट फर्केको पर्सिपल्टै झ्याईकुटी ठोकौंला । तिमीसँग टाढा बस्न कहाँ मन छ र ? तिमी नै मेरो सर्वस्व हौ । तिमी नभई एकक्षण पनि काट्न गाह्रो हुन थाल्यो मलाई ।'

म पनि त तपाईं भनेपछि ज्यान नै दिन्छु नि ! नत्र बाबुलाई ढाँटीढाँटी किन आउँथे ? साँच्चि अहिले त दार्जिलिङमा जाडो निक्कै होला, राम्रो कोट छैन किनिदिनोस् । बुटवलकाहरू कस्ताकस्ता भएर आउलान् ।'

'अकबरी सुनलाई कसी लाउनुपर्दैन ।' तिमी त्यसै राम्री नै छ्यौ, उनीहरूले जति राम्रो लगाए पनि अनुहार त्यही हो । एउटी नाक चुच्ची, अर्की भ्यातुल्ली काली तिमी उनीहरूका अगाडि त साँच्चै के भनौं र भर्खरै फुलेको फूल जस्तै देखिन्छ्यौ । कविले तिम्रो बखान गर्दै थियो । म सोच्थें कवि त छट्टु होला तर गर्जने बाघले खाँदैन भनेको सोह्रैआना ठीक रहेछ ।'

मौसमीले कुरा थपी, 'कविहरू त अरूको भावना बुझ्छन् भन्थे । उसले यहाँसम्म ल्याएर प्रेमिकाको भावना नै बुझ्नेछ र त्यो सिकारु कवि भएर होला होइन ?'

'मौसमी त्यो त के सिकारु कवि हुन्थ्यो, राम्रै कवि हो रे । आफन्त कोही नभएर पो पछाडि परेको रहेछ मोरो ।'

'साहित्यमा अगाडि बढ्न पनि आफन्त चाहिन्छ त ?'

मौसमी जहाँ पनि आफन्तै चाहिन्छ रे । कवि त्यसै भन्थ्यो । कविले प्रेमिकाको साथचाहिँ पाउने भएन, अब कविले कविता लेखेरै मरोस् । जाऊँ, के-के किन्ने हो । मलाई पनि राम्रो ज्याकेट छानिदेऊ, घुम्न जाँदा तिमीले नै छानेको ज्याकेट लाउँछु ।

मौसमी फुरुङ्ग भएर हाँसी । निमेषले कार फर्कायो । दुवै कपडा पसलतर्फ पसे ।

ढोकामा आवाज आएपछि मौसमीको बाबु विष्णुराजले ढोका खोल्दै भने, 'छोरी किन छिट्टै आयौ ? अफिस छुट्ने समय त अझै भएको छैन क्या रे ?'

मौसमीले कपडाहरू सोफामा राख्दै भनी 'हेर्नोस् न बा, अपझ्झट मलाई पर्सि नै अफिसबाट काजमा जानुपर्ने भयो, त्यसैले कपडाहरू किनेर ल्याएकी । विष्णुराजले चिप्रा लागेका आँखाहरू पुछ्दै भने, 'नानी, सहनै नसक्ने गरी छाती दुख्ने गरेको तँलाई थाहा नै छ । हिजोआज त झन् अचाक्ली छाती दुख्न थाल्यो बा ! छोरा, बुहारीले नै पीडा कति सहन्छौ, एकपल्ट काठमाडौं जँचाएर आउनु भनेर पठाएका हुन् । नत्र यो मङ्सिरमासमा यहाँ किन आउँथें ? आएपछि नजँचाई फर्किंदा के भन्लान् ? तिमी कहाँ जान्छु भन्छ्यौ, म बूढोलाई कोसँग जचाउनुपर्छ थाहा छैन । तिमीलाई क्याम्पस भर्ना गर्न सहयोग गर्ने इन्द्रे पनि अरब गएछ, अब के गर्नु ल ?'

मौसमीले भनी, 'अलिक दिनका लागि म छाती दुख्दा कम हुने औषधि किनेर ल्याइदिन्छु त्यही लिएर जानु फेरि पछि आउनु अनि म राम्रोसँग जँचाइदिउँला ।'

विष्णुराजले आंखाभरि आँसु पार्दै भने, 'ठीकै छ केही समयका लागि औषधिले काम चलाउँला। जागिर भन्ने कुरो आफूले चाहँदैमा पाइँदैन। मैले गर्दा जागिरबाट हात धुनुपर्‍यो भने नमज्जै हुन्छ। म भोलि नै घर जाउँला। घ्यू, सिरौंला, भागो ल्याइदिएको छु राख। मलाई तातो दुई गाँस भात खान देऊ। म त भोकले मर्न लागें बा !'

मौसमीले राइसकुकर हेर्दै भनी, 'भात खानु त भनेकै थिएँ नि, किन नखाएको त ?'

हिउँजस्तो चिसो भात, त्यसमाथि दाल, तरकारी कहाँ थे केही मेसो पाइनं। भात त देखेकै हुं। तताउने ढङ्ग भएन।

मौसमीले स्वीच अन गर्दै भनी, 'ल म भात तताइदिन्छु हात धोएर आउनोस् ।'

'भात त आगोमा नै तताइदेऊ, चिसो खाने भए त अघि नै खाइहाल्ये नि !'

मौसमीले दाल तरकारी ओभनमा राखेर तताई, भात राइसकुकरमै तताई। केही क्षणमै तातोतातो दाल, तरकारी भात पस्केको देखेर बूढाले तीन छक पर्दै भने, 'नानी ! तैंले के जादु गरिस् हँ ? बिनाआगो सबै खानेकुरा हेर्दाहेर्दै तताइस् ?'

मौसमीले करेन्टबाट सबै पाक्छ, तात्छ भनेर सम्झाएपछि कृष्णराजको मन केही शान्त भयो। उनले खपाखप भात खाए। आफ्नी छोरीको प्रगति देखेर कृष्णराजले सबै पीडा भुले। छोरीतिर हेर्दै भने, 'यत्रो सहरमा तिमीलाई एक्लै छाडेर जाँदा तिम्रो पीरले कति दिनसम्म त उठ्नै सकिनं। आज भने मन हलुङ्गो भयो। तिमीलाई यतै दिन पाए म सोझै स्वर्ग पुग्थें।'

'मेरो चिन्ता नै नगर्नोस्। सबै राम्रै हुन्छ। दाइको छोराछोरी, दिदी, दिदीको छोराछोरीलाई त राम्रै होला।'

सबैलाई राम्रै छ। मलाई भात लागेजस्तो छ, म सुत्छु। छाती दुख्दा खाने औषधि र नाति-नातिनालाई केही कपडा ल्याइदेऊ, पैसा इस्टकोटको खल्तीमा छ।

मौसमी औषधि र कपडा लिन बाहिर निस्की। कृष्णराज प्रशन्न मुद्रामा सोफामा सुते। मौसमी ब्रुफिनको दस/पन्ध्र पत्ता र कपडाहरू लिएर आई, सबै बाबुलाई देखाई। कृष्णराज खुसी भए। औषधिको पत्ता भने इस्टकोटको खल्तीमै राखे। भोलि बिहान घर जानका लागि मौसमीले ल्याइदिएको कपडा मिलाएर राखे।

# सत्र

'हेलो ! रोहिणी किन फोन गरेकी, त्यहाँ सबैलाई त सन्चै छ ?'

'अं सबैलाई सन्चै छ। तं अहिले बिहानको खाना खाने गरेर यतै आइज।

मैले तसँग माफ पनि माग्नु छ ।'

'होइन के भन्छे यो, किन माफ माग्नुपर्‍यो ? छिटो भन्, कोही बिरामी परेको त होइन ?'

'सत्य कोही बिरामी छैन । दिदी तँ आउने भनेर खुसी हुँदै तँलाई मनपर्ने खाना बनाउँदै हुनुहुन्छ ।'

'ए हो, त्यसो भए म आइहालें । ल भेटेरै कुरा गरौंला, बाई ।'

रोहिणीले पनि बाई भन्दै फोन राखिन् । शालु हतारहतार कपडा लगाएर रोहिणीको घरतर्फ लागिन् ।

'शालु दिदी' भन्दै सौजन्यलाई खेलाइरहेको वीरु चिच्यायो । शालुले वीरु र सौजन्यलाई ठूलो क्याटबरी दिइन् । दुवैको गालामा म्वाइँ खाइन्, भर्खर टुकुटुकु हिँड्न थालेको सौजन्यलाई केहीबेर बोकेर बगैंचा वरिपरि घुमाइन् । वीरुले शालुको अनुहारतिर हेर्दै भने, 'दिदी तपाईं जहिले पनि सौजन्यलाई देख्नेबित्तिकै किन आँसु झार्नुहुन्छ ?'

शालुले आफ्नो आँखामा भरिएको आँसु पुछ्दै भनिन्, 'तिमीहरू दुवैको खुसी देखेर रोएकी नि ! ल भन वीरु तिम्रो पढाइ कस्तो छ ?'

'पढाइ राम्रै छ, ममीले बिहान-बिहान ट्युसन पढ्न पठाउनुहुन्छ । आज शनिबार भएकोले बिदा छ । शालु दिदी, म पनि तपाईंको नामबाट नै मेरो नाम राख्छु क्या !'

'होइन के भनेको तिमीले, मैले त कुरै बुझिनँ ।'

वीरुले अँध्यारो मुख लगाउँदै भने- 'अँ बुझिनँ रे, ममीले भनेको तपाईंको नामसँग मिल्ने नाम भाइलाई राखेको रे, तपाईं शालु भाइ सौजन्य मलाई सबै थाहा क्या ! तपाईंको जस्तो नाम राख्यो भने मान्छे ज्ञानी हुन्छन् रे । बाजेले भाइको नाम अर्कै राखेका थिए रे ।'

शालु जिल्ल परिन् । उनले त नाममा त्यति चासो दिएकी थिइनन् । शालुको मन खुसीले फुरुङ्ग भयो ।

वीरुले शालुलाई हल्लाउँदै भने, 'दिदी मेरो नाम पनि फेर्ने, ममीलाई भनिदिनोस् ।'

शालुले गहभरि आँसु पार्दै भनिन्, 'वीरु दिदीले मेरो माया लागेर मलाई राम्रो भन्नुभएको हो । वीरु नाम कहाँ नराम्रो नाम हो र, तिमी धेरै पढ, ज्ञानी होऊ, तिमीलाई पनि सबैले माया गर्छन् ।'

वीरुले खिन्न हुँदै भने, 'तपाईं सौजन्यलाई मात्र माया गर्नुहुँदोरहेछ, त्यसैले मेरो नाम फेर्नु चाहनुभएन ।'

शालुले वीरुको गाला मुसार्दै भनिन्, 'वीरु म दुवैलाई माया गर्छु । तिमीलाई वीरु नाम मन पर्दैन भने दिदीलाई कुरा गर्छु, हुन्छ ?'

वीरु दङ्ग परे । शालु सिधै भान्सामा पसेर कान्छीको आँखा छोपिन् । कान्छीले हात झिक्दै भनिन्, 'हेर हातको के गति पारेको ? हजुरको छाया मात्र देखे पनि हजुरलाई चिन्छु, बुझिस्यो ? ल बसिस्यो, पहिला दूध र पनिर पकौडा नै खाइस्यो अनि कुरा गरौँला ।'

शालुले दूध पिउँदै वीरुले भनेको कुरा सुनाइन् ।

कान्छीले आँखाभरि आँसु पार्दै भनिन्, 'वीरुले धेरैपल्ट नाम फेर्ने कुरा गरेका थिए । मैले वास्तै नगरेपछि हजुरलाई भनेछन् । ल भन्नोस् उसको नाम के राखिदिने ?'

शालुले केहीबेर सोचेर भनिन्, 'सौरभ राख्दा हुँदैन ?'

'हुन्छ भइहाल्छ नि ! उनलाई 'श'बाट नै आउने नाम चाहिएको हो । सौरभ नाम साह्रै राम्रो छ ।'

'होइन, यो मोरी कुन बेला आएकी ? आफ्नो आमाछोरी भएपछि त हामी किन चाहियो ? दिदीको मुखबाट कहिलेकाहीं आफ्नो प्रशंसा सुनौं भन्यो कहिल्यै पाइएको होइन । सधैं मेरो शालु मैयाँसाप यस्तो, मेरो शालु मैयाँसाप उस्तो भन्नुहुन्छ भन्या । यो मोरी पनि त्यस्तै छे, फोन गऱ्यो कि पहिलै भन्छे-रोहिणी घरमा सबैलाई सञ्चै त छ ? तँलाई कस्तो छ ? भनेर सोधेको त मैले सुनेकी नै छैन । ल दिदी हामी कोठामा गयौं ।' शालु र रोहिणी नै कोठाभित्र पसे । कान्छी हाँसिन् मात्र ।

शालुले रोहिणीसँगै सोफामा बस्दै भनिन्, 'रोहिणी तँ यतिविघ्न खुसी छस्, कुरा के हो भन्न ?'

'पहिला तँ रिसाउन्न भनेर कसम खा अनि मात्र भन्छु ।'

'तँसँग म किन रिसाउनु ? म सधैं तेरो फोटोलाई हेरेर भन्छु, भगवान् यदि अर्को जन्म हुने भए मलाई रोहिणी नै साथीको रूपमा पठाइदेऊ । तेरो कारणले त मैले सबैको सुख देख्न पाएकी छु । दिदीलाई केही नराम्रो भएको भए म कसरी बाँच्थें होला ? ल सबै कुरा छोडौं, भन् कुरा के हो ?'

रोहिणीले शालुको हात समात्दै प्रशन्नसँग भेट भएदेखिको सबै कुरा बताइन् । विवाहका लागि कुरा छिनेर स्वयम्बर गरेर मात्र अर्को हप्ता पाकिस्तान इन्जिनियर पढ्न जाने कुरा पनि बताइन् । स्वयम्बरमा डाक्नुपर्ने मान्छेहरूको लिस्ट लामै देखाइन् ।

रोहिणीको कुराले एकैछिन त शालुलाई आफू सपनामै छु जस्तो लाग्यो, शालु टोलाइरहिन् ।

रोहिणीले मसिनो स्वरमा भनिन्, 'विन्ती नरिसा शालु, मैले कतिपल्ट तँसंग आफ्नो प्रेमको बारेमा भन्न चाहें तर सक्दै सकिनँ । तँ भन्थिस् नि सबैको प्रेम विषाक्त हुँदैन भनेर, विश्वास गर हाम्रो प्रेम पनि विषाक्त होइन । हामी एक-अर्काबिना बाँच्न पनि सक्दैनौं त्यसैले सबैको सल्लाहले उहाँ स्वयम्बर गरेर जान लाग्नुभएको हो ।'

शालुले हाँस्दै भनिन्, 'तँ मलाई पनि बोल्न दिन्छेस् कि आफूमात्र बोल्छेस् हँ ? तैंले जे गरिस् राम्रै गरिस् । म त सधैं तेरो खुसी नै चाहन्थें । तेरो प्रेममा समर्पण छ । रोहिणी, प्रेममा त्याग होस्, स्वार्थ नहोस् । मैले तँलाई माने, लैलामजनुको प्रेमभन्दा तिमीहरूको प्रेम कम छैन । सबै प्रेमी-प्रेमिका तिमीहरू जस्तै हुँदाहुन् त म किन टाउको दुखाउँथें ? तँलाई बधाई छ रोहिणी बधाई छ । आफू डुबेर तैंले प्रेमीलाई उतारिस्, त्यसो भए तँ फेल हुनुको रहस्य मैले बुझें । दुबैजनालाई पढाउन बाबुआमाले सक्नुहुन्न भनेर तँ जानीजानी फेल भइस्, नत्र तँ फेल नै चाहिँ हुन्थिनस् ।'

रोहिणीले शालुको मुख छोप्दै भनिन्, 'शालु तँ पनि, हेर यो वास्तविकता ममी-बाबाले थाहा पाउनुभयो भने साह्रै मन दुखाउनुहुन्छ । यो कुरा तँ र ममा मात्र सीमित रहोस् । म के गरौं तँ नै भन् उहाँलाई पढ्न पठाउनका लागि त कार नै बिक्री गर्नुपर्ने भयो । जस्ट पास मात्र भए पनि हामी तिमीलाई डाक्टर नै पढ्न पठाउँछौं भन्न थाल्नुभयो, त्यसैले...' भन्दै रोहिणी रोइन् ।

'उफ ! रोहिणी तेरो प्रत्येक कुरा मान्ने ममी-बाबाले तेरो त्यो इच्छालाई पनि त पूरा गरिदिनुहुन्थ्यो होला नि !'

'शालु तँलाई थाहा छैन, उहाँहरूले हाम्रो प्रेमलाई स्वीकार गर्नु भए पनि पढाइको प्रथम प्राथमिकताचाहिँ मलाई नै दिनुभएको थियो । मेरो रिजल्ट बिग्रेपछि बल्ल प्रशन्नलाई बाहिर पठाउने कुरा उठाउनुभयो ।'

'तँ पीर नगर अर्को वर्ष म राम्रोसँग फेल भएको बिषय पास गर्छु । ल अब यी कुरा यहीं छोडौं । भन क्याम्पसको साथी कति जनालाई बोलाउने ?'

'सोचेर बोलाए भइहाल्छ । म भने तेरो ममीपापालाई भेटेर आउँछु' भन्दै शालुले पहिला रोहिणीको बाबुलाई भेटिन् । सबै कुरा भएपछि आमासँग भेटिन्, पीताम्बरा प्रशन्नको कुरा गरेर हर्षित भइन् । कुरा गर्दागर्दै प्रशन्न पनि टुप्लुक्क आइपुगे । पीताम्बराले नै शालुको परिचय गराइन् । रोहिणीको मुखबाट पनि धुप्रैपल्ट शालुको नाम सुनेको बताए प्रशन्नले । प्रशन्न आएको गन्ध पाउनेबित्तिकै रोहिणी कोठामा आइन् । प्रशन्नलाई देख्नेबित्तिकै रोहिणीको आँखामा आँसु छचल्कियो । उनी केही बोल्न नसकी बैठककोठामै बसिन् । रोहिणीको त्यो चाल देखेर सबै एकैछिन मौन रहे । खाना खाने बेला पनि भएकोले सबै भान्सातिर लागे । शालुले दिदीलाई खाना दिन सघाइन् । रोहिणीले दुई-चार

गाँस बल्लबल्ल खाएर उठिन् । पुन: सबैजना बैठककोठामा जम्मा भए । रोहिणी र प्रशन्नको अनुहार भने उदास थियो । स्वयम्वर गर्दा पार्टी दिने विषयमा छलफल भइरहेको थियो । त्यति नै खेर फोन आयो, फोन नजिकै बसेका रोहिणीको बाबुले फोन उठाए । हलो ! को बोलेको, प्रमोद, ओ लन्डनबाट पो, ल भन् ममीडेडी सबैलाई सन्चै छ ? लौ भाइ मऱ्यो रे, कसरी ? हस्पिटल लग्दालग्दै ? एपेन्डिसाइटको शङ्का गरे सबैले ? ल बाबुआमालाई पीर नगर्नु भन्नु । अरू के भनौं ल ल राख बाबु, राख ।

पीताम्बराले डराउँदै सोधिन्, 'होइन के भयो ?'

'के हुनु, काकाको कान्छो नाति तरुण हिजो मरेछन्, त्यसैले खबर गरेका हुन् ।'

पीताम्बराले च्व ! च्व ! गर्दै भनिन्, 'नाति जन्मेको त थाहा नै थिएन कसरी मरेछन् रे ?'

'एपेन्डिसाइटले मरे भन्ने शङ्का छ रे' केशवले जवाफ दिए ।

'अहो ! त्यसो भए स्वयम्वर रोकियो त ?' पीताम्बरा झस्किन् ।

'ला ! हो त ! स्वयम्वर त रोकियो नि !' केशवले कुरा टुङ्ग्याउन नपाउँदै अँध्यारो मुख लगाइरहेकी रोहिणी रुन पो थालिन् ।

शालुले रोहिणीको हात समाउँदै भनिन्, 'रोहिणी पीर गर्नुपर्ने त कुरै छैन । स्वयम्बर गर्दैमा तिमीहरूको माया बढ्ने र नगर्दैमा तिमीहरूको माया घट्ने होइन । तिमीहरू एक-अर्कालाई विश्वास गर्छौ, त्यही नै ठूलो हो, होइन त प्रशन्नजी ?'

'हो, शालुले ठीक भन्नुभयो । माया नै ठूलो हो ।' प्रशन्नले पनि शालुको कुरामा नै समर्थन गरे ।

सबैले विश्वास र मायाभन्दा ठूलो केही पनि हुँदैन भन्ने कुराको पुष्टि गरे । रोहिणी र प्रशन्न दुवैले मन बुझाउन करै लाग्यो । शालु दिनभरि बसेर साँझसाँझ घर आइन् ।

रहँदा-बस्दा प्रशन्न पाकिस्तान पढ्न जाने दिन पनि आयो । कान्छीदिदीले साइत गरेर पठाउने भएकोले प्रशन्न पाकिस्तान जाने अघिल्लो दिन रोहिणीकैमा बसे । रोहिणी एक्लै कोठामा रोइरहेको देखेपछि केशवले नै प्रशन्नलाई सम्झाउनु भनी आग्रह गरे । रोहिणीको त्यो अवस्था देखेर प्रशन्नलाई पनि नमज्जा लाग्यो । उनले कोठा बन्द गरी रोहिणीको नजिक बस्दै सम्झाए, 'हेर रोहिणी तिम्रो पीरले गर्दा घरमा सबैले चिन्ता मानेका छन्, तिमी जेठीबाठी छोरी, तिमीले पो सबैलाइं सम्झाउनुपर्छ त ! म लडाईंमा नै त जान लागेको होइन । प्रत्येक कालो रातपछि दिन आउँछ भन्ने कुरा हामीले भुल्नुहुँदैन । मायाको

गहिराइमा डुबिसकेपछि जिउन गाह्रो हुँदोरहेछ । त्यसो भन्दैमा कर्तव्य पनि भुल्नु भएन । केही समय पीडा सहेपछि हामी सदाका लागि पीडामुक्त हुन्छौं । तिमीले आफूलाई सम्हाल्यौ भने म सन्तोषको सास फेर्छु, तिमी चिन्तामा डुब्यौ भने म कसरी पढ्न सक्छु भन त ?'

रोहिणी रोइन् मात्र, प्रशन्नले भने, 'रोहिणी तिमी यसरी विलाप गर्छ्यौ भने म पढ्न नै जान्न ।'

रोहिणी केही बोल्न नसकी आफ्नो कोठामा आइन् । प्रशन्नले अनेकौं सहानुभूतिका शब्दहरू खन्याए पनि रोहिणीको हृदय प्रशन्नको मायाले जलि नै रह्यो । रोहिणी पटक्कै निदाउन सकिनन् । रोहिणी जति छट्पटाए पनि समयले आफ्नो गति लिई नै रह्यो । भोलिपल्ट बिहान रोहिणी र प्रशन्नले नै एक-अर्कालाई हेर्न र बोल्न सकेनन् । कान्छीदिदीले साइतको टीकामाला लगाएर बिदाइ गरिन् । एयरपोर्टमा रोहिणी जान सकिनन् । केशव, पीताम्बरा र चन्द्रकान्त मात्र गए । केशवले प्रशन्नलाई बिदा गर्नुअगाडि 'हामीले तपाईंलाई आफ्नै छोरा सम्झेका छौं । हाम्रो विश्वासलाई नटुक्र्याउनुहोला । रोहिणीलाई तपाईंले चिन्नुभएकै छ, त्यसैले सक्दो चाँडो फोन गर्नुहोला' भन्न भुलेनन् ।

प्रशन्नले पनि विश्वास नटुक्र्याउने, मन लगाएर पढ्ने, चाँडै फोन गर्ने कुरा बताएर बिदा भए ।

# अठार

ढोकाको घन्टी लागेपछि शालुले ढोका खोलिन् र त्यो घन्टी लगाउनेलाई केहीबेर हेरेर भनिन्, 'तिमी मोना होइनौ ?'

मोनाले हो भन्ने सङ्केत गर्दै मुन्टो हल्लाइन् । शालुले मोनालाई कोठामा डाकेर सोफामा बस्न आग्रह गर्दै भनिन्, 'बसन मोना, तिमी त ज्यादै ठूली पो भइछौ । पहिलाकै घरमा छौ कि अन्तै छौ ?'

मोनाले गहभरि आँसु पार्दै भनिन्, 'दिदी आज नै त्यो घर छाडेर आएँ । तपाईंले नै मेरो मर्म बुझिदिनुहुन्छ भनेर यहाँ छिरेकी हुँ ? कान्छीदिदीलाई यो समाजले चरित्रहीन नै ठहऱ्याएछन् नि होइन ? मेरी आमा त्यसै भन्थिन् । मेरो मनले अझै पनि भन्छ उनी त मायाको सागर हुन्, चरित्रहीन होइनन् ।'

शालुले फिस्स हाँस्दै भनिन्, 'मोना तिमी र मजस्ता यो समाजमा कति नै जन्मन्छन् र ? तिमी र म जस्ताको कुरा फेरि कसले सुन्ने ? तिमी असभ्य जँड्याहाकी छोरी म सभ्य जँड्याहाकी । पर्न त हामी दुवै जँड्याहाकी छोरी

पऱ्यौ । फरक यति छ, मान्छेहरू तिम्रोअगाडि नै कुरा काट्छन् भने मेरोचाहिँ पछाडि कुरा काट्छन् । आखिर कुरा त काट्छन् नै । तिमीले किन घर छोड्यौ त ?'

मोनाले केहीबेर मौन रहेपछि रुँदै बोली फुटाइन्, 'दिदी मालिक्नी यो संसारमा हुनुहुन्न, उहाँ मारिनुभयो, त्यो पनि आफ्नै लोग्नेबाट ।'

शालुले आश्चर्य मान्दै भनिन्, 'मोना तिमी भ्रममा पऱ्यौ कि ! देख्दा त त्यस्तो पापीझैं लाग्दैनथ्यो ऊ ।'

'के भ्रममा हुनु नि दिदी, मैले भोलिपल्ट बिहान आफ्नै आँखाले दुईटा तकियामा रगत देखेकी हुँ । उसले अवश्य निदाएको बेलामा तकियाले थिचेर मारेको हुनुपर्छ । मैले यो कुरा पुलिसलाई पनि भनें तर पुलिसले त ब्लडप्रेसर हाई भएर मरेको मुचुल्का तयार पाऱ्यो ।'

'होइन मार्नैपर्ने कारणचाहिँ के थियो र ?'

'के हुन्थ्यो र दिदी, बूढी मालिक्नीबाट त्यो यौनप्यासी सन्तुष्ट हुँदैनथ्यो । मालिक्नीलाई मारेर ऊ स्वतन्त्र हुन चाहन्थ्यो । उसको आँखा म पापिनीमाथि थियो । ऊ मलाई सम्पूर्ण सम्पत्ति दिन्छु भनेर बेलाबेलामा फकाउँथ्यो । म उसको कुरा एक कानबाट सुनेर अर्को कानबाट उडाइदिन्थें । मालिक्नी मेरो चरित्रले गर्दा मलाई असाध्यै माया गर्नुहुन्थ्यो । म पनि उहाँलाई असाध्यै माया गर्थें । त्यस घरमा गएको दुई-चार वर्ष त म त्यसको गिद्दे आँखाबाट बचें । मालिक्नीसापको आमा मरेकोले उहाँ महाराजगन्ज माइत जानुभयो, त्यस रात त्यो अधर्मीले ज्वरो आएको निहुँ पारी मलाई तातो पानी लिएर आउनु भनी आफ्नो कोठामा डाक्यो । म डराउँदैडराउँदै कोठामा पसें । कोठामा पसेपछि हतारहतार ढोका पो लगायो ! मैले डरले चिच्याउँदै भनें, 'मलाई छोइस् मात्र भने पनि तँलाई जिउँदै मारिदिन्छु ।'

मालिक भइखाको अच्युतले एक गिलास तातोपानी मेरो जिउमा छ्याप्दै भन्यो, 'कत्तिन कुमारी केटीझैं गरेर नखरा पार्छे । म सिकारी भन्ने त तँलाई थाहै छ होइन ? यो कोठाबाट एक पाइला मात्र सारिस् भने तँलाई बन्दुकले उडाइदिन्छु । तँलाई शिरदेखि पाउसम्म गहनाले पुर्छु भन्दा पनि मात लाग्यो माग्ने ?' भन्दै उसले मलाई झम्टन खोज्यो । मलाई पानीले पोलेको पनि याद भएन । मृत्युको त चिन्तै भएन । मैले चिच्याउँदै 'मार्ने भए मार, म मर्छु तर मेरो मालिक्नीको विश्वास तोड्दिनँ' भन्दै ढोकामा पुगेर ढोका खोल्न लागें, उसले पछाडिबाट बन्दुकको नालले जोरले टाउकोमा हान्यो । म रन्थनिँदै भुइँमा ढलें । हातखुट्टा लुलो भयो, उसले मेरो शरीरमाथि एक्लौटी जमायो र भन्यो, 'मोना तेरा लागि त सारा त्याग्न सक्छु । मोना आवेशमा जे गरे पनि नरिसा है । म जस्तो पाउँदा के चाहिन्छ त तँलाई ?' म धेरै बेरपछि घिस्रिँदै

आफ्नो कोठामा आएँ । त्यो रात छट्पटाउँदै बिताएँ । भोलिपल्ट मालिक्नीले माइतीबाट फोन गर्नुभएको थियो । आमा मरेको चोटमाथि अर्को चोट किन दिनु भनेर मन सम्हालेर कुरा गरें । आमा मरेको पाँच दिनको दिन मालिक्नी साह्रै दुब्लाएर घरभित्र मात्र के पस्नुभएको थियो । मैले चाहँदा-चाहँदै पनि आफूलाई बाँध्न सकिनछु र रुन पुगेछु । मालिक्नीले मेरो आँसु पुछिदिँदै भन्नुभयो, 'जे नहोस् भन्ने सोचेकी थिएँ त्यही भएछ । त गरिबनीको उद्धार गर्छु भनेर ल्याएकी त झन्... । यति भन्दै मालिक्नी पनि मसँगै रुन थाल्नुभयो । हामी दुवैजना धेरैबेर रोएपछि मालिक्नीले भन्नुभयो, 'नानी नरो तँ मलाई छोडेर नजा । तँ मेरो खुसी हेर्न चाहन्छेस् भने तैंले उहाँको रहर पुऱ्याइदे ।'

मैले अचम्म परेर मालिक्नीको मुख हेर्दै भनें, 'हजुरले के भन्नुभएको त्यस्तो म अब यहाँ बस्तिनँ मालिक्नीसाप बरु मागेर खान्छु तर... ।'

मालिक्नीले मेरो कपाल मुसार्दै भन्नुभयो, 'हुन त तँलाई कुनै इमानदार केटा खोजेर आफैं कन्यादान दिन्छु भन्ठानेकी थिएँ । पुनः तेरो इमानदारितामाथि अर्को दाग लगायो यस पापीले । मैले मेरो स्वार्थका लागि मात्र होइन तेरा लागि पनि भनेकी हुँ, तँ पनि कहाँ जान्छेस् ? बाबुआमा तिनै हुन् । महिना मर्न पाएको छैन पैसा लिन आउँछे । एक वचन नानी तँलाई अर्काको घरमा गाह्रै होला भनेर कहिले सोधेकी छे, तँ नै भन् त ? ममाथि पहाड टुट्दा पनि असत्तीलाई प्यास नै ठूलो भयो । के गरौं पीडा सहने बानी नै परिसक्यो बा !'

मैले मालिक्नी सापलाई भनें, 'आजै अदालत जाऊँ, म साँचो कुरा बताइदिन्छु, यस्तो पतीतसँग नबस्नोस् ।'

मालिक्नीले तुरुक्क आँसु झार्दै भन्नुभयो, 'नानी, थाहा छ मलाई पनि, अपराध गर्नुभन्दा अपराध सहनु पाप हो । तर यो कानुन अन्धो छ बा ! हामी अदालतमा गयौं भने तेरो मालिक होइन तँ पो अपराधी हुन्छेस् । फेरि प्रत्येक स्वास्नीमान्छेहरू आफ्नो स्वार्थको लागि मात्र कहाँ बाँचेका हुन्छन् त ? कुनै स्वास्नीमान्छेले लोग्नेको अत्याचारको पराकाष्ठा नाघेपछि झिनो आफ्नो स्वार्थ हेरेर पन्छ्यो भने यो समाजका आइमाईले नै उसलाई वेश्या साबित गर्छन् । पाइलैपिच्छे काँडा बिछ्याउँछन् । म आफ्ना लागि मात्र बाँचेकी भए केही गर्न त सक्थें नै होला तर म कहिल्यै आफ्ना लागि बाँचिनँ बुझिस् ? म एउटाले पीडा लुकाउँदा मेरा सम्पूर्ण आफन्तहरू खुसी हुन्छन् भने पीडा लुकाउनु नै वेसझैं लाग्छ । म मेरा आफन्तको आँखामा आँसु देख्न सक्दिनँ । मोना, तैंले देखिहालिस्, मेरा छोराछोरी अमेरिकामा कति खुसी छन् । वृद्ध बाबु हुनुहुन्छ । मलाई माया गर्ने दाजुभाइ, दिदीबहिनीहरू छन् । म ती सबैलाई कसरी चोट दिन सक्छु भन त ? त्यसैले चुपचाप बगर भएर बाँचेकी छु । फेरि तैंले सोचिस् होला तेरो मालिकले यो चोट मलाई अहिले मात्र दिएका हुन् । तँजस्ती सफा हृदय भएकी बच्ची त मैले पहिलोपल्ट नै देखें । यहाँ करिब आधा दर्जन जति

केटीहरू अहिलेसम्म बसे होला, ती प्रत्येकमा लालच थियो । उनीहरू आफ्नो वैंसका उन्मादहरूलाई थेग्न सक्दैनथे । तेरो मालिकको पैसामा र मायामा लट्टिन्थे उनीहरू । कुन सड्का आफ्नो आँखा छलेर प्यास मेट्थे/मेटाउँथे मैले पत्तै पाउँदैनथें । जब मलाई नै सौताको व्यवहार गर्न थाल्दा पो वास्तविकता बुझ्थें । चुपचाप आँसु पिएर सबै सहनु नै श्रेय ठान्थें । मालिकबाट के पाउँदैनथे कुन्नि अलिक दिनको रमझमपछि अरू नै केटा टिप्थे, हिंड्थे । सबैले छोडेपछि मालिक आक्कलझुक्कल मसँग आउँथे । भैगो यो कुरै छोडौं, तँ पापी होइनस् । कुनै राम्रो ओत लाग्ने ठाउँ नपाउन्जेल तँ यहाँबाट नजा ।' उहाँले त्यसै भनी सम्झाउनुभयो ।

मैले पनि मालिक्नीको कुरा ठीकै ठानें । मालिक्नीले बलात्कार हुनुको कारण पनि सोध्नुभयो । मैले सबै बताएं । उहाँले टाउकोमा हेर्दै 'टाउको नै नफुटे पनि टाउकोमा पीप-रगत जमेको छ' भनेर मेडिकलमा लगी मेरो घाउ देखाउनुभयो । नभन्दै डाक्टरले घाउ निचोर्दा एकमुठीभन्दा बढी पीप-रगत आयो । पीप-रगत निचोरेपछि टाउको हलुको भयो । मालिक्नीले थाहा पाएर पनि केही थाहा नपाएझैं गरी मालिकलाई सम्पूर्ण आकाश स्वतन्त्रपूर्वक उड्न दिनुभयो । म उसको सिकारमा परिरहन्थें । मालिक्नी चुपचाप सहिरहनुहुन्थ्यो । मेरो र मालिक्नीको सम्बन्ध अझै गाढा बन्दै गयो । दिन बितेकै थियो । केही दिनअगाडि दिउँसोको तीन-चार जति बजेको हुँदो हो । मेरी आमा आएर मेरी सोझी मालिक्नीसँग हाँक दिँदै भनिछिन्- 'मोनालाई यो घरबाट लगेर अन्तै राख्छु । अन्त बढी पैसा दिन्छु भनेका छन् ।' मालिक्नीले रिसको झोकमा भन्नुभएछ- 'सक्छ्यौ भने मोनालाई अहिले लग, मलाई मोना चाहिँदैन ।' मालिक्नी र मेरी आमाबीचको कुरा सुनेर मालिक रिसाउँदै बाहिर निस्केछन् ।

म कोठामा के गलफती हुँदैछ भनेर पसें । आमा र मालिक्नीबीचको सबै कुरा बुझें । मैले रिस थाम्न सकिनँ । आमालाई कपाल भुत्ल्याएर घिसार्दै भनें- 'तँ कुकुर्नी मेरो मोल राख्न आएकी ? आइन्दा तँ यस घरमा छिरिस् मात्र भने कुकुर फुकाएर टोकाउँछु । जा छिटो निस्की- निस्किहाल ।' मालिक्नी मेरो हात रोक्न खोज्दै हुनुहुन्थ्यो । मेरो आँखामा आफू बलात्कार हुँदाका क्षणहरू नाच्यो । मैले मेरो जिन्दगी बर्बाद गर्ने त्यही आमा नै हो भन्ठानें । ममा भूत सवार भयो । मेरो होस त्यतिबेला मात्र आयो जब मालिक्नीले मेरो गालामा दुई थप्पड मार्नुभयो र भन्नुभयो- 'मोना अब तँ जेलमा जाकिने भइस्, तेरी आमा मरी । मैले यसो आँखा खोलेर आमातिर हेरें । आमा रुन पनि नसक्ने गरेर भुइँमा पछारिरहेकी रहिछिन् । मैले उनलाई सकिनसकी सडकमा पुऱ्याएर ट्याक्सी रोक्दै हातमा दुई सय रुपैयाँ दिएर भनें, 'आइन्दा तैंले यो घरमा पाइला टेकिस् भने यो घरबाट तेरो लास जान्छ, याद गर ।' आमा चु पनि बोल्न नसकी गइन् । मैले त्यो दिन ठूलै पराक्रम गरेकी सम्झें । मालिक्नीले भन्नुभयो, 'नानी तेरो रिस देखेर म छक्क परें । मैले तँलाई नपिटेको भए तैंले आमालाई

मार्ने थिइस् । जे गरिस् ठीक गरिस् । अब तेरो महिनैपिच्छेको पैसाले सुनकै केही सामान बनाइदिउँला, दुःख पर्दा काम लाग्छ । त्यही दिन मलाई सिक्री, औंठी र टप दिँदै भन्नुभयो, 'अपराध धेरै भएपछि ढुङ्गा पनि विस्फोट हुँदोरहेछ ।'

मैले भने, 'खोई त हजुर पनि विस्फोट भएको ?'

उहाँले मेरो गाला मुसार्दै भन्नुभयो, 'नानी तँ पनि धेरै कुरा जान्ने भइस् । म आकाशमा गएपछि विस्फोट होउँला । तँ आज साह्रै थाकेकी छस्, म खाना पकाउँछु । तँलाई एकछिन नदेख्दा पनि म आत्तिन्छु, तँ साथीचाहिँ बस्नुपर्छ नि !'

मैले हाँस्दै भने, 'खाना हजुरले पकाएको मालिकसापले थाहा पाउनुभयो भने एउटानएउटा खोट लगाउनुहुन्छ । खाना म नै पकाउँछु । हजुर थपक्क बस्नोस् । मलाई त दुखाइको पत्तै छैन ।' हामीले त्यो रात हाँसीखुसी सुख, दुःखका कुरा गर्‍यौं । भोलिपल्ट बिहान हतारहतार दुईवटा रगत लागेको तकिया फोहोर लिन आउनेलाई बोरामा हालेर दिएको देखें । म आत्तिँदै कोठामा पुगें । मेरी मालिक्नी सदाका लागि मलाई छोडेर निदाइसक्नुभएको रहेछ । म केही बोल्न नसकी भुईंमा थ्याच्च बसें । त्यो पापीले कुटिल हाँसो हाँस्दै भन्यो, 'मोना हामीबीचको काँडा हट्यो । तँलाई थाहा छैन होला यो असत्तीनीले तँलाई यहाँबाट पठाउने कुरा गर्दै थिई त्यसैले यसलाई सखाप पारें । अब यहाँ तेरो र मेरो राज्य हुन्छ ।'

मैले जुरुक्क उठेर त्यसको कठालोमा समातेर थुक्दै भनें, 'थुक्क पापी ! म यहाँ छु त केवल मालिक्नीले गर्दा छु । नत्र म उहिल्यै यो घरबाट निस्किसक्थें । तैंले सोचिस् होला मालिक्नीलाई हामीबीचको सम्बन्ध थाहा छैन । मालिक्नीलाई त प्रत्येक काम गर्नेहरूसँगको तेरो सम्बन्ध थाहा थियो । तँलाई हिँड्नका लागि सिङ्गै मूलबाटो छोडेर आफू तरबारको धारमा हिँड्नुहुन्थ्यो । मेरी मालिक्नीको हत्या गर्ने त्यो पापी हातले मलाई छोइस् मात्र भने पनि म आफ्नो हत्या आफैं गर्छु ।'

उसले चिच्याउँदै भन्यो, 'चुप लाग् मोना, मैले तँलाई लैजा भनेको मेरै कानले सुनेको छु बुझिस् ?'

मैले काप्दै भनें, 'मबाट धेरै पैसा असुल्ने सुर गरेपछि रिसले सक्छेस् भने मोनालाई लैजा भन्नुभएको हो अधर्मी । तैंले सोचिस् होला आजसम्म तैंले दिएकै पैसामा बसेकी छु । मेरी साहुनीले पैसा थपीथपी मेरी आमाको मुखमा फ्याँकेर तेरो लागि मलाई यहाँ राख्दै आउनुभएको थियो । मालिक्नीको सोझोपनको फाइदा उठाएर पैसा बढाउन खोजेपछि मलाई लैजा मात्र के भन्नुभएको थियो तेरो कालो मनमा नाना शङ्का उठ्यो होइन ? अनि निष्पाप मन भएकी साहुनीलाई सिध्याइस् । म तँलाई नङ्ग्याएरै छोड्छु पापी नङ्ग्याएरै ।' तर दिदी, मेरो कुरा स्वयम् मालिक्नीका छोराछोरीले वास्ता गरेनन्, उल्टै भने, 'छोटोलाई टाउकोमा चढाएपछि के-के भन्छन् भन्छन् । तँ हाम्रो खानदानी

परिवारमा तमासा खडा नगर । उनीहरूले मेरो मुख नै बन्द गरे । मेरी मालिक्नीले छोराछोरी र आफन्तका लागि गरेको त्यागको परिणाम आफ्नै आँखाले देखें । अमेरिकाबाट आएको छोरा जेनतेन किरिया बसे । छोरीहरूले चाहिँ तीन दिनमै नुन खाए । मैले तेह्र दिन त्यहीं बसेर नुन बारी आजै त्यहाँबाट निस्केर यहाँ आएँ । मालिक्नीका छोराबुहारी, छोरी सबै अब बाबुको स्याहार गर्ने जिम्मा मोनाको हो भन्थे । मालिकले मालिक्नीको गुणहरू सम्झेरै होला तेह्र दिनसम्म मलाई छुने आँट गरेन । म त्यसैले पनि तेह्र दिन त्यहाँ अडें । आज म भोकै छु शालु दिदी भोकै...' मोना रोइन् ।

मोनाको कुराले शालुको आँखाहरू पनि रसाए । दुवै भान्सामा गए । शालुले आफूलाई बेलुकाका लागि राखेको दाल, भात, तरकारी, अचार सबै तताएर दिइन् ।

मोनाले खपाखप भात खाएर भनिन्, 'मैले बुझें यहाँ कोही काम गर्ने रहेनछन् । त्यसैले तपाईंले आफ्ना लागि बिहान नै बेलुकाका लागि भात पकाउनुहुँदोरहेछ ।'

'तिमीले ठीक नै सोच्यौ मोना, तिम्रो पेट त भरियो खानाले ?'

'भरियो दिदी म टन्नै भएँ । अब म कहाँ बस्ने दिदी ? आमासँग त मनैपरे पनि जान्न' भन्दै रुन थालिन् ।

शालुले केहीबेर सोचेर भनिन्, 'मोना तिमीजस्ती बहादुर युवती पनि रुन्छन् ? जीवन जिउने क्रममा सबैले कुनै न कुनै पीडाको सामना त गरेकै हुँदारहेछन् । तिमीले र कान्छीदिदीले सानै उमेरमा कल्पनै गर्न नसक्ने पीडाको सामना गर्‍यौ । अहिले कान्छीदिदीको जिन्दगीमा केवल बहारैबहार छ । तिम्रो जीवन पनि हामी नरक हुन दिँदैनौं । चन्द्रकान्त दाइको भाइको व्यवहार ठीक चन्द्रकान्त दाइको जस्तै छ तर दाहिने गालाको पाटामा पूरै कालो धब्बा भएकोले उहाँ तीस-बत्तीस बर्षको उमेरसम्म पनि अविवाहित हुनुहुन्छ । भाडाको ट्याक्सी चलाउनुहुन्छ । डेराचाहिँ दिदीको घरभन्दा केही पर छ ।'

मोनाले रुँदै भनिन्, 'मलाई माया मात्र भए पुग्छ । म रूप नै चाट्ने खालकी छैन दिदी ! मेरो पनि सबै यथार्थ बताइदिनुहोला ।'

'हुन्छ मोना, हामी सबै कुरा राख्छौं । आजलाई यहीं बस म पनि एक्लै छु । भोलि बिहानसम्म सबै कुराको टुङ्गो लाग्छ । चन्द्रकान्त दाइको भाइको नामचाहिँ रोमाकान्त हो ।'

मोना चुप लागिन् । शालुले कान्छीदिदीलाई फोन गरेर सबै कुरा बताइन् । कान्छीदिदीले सल्लाह गरेर फोन गर्ने कुरा सुनाइन् । शालु र मोना नै मोनाको मालिक्नी गोमाको सम्झनामा हराइरहे । शालुले केहीबेरपछि मोनातिर हेर्दै भनिन्, 'तिम्री मालिक्नीको फोटो छ मोना ? म ती देवीलाई हेर्न चाहन्छु ।'

मोनाले ब्याग खोलेर फोटो देखाउँदै भनिन्, 'यही हो मालिक्नी । जून हाँसेजस्तै हुनुहुन्थ्यो ।' मोनाका आँखा पुनः भरिएर आए । शालुको आँखा पनि नरसाई छोडेन । दुवैले फोटो हेरेर धेरैबेर मौन रहे । मोनाले शालुको ममीपापा कहाँ जानुभएको भनी मौनतालाई तोडिन् । शालुले काठमाडौंभित्रकै होटेल लजमा बस्ने होला, पूरा थाहा छैन भनेर वास्तविकता ओकलिन् । साँझ झमक्कै पऱ्यो, आकाशमा पूर्ण चन्द्र र ताराहरू पनि उदाए । मोना र शालु आ-आफ्नै सोचमा डुबेका थिए । शालुको आँखामा गोमाको तस्विर नाचिरहेको थियो । गोमाजस्ता नारीलाई कायर भन्ने कि आदर्श भन्ने शालु त्यही सोचमा डुबेकी थिइन् । फोनमा आएको घन्टीले शालुको एकाग्रपन टुट्यो, फोन उठाउँदै भनिन्, 'अँ, भन्नोस्, ए सबैजना राजी भए । भोलि बिहान सात बजे पशुपतिमा विवाह गर्ने सल्लाह भयो । हुन्छ हामी सात बजे नै आउँछौं भन्दै फोन राखिन् । मोनालाई पनि सबै भोलि सात बजे पशुपतिमा विवाह गर्न आउने कुरा सुनाइन् । मोना लाजले शर्माइन् । शालुले लामो श्वास फेर्दै भनिन्, 'मोना समय अझै पनि छ, केही भन्छ्यौ भने भन । हुन त तिमीले रोमाकान्तभन्दा धेरै सुन्दर र भर्खरको युवक पनि पाउन सक्छ्यौ, यो साँचो हो । हामीले चाहिँ तिमीलाई जीवनको अन्तिम क्षणसम्म साथ दिने, तिमीलाई माया दिने, गुणी युवक खोजेका हौं । रोमाकान्त दाइ झट्ट हेर्दा पटक्कै राम्रोचाहिँ हुनुहुन्न मोना ।'

'तपाईं त त्यसै मन पकाउनुहुन्छ । रूप र सम्पत्तिलाई ठूलो ठान्ने भए आज म यहाँ किन आउँथे ? माया भएपछि जस्तोसुकै कुरूप मान्छे पनि आफसेआफ सुन्दर बन्दै जाने रहेछ । मालिक्नीसापकै कुरा गर्दा पनि त सबैले उहाँलाई दाँत उछिट्टेकी धसुल्ली भन्थे । तर मलाई उहाँजति राम्री कोही नै लाग्दैनथ्यो । उहाँको प्रत्येक क्रियाकलाप मनपर्थ्यो मलाई । उहाँको आँखा राम्रो, मुख राम्रो, हिँडाइ राम्रो, बसाइ राम्रो, सबैका सबै राम्रो लाग्थ्यो ।' मोनाको कुरा गर्दागर्दै मुटु भक्कानिएर आयो, उनी चुप भइन् ।

शालुले एकोहोरो मोनालाई हेरिन् । गोमालाई सम्झँदा शालुको मन पनि भरिएर आयो । आफ्नै पहिचान बिर्सेर अरूकै अस्तित्व बचाउन हरपल जलिरहेकी गोमाजस्ता नारीलाई पनि अकालमै चिरनिद्रामा पुग्नुपऱ्यो । हामीले त एउटा गोमाको पीडा देख्यौं, एउटै गोमाको हत्या सुन्यौं । यो समाजमा कति गोमाजस्ता विवश नारीहरू होलान् । कसले तिनीहरूलाई आफ्नो अस्तित्वबोध गराउने ? गोमाजस्ता पढेलेखेको सभ्य समाजकी नारीले त त्यो दुर्गति भोग्नुपर्छ भने अरूको के हालत होला ?

'दिदी, मैले तपाईंलाई दुःख पुऱ्याएँ हगि ? तपाईंले त केही खानुभएकै छैन, भोक पनि लाग्यो होला, म केही बनाइदिन्छु । मालिक्नी बितेको तीन दिनसम्म त मैले रात कसरी बित्यो, दिन कसरी बित्यो पत्तै पाइनँ । मान्छेलाई जति नै चोट परे पनि सम्हालिनुपर्ने रहेछ । भो तपाईं पनि पीर नगर्नोस् ।'

शालुले मोनातिर फर्कंदै भनिन्, 'मैले तिमी आउनुअगाडि टन्न नास्ता गरेकी थिएँ, त्यसैले भोक पटक्कै छैन, तिमी केही खान्छयौ भने बनाऊ नत्र पर्दैन । हिंस्रक बाघहरूले जस्तै गरी मान्छेले मान्छेको आलो रगत पिएको देख्दा मन त दुख्ने रहेछ । तर, जीवन जिउनका लागि सबै भुल्नु पनि पर्दोरहेछ । तिमीले टेक्ने धरातलमा चाहिं अब रगतका छिर्कासम्म हुँदैनन्, गरिबसँग केही सम्झौता गर्न भनेचाहिं पर्ला !'

'दिदी पनि, मेरो कति चिन्ता गर्नुहुन्छ ? मेरो हातगोडा सद्दे छन् । यो के कामका लागि ? मेरो पटक्कै पीर नगर्नोस् । ल अब सुतौं । बिहान चाँडै उठेर नुहाइधुवाई पनि गर्नु छ ।' दुबै सुते तर दुबैको आँखामा धेरै रात जाँदासम्म निद्रादेवीले बास गरिनन् ।

भोलिपल्ट शालु मोना पशुपतिमा पुगेको केहीबेरपछि नै केशव, पीताम्बरा, कान्छी, चन्द्रकान्त, रोमाकान्तलगायत अरू दस-बाह्रजना आए । कान्छीदिदीले दुलहीमा लाउने कपडा पहिऱ्याएर गहना लगाउँदा त मोनाको रूप धप्प बल्लाजस्तै भयो । सबैले मोनाको रूपको तारिफ गरे । दुलहीको पहिरनमा सबैसामु आएपछि रोमाकान्तलगायत सबैले मोनालाई हेरेको हेरै भए । रोमाकान्तले कुनै क्षण कल्पनासम्म गरेका थिएनन् । त्यो बलात्कृत मोना हीराको टुक्राजस्तै छिन् । सबैसबैले घृणा गरेर फ्याँकेको मसँग उनले कसरी सारा जिन्दगी बिताउलिन् ? रोमाकान्त त्यस्तै सोचे । बाजेले अब पशुपतिको मन्दिरअगाडि जाऊँ दुबैले लाउने माला, औंठी, सिक्री सबै ठिक्क पारी हिंड्नु भनेपछि सबै पशुपतिको मन्दिरअगाडि पुगे । बाजेले मन्तर पढेर रोमाकान्तले मोनालाई माला पहिराउनु भनेर माला के पहिराउन लागेका थिए एउटा समाजसेवी भनाउँदी माथिमाथि साडी उचालेर आई । रोमाकान्तको हात उछिट्याउँदै चिच्याई, 'ए सबैजनाले सुन्नोस्, यहाँ पैसाको लोभमा एउटी सुकुमारीको बिबाह एउटा कुरूप अधबैंसेसँग गर्दैछन् । यो विवाह हामीले रोक्नुपर्छ । महिलामाथिको अत्याचार हामीले सहनुहुन्न ।' सबै मान्छेहरू ह्वारह्वार्ती जम्मा हुँदै भने, 'यो विवाह गराउनेलाई कारबाही गर्नैपर्छ ।' बरु हामी गर्छौं त्यो युवतीसँग बिबाह भन्नेहरू पनि निस्के । रोमाकान्तलगायत सबैजना रातो-पीरो भएर हेरेको हेरै भए । समाजसेवीले मोनालाई अङ्गालो मार्दै भनिन्, 'नानी ! तिमी यी पापीहरूको बहकाउमा नआऊ, तिमीले जोडा मिल्ने केटा पाउँछयौ, तिमीलाई ललाइफकाई गर्नेलाई जेलमा जाक्नुपर्छ ।'

मोनाले समाजसेवीको हात जोडले झट्कालेर रिसले आगो हुँदै चिच्याइन्, 'तपाईं के बोल्दै हुनुहुन्छ ? बुझ्यो न सुझ्यो त्यसै मुखमा जे आयो त्यही बोल्न पाइन्छ ? यो मेरो प्रेमविवाह हो । तपाईंले उहाँको बाहिरी आकृति देख्नुभयो । मैले उहाँको भित्री रूप देखेकी छु । आइन्दा उहाँको बारेमा एक शब्द बोल्नुभयो भने तपाईं नै जेल जानुहुन्छ । म तपाईंहरूजस्तालाई समाजको कलङ्क भन्छु, बुझ्नुभो, कलङ्क... ।'

मोनाको शब्द सुनेपछि वरिपरि झुम्मिएकाहरूले समाजसेवी भनाउँदीलाई गाली गर्दै भने, 'ए दिदी, बुझ्दैनबुझी अर्कामाथि त्यसै हात हाल्ने हो ? तँजस्ती कुकुर्नीको पछि लाग्दा हाम्रो पनि बेइज्जत भयो । तेरो मुखसुख फुटाइदिऊँ ?' भन्दै समाजसेवीलाई हप्की र दप्की गरे ।

सबैको कुरा सुनेर कत्तिन आफूलाई समाजसेवी ठान्ने आइमाई लज्जित भई, केही बोल्न नसकी कुलेलम ठोकी । अनि आफ्नो रूपवान् लोग्नेले नजिकैको बहिनी पर्नेलाई भगाएर लगेको तेह्र वर्ष बितेको कुरा सम्झेर तुरुक्क आँसु खसाली ।

यता मोनाको कुरा सुनेर पुरेतबाजे, रोमाकान्तदेखि लिएर सबैको मन हर्षित भयो । बाजेले मोनालाई स्याबास दिँदै विवाहको सानोतिनो रीति पुऱ्याए । विवाह सकिएपछि सबैजना केशवकै घरमा जम्मा भए । केशवको घरमा करिब सयजना जतिको लागि भोज तयार थियो । भोजमा केशवको धेरै नजिककालाई, कान्छीका धेरै नजिकलाई मात्र बोलाइएको थियो । मोना र रोमाकान्तले नै आफूलाई संसारका सबैभन्दा भाग्यमानी नारीपुरुष सम्झेका थिए । सबैले मोनालाई उपहार दिनुको साथै सुखी वैवाहिक जीवनको कामना पनि गरे । चार बजेतिर सम्पूर्ण आफन्तहरू भोज खाएर गइसकेपछि शालुलगायत कान्छीदिदीले मोना र रोमाकान्तलाई राम्रोसँग जीवन काट्नु भनी डेरामा छोडेर आफ्नो घर आए ।

मङ्सिरको छोटो दिन, छ बजे नै झमक्क साँझ पऱ्यो । रोमाकान्तले दूध तताएर ल्याई मोनालाई दिँदै भने, 'मोना दूध पेऊ, अघि तिमीले धेरै खानेकुरा खाएकी छैनौ, भोक पनि लाग्यो होला, अरू केही खानेकुरा बनाऊँ कि ?'

मोनाले मधुर स्वरमा भनिन्, 'भोक लागेको छैन । खासै दूध पनि खाने मन थिएन, तपाईंले भनेपछि यतिचाहिँ खान्छु ।'

रोमाकान्तले मोनानजिक बस्दै भने, 'मोना तिमी त फूलजस्तै रहिछौ । पशुपतिमा त्यो आइमाईले अनुमान गरेको कुरा पनि ठीकै हो । मजस्तोसँग सिङ्गै जीवन काट्न सक्छ्यौ त ?'

मोनाले जवाफ फर्काइन्, 'मेरो उमेर मात्र सानो हो । मैले सुखदुःखका सबै पाटाहरू राम्रोसँग बुझेकी छु । शालु दिदी र कान्छीदिदीले मेरो मायाले गर्दा नै तपाईंलाई नै रोज्नुभएको हो । मैले तपाईंलाई पाउनु मेरो पनि ठूलो सौभाग्य हो ।'

रोमाकान्तले मोनालाई हेर्दै भने, 'मोना तिमीले मेरो मन नै हलुको पाऱ्यौ । म सधैं भगवान्लाई किन यस्तो रूप दिइस् भन्दै गाली गर्थें । आज मैले बुझें, तिमीसँग भेट गराउनकै लागि यस्तो रूप दिएका रहेछन् । धन्य छ भगवान्लाई । मोना म तिम्रो विशाल हृदयमा कहिल्यै चोट पुऱ्याउने छैन ।' मोना चुपचाप

लागिन् । रात ढल्किसकेकोले दुबै ओछ्यानमा गई भविष्यको मीठामीठा कुरा गरे । रोमाकान्तले मोनालाई मायाले सुम्सुम्याए, मायाका चुम्बनहरू बर्षाए । मोना र रोमाकान्त नै एक-अर्कालाई भुलेर एक-अर्काको अङ्गालोमा हराइरहे, बस् हराइरहे... ।

# उन्नाईस

'आज यति रमाइलो क्षणमा पनि तिमीलाई कोठै प्यारो भयो होइन ? के सोचेर बसेकी ? दिदी हिंड न बाहिर ।'

शालुले सुजनको हात मुसार्दै भनिन्, 'सुजन यतिखेर भने म तिम्रै भविष्यको बारेमा सोचिरहेछु । म पनि चाँडै होस्टेल जाँदैछु । तिमी घर आयौ । तिमीमा साँचो र झुटो बुझ्ने बेला पनि छैन । दिदी भन्नुहुन्थ्यो- फिरोजलाई गुहे खाल्डोमा धकेल्ने फिरोजकै बाबुआमा हुन् रे । आजकाल फिरोजका बाबुआमा छोरो बिग्रिएको पश्चात्तापले जल्दैछन् रे ।'

'शालु के भन्न खोजेकी तिमीले ? बल्ल कैदमुक्त भएर आएको छु । मैले अहिले नै जीवनको बारेमा सोच्न थालें भने म कहिले हाँसौं तिमी नै भन त ? तिमी घरमै बस्यौ, ममी, पापा र कान्छीदिदीको मायामा चुर्लुम्म डुब्यौ । मैले त खुसी के हो बुझ्नै पाइनं ।'

शालु भाइलाई जीवन के हो भनेर सम्झाउन मात्र के लागेकी थिइन्, उर्मिलाले ढोका खोल्दै चिच्याइन्, 'शालु यो रमझममा पनि भाइलाई कोठाभित्र राखेर के कुराले कान भर्दैछ्यौ हं ? तिमी त हामीसँग भएर पनि कहिल्यै हाम्री हुन सकिनौ । सुजनको हामीप्रतिको मायाचाहिं नखोस ।'

दीपकले उर्मिलाको कुरामा सही थप्दै ढोकाबाटै भने, 'शालु, उर्मी जे भन्दैछिन् ठीक भन्दैछिन् । अरूका छोराछोरी बाबुआमासँग टाँस्सिएर हिंडेको देख्दा पनि हामीलाई त्यसै गर्न रहर लाग्थ्यो । तिमीले हाम्रो त्यो रहर कहिल्यै पूरा गरिनौ । सुजनलाई तिमीले हामीबाट टाढा राख्न नखोज । तिमीलाई डाक्टर पढाउन पैसा लगानी गरेजस्तै हामी सुजनलाई पनि पैसा लगानी गरेर ठूलै मान्छे बनाउँछौं । तिमीले चिन्ते नगर ।'

बाबुआमाको कुराले शालुलाई कताकता नरमाइलो त लाग्यो नै शालु केही बोल्न नसकी चुप भइन् ।

उर्मिलाले सुजनलाई हातमा समातेर तान्दै भनिन्, 'सुजन बाबु, जाऊ तिम्रा साथीहरू आइसके होला ।' सुजनले केही कुरा बुझे केही कुरा बुझेनन् पनि । सोह्रौं जन्मदिन मनाउँदै गरेको सुजन हाँस्दै पार्टीको रमझममा मिसिए । शालु भने सुजनको चिन्ताले यताउता छट्पटाइरहिन् । मनमनै सोचिन्, 'कहिले

मेरो ममीपापाको बुद्धिका घैंटामा घाम लाग्ने होला ? मैले सुजनलाई सही बाटो देखाइन भने उनी भत्किन्छन् । म नेपाल मेडिकल कलेज जान अझ एक-डेढ महिना छ, त्यो बेलासम्म केही उपाय गरौंला ।' शालु के-के सोच्दै थिइन् ढोकाबाहिरबाट आएको आवाजले ध्यान त्यतै गयो ।

काकाकी छोरी प्रकृतिले भनिन्, 'शालु दिदी, ढोका खोलिस्यो त म हजुरलाई के दिन्छु ।'

शालुले ढोका खोल्दै भनिन्, 'के दिने नानु ?'

प्रकृतिले बालउपन्यास नीलकमल शालुतिर बढाउँदै भनिन्, 'हजुरलाई कथा, उपन्यास धेरै मनपर्छ भनेर यो उपन्यास हजुरलाई ल्याइदिएकी छु । यो हेरिस्यो भने हजुर त रोइसिन्छ बाबै ! मेरा धेरै साथीहरू रोए रे म पनि रोएँ ।'

शालुले प्रकृतिको गालामा निमोट्दै भनिन्, 'धन्यवाद ! मेरी गुडियालाई म पनि बोर भएर बसेकी थिएँ, साइतमै किताब ल्याइदिइछौ हुन्छ म किताब पढ्छु, तिमी जाऊ ।'

१२-१३ वर्षकी प्रकृति हाँस्दै गइन् । शालु किताबमा के रहेछ भनेर हेर्न थालिन् । शालुलाई नीलकमल पढेपछि समय गएको त पत्तै भएन । पुनः सुजनले ढोका खोलेपछि पो झसङ्ग भइन्, सुजनले शालुतिर हेर्दै बडो नम्र स्वरमा भने, 'दिदी बिन्ती, आज मेरो खुसीका लागि डान्स गरिदेऊ, म तिमीले जे भने पनि मान्छु ।' त्यो फिरोजले मैले डान्स गरेको देखेर मरिमरी हाँस्दै भन्यो, 'हेर यो फुच्चे, भ्यागुतो उफ्रेझैं उफ्रेको, यस्तालाई पनि डान्स गर्ने सोख हा..हा... । ऊसँगै बसेका चार-पाँच युवतीले पनि मेरो खिल्ली उडाउँदै हाँसे ।' शालुले उत्तर दिन नपाउँदै सुजनले शालुलाई तान्दै भने, 'तिमीले आज डान्स गरिनौ भने म तिमीसँग कहिल्यै पनि बोल्दिनँ ।' शालुलाई भाइसँग पार्टीमा जान कर नै लाग्यो । सुजनले क्यासेटको चक्का फेर्दै भने, 'अब मेरी दिदीले डान्स गर्छिन् ।'

सुजनको कुरा सुनेर सबैले थप्पडी पिट्दै हाँसे । फिरोजले जबर्जस्ती हाँसो रोकेर भन्यो, 'भ्यागुता-भ्यागुती एकैचोटि उफ्रिने कि छुट्टाछुट्टै उफ्रिने हँ ?'

युवतीहरूले कुरा थपे, 'गेटअप त हेरन, पहाडबाट बल्ल ओर्लेकी जस्ती छ । यो सुजनले बनाएकोचाहिँ दिदी होला ।'

फिरोजले युवतीहरूको गालामा म्वाइँ खाँदै भन्यो, 'ओ परीहरू, बनचरीलाई उडाएर बनैमा पुऱ्याइदेओ । कस्ताकस्ता कहाँ गए मुसाको छाउरा दरबार, यस्तीले डान्स गर्ने रे, डान्स कुन चराको नाम हो थाहा छ ? झ्याउँकिरीलाई ?'

'हा...हा... झ्याउँकिरी' भन्दै युवतीहरू खित्का छाडेर हाँस्दा पनि शालु चुप नै लागेको देखेर सुजनलाई साह्रो रिस उठ्यो । सुजनले शालुलाई मनपर्ने गीतको क्यासेट बजाएपछि शालु डान्स गर्न थालिन् । शालुले डान्स गरेको

देखेपछि वरिपरि तितरबितर भएका मान्छेहरू एकत्रित भए । पार्टीको माहोल नै अर्कै भयो । फिरोज र उसका आसेपासेहरू हेरेको हेरै भए । शालुले डान्स गरिसकेपछि सबै वान्समोर 'वान्समोर' भन्दै चिच्याउन थाले । शालुले गीत गाउँछु भनेर आनन्द कार्कीले गाएको 'यो कस्तो नियति, यो कस्तो जलन' बोलको गीत गाउन थालेपछि सबैले बिनको धुनमा सर्प लट्ठिएझैं लट्ठिएर गीत सुने । गीत सिद्धिसकेपछि सबैले शालुको डान्स र स्वरकै तारिफ गरे । सुजन हर्षले फुरुङ्ग भएर आफ्नो साथीहरूलाई शालुसँग परिचय गराए । फिरोजले युवतीको अङ्गालो छोडेर शालुसाम् आई 'शालुजी, मलाई माफ गर्नोस्, मैले जे भने केही नशोची भनें, आउनोस् तपाई र म डान्स गरौं' भन्दै फिरोजले हात शालुतिर बढायो ।

शालुले पर हट्दै उत्तर दिइन्, हेर्नोस्, आज मैले मेरो भाइको खुसीका लागि मात्र डान्स गरेकी हुँ । म पेसेवर डान्सर होइन ।' यति भन्दै शालु पार्टीको माहोलबाट बाहिरिइन् । सुजनले मनमनै भने, 'साले फिरोज, तेरो घमण्ड बल्ल चकनाचुर भयो । हामीलाई भ्यागुता-भ्यागुती भन्थिस् अब के भन्दोरहेछस् भन् मोरा !'

फिरोज नजिकै रहेको बेन्चमा बस्यो र सोच्यो, 'आजसम्म मैले मेरो एक इसारामा नै मप्रति भुतुक्क हुने युवतीहरू भेटेको थिएँ । कति त मसँग बोल्न पाउनु पनि आफ्नो सौभाग्य सम्झिन्थे । यसले मेरो रूप देखिन होला, त्यसैले मसँग डान्स गर्न इन्कार गरी । केक काट्ने बेलामा त अवश्य आउँछे नै होला, म जसरी भए पनि त्यसलाई मेरो रूप हेर्न बाध्य गराउँछु । मेरो रूप देखेपछि चित खान्छे । मान्छे जे-जस्तो होस्, त्यसको स्वरलाई र त्यसको डान्सलाई चाहिं मान्नैपर्छ वा ! मलाई एक नजर देखेपछि मैन पग्लेझैं पग्लिन्छे त्यो । अनि मैले त्यसलाई के गर्नुपर्छ जानेको छु । यति धेरै तड्पाउँछु कि तड्पीतड्पी मर्छे त्यो । मचाहिं नयाँनयाँ फूलहरूमा रमाइरहन्छु । एक-दुई वचन बोलेर प्रेमको नाटकचाहिं गर्नैपर्छ ।' यस्तै कुराहरू मनमा खेलाउँदै थियो । युवतीहरूले यथार्थ बोध गराए- 'फिरोज हेर कति गीतहरू खेर गइसक्यो उठ डान्स गरौं । नपत्याउने खोलाले बगाउँछ भन्थे ठीक रहेछ । भ्यागुतीले डान्स त कमालकै गरी, फेरि गीत पनि राम्रै गाई ।' फिरोजले उठेर युवतीहरूलाई अङ्गालोमा बेर्दै भन्यो, 'अब केही दिनका लागि त्यो पनि यसरी नै अङ्गालोमा बेरिन्छे । म उसलाई तिमीहरूको जस्तै पहिरन लगाउन बाध्य गराउँछु । तिमीहरूको जस्तो पहिरन र तिमीहरूको जस्तो शृङ्गारमा सुहाउँदै देखिएली, होइन त ?'

'नाईं फिरोज, नाईं हामी तिमीलाई केही दिनका लागि पनि छोड्न सक्दैनौं,' पाँचैजना युवतीले एकै स्वरमा भने ।

फिरोजले भेटघाटको समय फरक पार्ने तर तिमीहरूलाई नछोड्ने भनी वचन दियो । त्यसपछि युवतीहरू ढुक्क भए । पुनः केहीबेर डान्स चल्यो । केक

काट्ने बेलामा सबै एकत्रित भए । शालु केकमा गाड्ने मैनबत्ती र चक्कु लिएर हल्का गुलाफी कुर्ता-सलवारमा आइन् । फिरोजले मनमनै सङ्कल्प गर्दै भन्यो, 'तेरो यो कुर्ता-सलवार चार दिनमा उतार्छु म ।' केक काट्ने काम पनि सुरु भयो । दीपक र उर्मिलाले सुजनको हात समाते, सुजनले केक काटे । बाबुआमाले सुजनलाई केक खुवाएपछि सबैले ताली बजाए । सुजनले बाबुआमा र दिदीलाई केक खुवाएपछि क्रमश: सबैलाई केक बाँड्न सुरु गरे । शालुले केक काट्नमा सहयोग गरिन् । फिरोज भने कसरी शालुलाई आफ्नो रूप देखाउने भन्ने धुनमा थियो । फिरोजले गिफ्ट दिँदा शालुको प्रशंसा गर्दै भन्यो, 'मलाई तपाईंको डान्स र गीत नै साह्रै मन पऱ्यो ।' शालुले मुसुक्क हाँस्दै जबाफ दिइन्, 'धन्यवाद !'

फिरोजले शिर झुकाएरै भन्यो, 'मलाई माफ त दिनुहुन्छ हैन ?'

'तपाईंले जे देख्नुभयो त्यही भन्नुभयो । मान्छेले आँखाले देखेको कुरा भन्ने न हो । माफ माग्नुपर्ने कुनै कारण नै छैन ।' फिरोज कुरा बढाउन चाहन्थ्यो । शालुले फिरोजको अनुहारतिर हेर्दै भनिन्, 'कृपया पछि कुरा गर्नुहोला, अहिलेलाई म काममा व्यस्त छु ।'

फिरोज अँध्यारो मुख लगाएर त्यहाँबाट हट्यो । उसले चित खायो, आफ्नो सुन्दर अनुहार र सुन्दर जिउडाल देख्दा पनि शालुले कुनै प्रतिक्रिया नजनाएको देख्दा । सुजन भने मनमनै फिरोजको आकृति देखेर रमाउँदै सोचिरहेका थिए, 'सधैं म जस्तो कोही छैन भनेर घमण्ड गर्थिस् । देखिस् तँ जस्तालाई मेरी दिदीले कसरी आफूबाट टाढा भगाइन् । अब त तेरो सेखी झऱ्यो होला नि ! तैंले मेरी दिदीलाई अरू जस्तै तेरो रूप देख्नेबित्तिकै लट्ठिने भन्ठानेको थिइस् होला, देखिस् हैन ? मेरी दिदीको व्यवहार मुल्ला फिरोजे ।'

'किन फिरोज तिमी त चूक घोप्टाएजस्तै अनुहार लिएर आयौ । भ्यागुतीले पत्याइन कि कसो ?' युवतीहरूले फिरोजको वरिपरि झुम्मिँदै भने ।

फिरोजले रिसाएको स्वरमा भन्यो, 'चुप लाग, कति दिन यो फिरोजेको अगाडि चुरीफुरी देखाउँदिरहिछे हेरौंला नि । आमाबाबुको ताल त्यही हो । नशा लागेपछि पेटिकोट खुस्केको पनि पत्ता हुँदैन, छोरी भने मै हुँ भन्छे । म त्यसलाई काँच्चै चपाउन पाए पनि चपाइदिन्थें ।'

'जाऊँ आज तपाईंलाई धेरै पीर परेको छ । अफिमको नशामा रमाऊँ । अफिम त छ होइन ? तपाईंको घरको खाली कोठामा मान्छे आए कि आएनन् नत्र अस्तिभैंं त्यहीं बसौंला ।'

फिरोजले दाह्रा किट्दै भन्यो, 'प्लिज मलाई एकछिन एकान्तमा छोडिदेऊ । म त्यसलाई पासोमा पारेर बजार्ने उपाय सोच्छु । बजार्न पनि यसरी बजार्छु कि ठहरै पार्छु राँडलाई । हेरन हाँसेको ऊट हाँसेजस्तो, मुख हेरन राँडको हुकिचिलको

जस्तो, अझ मै हुं भन्छे। हेरन भनेकी पेसेवर डान्सर होइन। मैले त्यसलाई पेसेवर डान्सर बनाइनं भने त मेरो नाम पनि फिरोज होइन।'

'फिरोज तिमी पनि के एउटै धुनमा लागेको हँ? आफूलाई सम्हाल। तिमीले जति पिए पनि तिम्रो नशा बन्न हामी तयार छौं। भूल त्यसलाई, कि डान्स गरौं कि गएर अफिममा झुलौं। कि रक्सीमै झुलौं, रक्सी पनि आउँदै छ,' युवतीहरूले फिरोजलाई सम्झाए। फिरोज भने शालुलाई हेर्दै दाह्रा किटिरहेके थियो। सबैलाई केक बाँडेपछि शालु केही खानेकुरा र एक ग्लास फेन्टा लिएर घरभित्र पसिन्। फिरोजले शालुको सबै क्रियाकलाप नियालिरहेको थियो। ऊ रक्सी पिउँदै शालु बाहिर आउने प्रतीक्षामा थियो। तर, शालु सबैले डिनर खाइवरी गइसक्दा पनि निस्किनन्। उता शालु भने फेन्टा, आलुचिप्स आदि खाई पढ्न बाँकी रहेको बालउपन्यास नीलकमल पढ्दापढ्दै निदाइन्। प्राय: सबै पाहुना गइसकेपछि फिरोज नशामा लर्खैदै कार चलाएर घर पुग्यो। छोरा सुध्रने आश नै मारिसकेका गंगा र रमणले छोरा आएको चाल पाए पनि चाल नै नपाएझैं गरी सुते। फिरोजले शालुको अपमान बिर्सिन अफिम पियो, तर अहँ अफिमको नशामा पनि शालुलाई भुल्न सकेन। अझै अफिम पियो र मुडा लडेझैं लड्यो। भोलिपल्ट बिहान होसमा आएपछि पनि फिरोजले शालुले आफ्नो वास्ता नगरेको सम्झ्यो। फिरोजलाई शालुको कुराले साह्रै चोट पर्नुको कारण थियो, 'ऊ जीवनमा पहिलोपल्ट नै कुनै साधारणरूपकी युवतीबाट अपमानित भएको थियो। ज्यादै सुन्दरी युवतीहरूलाई आफ्नो इसारामा नचाएको फिरोजलाई शालुको अपमान सह्य भएन। गंगाले फिरोजतिर दूध बढाउँदै भनिन्, 'बाबु, तिमीले अब राति कहीं जाँदा कार लिएरचाहिं नजानू, बरु ट्याक्सी चढेरै जानू। हिजो अगाडिको हेडलाइट फुटेछ। कार केही कुच्चिएको पनि छ। तिम्रो प्रियसीहरूको ब्याग, पर्स, मोबाइल भने कारभित्र रहेछन्। तिमी होसमा नभए पनि तिम्रा मायालुहरू हिजो होसमा रहेछन् र दुर्घटना हुन पाएन होला होइन?'

आमाको बोलीले फिरोज झसङ्ग भएर सम्झ्यो- मैले त नशामा झुल्दै गरेका ती युवतीहरूलाई त्यहीं छोडेर आएँछु। उफ! मलाई के भएको होला, कसरी डेरामा पुगे होलान् उनीहरू भनी तुरुन्तै फोन गरेर बुझ्यो। दीपकको ड्राइभरले नै डेरामा पऱ्याइदिएको थाहा पायो। फिरोजको मस्तिष्कबाट शालु अझै नहटेकोले आमासँग शालुको बारेमा सोध्यो।

गंगाले लामो श्वास फेर्दै भनिन्, 'ए उर्मिलाकी छोरी शालुको कुरा गरेको तिमीले, कहाँ शालु कहाँ तिमीहरू, उनको कुरै नगर। तिमीले अरूहरू युवतीहरू जस्तै सम्झेका होलाऊ शालुलाई, उनले बुझेकी छिन् हीरालाई कीराले पनि बिगार्छ भन्ने कुरा। हामीले तिमीलाई जानीनजानी बिगाऱ्यौं। उर्मिला र दीपकको लहैलहैमा लागेकी भए शालुको पनि तिम्रै हाल हुन्थ्यो होला। उनकै

घरमा बस्ने कान्छीले शालुलाई सही बाटो देखाइन् । शालुले स्वयम् बाबुआमाले देखाएको बाटो छोडी कान्छीले देखाएकै बाटोमा हिँडिन् । नेपाल मेडिकल कलेज जोरपाटीमा डाक्टर पढ्न नाम निकालेकी छिन् रे भन्ने सुनेकी थिएँ । अब त पढ्न जाने बेला पनि हुन लाग्यो होला । भाइ बिग्रन्छ कि भन्ने अब एउटै चिन्ता छ भन्थिन् रे । कृपा क्या कृपा छिमेकी नरेन्द्रबाबुकी छोरी उनैकी साथी हुन् । कृपाले नै सबै भनेकी हुन् मलाई । उनी सानो छँदा त सधैं बाबुआमासंग आउँथिन् पार्टीहरूमा, ठूली भएपछि चट्ट बाबुआमाको साथ नै छोडिन् । तिमीजस्तो अबुझलाई शालुको कुरा किन भन्नु ? म गएँ' भन्दै गंगा भान्सातिर पसिन् ।

'मेरो गोरुको बाह्रै टक्का' भन्ने स्वभावको फिरोज आमाको कुरा सुनेर ओइलाएको फूलझैं भयो । सेट् भन्दै मुड्कीले भुइँमा हान्यो । जतिजति शालुको सम्झनामा गहिरिँदै गयो, उतिउति शालुको हिजो बोलेका सबै शब्दहरू मीठोझैं लाग्यो । शालुको आँखा-नाक-मुख-जीउडाल सबै सम्झ्यो । शालुको सबै चिज सुन्दर लाग्न थाल्यो फिरोजलाई । फिरोज जुरुक्क उठेर आमासाम् पुग्दै शालुको कुरा कोट्याउन चाह्यो । गंगाले फिरोजको कुराको आशय बुझेर भनिन्, 'फिरोज, तिमी धर्तीमा बसेर चन्द्रमा छुने आँट नगर । शालुजस्ता नारीहरू रूपलाई र धनलाई भन्दा चरित्रलाई हेर्छन् । तिमी त शालुको आँखामा पतिङ्गर नै हौ । त्यो कुरा तिमीले हिजो नै बिचार गर्‍यौ होला । शालुको सपना देख्न छोड, हातमुख धोएर खाना खान आऊ ।'

फिरोजलाई आमाको कुरा बेठीक लागेन तर शालुलाई भुल्न पनि सकेन । सोच्यो 'म शालुलाई पाउन जे पनि गर्न तयार छु ।'

# बीस

फिरोजले महिनौं-महिनासम्म शालुको पिछा गर्दा पनि शालुले कुनै प्रतिक्रिया देखाइनन् । घरपरिवारका मान्छेहरू र फिरोजका सुन्दरीहरू फिरोजमा एक्कासि आएको परिवर्तन देखेर आश्चर्यमा पर्नु स्वाभाविकै थियो । फिरोजका सुन्दरीहरूले फिरोजलाई लाख सम्झाएर पहिलेकै बाटोमा आउन आग्रह गरे तर अहँ फिरोजले सुन्दरीहरूको कुरा पटक्कै टेरेन । उल्टै सुन्दरीहरूलाई आफ्नोसामु नपर्नु भनी कडा चेतावनी दियो । फिरोजका सुन्दरीहरू अर्कै बाटो मोड्न बाध्य भए । गंगा र रमण फिरोज एउटा खाल्डोबाट उत्रेर अर्को खाल्डोमा पसेकोमा चिन्तित नै थिए । फिरोज शालुलाई नपाए आफू नबाँच्ने भनी अन्तिम निर्णयमा पुगेको थियो । त्यसैले ऊ एकदिन आँट गरेर शालुको सामु पुग्यो र हात जोड्दै भन्यो, 'शालु, मलाई एकपल्ट सुध्रिने मौका देऊ । म तिमीबिना बाँच्न सक्दिनँ । म तिमीले जे भन्छ्यौ त्यही मान्छु ।'

शालुले सम्झाइन्, 'हेर्नोस् फिरोजजी तपाईंजस्तो होनहार व्यक्ति बिग्रिएको देख्दा मलाई पनि पीर अवश्य लागेको थियो । तपाईं सुन्दर र सम्पन्न हुनुहुन्छ । तपाईंले मजस्ता सयौं युवती पाउनुहुन्छ । तपाईं कुनै आदर्श युवतीसँग विवाह गर्नोस् । मलाईचाहिँ अहङ्कारी भन्नोस् या जे भन्नोस् । म प्रेम शब्दसँग नै घृणा गर्छु । तपाईं लाख कोसिस गर्नोस् एक हातले ताली बज्दैन । बिन्ती, आइन्दा प्रेम भन्ने शब्द मेरोसामु बिर्सेर पनि नओकल्नुहोला' भन्दै रिसाउँदै शालु आफ्नो घरतिर आइन् । फिरोज हेरेको हेरै भयो । आँखाबाट बलिन्द्रधारा आँसु झार्दै घाइते सिंहझैँ भई घर आयो । आफू बिग्रिनुको जिम्मेवार स्वयम् आफैँलाई नै ठहऱ्यायो । बाँकी जिन्दगी कसरी काट्ने सोच्नै सकेन । फिरोज खानु न खट्नु इन्तु न चिन्तु पऱ्यो । गंगा एकपल्ट शालुलाई सम्झाउने निर्णय लिँदै शालुको घरमा पुगिन् । शालुले गंगालाई बैठकमा बस्न आग्रह गर्दै भनिन्, 'हजुरले यसो फोन गरेर आइस्या भए हुन्थ्यो । ममीपापा होइसिन्न ।'

गंगाले भरिएको आँखालाई ओभानो पार्दै भनिन्, 'म तिमीलाई नै एउटा बिन्ती गरौं भनेर आएकी हुँ । के गरौं म छोराको मायाले अलि स्वार्थी भएँ । फिरोज नशा, सुन्दरी सबैलाई छोडेर तिम्रो मायामा तड्पिन थालेको छ । थुप्रै दिन भयो उसले एक गेडा अन्न पनि निलेको छैन । नानी ! त्यो हाम्रो एकमात्र टेक्ने वैशाखी हामीलाई दान देऊ । नफुली नै ओइलिसकेको फिरोज पुनः फुल्ने रहर बटुल्दै छ । साँच्चै भन्दा यहाँ आउने आँट त थिएन । फिरोजको बाबुले पनि एकपल्ट शालुसँग फिरोजको जीवन माग भनेर पठाउनुभयो, त्यसैले आउन बाध्य भएँ' भन्दै गंगा रुन पो थालिन् ।

शालु अलमल्ल परिन् र मनमनै सोचिन्, 'त्यो डालीडाली चहार्ने भमरा मलाई चार-पाँच वर्ष पर्खिन अवश्य सक्दै-सक्दैन । मेरो सानो झूटले गर्दा यिनीहरू खुसी हुन्छन् भने झूट बोल्नु कुनै अपराध हुँदैन भन्ने सम्झी भनिन्, 'आन्टी नरोइस्यो, यदि फिरोज मलाई साँच्चै माया गर्छन् भने म डाक्टर पढेर आउँदा उनले पढ्दापढ्दै छाडेको इन्जिनियर पूरा गर्नुपर्छ भनिदिसेला । अर्को कुरा प्रेममा छोइछाइ, ख्यालठट्टा, भेटघाट मलाई मन नपर्ने कुराहरू हुन्, त्यो पनि भनिदिसेला ।'

गंगाले खुसी हुँदै भनिन्, 'नानी ! म तिम्रो यो गुन कहिल्यै भुल्ने छैन । मलाई जहाँसम्म लाग्छ फिरोजले तिम्रा सारा सर्त मान्नेछन् । अब मेरो घर पनि स्वर्ग हुन्छ । नानी, सबैजना खुच्चिङ भन्दै थप्पडी मार्थे । अब मैले पनि शिर ठाडो गरेर हेर्न पाउने भएँ । सायद तिम्रो जन्म नभएको भए हामी जिउँदै मर्ने थियौं । म तिमीलाई सधैं पूजा गर्छु शालु सधैं पूजा... ।'

हजुरले मलाई त्यति माथि नउठाइस्यो । फिरोज केही गरी राम्रो हुनुभयो भने मात्र मलाई धन्यवाद दिसेला । म पर्सि नै होस्टेल जाँदैछु, किताबहरू अझै किन्नु नै छ । हजुर आएर मात्र म रोकिएकी हुँ ।'

गंगाले चिया पिउँदै भनिन्, 'चिया ल्याइहाल्यौ, चिया पिएर सँगै निस्कौंला हुन्न ?' शालु स्वीकृतिसूचक मुन्टो हल्लाएर कपडा लाउन गइन् । कपडा लाएपछि गंगा र शालु नै घरबाट निस्के । गंगा खुसीले फुरुङ्ग हुँदै घरतिर लागिन् भने शालु पुस्तक पसलतर्फ लागिन् । किताब किनेर घर फर्केको केही क्षणमै फोन आयो, शालुले फोन उठाइन्, फोन फिरोजकै थियो । फिरोजले बडो हर्षित स्वरमा 'आफू पढ्ने र सात जन्म पनि तिमीलाई कुर्न सक्छु शालु' भन्यो । आफ्नो ममीपापा र आफू नै खुसीले रमाइरहेको कुरा बतायो । शालुले आफू पनि खुसी छु भनी पुनः अर्को झूट बोलेर फोन राखिदिइन् । फोन राखेपछि मनमनै सोचिन्, मैले जे गरें ठीक गरें, सर्प पनि मर्ने लट्ठी पनि नभाँच्चिने । जवानीकै माया गर्ने त्यो निच प्यासीले पनि प्रेम गर्ने रे । उफ ! प्रेम शब्दलाई फिरोजजस्ताले ज्यादै सस्तो बनाइदिए । सुजन आजसम्म पनि फर्केनन् । उनी बिग्रिए भने म कसरी बाचौंला ? ममीपापाको भित्री मनशाय सुजनलाई आफ्नो रङ्गीचङ्गी दुनियाँसँग घुलमिल गराउनु हो । उनीहरू सोच्छन् पैसाले छोरालाई ठूलो मान्छे बनाउन सकिन्छ । ममीपापाले सुजनलाई आफूहरूबाट अलग्याउँछे भन्ने सोचेर जानीजानी घर नफर्किनुभएको हो । जन्मदिनको भोलिपल्ट नै अलइन्डिया टुरमा जाने कुरा रहेछ, त्यो कुरा न भाइलाई थाहा थियो न मलाई नै । सुजनलाई ममीपापाले मेरोसामु पर्नसम्म दिनुभएन । उहाँहरूलाई भाइको जिन्दगीभन्दा आफ्नै स्वार्थ प्यारो भयो । शालु केही कुरा सोच्न नसकी लम्पसार परेर सुतिन् । अँध्यारोलाई चिर्दै मुख ढाकेर बिभिन्न परिकारहरू लिई आफ्नो कोठामा पसेकी कान्छीदिदीलाई देखेपछि शालु कान्छीको काखमा पल्टेर धेरैबेर रोइन् । कान्छी पनि रोइन् । कान्छीले शालुलाई मायाले कपाल सुम्सुम्याउँदै भनिन्, 'अब नरोइस्यो, हामी सबैले देखेको सपना साकार भयो । बरु छिटो खाना खाइस्यो । दाइले ट्याक्सीमै मलाई पर्खिनुभएको छ । दाइ, मोनालगायत सबैले हजुरलाई सम्झेका छन् । रोहिणी मैयाँसापचाहिँ भोलि हजुर जाने बेलामा आइसिन्छ रे ।'

शालुले आँसु पुछ्दै सबैलाई सोधिन् । कान्छीले सबैको हालखबर राम्रै भएको बताइन् । वीरुले नाम फेरेर सौरभ राखेको कुरा बताइन् । रोमाकान्त र मोनाको सुखी जीवनबारे पनि बताइन् । प्रशन्नको राम्रै खबर छ भनेर पनि बताइन् ।

शालु उठेर कान्छीको हात मुसार्दै भनिन्, 'दिदी मलाई अब एउटै चिन्ता सुजनको छ । उसलाई ममीपापाले बिगारेरै छोड्नुहुन्छ ।'

'मैयाँसाप हजुरले पीर नगरिस्यो । फिरोजको त्यो ताल देखेपछि सबैले छोराछोरीलाई बढी पुलपुल्याउनु हुँदैन भनेर चेतिसके । डाक्टर पुष्कर भट्टको कुरा पनि उनीहरूलाई थाहा नै होला ।'

'कस्तो कुरा दिदी ?' शालुले प्रश्न गरिन् ।

हजुरलाई थाहा छैन ? विवाह गरेकी श्रीमती सभ्य भइन भनेर कुन चाहिंलाई फेरि विवाह गरेछ । आफ्नो सरुवा भएको ठाउँमा त्यसैलाई लिएर गएछ । त्यो आइमाई प्रोजेक्टका लागि आएको अस्ट्रेलियनसंग अस्ट्रेलिया भागेपछि अहिले पहिली श्रीमतीसंगै छ, छोरा पनि दुई-तीन वर्षकै भइसकेछ । डा. भट्टकी श्रीमती भन्दै थिइन्, 'डा. भट्टले रक्सी, पार्टीसाटी सबै छोडे रे । उनलाई पनि असाध्यै माया गर्छन् रे ।'

शालुले सन्तोषको हाँसो हाँस्दै भनिन्, 'भट्टकी श्रीमतीको कुरा सुन्दा साह्रै खुसी लाग्यो । दिदी तपाईं नै भन्नोस् त अरू खुसी हुन्छन् भने झूट बोल्नु हुन्छ होइन ? तपाईं पनि मलाई खुसी पार्न धेरै झूट बोल्नुहुन्थ्यो । ममीले गाली गरेर रुँदा आँखामा धूलो परेर आँसु झारेकी भन्नुहुन्थ्यो ।'

कान्छीले अलि डराउँदै भनिन्, 'फेरि हजुरले कोसँग झूट बोलिस्यो ?'

शालुले गंगा घरमा आएको फिरोजले आफूलाई प्रेम गर्छु भनेको सबै कुरा कान्छीलाई बेलिबिस्तार लगाइन् र शालुले आफूले फिरोजलाई माया गर्छु भनेर झूट बोलेको कुरा पनि बताइन् । कान्छी शालुको कुरा सुनेर बडो चिन्तित बनिन् । शालुलाई के भन्ने के नभन्ने सोच्नै सकिनन् । थुप्रै हिउँद बिताएकी कान्छीले सोझै अनुमान गरिन् । फिरोजले वास्तवमै प्रेमको मूल्य बुझेकै हुनुपर्छ । शालु मैयाँसापलाई फिरोजको माया साँचो हो भनौं भने चोट पर्ला । फिरोजको माया झुटो हो भनेर पनि कसरी भनौं ?'

'दिदीले के सोच्नुभएको ? फिरोजको बारेमा सोच्नुभएको हो भने अहिल्यै त्यो फिरोजेको कुरालाई मस्तिष्कबाट निकालिदिनुभए हुन्छ । त्यो गुन्डोलाई तपाईंले मैले चिनेकै हौं । मैले त बिचरी गंगा आन्टीको आँसुको मान मात्र राखिदिएकी हुँ । त्यस्ता लफङ्गाले प्रेमको मूल्य बुझ्यो भने त यो पृथ्वी नै पल्टिन्छ हैन ?'

कान्छीले हाँसेजस्तो गरी भनिन्, 'हजुरले ठीक नै सोचिस्यो । त्यो प्रेमी हुनै सक्दैन तर हजुरले कसैलाई मन पराउन लाइस्यो भने पहिला मलाई भनिसेला नत्र म रिसाउँछु । हात्तीको चपाउने दाँत बेग्लै, देखाउने दाँत बेग्लै हुन्छ । मान्छेलाई पनि बाहिरबाट चिन्न सकिँदैन । अझ अर्को कुरा, हजुरले आफ्नो विवाहका लागि केटा खोज्ने जिम्मा मलाई नै दिस्यो भने म झनै खुसी हुन्छु ।'

शालुले कान्छीको गालामा म्वाइँ खाँदै भनिन्, 'ल मैले त्यो जिम्मा तपाईंलाई नै दिएँ । म दिदीले जोसँग भन्नुहुन्छ त्यहीसंग विवाह गर्छु नत्र कुमारी नै बस्छु ।'

'शालुको कुराले कान्छीको आँखाबाट हर्षको आँसु झर्‍यो ।'

रोहिणीले ढोका खोलेर पलङ्गमा बस्दै भनिन्, 'ल हैर यी आमाछोरीको रुवाबासी । तपाईंहरूको के कुरा हुँदै थियो ? म कबाफमा हड्डी त बनिनं ?'

कान्छीले आँसु पुछ्दै भनिन्, 'हजुरसँग लुकाउनुपर्ने कुरै के छ र ? हजुरले भोलि जान्छु भनिसेकोले म एक्लै आएकी ।'

रोहिणीले हाँस्दै भनिन्, 'दिदीले मीठोमीठो पकाएर ल्याएको थाहा पाएपछि दौडिहालें । हेर मोरी तैंले गर्दा हाम्रो घरमा पनिर पाक्दैन । आलुको अचार प्रायः बन्दैन । दिदी भन्नुहुन्छ, आलुको अचार र पनिर देख्यो भने मलाई शालु मैयाँको याद आउँछ ।'

रोहिणीको कुराले शालुको मन भरिएर आयो । पुनः एकैछिन वातावरण मौन भयो । रोहिणीले भनिन्, 'दिदी दाइ त बाहिर ट्याक्सीमा आनन्दले निदाउनुभएको छ ।'

कान्छीले उठ्दै भनिन्, 'शालु मैयाँ राम्रोसँग पढिसेला, आफ्नो स्वास्थ्यको ख्याल राखिसेला म गएँ पनि ।'

शालु कान्छीको पछिपछि गेटसम्म आइन् तर दुवैको ओठ चल्न सकेन । कान्छी रुँदै बाटो लागिन्, शालु रुँदै कोठामा आइन् । रोहिणीले बडो गम्भीर भएर भनिन्, 'साँच्चै माया भनेको गजबकै हुँदोरहेछ । त्यसैले त मान्छेहरू भन्दारहेछन्- संसार प्रेममै अडेको छ । कान्छीदिदीको तँप्रतिको माया त झन् अपारकै छ । अरूले चिन्लान् कि भनेर मुख छोपेरै भए पनि आउनुभयो । दिदी भन्दै हुनुहुन्थ्यो- शालु मैयाँसापको घरको काम गर्ने अहिले घर गएको छ रे । म दिदीको कुरा सुनेर छक्क परें, सोचें शालुको घरमा को काम गर्ने आएछ फेरि ? पछि बुझिहालें तैंले दिदीले पीर गर्नुहुन्छ भनेर घरमा काम गर्ने छ भनेकी होस् । भाँडा माझ्ने, घर पुछ्ने त आउँछिन् नै होला होइन ?'

'अँ आउँछिन् । आज बिहान भने दूध तताएर पनि दिइन् । खाना पकाउन जाँगर लागेन, एउटा चाउचाउ उमालेर खाएँ । छोड्दे सानातिना कुरा, भन् प्रशन्नजीको हालखबर के छ ? तैंले आज केही हाँसेजस्तो गरिस् मलाई ज्यादै खुसी लाग्यो ।'

'तैंले भनेकी होइनस् हेर रोहिणी, तँ अरूको खुसीको लागि पनि हाँस् । तेरो बाबुआमाले केवल तेरो खुसीका लागि अर्काको छोरामाथि ठूलो लगानी लगाएका छन् । त्यस्ता बाबुआमाको मन नदुखा । हामीलाई पनि तेरो अँध्यारो अनुहार देख्दा पीर पर्छ भनेकीले हाँसेजस्तो गरेकी छु । नत्र तेरो लम्बेचौडे भाषण सुन्न परिहाल्छ ।'

'ल तैंले जे गरिस् राम्रै गरिस् । अब हामी सबैको खुसीका लागि कुनै पनि एक विषयमा डिग्री गरिदिऊ मैयाँ । अलिकति मोटाइदेऊ त्यति भए पुग्छ हामीलाई । आजकाल तँ बाबुआमाको अगाडि मुर्दाजस्तै हुन्नस् होला नि कि हुन्छेस् ?'

'तैंले सम्झाएपछि आजकाल मैले आफूलाई बाँधेकी छु । मलाई खुसीझैं

देखेर ममीबाबा पनि खुसी नै हुनुहुन्छ। कति हृदय जल्छ मेरो त्यसको त लेखाजोखा नै छैन शालु। कसरी चार-पांच वर्ष बिताउनु सम्झँदा मात्र पनि अत्यास लाग्छ। तैंले प्रेम नगरेर ठीक नै गरिस्। प्रेमको पीडाले त मान्छेलाई सखापै पार्दोरहेछ।'

'प्रेम गर्नेहरू सबै तँजस्ता कहाँ हुन्छन् त ? देखिनस् मौसमीको प्रेम ऊ सधैं प्रफुल्ल देखिन्थी। तँ भने सधैं मरेको बिरालो काखी च्यापेर थिमी जाने बाटो कता भन्ने जस्ती छेस्। तैंले पढाइमा ध्यान दिइस् भनेचाहिँ समय बिताउन सजिलो हुन्छ। अर्को कुरा तँ इन्जिनियर सापको श्रीमती बन्न लायक हुनुपर्‍यो।'

रोहिणीले शालुको कुरामा सहमति जनाइन्। दुबै मीठोसँग खानेकुरा खाई सुत्न भनेर लागेका थिए। फोन आयो। शालुले फोन उठाइन्। केही बेरको कुराकानीपछि फोन राखिदिइन्। उर्मिलाले होस्टेल जाँदा डेरामा बस्नेलाई ढोकाको चाबी छोड्नु भन्नका लागि फोन गरेकी रहिछिन्। शालुकी ममीको कुरा सुनेपछि रोहिणीलाई ज्यादै नमज्जा लाग्यो। रोहिणीले महसुस गरिन्- मैले तपस्या गरेरै बाबुआमा पाएकी रहेछु। शालुलाई भने आमाको कुराले खासै दु:खेन। सुजनको भने चिन्ता लाग्यो। दुबै कुरा गर्दै निदाए। भोलिपल्ट रोहिणीले नै शालुलाई होस्टेलसम्म पुर्‍याएर गइन्।

# एक्काईस

'आकाश तिमीले त महाराजगन्जमा पनि नाम निकाल्न सक्ने मान्छे, फेरि यहाँ किन पढ्न आएको ?'

'तिमी यहाँ पढ्दैछ्यौ भन्ने थाहा पाएर मैले पनि यहीं पढेको हुँ।'

शालुले हाँस्दै भनिन्, 'तिमीलाई जोक गर्न त कसले सिकाओस् ? तिमीलाई यहाँ देखेरचाहिँ साह्रै खुसी लाग्यो, प्राय: सबै काठमाडौंबाहिरकै रहेछन्। हामीलाई त मान्छे गन्दैनन्। हामीले राम्रो पढेर काठमाडौंको इज्जत राख्नैपर्छ नत्र हेप्नु हेप्छन्।'

आकाश केही बोल्न नसकी आफ्नो रुमतिर लागे। शालु आफ्नो रुममा आइन्। क्रमश: दिनहरू बित्दै गयो। शालु र आकाशको भेट हुन्थ्यो। पढाइकै बारेमा कुरा हुन्थ्यो र टुङ्गिन्थ्यो। शालुले डाक्टर पढ्न थालेको पनि तेस्रो वर्ष पूरा भएर चौथो वर्षमा लाग्यो। कलेजमा प्रेम गर्नेहरूको लहर नै चलेको थियो। शालु आफू निष्क्रिी भएकोमा दङ्ग थिइन्। अरू साथीहरू भने शालुलाई नपुङ्सकको सङ्ज्ञा दिंदै भन्थे, 'शालु हामी पनि तँजस्तै नपुङ्सक हुन पाएको भए हुन्थ्यो। न त तँलाई कुनै केटाको चासो छ। तँ नपुङ्सक भएरै धेरै

पढ्न सकेकी होस् । नपुङ्सकहरूलाई त बैसले पनि कुनै असर नगर्ने रहेछ हगि ?'

शालु साथीहरूको कुरालाई हाँसोमा उडाइदिन्थिन् । शालुले नपुङ्सक भन्दा पनि कुनै खण्डन नगरेकी हुनाले साँच्चै शालुलाई सबैले नपुङ्सक नै ठान्न थाले । शालु नपुङ्सक भन्ने कुरा एक कान दुई कान गर्दै सबै केटाहरूले पनि थाहा पाए । शालुलाई मन पराउने दुई-चार केटाहरू त आफसेआफ सावधान भए । आकाशको हृदयमा भने गहिरो चोट लाग्यो । आकाश शालुलाई स्कुले जीवनदेखि नै मन पराउँथे । शालुकै लागि सप्तरङ्गी सपनाहरू सजाउँथे । शालुकै मायामा एक्लैएक्लै रुन्थे । तर शालुसामु पुगेपछि भने प्रेमका कुराहरू गर्न सक्दैनथे । त्यसैत्यसै डराउँथे आकाश । आकाशको भित्री मनले सोच्थे- एकदिन न एकदिन शालुले मेरो आँखाको भाषा बुझ्छिन् । आकाशको त्यो रहर रहरमै सीमित भयो । आकाशले पनि यही सोचे- शालुले मेरो वास्ता नगर्नुको कारण त उनी नपुङ्सक भएरै पो रहेछ । कठै मेरी शालु, एक्लो जिन्दगी कसरी काट्छिन् ? म शालुबिनाको जिन्दगी कसरी काटौँ ?

आकाशले शालुकै बारेमा सोच्दासोच्दै मनलाई बसमा राख्न नसकेर धेरै समय बेचैन बने । सबै विद्यार्थी भने शालुलाई देखेपछि मुखामुख गर्थे । शालुलाई आफ्नो अपमान गरेकोमा पटक्कै चिन्ता थिएन । उनी चिन्तित हुन्थिन् त केवल सुजन र रोहिणीको पीरले ।

यता दौलतको विशाल समुद्रमा छलाङ मारिरहेको सुजनले पढ्नुलाई बोझ ठान्दै गए । सुजन पहिला रक्सीको नशामा रमाउन थाले । बिस्तारै सङ्गत ड्रग्स खाने जमातसँग भयो । राम्रै ड्रगिस्ट बने । ठूलो समुद्रबाट एक लोटा पानी झिक्दा पत्ता नपाएझैं दीपक उर्मिलाले पनि दराजबाट पैसा हराएको चाल नै पाएनन् । एक दिन ड्रग्स खान पैसा नपाएपछि सुजनले आमाको दुई तोलाको सुनको चुरा नै चोरे । चुरा चोरीको दोष उर्मिला र दीपकले एक्काईस वर्षको घरमा काम गर्ने कान्छालाई लगाए । कान्छाले आफू चोर नभएको दाबी गर्दा पनि साफसँग पिटी घरबाट निकालिदिए । विनादोष नै सजाय पाएपछि घरमा कोही नभएको मौका पारी आई त्यही कान्छाले पन्ध्र-बीस तोला सुनका गहना र करिब पाँच सात लाख रुपैयाँ सबै चोरी इन्डियातर्फ टाप कस्यो ।

आधा रातमा रक्सीको नशामा झुम्दै आएका उर्मिला र दीपकले पहिला त सबै ढोकाहरू सुजनले नै खोलेको ठाने । कोठामा पसेपछि दुवैको सातो गयो । दुवैले खोलिरहेको दराजलाई देखेपछि चोरी भएको ठहर गरे । डेरामा बस्नेहरूसँग सोधखोज गरे । कसैले पनि कसले कुन बेला चोर्‍यो भन्ने कुरा थाहा नभएको भनी बताए । चोरी भएको कुरा हल्लीखल्ली भयो । पुलिसहरू पनि आए, चोर पत्ता लगाउन आश्वासन दिएर गए । जीवनमा पहिलोपल्ट परेको चोट दीपक र उर्मिलालाई नै सहन गर्न गाह्रो भइरहेको थियो । त्यत्तिकैमा आश्वासन दिन

आएकामध्ये एउटा छिमेकीले प्वाक्क भन्यो, 'सर ! चोर बाहिरको नभई घरभित्रकै पनि हुन सक्छ । या कि सुजन बाबु... ।'

छिमेकीको कुरा सुनेर दीपकले सातो खाउँलाझैं गरी भने, 'मुख सम्हालेर बोल्नोस्, दामोदरजी, मेरो छोरा लाखमा एक छ, बुझ्नुभो ? ऊ भोलिको पाइलट हो, पाइलट... ।'

दामोदरले व्यङ्ग्य हाँसो हाँस्दै भने, 'चङ्गा उडाउने पाइलट कि प्लेन उडाउने पाइलट हँ ? तपाईंले साँच्चै थाहा नपाउनुभएको हो कि बुझ पचाउनुभएको हो ? सुजनबाबुले त झन्डै मेरो छोरालाई पनि बिगारिसकेका थिए । म पनि खान्दानी मान्छेको छोरा त्यसमाथि शालु जस्तोको भाइ राम्रै होलान् भनेर मख्ख थिएँ । धन्न मैले बेलैमा थाहा पाएर सुजनको सङ्गत छुटाइहालेँ । दिदी भने पण्डित भाइ भने महाखण्डित पो रहेछन् । देखेजानेको भनिदिएँ रिसाउनोस् या खुसाउनोस् ।'

दामोदरको कुरा सुनेर सबै छिमेकीहरू शिर झुकाएर निहुरिरहे । सबैले जिउहजुर भन्ने छिमेकीको अगाडि आफू अपमानित हुनुपर्दा उर्मिला र दीपक रिसले आगो भए । उर्मिलाले दामोदरलाई खाउँलाझैं गरी भनिन्, 'तँ पाजी दुई पैसेले काठमाडौंमा एउटा झुपडी बनाइस्, तँलाई के-के न भयो होइन ? यस्तो दुःखको बेलामा तँ यही भन्न यहाँ मरेको ? जा गइहाल् मेरो सुधो गाईजस्तो छोरामाथि झुटो आरोप लगाउने पाजी ।'

'खाएको बिष पो लाग्छ, नखाएको बिष त लाग्दैन' भन्दै दामोदर हिँडे ।

दामोदर गएपछि जम्मा भएका छिमेकीहरूले दामोदरलाई नै गाली गरी खनखाँचोमा काम लाग्ने दीपककै पक्ष लिए । दीपकले मनमनै दामोदरको उठिबास लगाउँछु भनी सङ्कल्प गरे । अनि छिमेकीहरूलाई आफ्नो छोरी र छोरा दुवै समाजको प्रतिष्ठित व्यक्ति हुनेछन् भन्ने कुरा गर्दै थिए । सुजन पाइलै नै टेक्न नसक्ने गरी हल्लँदै आएर लर्खराएको स्वरमा भने, 'ममीपापा के भयो ? किन मान्छेको भीड हँ ?'

सुजनलाई देखेपछि दीपक र उर्मिलाकै होस उड्यो । छिमेकीहरूले अब दीपकको घरमा बस्न ठीक छैन भन्ने ठानी अब जान्छौं भनी सबै आ-आफ्नो घरतर्फ लागे । सुजनको चरित्र राम्रो छैन भन्ने थाहा पाउँदापाउँदै पनि सुजनलाई राम्रो छ भनी चेपारो घस्नेहरूको मनमा केही नराम्रो त लाग्यो नै ।

यता दीपक र उर्मिलाले सुजनको त्यो हाल देखेर आफ्नो भाग्यलाई धिक्कारे । दीपकले आँसु पुछ्दै भने, 'तिमी त हामीसँग हिंड भन्दा भन्थ्यौ- पापा म पाइलट बन्छु । त्यसैले राति अबेरसम्म ट्युसन पढ्न जान्छु । यही हो तिमी ट्युसन पढेर आएको ?'

सुजनले उभिन नसकी भुईंमा थ्याच्च बस्दै भने, 'कुल, पापा कुल, हजुरहरूले

अलिअलि पिउने बानी लगाइदिस्यो । आज मैले अलि धेरै पिएँछु, माफ गरिसेला । घरमा चाहिँ किन भीडभाड थियो हँ ?'

उर्मिलाले रुँदै भनिन्, 'घरको सम्पूर्ण नगद, सुन चोरी भएछ । यत्रो चोट परेको दिन तिम्रो यो हालत देख्दा... ।'

'ममीपापा हजुरहरूले दिदीलाई ननिकालेको भए यो दिन देख्नै पर्दैनथ्यो ।'

उर्मिला चिच्याइन्, 'हामीले निकालेका हौं र तेरीबजैलाई, त्यही शालुले निकालेकी हो । शालुले ननिकालेकी भए त्यो कहाँ निस्किन्थी र ?'

सुजन जबर्जस्ती उठ्दै भने, 'हत् ममी पनि, हजुरले साह्रो बदनाम गरेर निकाल्ने योजना बनाएको थाहा पाएरै शालुले दिदीलाई निकालेकी हुन् । शालु चाहन्थिन् दिदी खुसी होऊन् । उनी आफ्नो मायामा नतड्पिऊन् । चन्द्रकान्त दाइसँगै विवाह गरून् । ती सब त बनिबनाऊ नाटक थियो । थाहा छ दिदीले त चन्द्रकान्त दाइसँग विवाह गरेर छोरा पाइसक्नुभयो । दिदी शालुकै साथी रोहिणीको घरमा बुहारीझैं भएर बस्नुभएको छ । दिदीले मलाई हेर्न मन लाग्यो भनेर डाक्नुभएकोले म र शालु गएका थियौं । अँ साँच्चि, मामाघरको हजुरआमा पनि भनिसिन्थ्यो- बाबु, तेरी आमाले कुकुरकाटी बिरालोलाई पोस्ने काम गरिन् । कान्छीको पछुतो लाग्छ बा, यो जमानामा कान्छीजस्ती मान्छे कहाँ पाउनु ?' सुजन नशाको सुरमा सबै यथार्थ बकी लर्खराउँदै आफ्नो कोठाभित्र पसे ।

दीपक र उर्मिला पनि केही बोल्न नसकी कोठाभित्र पसे । आँखाबाट बलिन्द्रधारा आँसु झारे । दुवैको आँखामा कान्छी नाचिरहिन् ।

दीपकले धेरैबेर रोएपछि भने, 'उर्मी, दालमा केही कालो छ भन्ने त मलाई पहिल्यै थाहा थियो । हुन पनि तिमीले कान्छीलाई शत्रुलाई नगर्ने व्यवहार गऱ्यौ । आज यो दुर्दिन देख्नुपऱ्यो । धन, पैसा त चोरी भयो केही थिएन पछि पनि कमाउन सकिएला, दामोदरले भनेझैं सुजन मक्किसकेछन्, तिमी आमा भएर पनि थाहा पाइनौ ? उर्मी तिमी कस्ती आमा हौ हँ ? आज दामोदरजस्तो भुसुनाले पनि हामीलाई लात माऱ्यो । यत्रा छिमेकीहरूको अगाडि शिर झुकाउनुपऱ्यो । भोलिदेखि यही समाजमा कसरी आफ्नो रूप देखाउनु ? तिम्रै कारणले गर्दा मैले आफ्नै छोरीलाई पनि शत्रु ठानें । सायद शालु सुजनलाई जीवन के हो बुझाउन चाहन्थिन् । हामीले शालु र सुजनलाई भेट्नसम्म नदिई बार लगायौं । म तिम्रो लहैलहैमा लागें । अब सुजनलाई के बनाउने तिम्रो जिम्मा । सुजन बिग्रिएको म हेर्न सक्दिनँ ।'

उर्मिलाले ओछ्यानमा पल्टँदै भनिन्, 'हजुर पढलेखेको मान्छेले नै उसलाई तह लगाइस्यो । मैले भनेको उनी टेर्दैनन् । छोरीलाई मैले ज्ञानी बनाएँ, अब छोरालाई सपार्ने जिम्मा हजुरको ।'

दीपकले लोप्पा खुवाउँदै भने, 'इस् तिमीले शालुलाई राम्रो बनायौ ?' 'काम गर्ने काल् जस पाउने ढेड् ।' कान्छी नभएको भए शालुको गति पनि सुजनको जस्तै हुनेरहेछ । अब सुजनलाई कुलतबाट छुटायौ भने तिमीले शालुलाई बनाएको ठहर्छ नत्र ..... ।'

'के नत्रसत्र त्यो मेरो मात्र छोरो हो र ? यो घरमा म मात्र थिएँ र ?' उर्मिला च्याट्टिन् ।

दीपक सिङ्गै बोतलको रक्सी तन्काउँदै कुर्लिए, 'चुप लाग पाखिनी, घरमा कोही छैन भन्ने थाहा पाएपछि खाल बस्न नगएको भए घरमा चोरी हुँदैनथ्यो । आमा भैखाकीले छोरो कुनबेला कुन हालतमा घर आउँछ भनेर कहिले हेरिस् ? अझ मुखमुखै लाग्छेस् ?'

विवाह गरेर ल्याएको बीसौं वर्षपछि पहिलोपल्ट नै दीपकले गाली गरेका थिए । त्यसैले उर्मिलाको हृदयमा दीपकको गाली बज्रको बाण लागेझैं भयो । उर्मिला रक्सीको बोतल समातेर रुँदै बैठक कोठामा आई घटघट रक्सी पिई छटपटाउन थालिन् । दीपक र उर्मिलाले सारा रात छटपटाउँदै रुँदै सिरानी भिजाउँदै कटाएँ । भोलिपल्ट बिहान दुवै सकिनसकी उठे । दीपक र उर्मिला एक-अर्कासंग बोल्न सकेनन् । उर्मिलालाई नजानिँदो पाराले चक्कर लागिरहेको थियो । दीपक बिहान खाली पेटमा नै रक्सी पिई के सुरमा कान्छीलगायत थुप्रै काम गर्नेहरू सुतेको कोठामा पसे । आँखा टिनको बाकसमा पऱ्यो । के रहेछ बाकसमा भनी बाकस खोलेर हेरे । बाकसमा शालु र सुजन बिरामी हुँदा जँचाएको कागजको चाङले लगभग बाकस भरिएको थियो । त्यतिमात्र नभई फलानो समय फलानो बाँणाको बन्दकी राखेको औंठीको बिल, फलानो समयमा फलानो बाँणाको बन्दकी राखेको तिलहरीका बिलहरू पनि प्रसस्तै थिए । दीपकले कुराकै प्रसङ्गमा उर्मिलाले आफ्नो साथीहरूसँग छाँट्ने गरेको गफ सम्झे । 'तिमीहरू आफ्नो बच्चालाई त्यति ध्यान दिँदैनौ होला अनि बिरामी परिरहन्छ नि । मेरो शालु र सुजन त बिरामी भएको पत्तै छैन । उनीहरू बिरामी भए भनेर आजसम्म एक रुपैयाँ खर्च भएको छैन हगि हजुर ?'

'हो उर्मीले ठीक भनिन् । आजसम्म बिरामीका लागि चाहिँ बजेट छुट्याउनुपरेको छैन ।'

अतीतका कुरा सम्झेर भक्कानिएर रुँदै बाकस नै बोकी उर्मिलाको सामु बाकस लगेर फ्याँक्दै भने, 'हेर पखिनी, तेरा छोराछोरी बिरामी भएका रहेछन् कि रहेनछन् थुक्क ! तँलाई त बच्चा बिरामी भएकोसम्म पत्तो रहेनछ । तँ डोकेले के बुझ्थिस् कान्छीले सयौं पटक आफ्नो गहनाहरू बन्दकी राख्दै शालु र सुजनको औषधि गरेकी रहिछन् ।'

उर्मिलाले छरपस्ट भएका पोखिएको चाङ कागज देखिन् र टोलाइरहिन् ।

दीपकले पागलझैं हुँदै बाकसलाई लात्तीले हानेर सबै प्रेस्क्रिप्सनहरू छरपस्ट पार्दै भने, 'तैंले ठानेथिस् तेरा छोराछोरी त्यत्तिकै हुर्के, प्रमाण देखिस् होइन पापिनी ?'

उर्मिला पनि चिच्याइन्, 'आज आएर मलाई तँ-तँ र म-म पापिनी भन्छस् ? म तेरो पछाडि लागेर आएकी हुँ र ? तँ नै माग्न गएको होस् । आधुनिक बन्नुपर्छ भनी तैंले नै रक्सी घिच्न सिकाइस्, मेरो के दोष हँ ?'

'तास खेल्न मर, ब्लु फिल्म हेर्न जा भनेर पनि मैले नै सिकाएको थिएँ होला, होइन ?' दीपकले भने ।

दुवैको हल्लाखल्लाले सुजनको निद्रा ब्युँभियो । डेरामा बस्नेहरू पनि कान ठाडो पारीपारी सुन्न थाले । सुजनले उठेर आई बाहिर निस्कँदै भने, 'बिहान-बिहानै के महाभारत हँ ? कि ममी-पापाले पार्टीमा जस्तै जुहारी खेलेको हँ । बिहान-बिहानै पनि जुहारी खेल्छन् ? फेरि पापाले क्लिनिक पो खोल्नुभयो कि क्या हो ? बिरामी जाँचेको प्रेस्क्रिप्सन नै ल्याइसेछ ।'

दीपकले हकारे, 'चुप लाग पाजी, हामीले तँलाई स्वतन्त्रता दिएको यही दिन देख्नका लागि हो ?'

बाबुको मुखबाट पहिलोचोटि गाली सुनेर सुजनलाई गाली गरेको हो या ठट्टा गरेको थाहा नै भएन । त्यसमाथि ड्रग्सले राम्रैसँग छोडेको थिएन । सुजनले भने, 'पापा, हजुर सुतिस्यो । बेलुकी नै भनेर बिहानै पिसेछ क्यार अनि कराइसिन्छ ।'

सुजनको कुराले दीपकलाई झन् काटेको घाउमा नुनचूक लगाएजस्तो भयो । दीपक आवेशमा आएर चिच्याए, 'चुप लाग मूर्ख, तैंले गर्दा हामीलाई समाजको आँखाबाट झर्नुपर्‍यो । तँलाई हामीले के दिएका थिएनौं र तँ कुसङ्गतमा लागिस् हँ ?'

सुजनले अब भने बास्तविकता बुझे, थपक्क कोठातर्फ लागे । उर्मिला केही बोल्न सकिनन् । दीपक एक्लै फतफताइरहे । दीपकको स्वर्गजस्तै घर पूर्णरूपमा मसानमा परिणत भयो ।

# बाईस

'शालु नरिसाऊ है एउटा कुरा भन्छु ।' प्रभाले शालुनजिकै सर्दै भनिन् । पुस महिना भएकाले अरू थुप्रै विद्यार्थी पनि चौरभरि टन्न घाम तापेर बसेका थिए । शालुले भनिन्, 'भनन प्रभा तिमीले अहिलेसम्म के भन्न बाँकी राखेकी छ्यौ र । पहिला त तिमीले नपुङ्सक भनी हल्ला फिँजाएकोमा तिमीलाई धेरैधेरै धन्यवाद छ । तिमीले गर्दा म धेरैका पापी नजरबाट बचेँ । अँ साँच्चि के भन्दै थियौ कुन्नि ?'

प्रभाले सोध्न लागेको प्रश्न थियो- नपुङ्सकको त जुँगा आउँछ भन्थे तर तिम्रो जुँगा किन आएन ? भनेर सोध्न चाहेकी थिइन् । शालुको कुराले प्रभा अनकनाइन् । प्रभा नबोलेपछि शालुले हाँस्दै भनिन्, 'हैन किन चुप लागेकी प्रभा । के म साँच्चै, नपुङ्सक जस्तै छु र ? मेरी दिदी सधैं भन्नुहुन्थ्यो, 'म आकाशबाट झरेकी परी जस्तै छु रे । दिदी यो पनि भन्नुहुन्थ्यो मेरा लागि यो पृथ्वीमा राजकुमारजस्तै सुन्दर व्यक्ति जन्मेको हुनुपर्छ रे । ऊ आकाशजस्तै सुन्दर हुन्छ रे । शालुले कुरा टुङ्ग्याउन नपाउँदै प्रभाले पेट मिचिमिची हाँस्दै भनिन्, 'हेर साथी हो, शालु परीजस्तै छिन् रे सुन्यौ ? त्यतिमात्र कहाँ हो र उनलाई विवाह गर्ने युवक राजकुमारजस्तै हुन्छ रे ।' प्रभाको कुरा सुनेपछि सबै हा....हा गर्दै धेरैबेर हाँसे । धेरैबेरको हाँसोपछि प्रभाले भनिन्, 'ल, ल छ, छ हाम्रो पियन राजकुमारसँग तिम्रो ठ्याक्कै जोडा मिल्छ । वा ! तिमीले ठूलै सपना देखेको रहिछौ ।'

अन्नालाई बर्षौ अगाडिदेखि हेर्न आउने युवक देख्यौ भने त मूर्छा नै पर्छयौ होला । भन्लिन्, ऊ त्यही हो मेरो सपनाको राजकुमार !'

अन्नाले शालुतिर हेर्दै भनिन्, 'हेर शालु, मेरो हृदयश्वर देखेर सबै डाहले मर्न लागिसके । तिमीले अझै मेरो राजकुमार देखेकी छैनौ कि क्या हो ? राजकुमार पाउन त मेरोजस्तो रूप लिएर जन्मनुपर्छ बुझ्यौ ? फेरि तिमी त नपुङ्सक भनेको होइन र ? के उल्का नपुङ्सकलाई पनि राजकुमारको रहर ?'

अन्नाको कुराले सबैजना चौर नै थर्किने गरी हाँसे । शालु रछ्यानलाई चलायो भने आफ्नै मुखमा छिटा पर्छ भन्ने सम्झी जुरुक्क उठिन् । प्रभाले च्व ! च्व ! गर्दै भनिन्, 'हाम्री शालुजीलाई पियन राजकुमारजीको याद आएजस्तो म यहीं बोलाइदिउँकी ?' साथीहरूको कुराले शालुलाई चक्कर लागेजस्तै भयो । शालु टाउको समात्दै थचक्क बसिन् ! त्यत्तिकैमा एउटा युवक हस्याङ-फस्याङ गर्दै आएर भन्यो, 'शालु के भयो तिमीलाई ? तिमी ठीक त छयौ ?' त्यो युवकलाई देखेपछि सबै युवती हेरेको हेरै भए । शालु टाउको समातेरै चुपचाप लागिरहिन् । युवकले रुन्चे स्वरमा भने, 'शालु तिमीलाई चक्कर लागेजस्तो छ हिंड डाक्टरकोमा जाऊँ ।'

सबै युवती युवकको मुखबाट शालुको नाम सुनेर चित खाइरहेका थिए । शालु युवकको कुराको बास्तै नगरी उठेर हिंड्न लागेकी थिइन् ।

फिरोजले हात जोड्दै भन्यो, 'शालु बिन्ती, नरिसाउ म तिम्रो प्राक्टिकल सिद्धिएपछि मात्र तिम्रोसामु देखापर्ने पक्षमा थिएँ । तिमीलाई चक्कर लागेको देखेपछि आफूलाई थाम्न सकिनँ, आएँ ।'

शालुले 'को हो तपाईं' भन्दै युवकतिर हेरिन् । अति नै सुन्दर युवकलाई देखेपछि भनिन्, 'तपाईंलाई मेरो नाम कसरी थाहा भयो ? तपाईंले अन्नालाई सोध्नुभएको हो ? अन्ना उनी हुन् ।'

युवकले आँखा ओभानो पार्दै भने, 'शालु, बिर्सेऊ म फिरोज हुँ । शालुले युवकलाई तलदेखि माथिसम्म हेर्दै भनिन्, 'ओ फिरोजजी पो, यहाँ किन आउनुभएको कोही बिरामी ल्याएको छ कि ?'

फिरोजले नम्र हुँदै भन्यो, 'म तिमीलाई हेर्न आक्कल-झुलुक्क यहाँ आइरहन्छु, आज तिमी ढल्न ...।'

फिरोजको कुरा सुनेपछि सबै रातोपिरो हुँदै आफ्नो बाटो लागे । शालुले बुझिन् सबै युवतीले फिरोजको पो कुरा गरेका रहेछन् । मैले फिरोजको साथ नदिए पनि यी दुष्टहरूको भने मेख मऱ्यो । धन्न फिरोज साइतमा नै आएछौ ।

'शालु के सोचेकी तिमीले ? म तिमीले भनेझैं इन्जिनियर पढ्दैछु । चार-छ महिनापछि त कोर्स पनि पूरा हुन्छ ।'

फिरोजको कुराले अब भने शालुको प्राणपखेरु नै उड्लाजस्तो भयो शालुले दुखित हुँदै भनिन्, 'फिरोजजी, मलाई माफ गर्नोस् । मैले त तपाईंको आमाको आँसु हेर्न नसकी झूटमुट बोलिदिएकी हुँ । फेरि तपाईं सुध्रनुहोला भन्ने त शङ्कासमेत लागेको थिएन । तपाईं सुध्रनुभएछ । धेरै खुसी लाग्यो । बल्ल अङ्कलआन्टीको आँखाको आँसु पनि छुट्यो होला ।'

फिरोजले रुँदै भन्यो, 'शालु तिमीले कुरा फेऱ्यौ भने म जिउँदो रहने छैन, बिन्ती शालु तिमीले जीवन दिएर फेरि जीवन नलेऊ ।'

शालुले धेरैबेर सोचेर भनिन्, 'फिरोजजी, यो कुरा मसँग होइन मेरी दिदीसँग गर्नोस् ।'

फिरोजले मुसुक्क हाँस्दै भने, 'ल शालु त्यसो भए म ढुक्क भएँ । मैले तिम्रो दिदीसँग मागेर तिमी सानो छँदादेखि लिएर यो उमेरसम्मको थुप्रै तस्बिरहरूको आर्ट गरेको छु । दिदीले तिम्रा लागि खोजेको राजकुमार म नै हुँ । नपत्याए दिदीसँग सोध ।'

'शालुले दिदीको कुरा सम्झिन् । 'हजुरको राजकुमार म आफैं खोज्छु' भनेर भन्नुभएको मतलब दिदीलाई फिरोज सप्रन्छ भन्ने थाहा रहेछ । मैले फिरोजको कुरा गरेपछि मात्र दिदीले राजकुमार खोज्ने कुरा गर्नुभएको थियो । सानोमा दिदी हजुरको बिबाह राजकुमारजस्तै युवकसँग हुन्छचाहिँ भन्नुहुन्थ्यो तर म नै राजकुमार खोज्छुचाहिँ कहिल्यै भन्नुहुन्नथ्यो ।

शालु हाम्रो घरमा सधैं तिम्रो गुणगान हुन्छ । ममी भन्नुहुन्छ, 'शालु त हिलोमा फूलेकी कमल हो । म पनि भन्छु तिमी कमल नै हौ', फिरोजले निसङ्कोच भने ।

शालुले उत्तर दिइन्, 'राम्रो मान्छेले अरूलाई पनि राम्रै देख्छ । मलाई त त्यस्तै लाग्छ । तपाईंलाई यो रूपमा देख्दा भने मलाई ज्यादै खुसी लाग्यो । पर्सि

हो लास्ट प्राक्टिकल, पर्सि नै म घर जान्छु । हुन्छ त । अहिलेलाई जान्छु' भन्दै कक्षकोठातर्फ आइन् ।

फिरोज पनि शालुसँग बिदा भएर खुसी हुँदै घरतर्फ गए । शालुका साथीहरूले शालुलाई शिर ठाडो गरेर हेर्न सकेनन् । अन्ना त झन् हंसले ठाउँ छोडेझैं भई । अन्नाले त्यो सुन्दर युवक आफूलाई नै हेर्न आएको हो भन्ने भ्रममा परी आफ्नो पहिलो प्रेमीलाई छोडिसकेकी थिई । एकतर्फी प्रेममा अल्झिएकी अन्ना डाको छोडेर रुन मात्र सकेकी थिइनँ । शालुको खोइरो खन्ने प्रभा पश्चत्तापले जलेकी थिई । शालुलाई भने यावत् घटनाहरू नाटकझैं लागिरहेको थियो । कता-कता खुसी र कता-कता पीर लागिरहेको थियो । पीर र खुसी दुवै बाँड्ने साथी आकाश नै थिए । शालु आकाशलाई खोज्दै क्यान्टिनमा पुगिन् । आकाश चिया पिउँदै रहेछन् । शालुले आकाशसामु बस्दै भनिन्, 'आकाश म तिमीलाई खोज्दै यहीं आएकी हुँ ।'

शालुको कुराले आकाश दङ्ग परे । आकाशले सोचे सायद शालुले मैले प्रेम गर्छु भन्ने कुरा बुझिन् होला । शालुले पनि अवश्य मलाई भित्रभित्र माया गर्छिन् होला । उनले माया गरे पनि नगरे पनि आजचाहिँ उनको सामु हृदय खोल्छु नै । उनी नपुङ्सक नै भए पनि म उनीबिना बाँच्न सक्दिनँ । तर के भन्ने कसरी भन्ने ? आकाश टोलाइरहे । शालुले कुरा कोट्याइन्, 'आकाश हामी बचपनदेखि सँगै पढ्दै आएका छौं । सबैलाई प्रेमको हावाले छोयो तर हामीलाई भने छोएन तर आज मलाई अचम्म लागिरहेछ ।' आकाशले बीचैमा कुरा काट्दै भने, 'सायद तिमीले आज मात्र बुझ्यौ म तिमीलाई माया गर्छु भन्ने कुरा ? म तिमीप्रतिको प्रेमले गर्दा नै आज यहाँसम्म आएँ । म त तिमीलाई विद्यार्थी जीवनदेखि नै माया गर्थें । तर, भन्ने साहस नै भएन, जे होस्, तिमीलाई पाउने सपना साकार भयो ।'

आकाशको कुराले शालुलाई मङ्सिर-पुसको जाडोमा पनि चिटचिट पसिना आयो । शालुले गहुङ्गो मन लिएर भनिन्, 'के भनेको आकाश तिमीले ? तिमीले मलाई माया गर्ने ? भो नजिस्क है म त मर्छु ।'

'हो शालु म किन ढाँट्थें । हृदयमा परेका असङ्ख्य धाँजाहरू तिमीले देख्ने भए म देखाइदिन्थें । शालु तिमीले मेरो मनचाहिँ नभाँच नि म जिउँदो रहने छैन ।'

शालुले आँसु झार्दै भनिन्, 'मलाई थाहा छ, तिमी फूलभन्दा पनि नाजुक छौ । किन आकाश तिमीले यति गहिरो कुरा मनभित्र लुकाई अर्थहीन रुवाई रोयौ ? तिमी करोडौं-करोडौंमा एक छौ । तिमीले एक वचन मात्र शालु म तिमीलाई प्रेम गर्छु भनेको भए म ज्यादै खुसी हुन्थें ।'

आकाशले अत्तिँदै भने, 'होइन के भन्न खोजेकी शालु तिमीले ? तिमी तनावमा पो आयौ ?'

शालु घुँक्कघुँक्क रोइन् मात्र । शालु रोएपछि आकाशलाई शालुको मनको कुरा बुझ्न बेरै लागेन । आकाशले हातले बिस्तारै टेबल ठटाउँदै भने, 'हेर ... हेर रोएकी तिमीले के भन्दिरहिछौ भनेर मन चोरेको मात्र हुँ । तिमीजस्ती पोक्चीलाई पनि कसैले प्रेम गर्छ ? हेरन कलेजभरि प्रेम गर्नेहरूको ताल, सबैको प्रेम देखेर मलाई त वाक्कै लागिसक्यो भन्या ।'

शालुले रिसाउँदै भनिन्, 'तिम्रो कुरा सुनेर सासै उड्लाजस्तो भयो । मजाक गर्नु पनि हद हुन्छ नि ! अबदेखि बोल्दिनँ म तिमीसँग ।'

आकाशले सम्झाए, 'ल अब कान समातें, नरिसाऊ मैले आज प्रेमको कुरा नगरेको भए तिम्रो प्रेमकहानी सुन्न पाउँदैनथें ।'

शालुले लामो श्वास फेर्दै भनिन्, 'खोई के भनौं आकाश, म आफैं त अचम्ममा परेकी छु । एउटा ड्रगिस्ट, त्यसमाथि चरित्रहीन फिरोजले त मेरा लागि पहिचान नै बदलेछन् । त्यति मात्र होइन, उनी मेरो मायाले यहाँसम्म आउँदारहेछन् । आज मलाई चक्कर लागेर ढल्न लागेको देखेपछि बल्ल देखापरे । मैले त उनकी आमाको खुसीका लागि उनी सफ्रिन्छन् भने प्रेम गर्छु भनेर झूट बालेकी थिएँ । उनी सुध्रेलान् भन्ने त कल्पनासम्म गरेकी थिइनँ । म त्यही कुरा गर्न तिम्रोसामु आएकी हुँ ।'

आकाशले बनावटी हाँसो हाँस्दै भने, 'तिमीजस्ती पोक्चीका लागि त्याग गर्ने मूर्ख नै रहेछन् उनी । सायद अन्नाजस्ती केटीहरू नदेखेर तिम्रो मायामा फसे होला नत्र ... ।'

'अन्नाहरूले त फिरोजलाई कलेजमा आएको देखेका रहेछन् । सबैले फिरोज अन्नालाई हेर्न आएको हो भन्ने ठानेका रहेछन् । फिरोजका लागि अन्नाले भूतपूर्व प्रेमी छोडिछन् ।' शालुले यथार्थ ओकलिन् ।

आकाशले एकोहोरो शालुलाई हेरे र मनमनै भने, 'कस्तुरीलाई आफ्नै बास्ना थाहा नभएझैं तिमीलाई पनि आफ्नो मूल्य थाहा छैन । फिरोजले तिम्रो मूल्य बुझे । फिरोजको आँखामा तिमी अन्नाभन्दा लाखौं गुना सुन्दरी छ्यौ । मलाई पनि त पहिला तिमी कहाँ राम्री लाग्थ्यो र माया लाग्दै गएपछि तिमी संसारकी सबैभन्दा सुन्दरी लाग्न थाल्यो ।'

'होइन के सोचेको तिमीले मेरो कुराको विश्वास लागेन ?'

शालुको कुराले आकाशको मौनता तोडियो । आकाशले भने, 'तिमी यति मीठो कुरा गर्छ्यौ, तिम्रो कुराको किन विश्वास नलाग्नु ? तिमीलाई फिरोज कस्तो लाग्छ नि ?'

'खोई किन ऊ भनेपछि युवतीहरू मरिमेट्छन् । मलाई थाहा छैन । तर मलाईचाहिँ तिमी सुन्दर लाग्छ ।'

आकाशले मन बाँधेर उठ्दै भने, 'तिमीले फिरोजलाई राम्रोसँग हेरेकी छैनौ । अनि म राम्रो लाग्यो होला । अब तिमीलाई फिरोज नै संसारमा सबैभन्दा सुन्दर लाग्छ । तिमीहरूको भविष्य अवश्य सुन्दर हुन्छ । यसमा शङ्का नै छैन । ल म जान्छु पनि' भन्दै आकाश गए । शालु पनि आफ्नो रुमतर्फ आइन् । आकाशसँग कुरा गरेर शालुको मन भने हलुङ्गो भयो । आकाश भने छट्पटाउँदै आफ्नो बेडमा डङ्ग्रङ्ग पछारिए । उनलाई सम्पूर्ण पृथ्वी नै घुमेजस्तो भयो । एक मनले सोचे घटघटी बिष पिएर शान्ति लिऊँ तर आँखामा शालुको कारुणिक दृश्यहरू पनि नाचिरह्यो । सोचे यदि मैले शालुलाई एक वचन प्रेम गर्छु भनेको भए आज त्यो दुर्दिन देख्नु पर्दैनथ्यो । अब कसरी पो उनको सम्झनालाई फ्याँकूँ ? म नराम्रोसँग हारें । शालु, नराम्रोसँग ..... । चिन्ताले गर्दा आकाशको भोक तिर्खा सबै हरायो । उनले आफ्नो भाग्यलाई बार-बार धिक्कारे ।

शालुकै रुम पार्टनर अन्ना, प्रभा, दया केही बोल्न नसकी नुन खाएको कुखुराझैं झोक्राइरहे । शालुले छरपष्ट भएको किताबहरू मिलाइन् । किन-किन थकाई लागेजस्तो भयो । ओछ्यानमा पल्टिन् । आँखा लाग्न मात्र के लाएको थियो । आया दिदी आएर शालुलाई सार्जिकल वार्ड बेड नं. ८४ को बिरामीले बोलाएको कुरा बताइन् । शालु हतार-हतार उठेर दौडिँदै सर्जिकल वार्डमा पुगिन् । बेड नं. ८४ मा हेरिन् आफूले चिनेको मान्छेझैं लागेन र बेड नं. ८४ मा सुकेको काठजस्तै नामको मानव आकृति थियो । शालुले बेडनजिकै गएर हेरिन् जिङ्ग्रिङ्ग कपाल, भित्र गडेका आँखाहरू सिन्काजस्तै हात-खुट्टा शालु त्यो मानव आकृति देखेर डराइन् पनि । शालु अलि हच्केको देखेर त्यो कङ्गालझैं आकृतिबाट आवाज आयो, 'बसन शालु, बस ।'

शालुले स्टुलमा बस्दै भनिन्, 'तपाईं को हो मैले चिनिनँ नि !'

'म सब बताउँछु अनि चिनिहाल्छयौ नि, अब त तिम्रो पढाइ पनि सिद्धिन लाग्यो भन्दै थिइन् रेष्मा ।'

शालुले अलि खुसी हुँदै भनिन्, 'ए तपाईंले रेष्मालाई पनि चिन्नुभएको छ ? तपाईंको स्वास्थ्य बडो नाजुक देखिन्छ ।। डाक्टरले बढी बोल्न मनाही त गरेको छैन ?'

'भैगो मेरो चिन्ता नै नलेऊ तिमीले अझै पनि प्रेम गरेकी छैनौ ?'

'होइन तपाईं को हुनुहुन्छ ? मेरो सबै नालीबेली थाहा रहेछ । मैले त प्रेम गरेकी थिइनँ तर मर्यादा ननाघी प्रेम गर्नेहरू पनि हुँदारहेछन् भन्नेचाहिँ मैले बुझें ।' 'त्यसो भए उनी आकाश नै होलान् होइन ?'

बिरामीको कुरा सुनेर शालु झन् आश्चर्यमा परिन् र भनिन्, 'भन्नोस् हामी सबैलाई चिन्ने तपाईं को हुनुहुन्छ नत्र म कुरै गर्दिनँ,' शालु उठिन् ।

'बस न त्यसै नरिसाऊ, भोलि भनेको क्या हो क्या हो कसो हो । तिमीसंग बेथा पोख्नका लागि त यो मेडिकल कलेजमा भर्ना भएकी नत्र यहाँ किन आउँथें । मेरो उत्तरको जवाफ नै दिइनौ त्यो युवक आकाश नै होलान् होइन ?'

शालुले बस्दै भनिन्, 'तपाईंले ठीक नै सोच्नुभयो । आकाशको चरित्र पनि राम्रो छ तर मैले त फिरोज भन्नेको कुरा गरेकी । उनले मलाई माया गर्छन् भन्ने कुरा आजै थाहा पाएँ । हेर्नोस्, तर मलाई प्रेमको आभाससम्म छैन । अब विवाहपछि नै प्रेमको आभास होला । तर, तपाईं ... ।'

'शालु अझै चिनिनौ, चिन्थ्यौ पनि कसरी, म मौसमी हुँ मौसमी ।'

शालुले आत्तिँदै भनिन्, 'ओ, मौसमी तिमी, यो हुनै सक्दैन ?'

'यति छिट्टै तिमी यो अवस्थामा पुग्यौ ? खोई मौसमी तिम्रो त्यो झर्झराउँदो रूप ? मैले त तिमीलाई भनेकै थिएँ । आशक्त अङ्गालोमा प्रेम हुँदैन भनेर तिमीले मानिनौ । तिमीलाई मौसमीभन्दा कसले पत्याउला ? तर, पीर नगर तिमीलाई सन्चो भएपछि तिमी पुन: पहिलेकै मौसमी हुन्छ्यौ । अब त तिमीले दुनियाँ कस्तो छ देख्यौ, बुझ्यौ होला । भन तिमी कसरी यस अवस्थामा पुग्यौ । तिम्रो यो अवस्था देख्दा तिम्रो बाबुको के हाल भयो होला ?'

मौसमीले गहभरि आँसु पार्दै भनिन्, 'शालु बाबुलाई त धेरै पहिल्यै खाइसकें । त्यसैले बाबुको पीर छैन ।'

'होइन कसरी मर्नुभयो तिम्रो बाबु ? देख्दा त हट्टाकट्टा नै हुनुहुन्थ्यो होइन र ?'

'हो शालु, हट्टाकट्टा नै हुनुहुन्थ्यो । उहाँलाई मुटु दुख्ने व्यथा थियो । जचाउनकै लागि काठमाडौं पनि आउनुभएको थियो । म बैंसको उन्मादले र निमेषको बनावटी मायाले कहीं कतै केही नदेख्ने भइसकेकी थिएँ । जचाउन आएको बाबुलाई मेरो अफिसबाट काजमा जानु छ, पछि आउनोस् । दुख्दा औषधि खानु होला भनी ब्रुफिनको चाङ पठाइदिएकी थिएँ । काठमाडौंबाट पठाएको भोलिपल्टै सहनै नसक्ने गरी मुटु दुखेछ । बाबुले दुखाई कम गर्न थुप्रै औषधि खाएछन् । औषधि खाएपछि बेहोस भएछन् । बेहोसको बेहोस नै भोलिपल्ट मरेछन् । यसरी मैले बाबुलाई खाएँ ।'

'मौसमीको कुराले शालुको आँखा रसायो । शालु चुपचाप भइन् । आँखामा मौसमीको हट्टाकट्टा बाबु खुसी हुँदै क्याम्पसमा यताउता नियालेको याद आयो ।'

मौसमीले सम्झाइन्, 'नरोऊ शालु हुने हुनामी भइसक्यो । बाबु मेरो यो रूप देख्नुभन्दा अगाडि नै मरे राम्रै भयो । उनले मेरो यो हालत देखेको भए । झन् कसरी आफूलाई सम्हाल्थे होला । उनलाई मारेर राम्रै गरिछु । अब मेरो पीरमा रुने कोही छैनन् । दाजुदिदीले त एड्सरोगी घरमा बस्न पर्दैन भनी निकालेर नै यहाँ आएकी हुँ ।'

'तिमीलाई एड्स छ ? त्यो कसरी ? निमेषले छोडेपछि पनि तिम्रो बुद्धि फर्केन मौसमी ?'

'निमेषले मलाई एक्कैचोटि कोठीमा लगेर छोडिदियो ।'

'होइन के भनेकी तिमीले ऊ कारसम्म भएको धनी युवक नै थियो होइन र ?'

'हो शालु ऊ धनी त म जस्ता थुप्रै युवती बेचेर भएको रहेछ । पछि पो बुझें । डुङ्गा डुबिसकेपछि चेत आएर के लाग्यो र ?'

'तिमी पढेलेखेकी मान्छे, केही अन्दाजसम्म काटिनौ ?'

मौसमीले शालुको हात समातेर सिरानीको अडेसा लगाई बस्दै भनिन्, 'शङ्का गर्ने त सानो आँखीझ्यालसम्म राखेनन् चुतियाहरूले, म मात्र हो र मसँग अरू पढेलेखेका दुई युवतीसमेत बेचिए । उनीहरू एड्स लागे पनि केही हृष्टपुष्ट भएकाले अझै कोठीमा नै होलान् । मलाई भने युवक वृद्धहरूले पत्याउन छोडेपछि निक्लिन्न भन्दाभन्दै पनि निकालिदिए ।'

'तिमीहरू तीनैजनालाई निमेषले नै बेच्यो त ?' शालुले प्रश्न गरिन् ।

मौसमीले केहीबेर रोकिएपछि पुनः ओठ खोलिन्, 'उनीहरूलाई पनि प्रेमीहरूले नै बेचे । उनीहरूसँग हाम्रो भेट नगरकोटमा भएको थियो । उनीहरूको तीनवटा जोडी बुटवलबाट नगरकोट घुम्न भनी आएका रहेछन् । हामी सबै उस्तैउस्तो कुरा मिलिहाल्यो । हामी सबैले छ-सात दिन नै नगरकोट बसेर खुब रमाइलो गऱ्यौं । जय भन्ने एउटा साह्रै हँसाउने कवि थिए । उनकी प्रेमीका भने केही उदास देखिन्थिन् । उनको उदासपन देखेर हामीलाई अझै हाँस्ने बहाना मिल्थ्यो । हामी कविलाई अलि हृष्टपुष्ट हुनुपऱ्यो भन्दै उल्याउँथ्यौं । कवि हाँस्दै धेरै खानेकुरा खान्थे । र, कुनै न कुनै कविता सुनाइहाल्थे । नगरकोट गएको तेस्रो दिन हामीले साह्रै गिज्याएपछि कविले हाँस्दै कविता भनेको अझै याद छ ।

तपाईंहरू आज हाँस्नोस्
भोलि हाम्रो पालो
मेरी मैयाँलाई थाहा छैन
के मायाको जालो ।
ब्रह्मचारी बन्दा म
यिनलाई पऱ्यो गाह्रो ।
सबै टुट्दा यिनी जुट्छिन् ।
नभन्नोस् आज साह्रो ।

त्यसपछि निमेषलगायत हामी सबैको मुख रातोरातो भयो । कसैले केही बोल्न सकेनौं । कविले हामीलाई नराम्रो पर्ला भनेर कुरा मोडिहाले । हामीले अझ केही दिन नगरकोट बस्ने इच्छा व्यक्त गरेपछि कवि बाबु बिरामी भएछन्

भन्ने बहाना बनाई हामीसँग फुत्किएर बुटवल आए । हामी सारा संसार भुलेर एक-अर्काको बाहुपासोमा रमाइरह्यौं । नगरकोटमै हाम्रो तीन ग्रुपको अलइन्डिया टुरमा जाने योजना बन्यो । कविका प्रेमी-प्रेमिकाहरूलाई सम्झाएर लैजाने सल्लाह पनि गर्‍यौं । पछि निमेषहरूले कविको भित्री मनशाय बुझेछन् । कविको प्रेम वास्तवमै साँचो प्रेम हो भन्ने बुझेरै होला निमेषहरूले कविलाई आफूसँग नलैजाने सल्लाह गरे । हामी बैंसले कुत्कुत्याएर आ-आफ्नो प्रेमीको अङ्गालोमा मस्त हुँदै इन्डियाको टुरका लागि निस्कियौं । इन्डियाबाट फर्कनेबित्तिकै विवाहबन्धनमा बाँधिने सल्लाह पनि भयो । हामी तीनैजना युवतीले विवाह भएको मीठो सपना पनि देख्यौं । दार्जिलिङ, आसाम, खर्साङदेखि आग्रासम्मको यात्रा भयो । हाम्रो खुसीको कुनै ठेगान नै थिएन । यहाँसम्म आएपछि मुम्बै किन नजाने भन्ने कुरा भयो । हामी सल्लाहले नै मुम्बै पुग्यौं । मुम्बैको भव्य होटलमा पुगेपछि हामी छ जनाले नै एउटै कोठामा डिनर गर्‍यौं । डिनरसँगै ह्विस्की, ब्राण्डी सधैं पिइन्थ्यो । त्यो दिन पनि पिएर आ-आफ्नो प्रेमीको काखमा निर्धक्कसँग सुतेर जिस्किँदै भविष्यको मीठो सपना देख्दै थियौं । निमेषले मलाई गालामा म्वाइँ खाँदै भन्यो, 'मेरी प्यारी, कृपया एकछिन काख छोड, हामीहरू सुत्ने रुमको व्यवस्था गरेर आउँछौं ।' उनीहरू तीनैजना रुमको व्यवस्था गरेर आउँछौं भनी हिंडे । हामी तीनजना बचेखुचेको रक्सी पिएर मस्तले रमाइरह्यौं । साँझको आठ बजेतिर हामी त्यहाँ पुगेर डिनर गरेका थियौं । उनीहरू रुम खोज्छौं भनी निस्किँदा करिब नौ, सवा नौ जति बजेको थियो होला । उनीहरू एक घन्टासम्म नआउँदा त हामी त्यति अत्तिएनौं । बिस्तारै एक डेढ घन्टा जति समय बित्दै गयो । त्यसपछि हामी डराउन थाल्यौं । यत्रो ठूलो होटल, उनीहरूले रुम पो बिर्सेछन् कि भनी हामी ढोकामा पुगी ढोका खोल्न लाग्दा ढोका बन्द रहेछ । हामीले घन्टी बजाउन थालेपछि एउटा अधबैंसे आइमाईले भित्र पस्दै भनी, 'किन घन्टी बजाएको तिमीहरूले ? तिमीहरूले आफ्नो लभरहरू खोजेको हो ?'

हामीले 'हो, उहाँहरू किन फर्कनुभएन' भनेर सोध्यौं । त्यो आइमाईले विदेशी भए पनि राम्रै नेपाली बुझ्ने र बोल्न जान्ने रहिछे । उसले बडो मीठो हाँस्दै भनी, 'पीर नगर, हामी तिमीहरूका लागि घन्टा-घन्टामा छुट्टै-छुट्टै लभरहरू पठाइदिन्छौं । तिम्रा लभरहरू भने तिमीहरूलाई यहाँ बेचेर टाप कसिसके । तिमीहरूलाई यहाँसम्म ल्याउन उनीहरूको पनि धेरै पैसा खर्च भएछ । यसपालि त्यति नाफा भएन भन्थ्यो निमेष ।'

उसैको मेहरबानले गर्दा यो कोठी राम्रोसँग चलेको छ । मौसमी तिमी हैनौ ? तिम्रो फोटो त पहिले नै आएको हो, मोलमोलाई नमिलेपछि उसले ल्याउनै मानेन । तिम्रो कारणले म पनि अलि घाटामा नै गएकी छु । तर, केही छैन तिमीले चाँडै नै पैसा उठाउँछ्यौ । तिम्रो फोटो बडेबडे खान्दानकोमा पुगेको छ ।'

आइमाईको कुरा सुनेर हामी थरथर काम्न थाल्यौं ।

उसले रिसाउँदै भनी, 'किन डराएका छौ ? तिमीहरू कुमारी केटी हौ र ? बडिया-बडिया खाना खान र बडिया-बडिया लोग्नेमान्छे पाइहाल्छौ ।'

हामी तीनैजनाले रुँदै उसको पाउ समातेर भन्यौं, 'हामी यहाँ बस्दैनौं । हामी तपाईंको पैसा जसरी पनि चुक्ता गर्छौं ।'

उसले सातो खाउँला जस्तै गरी रिसाउँदै भनी, 'चुप लाग, गएर बस् । सबैलाई पहिलोपल्ट तह लगाउन गाह्रो हुन्छ । हामीले भनेको चुपचाप मानेनौ भने चुरोटको ठुटोले पोल्छौं । तातो फलामले पोल्छौं । त्यसपछि हामी बोल्न सकेनौं । तीनजनाले रोएरै त्यो रात कटायौं । भोलिपल्टदेखि हामीलाई छुट्टाछुट्टै कोठामा बन्द गरी धन्दा गर्न लगाई । पहिला-पहिला त धेरै नाइँनास्ती गर्‍यौं । तर, केही नचलेपछि बोल्नु बेकारझैं लाग्यो । निमेषले नै धेरैको सङ्ख्यामा केटी बेचेको रहेछ । तिम्रो कुरा मानेकी भए आज यो दुर्दिन देख्न पर्दैनथ्यो । म तिमीलाई प्रत्येक दिन सम्झन्थें । पश्चात्ताप गर्दै रुन्थें । एड्स लागेर असक्त भएपछि बाईले गाउँमै जानु भनी पुग्ने बाटाखर्च दिएर पठाई । म त्यो पापी निमेषलाई जेल जाक्छु भनी सिधै काठमाडौं आएँ । प्रहरी कार्यालयमा उसको फोटो देखाएर सबै कुरा बताएँ । प्रहरी निरीक्षकले सिधै भने, 'तिमीहरूजस्ता दुईपैसेलाई नबेचेर कसलाई बेच्छन् त ? तिमीहरूजस्ता दुई-चार अक्षर पढेलेखेकाहरूले आफ्नो मर्यादा बिर्सेपछि नै यस्ता दलालहरूले मोटाउने मौका पाएका छन् । हामी त खोजखबर गरेर यहाँसम्म लेराइदिउँला । यहाँ लेराएको भोलिपल्ट नै यहाँबाट निकाल्न बाध्य हुनुपर्छ । उनीहरूको पहुँच धेरै माथिसम्म हुन्छ । बरु सक्छ्यौ भने तिमी नै कुनै सजाय देऊ । जसले गर्दा उसले अरूलाई बेच्न नसकोस् । त्यसपछि पुलिसले निमेषलाई जेलमा त कोच्यो तर प्रहरीले भनेझैं केही दिनमा नै जेलबाट निस्कियो पनि ।'

शालुले मौसमीको कुरा बीचैमा काट्दै भनिन्, 'मौसमी, मलाई तिम्रो कुरा सुन्न त कुनै आपत्ति छैन तर तिमीलाई चाहिं ज्यादै गाह्रो भएजस्तो छ नि !'

मौसमीले फिस्स हाँस्दै भनिन्, 'शालु मलाई गाह्रो भएको छैन । म यो क्षण यतिविघ्न खुसी छु कि कुरै छोड बरु मेरो कुरा सुन । म तिमीलाई पीडा बाँडेर हलुको हुन चाहन्छु' भन्दै मौसमीले कुरा बढाइन्, 'आफ्नो साथमा केही पैसा भएको हुँदा मलाई बस्न, खानचाहिं गाह्रो भएन । एक मन लाग्यो बरु मर्छु तर भित्री आत्माले मर्न पनि मानेन । म यताउता भौंतारिंदै दिनहरू बिताइरहेकी थिएँ एक दिन न्यूरोडमा गहना पसलतिर जाँदै गरेको निमेष र एउटी युवतीलाई देखें । म उनीहरूको पछिपछि लागें । औंठी किनेर निस्केपछि निमेष युवतीलाई यहीं बसिराख म मोटरसाइकल लिएर आउँछु भनी मोटरसाइकल पार्किङतिर लाग्यो । मैले त्यो युवतीलाई च्याप्प समातेर निमेषको फोटो देखाउँदै निमेषको बारेमा मोटामोटी कुरा भने । युवती बडो बुझकी रहिछिन् । मलाई धन्यवाद दिंदै भनिन्, 'थ्याङ्कयु म बचें । तपाईं यहीं बस्नोस् म केही बहानाले उसबाट

फुत्केर आउँछु । मेरो घरमा नै गएर सबै कुरा गरौँला भनिन् ।'

म उनको विश्वास गरेर त्यहीँ बसेँ । नभन्दै उनी केहीबेरपछि नै आइन् । ट्याक्सी लिई हामी उनको घर बौद्धतिर लाग्यौँ । डोल्मा मगर जातकी रहिछन् । ट्याक्सीमा बसेपछि उनी केहीबेर बोल्न सकिनन् । केहीबेरपछि मुटुमा गाँठो पार्दै भनिन्, 'दिदी तपाईंलाई नभेटेकी भए आज हामी डिनरको लागि होटेल सोल्टीमा जाने प्लान थियो । सहनै नसक्ने गरी पेट दुख्यो ट्याक्सीमै घर जान्छु भोलि भेटौँला भनी फुत्किएर आएँ ।'

मैले सोधेँ, 'तपाईंहरूको भेट कहिले कसरी भयो ? शारीरिक सम्बन्ध भयो कि भएको छैन ?' उनले आफ्नो भेट पच्चीस-तीस दिनअगाडि बौद्धजयन्तीको दिन बौद्धको गुम्बामा भएको र शारीरिक सम्बन्ध भने नभएको बताइन् । कुरा गर्दागर्दै हामी उनको घरमा पुग्यौँ । उनको बाबु-आमा आफ्नो पुर्ख्यौली घर धरान भएकोले उनी एक्लै रहिछिन् । उनी पद्मकन्या क्याम्पसमा बी.ए. पढ्दै रहिछिन् । दुई फ्ल्याट घर भाडामा दिएको रहेछ । खाना, डेरा बस्ने एउटी दिदीले पकाएर ल्याइदिइन् । खाना खाएपछि मैले उनलाई आफ्नो सम्पूर्ण कुराहरू एकएक गरी बताएँ । उनले मेरो सबै कुराहरू सुनिन् । त्यसपछि उनले एकएक गरी आफ्नो योजना सुनाइन् । मैले उनको कुरा खुसी साथ मञ्जुर गरेँ, हाम्रो योजना बनिसकेपछि निमेषको फोन आयो । डोल्माले आफ्नो घरमा कोही नभएकोले भोलिको डिनर यहीँ गर्न आनुहोस्, मलाई अलि पेट दुखेकै छ भनिन् । उसले डोल्माको कुरा खुसीसाथ स्वीकार गऱ्यो । राईको छोरी हक्की र निडर स्वभावकी । त्यसमाथि मामा प्रहरी इन्स्पेक्टर रहेछन् । हामी भोलिको योजना सफल नै पार्ने प्रतीक्षा गरेर सुत्यौँ । योजना सफल हुन्छ कि हुँदैन भन्ने केही डर त थियो नै । भोलिपल्ट साँझ सात बजेतिर डोल्मा आफैँ गएर निमेषलाई घरमा ल्याइन् । उनीहरू कोठामै बसे, मैले खानेकुरा ओसार्ने काम गरेँ । डोल्मा राईकी छोरी, पहिलेदेखि नै पिउने भएकीले पिउन कुनै आपत्ति थिएन । निमेषले डोल्माको रूपको र आफूले किनिदिएको औँठी लाउँदा सुहाएको हातको प्रशंसा गऱ्यो । रक्सी लाग्दै गएपछि उनीहरू एक-अर्कासँग हात हालाहाला गरी चल्न थाले । रात पनि छिप्पिँदै गयो । मैले पूर्वयोजनाअनुसार मेन स्विचबाटै बत्ती अफ गरिदिएँ । बत्ती गएको चाल पाएपछि निमेषले खुसी हुँदै भन्यो, 'डोल्मा बत्तीले पनि हाम्रो भावना बुझ्यो' भन्दै नशामा ढुनमुनिँदै बेडमा पुग्यो र डोल्मा सुटुक्क कोठाबाट बाहिरिन् । म डराउँदै बेडमा पुगेँ । उसलाई आफ्नो बसमा पारेँ । ऊ नशामा डोल्मा-डोल्मा भन्दै मग्न भयो । बेलुका दुईपल्ट उसलाई बलात्कार गरेपछि मलाई आफूले संसारै जितेजस्तो लाग्यो । म त्यहीँ आनन्दले निदाएँछु । भोलिपल्ट बिहान डोल्मा-डोल्मा भन्दै छामेपछि म ब्युँझेँ । त्यो पापीलाई हेरेर हाँस्दै भने, 'निच, पापी, म मौसमी हुँ । मौसमी आँखा खोल । हेर, मैले पनि तँ जस्तो निचलाई पतन गराएँ । तँलाई एड्स सारिदिएँ हो एड्स ।'

'ऊ आत्तिँदै उठेर चिच्यायो, 'तँ को होस् ?'

डोल्माले ढोका खोल्दै भनिन्, 'चिनिनस् गधा उनी मौसमी हुन् । तैँले मुम्बईमा बेचेकी मौसमी । तैँले गर्दा उनलाई एड्स लागेको छ । त्यो एड्स तँलाई पनि उपहार दिन चाहिन् । मैले उनको पूर्ण सहयोग गरेँ । तँजस्ता पापीलाई यसरी नै मार्नुपर्छ बुझिस् ?'

निमेष मुर्दाजस्तै भयो र डोल्माले हाँस्दै भनिन्, 'अब खुरुक्क यो घरबाट निस्की, नत्र पुलिस डाकेर जेलमा कोचिदिन्छु । बुझ् असत्ती चोट आफूलाई पर्दा कति असैह्य हुँदोरहेछ । अब केका लागि बेच्छस् केटी, तेरो त मृत्यु निश्चित छ ।'

'मैले थुक्दै गाली गरेपछि निमेषले रुँदै भन्यो, 'चुप लाग वेश्या, मैले तेरो बलात्कार गरेको हुँ ? म त्यस्ती केटीको खोजीमा थिएँ, जसलाई प्रेमको मूल्य थाहा होस् । मैले तँ जस्तै पैसामा बिक्ने र यौवनकै माया गर्नेलाई बेचेँ त के पाप गरेँ हँ ? तैँलेजस्तै अन्योलमा पारेर कसैको बलात्कार गरेको छैन । हो, डोल्मा म तिम्रो व्यवहार देखेर तिमीलाई साँच्चै माया गर्न लागिसकेको थिएँ, तिमीले पनि डिनरका लागि जान्छु भनेपछि म एकपल्ट रोएँ । तिमीले औँठी सहजै स्वीकार गर्‍यौ । मैले बुझेँ तिमी पनि सुनलाई प्रेम गर्छ्यौ । अझ के-के लाई प्रेम गर्थेऊ बुझ्न बाँकी नै थियो ।'

डोल्माले भनिन्, 'तिमीले सोह्रैआना ठीक कुरा नगरे पनि केही हदसम्म ठीक कुरा गर्‍यौ । चाहे जे होस्, तिमीले केटी बेच्नेचाहिँ नहुने थियो ।'

मैले भने, 'साले तैंले पनि त जीवनको सही अर्थ बुझाउन सक्थिस् । जसरी कविले आफ्नी प्रेमिकालाई बुझायो ।'

निमेषले आँसु पुछ्दै भन्यो, 'चुप लाग आफ्नै बाबुलाई मार्ने हत्यारा । तँ जस्तालाई प्रेमको अर्थ बुझाउने ? कविले प्रेमीलाई नछुँदा ऊ कति रिसाएकी थिई । तैँले आफ्नै आँखाले देखेकी होइनस् ? कवि युवतीलाई प्रेमको मूल्य बुझाउन होइन तिमी मेरो प्रेमी बन्न लायक छैनौ भन्न घर गए । पहिलो प्रेमीलाई पनि योग्य नभएर कवि आफैँले छोडेका थिए । उनले तिमीहरू जस्ताको यौनइच्छा पूरा गरेनन् । मैले पूरा गरेँ' भन्दै निमेष रुँदै बाहिरियो ।

मैले र डोल्माले मुखामुख गरी एक-अर्कालाई हेर्‍यौं । हामी दुवैलाई आफ्नै छायासँग केही मात्रामा घृणा लाग्यो नै । म त्यही क्षण डोल्माको घर छोडी गाउँतिर गएँ । गाउँमा एड्स लागेको थाहा पाएपछि सबैले छीःछीः र दुरदुर गरे । पछि काठमाडौं नै फर्किएँ । यहाँ आएपछि थाहा पाएँ, निमेषले विष सेवन गरी आत्महत्या गरेछ । म भने आत्महत्या गर्दिनँ । बरु बाँचुन्जेल एड्सबारेमा चेतना फैलाउने काम गर्छु । धन्य तिमी, तिमीले फिरोजजस्तालाई नयाँ जन्म दियौ । मैले निमेषको दर्दनाक हत्या गरेँ ।' मौसमीले सुँक्कसुँक्क गरी रुँदै

भनिन्, 'निमेषलाई मारेकोमा मलाई गर्वचाहिँ छैन । खासै पछुतो पनि छैन । नढाँटी भन्दा मैले उसको बलात्कार गरें । उसले मेरो बलात्कार गरेकोचाहिँ होइन । तिमीसँग सम्पूर्ण कुराहरू गरी माफ माग्ने ठूलो इच्छा थियो । म तिम्रो खोजीमा भौंतारिरहेकी थिएँ । अस्ति रोहिणी भनेर बोलाएको त रेष्मा पो रहिछिन् । उनले तिमी यहाँ पढ्छ्यौ भनेपछि यहाँ आएकी हुँ ।'

शालुले मौसमीलाई मायालु पाराले हेर्दै भनिन्, 'घर जलेपछि इनार खन्नुको औचित्य छैन । तर तिमीले चार-छ जनालाई मात्र भए पनि बाटो देखाउन सक्यौ भने उनीहरू भयावह धापबाट मुक्ति पाउन सक्नेछन् ।'

'म पनि त्यही सोच्दैछु । मैले तिम्रो निद्रा बिगारें होइन ?'

'मौसमी, जावो निद्राको चिन्ता नगर, तिमीले मलाई सम्झेर यहाँसम्म आयौ । त्यो भन्दा ठूलो मेरा लागि केही छैन । ल अब जान्छु । मर्नु त एकदिन सबैले छँदैछ । ढिलो-चाँडो न हो । पीर नगर ।'

मौसमीले हाँस्दै भनिन्, 'मलाई मृत्युको पटक्कै चिन्ता छैन । मेरो पीर नगर ।'

शालु मौसमीसँग बिदा भएर सर्जिकल वार्डबाट बाहिरिन् । मौसमीले एकोहोरो शालु गएतिर हेरिरहिन् ।

# तेईस

प्रशन्नले पढाइ सिध्याएर आएपछि रोहिणीको जीवनमा बसन्तको बहार आएझैं भयो । पीताम्बरा, केशव, चन्द्रकान्त, कान्छी, शालु सबैसबै खुसी थिए । विवाहको दिन पनि तय गरियो । विवाहका लागि आमालाई लिएर आउँछु भनी गएको प्रशन्न नफर्केपछि सबैको मनमा सातो गयो । सबैले आ-आफ्नो अनुमान गरे । इन्जिनियरसम्म भइसकेको प्रशन्न एकैपल्ट दुलही लिन आउने सुर गरे होला । निम्ता बाँड्नेदेखि लिएर विवाहको सम्पूर्ण तयारी भयो । प्रशन्नको भने अत्तोपत्तो भएन । यता रोहिणीलगायत सबैको सातो गयो । प्रशन्नको खोजखबर गर्दा प्रशन्न घरमा नै नपुगेको कुरा पत्ता लाग्यो । रोहिणी प्रशन्नको चिन्ताले गर्दा मूर्दामा परिणत भइन् । छिमेकीहरूले काखी बजाउने ठाउँ पाए । रोहिणीको चरित्रमाथि आक्षेप लगाउँदै भने, 'पहिले छाडा साँढेजस्तै छोडेका थिए, बल्ल चाल पाए । त्यो बूढी कन्यालाई इन्जिनियरजस्तो केटाले के विवाह गरोस् ? बैंसलाई थेग्न नसकेर मोजमस्तीचाहिँ गऱ्यो, विवाहचाहिँ के गर्थ्यो ?'

युवाहरू रोहिणीको विवाह भएन भने आफूहरूले रोहिणीमाथिको अधिकार जमाउने कुरा गर्दै जुंगामा ताउ लगाउँथे । यसरी समाजले रोहिणीलाई पूर्ण

रूपमा वेश्यामा परिणत गऱ्यो । रोहिणीका परिवारचाहिँ प्रशन्नमाथि कुनै दुर्घटना नै भयो भन्ने पीरले व्याकुल भए । रोहिणीको हृदयमा लागेको आगो निभाउन कसैले सकेनन् । यता शालु रोहिणीको र सुजनको चिन्ताले विचलित भएपछि फिरोज पनि प्रशन्नको खोजीमा लागे । केही दिनमै फिरोजले वास्तविकता पत्ता लगाएरै छोडे । वास्तविकताचाहिँ प्रशन्नले करोडपति सचिव निरञ्जनको बीसवर्षे षोडसी छोरी नर्मदासँग रोहिणीको विवाह गर्ने भनेकै दिन विवाह गरेर हनिमुन मनाएर पनि आइसकेछ । फिरोजको कुरा सुनेर केहीक्षण त शालुले आफूलाई सम्हाल्नै सकिनन् । रोहिणी र उसको उदार दिल भएका बाबुआमालाई प्रशन्नको वास्तविकता ओकेल्न तागत नभएपछि यो जिम्मा शालुले फिरोजलाई सुम्पिइन् । फिरोजले वास्तविकता बताउँदा घरमा मान्छे मरेजस्तै रुवाबासी भयो । रोहिणी मूर्छा परिन् । डाक्टर आएर स्लाइनपानी दिएको दस-पन्ध्र मिनेटपछि रोहिणीको होस खुल्यो । होस खुलेपछि स्लाइनको तार बुतेर फ्याँक्दै रोहिणी चिच्याउन थालिन्, 'पापी फिरोज तैँले झूट बोलिस् । शालु तँ पनि पापिनी होस् । प्रशन्न मलाई केवल मलाई मात्र प्रेम गर्छन् बुझिस् ? तिमीहरूले त के स्वयम् भगवान् नै आएर प्रशन्नले तँलाई धोका दियो भने पनि म पत्याउँदिनँ । बरु भन् मेरो प्रशन्नलाई के सङ्कट परेको छ ? तेरो फिरोजजस्तो होइन मेरो प्रशन्न ऊ देवता हो देवता ... ।'

शालुले रोहिणीको गालामा दुई झापड दिँदै भनिन्, 'चुप लाग सुँगुर्नी, कति रेट्छेस् दैवजस्तो बाबु-आमालाई । तेरो तमासा हेर्न छिमेकीहरू बसिरहेका छन् । त्यसका लागि मर्न चाहन्छेस् होइन ? म तँलाई विष दिन्छु तँ मर । तेरो बाबु-आमाले तेरो यो हालत देख्नु त पर्दैन । तँ जस्तो स्वार्थी बाँच्नु व्यर्थ छ । तैँले बाबु-आमाको त्यत्रो त्यागको बदला के दिइस् ? केवल आँसु र जलन दिइस् बुझिस् ?'

मेरो प्रशन्न मलाई छोड्न सक्दैनन्, मैले बुझेँ उसबाट मलाई छुटाउने षड्यन्त्र हो तिमीहरूको, ऊ गरिब छ त के भो मन छ ऊसँग । मलाई धनको लालच छैन म अहिल्यै उसलाई भेट्छु हो अहिल्यै .. ।

शालुले भनिन्, 'रोहिणीलाई प्रशन्नको वास्तविक रूप देखाउनैपर्छ । उनी पागल हुन्छिन् तर प्रशन्न नराम्रो हो भन्ने कुरामा विश्वास गर्दिनन् । समाजले जे भनोस् एकपल्ट रोहिणीलाई प्रशन्नसँग भेटाउनैपर्छ ।'

शालुको कुरा सबैलाई ठीक लाग्यो । फिरोज रोहिणीलाई लिएर प्रशन्न बसेको भव्य महल कालिमाटीमा पुगे । कार रोकी घरमा कोही भएको-नभएको कुरा बुझे । संयोग घरमा प्रशन्न मात्र रहेछ । फिरोजले रोहिणीलाई डोऱ्याउँदै प्रशन्नको कोठामा पुऱ्याउँदा प्रशन्न झसङ्ग भएर उठ्यो । रोहिणीले प्रशन्नलाई देखेपछि गर्लम्म अङ्गालो हाल्दै भनिन्, 'प्रशन्न यिनीहरू सब झुटा हुन् । यिनीहरूले तिमीलँई पापी भने । प्रशन्न तिमी पापी होइनौ ।'

प्रशन्नले आफ्नो मजबुत हातले जबर्जस्ती रोहिणीलाई समातेर भुइँमा पछार्दै भन्यो, 'ए, बूढीकन्या, तँ यहाँ किन ? तैंले पढाउँदा लागेको दोब्बर पैसा भोलि नै म त्यरो मुखमा फ्याँक्छु । निस्की, निस्किहाल, के सम्फेर तँ यहाँ आइस् ? तेरो बैंस निखिसक्यो । तैंले मलाई पैसाले किन्न खोजेकी होइनस् ?' अब गाडावालालाई किनेर विवाह गर, नत्र अरूले पत्याउँदैनन् । हेर मेरी प्यारीको तस्बिर भन्दै स्वास्नीको फोटो रोहिणीको आँखामा तेर्स्यायो र रोहिणीलाई घिसारेर ढोकाबाहिर फ्याँक्दै फिरोजतिर हेर्दै भन्यो, 'तैंले किन यस वेश्यालाई यहाँ ल्याइस् हँ ? यो कोठीको मात्र रौनक बन्न सक्छे । घरको रौनक बन्न सक्दिन ।'

फिरोजले रोहिणीलाई उठाउँदै भने, 'रोहिणीजस्तीको प्रेमलाई लत्याएको छस् । तँ कुनै दिन घरको न घाटको हुन्छस् ।'

'जा-जा तँ नै विवाह गर यसलाई बडो गाली गर्दोरहेछ साले ... ।'

फिरोजले मूर्दाजस्तै भएकी रोहिणीलाई डोऱ्याउँदै कारमा हाले । रोहिणीलाई विश्वास नै लागेन कि मान्छे त्यति धेरै गिर्छ । रोहिणीको आँखामा प्रशन्न, बेहोस भएको दृश्य, उसको कोठाको दृश्य, आफूलाई घिसारेको दृश्य आँखामा एकपछि अर्को गर्दै नाचिरहृयो । यता घरमा सबैजना रोहिणी र फिरोज आउने प्रतीक्षामा थिए । रोहिणी र फिरोज आएपछि शालुले डोऱ्याएर कोठामा लगिन् । रोहिणीलाई तकियामा अडेस लगाउन लगाई ओछ्यानमा बसाइन् । रोहिणीले सबैलाई एक-एक गरी हेरेर बर्बर आँसु झारिन् । शालुले आँसु पुछिदिँदै भनिन्, 'रोहिणी किन रुन्छेस् भन् त ? हामी सबैलाई हेर । हामी सबै तेरो खुसीका लागि जे पनि गर्न तयार छौं । भन अब हामीले के गर्नुपऱ्यो ?'

रोहिणीले आँसु पुछ्दै भनिन्, 'शालु त कति महान् छेस् । त्यसैले त सबैको प्रिय छेस् । तँलाई मैले त्यत्रो गाली गरें, तैंले त्यो पनि बिर्सिस् ? आज मलाई थाहा भयो । मेरो स्वयम्बर तैंले नै रोकेकी होस् । तँ मलाई हरबाधाबाट मुक्ति गराउन चाहन्थिस् । तर, मैले तँलाई के-के सोचें ।'

केशवले आँखाको आँसु पुछ्दै भने, 'तिमीले ठीक भन्यौ छोरी, तिम्रो स्वयम्बर रोक्ने कुरा शालुले नै गरेकी थिइन् । अझ स्वयम्बर भइसकेको भए यो समाजले के भन्थ्यो होला । यो कुरा मलाई र शालुलाई मात्र थाहा छ । अब जे हुनु भैगो पीर नगर ।'

शालुले जुस ल्याएर दिँदै भनिन्, 'अब बिस्तारै जुस खाऊ । तिमी धेरै थाकेकी छ्यौ । हामी एक भयौं भने जस्तोसुकै विकराल हुरीको पनि सामना गर्न सक्छौं । तिमीले हिम्मत हाऱ्यौ भने हामी सबै टुट्छौं ।'

रोहिणीले गहभरि आँसु पार्दै भनिन्, 'अब म हिम्मत हार्दिनँ शालु, ममी, बाबा, दिदी, दाइ, तँ कसैले पनि मेरो पीर गर्नुपर्दैन ।'

रोहिणीको कुरा सुनेर सबैको मुख उज्याले भयो । शालु र फिरोजलाई नै सबैले धन्यवाद दिए । मोनाले सबैलाई चिया बाँड्दै भनिन्, 'शालु दिदी, मैले पनि कान्छीदिदीले जस्तै गरें नि ?'

'होइन के कान्छी दिदीजस्तो गऱ्यौ ? मैले त कुरा नै बुझिनँ ।'

मोनाले हाँस्दै भनिन्, 'मैले आफ्नो छोराछोरीको नाम तपाईंकै नामबाट राखें, सागर सकिना ।'

मोनाको कुरा सुनेर सबैजना हाँसे । म पनि तेरै नामबाट ..... । भन्दाभन्दै रोहिणीको आवाज बीचैमा रोकियो ।

रोहिणीको कुराले सबैको आँखामा आँसु भरियो । कोठामा केहीबेर सन्नाटा छायो । कान्छीदिदीले कुरा मोडिन्, 'आजचाहिँ म रोहिणी मैयाँसापलाई मनपर्ने खाना बनाउँछु ।'

कान्छीको कुराले रोहिणीले सबै कुरा बिर्सेर हाँस्दै भनिन्, 'मैले शालुको डाह गर्छु भनेर होला भो-भो गर्दिनँ । शालुलाई मन पर्ने चिज नै बनाउनुहोस् ।'

शालुले घडी हेर्दै भनिन्, 'ल दिदी यही कालीलाई मनपर्ने चिज नै बनाउनु होस् । म जान्छु पनि, सुजनको कुरा हामी सबैलाई थाहा नै छ । अस्तिदेखि अलि चाँडो घर आउन थालेका छन् । म घरमा भइनँ भने उनी झन् मनोमानी गर्छन् ।'

सबैले शालुलाई घर जान आग्रह गरे । शालु र फिरोज बिदा भएर आफ्नो-आफ्नो घरतर्फ लागे ।

रोहिणीको केही परिवर्तित व्यवहारले रोहिणीको परिवार त केही खुसी भयो तर रोहिणी प्रशन्नले हानेको बज्रको चोट सम्झँदा क्षण-क्षणमा रन्थनिन्थिइन् । त्यसमाथि समाजले रोहिणीको परिवारको खोइरो खन्न कुनै कसर बाँकी राखेन । भन्थे, 'बुढेसकालमा छोरी पाएँ भनेर मैमत्त भएका थिए । छोरीले नाकमा दिसा लगाई हाली । रोहिणीजस्ती सन्तान जन्मनुभन्दा त नजन्मिदिएको भए हाइसन्चो हुन्थ्यो । आज यो दिन देख्न पर्दैनथ्यो । कतिवटा बच्चा फ्याँकी कुन्नि ? अब कसले विवाह गर्छ त्यस्तालाई । छोरो नभएको घर बूढीकन्या बस्ने भई, राम्रै भयो ।'

कोही छिमेकी सद्भावना देखाउँदै स्वास्नी मरेको, छोराछोरी भएकाहरूको कुरा लिएर आई भन्थे, 'हेर्नोस् माटाको भाँडो फुटेपछि फुट्यो-फुट्यो । फलानो स्वास्नी मरेकोले त्यस्तै केटी भए पनि हुन्छ भनेको छ । थपक्क आँखा चिम्लेर दिनोस् । त्यही पनि गुम्यो भने फेरि झन् फसाद पर्छ ।

कोही विवाह गरेर छोराछोरी नभएकाहरूको कुरा लिएर आई भन्थे- 'फलानाले विवाह गरेको बीस वर्ष हुँदा पनि बच्चा भएन रे । रोहिणीले बच्चा फ्याँकेकी

हुनाले उनीबाट बच्चा हुन्छ भन्ने निश्चिय छ, त्यसैले मात्र रोहिणीलाई माग्न पठाएका छन् । दिनोस्, रोहिणीको भाग्य बन्छ ।'

युवाहरू रोहिणीको घरनजिकै आएपछि यस्ता गीतहरू गाउँदै हिँड्थे ।

गेट खुल्लै राख मैयाँ

झ्याल खुल्लै राख

अरूलाई डाकेजस्तै

हामीलाई पनि डाक

हो .. हो हामीलाई पनि डाक ।

ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ भनेझैं रोहिणीको आदर्श परिवारलाई टिक्नै नसक्ने गरी बद्नाम गरे । रोह्रिणीको परिवार चुपचाप सबै घृणा पिउन विवश भए । सबैको दुर्वाच्य सुन्न नसकेपछि एक दिन केशवले कान्छीसँग रुँदै भने, 'कान्छी, अब हामी यो समाजमा बाँच्न सक्दैनौं । हामी पलपल मर्नु साटो एकैपल्ट मर्छौं । हामी चारजना सुतेको बेला घरमा आगो लगाइदेऊ, तिमीलाई धर्म हुन्छ । अब यो समाजले रोहिणी र रेष्माको विवाह हुन दिदैनन् । उनीहरूको आँसु पनि कति हेर्नु ?'

कान्छीले सम्झाइन्, 'बाबा हजुरजस्तो मान्छेले यस्तो भन्न सुहाउँदैन । कालो रात सधैं रहँदैन । म शालु मैयाँसँग सल्लाह गर्छु, केही उपाय निस्कन्छ कि ।'

केशवले सुस्केरा हाल्दै भने, 'त्यो फूलजस्ती बच्चीलाई कति चोट दिनु ? सुजनको पीरले जलेको बेला ।'

'सुजनमा धेरै परिवर्तन आइसक्यो रे पीर गर्नुपर्दैन भन्दै होइसिन्थ्यो ।'

'तिमीले पीर गर्छ्यौ भनेर ढाँटिन् होला । के परिवर्तन हुन्थ्यो यति छिटो, हुन्देऊ शालुलाई केही नभन' भन्दै केशव कोठाभित्र पसे ।

कान्छी केशवको कुरा सुनेपछि झसङ्ग भइन् र सोचिन्- उफ ! मैले पनि उहाँको बानी भुलेछु । मलाई चोट पर्छ भनेरै उहाँले ढाँट्नुभएको हो । कान्छी गर्दागर्दैको काम छोडेर कपडा पनि नफेरी कुपण्डोल पुगिन् । मनमा पीर भएर होला उनलाई कसैको डर लागेन । शालु र सुजनको मात्र माया लाग्यो । कान्छी सरासर भित्र पसिन् । बिहानको समय उनले समय पनि भुलिछिन् । उर्मीलालाई देखेपछि पो झस्किन् र बरण्डामै रोकिइन् ।

उर्मिलाले हात जोड्दै भनिन्, 'कान्छी तिमी आयौ अब यो घर छोडेर कहीं नजाऊ, हामी बर्बाद भयौं कान्छी बर्बाद ... ।'

कान्छीको नाम सुन्नेबित्तिकै दीपक पनि हतारहतार ओछ्यानबाट उठेर

आई हात जोड्दै भने, 'कान्छी तिमी फर्कियौ ? बिन्ती तिमी अब यहाँबाट नजाऊ । पहिलेको जस्तै यो घरलाई मन्दिर बनाऊ ।'

कान्छीले उनीहरूको कुराको जवाफ नै नदिई भनिन्, 'म यहाँ सुजनबाबुलाई हेर्न आएकी हुँ ।' उर्मिलाले नम्र स्वरमा भनिन्, 'शालु आजकाल सुजनकै कोठामा सुत्छिन् । तिमी नजाऊ है कान्छी यहीँ बस ।'

उर्मिलाको कुरा नसुनी कान्छी सुजनको कोठामा पसिन् । कान्छीलाई देखेपछि शालु अलि डराइन् । कान्छीले भनिन्, 'भो नडराइस्यो । कस्तो छ सुजनबाबुलाई ?'

शालुले कान्छीलाई आफ्नो कोठामा लगेर भनिन्, 'हेर, कपडा पनि नफेरी आउनुभएको । बिदी त्यो लत छुटाउन त साह्रै गाह्रो हुँदोरहेछ । ड्रक्स नखाएपछि हातखुट्टा थरथर काम्ने रहेछन् । उनी रातभरि छटपटाएर निदाउन सकेनन् । अहिले एकैछिन भयो निदाएका । भन्नोस् रोहिणीलाई कस्तो छ ?'

रोहिणी मैयाँको कुरा छोडिस्यो । सुजनबाबुको मनमा म खराब बाटोमा हिँडेको रहेछु भन्ने चेत आयो कि आएन ?'

'आयो दिदी आयो । उनी आफूलाई नियन्त्रण गर्न सक्दो कोसिस पनि गर्दैछन् । उनको अवस्था देख्दा त मलाई नै डर लाग्छ । कल्पना गर्नोस्, फिरोजले ड्रक्स र युवती एक्कैपल्ट कसरी छोडे होला ?'

गंगा भन्नुहुन्थ्यो, 'फिरोज छटपटाउन थाल्दा हजुरको तस्विरलाई छातीमा राखेर मुठ्ठी बाँध्नुहुन्थ्यो रे, कहिले ओठ टोकेर रगत निकाल्नुहुन्थ्यो रे, कहिले हात टोकेर आफूलाई सम्हाल्नुहुन्थ्यो रे, कहिले हजुरको आर्ट गर्दै बस्नुहुन्थ्यो रे ।'

'शालुले भावविभोर भएर भनिन्- 'दिदी, सुजन र रोहिणीको समस्या समाधान भए हामी कति खुसी हुन्थ्यौं हगि ?' दिदी फिरोज, तपाईंले कथामा भनेको राजकुमारजस्तै छन् । तपाईंले त पहिल्यै फिरोज सफ्रिन्छ भन्ने थाहा पाउनुभएको रहेछ । मलाईचाहिं किन केही नभन्नुभएको ? फिरोजले तिम्रो दिदीले खोजेको राजकुमार मै हुं भन्दा म त हेरेको हेरै भएं ।'

'थाहा थियो मैयाँसाप, राम्रै थाहा थियो । त्यसैले राजकुमार खोज्ने कुरा गरे कि नि ।' कुरा गर्दागर्दै उर्मिलाले चिया र दूध लिएर भित्र पस्दै भनिन्, 'कान्छी चिया लेऊ ।' शालुतिर हेर्दै भनिन्, 'शालु अब दिदीलाई नपठाऊ है । कान्छी यहीँ बस्छिन् ।'

शालुले हाँस्दै भनिन्, 'के भनिस्या ममी हजुरले, दिदी यहीँ बस्ने रे ? दिदीको स्वर्गजस्तै परिवार छ । दुईवटा छोरा, लोग्ने सासूससुरा, नन्द सबैसबै छन् । दिदीलाई त्यो घरमा सबैले आफ्नै मुटुजस्तै गर्छन् । दिदीको छुट्टै सिनामंगलमा दुईतले घर छ । रोहिणीको बाबाले सुजनलाई सञ्चो छैन भनेपछि

सुजनको मायाले कपडा नै नफेरी यहाँ आउनुभएको हो । दिदीको आफ्नै ट्याक्सी छ । देवर-देउरानी सबै-सबै छन् दिदीको ।' उर्मिलाले शिर झुकाएर भनिन्, 'सुजनले नशाको सुरमा भन्न त भनेका थिए । दिदीको घर छ भनेर ... । राम्रै भयो तिमीले यहाँ साह्रै दुःख पाएकी थियौ । पापले डुबाउँछ, धर्मले उठाउँछ भन्ने कुरा सोच्न सकिएन । नभन्दै साँचो रहेछ । बच्चाहरू कत्रा-कत्रा छन् नि ?'

ठूलो त अठार वर्षका भए । होटेल मेनेजमेन्ट पढ्दैछन् । कान्छो सात वर्षका भए । तीन क्लासमा पढ्दैछन् ।'

'सोझोको साथ दैव भन्छन् । त्यसैले तिम्रो राम्रो भयो । तिमी यहाँ आउँदै गर, हाम्रो भूललाई माफ गर ।'

'होइन मैयाँसाप त्यसो नभनिस्यो । सँगै बस्दा सानोतिनो गल्ती भइहाल्छ ।' उर्मिला आफूले गरेको अत्याचार सम्झेर बोल्न नसकी कोठाबाट बाहिरिन् ।

'दिदी ममीपापा आफूले खनेको खाल्डोमा आफैं परेपछि बल्ल चेत्नुभएको छ । आजकाल घरमा रक्सीको गन्ध छैन । उहाँहरूको शिर झुकेको छ,' शालुले भनिन् ।

'मैले थाहा पाएँ, अघि नै दुवैले मसँग माफी मागेर हात जोडिस्यो ।'

'त्यसो भए दिदी कहिलेकाहीँचाहिँ आउँदै गर्नुहोस् । भन्नोस् न दिदी रोहिणीको के हाल छ ? सुजनको पीरले कहीँ जान मन लाग्दैन । अस्पतालबाट सिधै घर आउँछु ।'

कान्छीले बिहान केशबले भनेको कुरा जस्ताको तस्तै भनिन् । छिमेकीहरूले ओकल्ने गरेको दुर्वाच्य शब्दहरूका बारेमा बताइन् । दिदीको कुरा सुन्दा शालुलाई ज्यादै नमज्जा लाग्यो । सुजन उठेको थाहा पाएपछि दुवै सुजनको कोठमा पुगे । सुजनले कान्छीलाई देखेपछि अङ्गालो हालेर रुँदै भने, 'दिदी तपाईं यहाँ भएको भए म बिग्रिन पाउँदैन थें । दिदी म चाहेर पनि सम्हालिन सकेको छैन । बस मर्न सजिलो होला तर नशा ... ।'

सुजनको कुराले कान्छी र शालुकै आँखाबाट आँसु झऱ्यो । कान्छीले सुजनलाई पलङमा बसाएर मायालु पाराले कपाल मुसार्दै भनिन्, 'तपाईंलाई सन्चो नभईकन म यहाँबाट जान्न । मोनालाई फोन गरेर हाम्रो घरमा जानु भन्छु ।'

दिदीको कुराले शालु र सुजन खुसी भए । सुजनले दिदीको गालामा म्वाइँ खाँदै भने, 'म दिदीकै हातबाट बनाएको खानेकुरा खान्छु । बच्चामा सुतेजस्तै गरी दिदीको काखमा सुत्छु ।' कान्छीले रुँदै भनिन्, 'म हजुरको सम्पूर्ण इच्छा पूरा गर्छु ।'

दिदीको कुरा सुनेर शालु र सुजन खुसी हुँदै हाँसे ।

# चौबीस

'हेलो, मुमा नमस्कार' 'ओ शालु नानी भाग्यमानी भए । के छ, बा हालखबर ? ठीकै छयौ हैन ? सुजनलाई कस्तो छ ?'

'ठीक छु मुमा, अहिले सुजनको कुलत छुटाउन दिदीहरू सबैजना यतै बस्नुभएको छ । सुजनले लक्ष्य प्राप्त नगरेसम्म दिदीहरू यहाँबाट जानुहुन्न रे । मुमा, मलाई अब सुजनको कुनै चिन्ता छैन । दिदीले सुताउनुहुन्छ, दिदीले उठाउनुहुन्छ । दिदीले नै खुवाउनुहुन्छ । सुजनलाई सानैदेखि गीत-सङ्गीत मन पर्ने भएकोले फुर्सदको समयमा सङ्गीत सिकून् भनेर सङ्गीत टिचर राख्ने सल्लाह भइरहेको छ ।'

'नानु, त्यसो भए तिमी सधैंको लागि यहाँ आए हुन्न र ?'

शालुले अनकनाउँदै भनिन्, 'दिदीको पनि त्यही इच्छा छ । शायद दिदी आज त्यहीं आउनुहुन्छ होला ?'

गंगाले हाँस्दै भनिन्, 'ल.. ल अब हाम्रो घर पनि स्वर्ग हुने भयो । साह्रै खुसीको कुरा सुनायौ । फोन फिरोजलाई दिऊँ । उनी पनि साह्रै खुसी हुन्छन् ।'

'भैगो फोन दिनुपर्दैन दुई बजेतिर कान्ति अस्पतालमै जानु भनिदिसेला । अरू कुराहरू पनि गर्नुछ । हस् फोन राख्छु पनि नमस्कार ।'

गंगाले नमस्कार भन्दै फोन राखिन् ।

कान्ति अस्पतालको चौरमा बसिरहेका फिरोजसामु पुगी शालुले बस्दै भनिन्, 'बस्दाबस्दा तपाईलाई कहिल्यै पट्यार लाग्दैन हगि ? मैले हजुरलाई एक बजे होइन । दुई बजे यहाँ बोलाएकी थिएँ । ड्युटी गर्दागर्दै यसो हेरेको टुसुक्क चौरमा बसेको देख्छु ।'

फिरोजले हाँस्दै शालुतिर हेरेर भने, 'यो अस्पतालको भित्ताभित्तामा तिमीलाई देखेर तिमीसँगै मौन वार्ता गरिरहेको थिएँ ।'

शालुले भनिन्, 'माया पनि ठिक्क गर्नुपर्छ रे, अति धेरै माया गऱ्यो भो चाँडै विछोड हुन्छ रे, म चाँडै आकाशमा गएँ भने नि !'

फिरोजले रिसाउँदै भने, 'त्यस्तो अपशब्द मुखबाट निकाल्दै ननिकाल ।'

शालुले हाँस्दै भनिन्, 'हेर, हेर रिसाएको, रिसाउँदा त झनै सुहाउँदो पो रहेछ ।'

फिरोजले हाँस्दै भने, 'शालु तिमी पनि, ल भन, विशेष कुरा केही छ कि ?'

'भरे घरमा गएर सुन्ने कि मेरै मुखबाट सुन्ने ?'

'तिम्रै मुखबाट सुन्ने छिटो भनन शालु कुरा के हो ?'

शालुले भनिन्, 'दिदीले भन्नुभएको हाम्रो बिहे गर्ने उमेर भयो रे ।'

'त्यो त मलाई पनि थाहा छ नि, के नौलो कुरा भयो, सुजनले लक्ष्य प्राप्ति नगरी रोहिणीले विवाह नगरी हाम्रो पालो आउँदैन क्यारे ।'

'तपाईं पूरा कुरा नसुनी बीचमा प्याच्च बोल्नुहुन्छ । । विचरी दिदी हाम्रो खुसीका लागि हरपीडाहरू सहनुहुन्छ । दिदीहरू हाम्रै घरमा आइसक्नुभयो । रोहिणीको घरमा मोना र रोमाकान्त दाइ हुनुहुन्छ ।'

'उनीहरूलाई विपत परेको बेला दिदी यता आउँदा केही भन्नुभएन ?'
'दिदीले नै सबैलाई सम्हाल्नुभएको थियो ।'

'सबै विपत टरिसक्यो । सबैको सल्लाहले नै दिदी यहाँ आउनुभएको हो । थाहा छ रोहिणीको विवाह हुँदैछ । डा. आकाशसँग, तपाईंले चिन्नुभएको छैन । डा. आकाश बस्न्यात । हामीसँगै पढेका हुन् ।'

फिरोजले अत्तिँदै भने, 'को आकाश बस्न्यातको कुरा गरेकी ? कतै बाबु-आमा अमेरिकामा भएको आकाशको त कुरा गरेकी होइनौ ?'

'ला कसरी चिन्नुभयो तपाईंले ? हो, त्यही आकाश त हुन् नि ! रोहिणीको परिवार र स्वयम् रोहिणी पनि साह्रै खुसी छिन् ।'

फिरोजले भने, 'शालु तिमी होसमा त छ्यौ ? आकाशको कुरा तिमीलाई थाहा नै रहेनछ क्यार, आकाश मेरो कान्छी फुफूको भान्जा हुन् । उनी कसरी रोहिणीसँग विवाह गर्न सक्छन् ? तिमी झुक्कियौ ?'

'फिरोज म होइन तपाईं नै झुक्किनुभयो । आकाशलाई रोहिणीका लागि प्रस्ताप राख्ने त मै हुँ । ल भन्नोस् को होसमा छैन ? मैले आकाशलाई रोहिणीको जीवनमा घटेका सबै घटना सुनाएँ । रोहिणीको बाबाले समाजको घृणा सहन नसकेर दिदीसँग भन्नुभएछ, 'कान्छी हामी चारजना सुतेपछि घरमा आगो लगाइदेऊ । सबैले घर जलेर मऱ्यो भन्छन् । हामीलाई पनि शान्ति मिल्छ ।' दिदीको कुरा सुनेर म धेरै दिन विचलित भएँ, झट्ट आकाशलाई सम्झेर आकाशको मामाघरमा पुगें । सबै कुरा जस्ताको जस्तै आकाशलाई सुनाउँदै रोएँ । आकाशले भने, 'शालु तिमी नरोऊ, म तिम्रो खुसीका लागि जे गर्न पनि तयार छु । उनले मेरो एउटा पनि कुरा काटेनन् । विवाह गर्ने कुरा पक्का भयो । रोहिणीको डाक्टरसँग विवाह हुँदैछ भन्ने सुनेपछि रोहिणीलाई वेश्या भन्ने छिमेकीहरू शिर झुकाई हिंड्छन् रे । झन् आकाशलाई देखेपछि के गर्लान् ?'

शालुको कुराले फिरोजको मुटु फुट्लाजस्तो भयो । कानमा केही वर्षअगाडि फुपूले भनेको शब्दहरू नै ओहोर-दोहोर गऱ्यो । आज ज्वाइँ अमेरिकाबाट

काठमाडौं आउँदै हुनुहुन्छ । आकाशलाई अमेरिका जाऊँ भनी फकाउन आउने त होला, तर के जान मान्ने आकाश ।

मेरो प्रश्न थियो, 'किन फुपू आकाश अमेरिका नगई यहाँ बसेको ? बाबुआमा सबै छोडेर ।'

'बाबु तिमीले शालुलाई प्रेम गरेजस्तै उनी पनि कसैलाई प्रेम गर्छन् । मलाई सबै थाहा छ । भन्न त माइजूको मायाले बसेको भन्छन् तर भित्री कुरा अर्कै छ । उनले स्कुलमा पढ्दादेखि नै कसैलाई मन पराएका छन् । उनैको मायाले यहाँ बसेका हुन् । सबै कुराहरू सम्झेर फिरोज पागलजस्तै भए ।'

'म खुसीका कुराहरू गर्दैछु, तपाईं किन चुपचाप हुनुभयो ?'

फिरोजले बनावटी हाँसो हाँस्दै भने, 'शालु म धेरै खुसी छु । घाममा बसेकोले होला टाउको पनि दुख्न लागेजस्तो छ ।'

'हुन्छ त्यसो भए घरमा गएर आराम गर्नोस् ।'

'फिरोज बोल्न पनि नसकी हाँसेजस्तो गरी शालुसँग बिदा भए । शालु अस्पतालभित्र गइन् । फिरोज बाण लागेको सिंहझैं छटपटाउँदै फुपूको घरमा पुगी । सिधै आकाशको कोठामा पसे । कोही आएको चालपछि आकाशले तान्दै गरेको चुरोटलाई थाहा नपाउन् भनेर हातले किचिमिची पारेर आत्तिँदै भने, 'फिरोज कतै पश्चिमबाट घाम त झुल्केन ? कसरी यहाँ आयौ ? तिमी नआएको दुई-चार वर्ष नै हुन लागिसक्यो, बसन के छ खबर ?'

'फिरोजले आँसु झार्दै भने, हेरन पानीमाथिको ओभानो बनेको, तिमीलाई मेरो हालखबर थाहै छैन ?'

'यार, तिमी कहिल्यै आउने भए पो हालखबर थाहा हुन्छ । तिमी इन्जिनियर बन्यौ रे भन्नेचाहिँ सुनेको हुँ । मेरो खुसीको कुरा सुन्छौ भने म विवाह गर्दैछु ।'

फिरोजले आँखा ओभानो पार्दै भने, 'आकाश, यो के गर्‍यौ तिमीले ? के गर्‍यौ ? तिमी डाक्टर मान्छेले चुरोट पिउन थाल्यौ ? हेर, अहिलेसम्म केही बिग्रिएको छैन । तिमी शालुसँग विवाह गर । तर यसरी जीवन बर्बाद नगर । शालु तिम्रै निम्ति जन्मेकी हुन् । शालुलाई तिमीजस्तै आदर्श पति चाहिन्छ ।'

'यार तिमी किन यहाँ आयौ भनेको त त्यो पोक्चीको पो कुरा गर्न आएको ? त्यस्ता सयौं पोक्चीलाई म औंलामा नचाउन सक्छु, बुझ्यौ ?'

'कुरो र कुलो त जता लगे पनि जान्छ तर तिम्रो आँखाको भावलाई म के संज्ञा दिऊँ र चुरोट पिउनुको रहस्य म के बुझौं ? तिमीले सयौं शालुहरू भेट्टाउँथ्यौ भने रोहिणीसँग किन विवाह गर्न लाग्यौ ?' आकाशले चुरोट किचिमिची पारी कागजमा राख्दै भने, 'तिमी पत्रकार हौ कि क्या हो, तिमीलाई सबै कुरा भन्नुपर्ने ।'

'तिमीले भन या नभन मैले सबै कुरा बुझिसकें। तिमी शालुको पीडा देख्न सक्दैनौ। शालु रोहिणीको पीरले चिन्तित भएको देखेपछि तिमीले रोहिणीसँग विवाह गर्ने कुरा स्वीकार गर्‍यौ। यही नै साँचो हो आकाश, यही नै साँचो हो। तिमी र शालु पढेको स्कुल एउटै हो, फुपू भन्नुहुन्थ्यो तिमीले महारागञ्जमा नाम निकालेका थियौ रे, त्यहाँ किन नपढेको तिमी ? शालुका लागि तिमीले धेरै त्याग गरेका छौ। त्यतिमात्र होइन, सम्पूर्ण आफन्त छोड्यौ। यहाँसम्म कि आफ्नी मायालु आमासम्मलाई छोड्यौ। तिम्री आमाले त आकाश यहीं बस्छन् भने म पनि यहीं बस्छु भन्नुभएको थियो रे।' यी पनि झुटो हुन् त ?'

'चुप लाग फिरोज, अतीत कोट्याएर बलेको आगोमा घ्यू नथप। जोडी भगवान्ले नै बनाएर पठाउँछन् रे। नत्र तिम्रो भेट कसरी शालुसँग हुन्थ्यो ? तिमी त सयौंको बाहुमा झुलेको मान्छे। शालुलाई देखेपछि किन मोहित भयौ ? ढुक्स युवतीहरूले तिमीलाई तान्न सकेनन् किन ? माइजू भन्नुहुन्थ्यो- भान्जाबाबु फिरोजले त जुनी नै फेर्‍यो। प्रेममा त्यो तागत हुँदोरहेछ ढुङ्गालाई नै देउता बनाउँदोरहेछ। दाजु-भाउजूले फिरोजलाई मूर्दा साबित गर्नुभएको थियो। भन्नुहुन्थ्यो- मैयाँ फिरोज बरु मरिदिए हुन्थ्यो। कहिले त विष दिएर आफू पनि विष सेवन गरौं जस्तो लाग्छ। त्यस्तो अवस्थामा पुगेका तिमीले शालुलाई पाउनका लागि जुन कष्ट उठायौ त्यो कष्ट म नाथेचाहिं उठाउन सक्दिनथें ? शालुलाई तिम्रो प्रेमको विश्वास थिएन। तिमीले विश्वासको दियो बाल्यौ। उनी मेरो प्रेममा विश्वास गर्थिन्। मैले उनलाई विश्वास दिलाउन सकिनँ। शालु तिमी पाउँदा कति खुसी छिन्। उनको ओठको त्यो खुसी छिने भने मेरो प्रेमको के अर्थ ? प्रेममा समर्पण हुन्छ। तिमी शालुलाई औधी प्रेम गर्छौ र यहाँसम्म आयौ। तिमीले सोच्यौ मैलेभन्दा बढ्ता प्रेम आकाशले गर्छन्। तिम्रो प्रेममा एक कण मात्र स्वार्थ भएको भए पनि तिमी यहाँ आउँदैनथ्यौ। तिमीले सोच्यौ म आँसु पिएर पनि शालुको खुसी हेर्छु। मैले पनि त्यही सोचें- शालु हाँसुन्। तिमी आफैं भन शालुले वास्तविकता थाहा पाइन् भने के गर्लिन् ?'

फिरोजले रुँदै भने, 'आकाश तिमी त्यसको चिन्ता नै नगर, म शालुलाई नराम्रोसँग तोडिदिन्छु। जसले गर्दा मप्रति घृणा जन्मिन्छ र उनी निर्धक्क हाँस्छिन्।'

'त्यसो भए म तिमीलाई रुवाऔं ? के चाहिने-नचाहिने कुरा गर्छौ तिमी ? हेर, जब मैले रोहिणीलाई विवाह गर्छु भने उनी यत्ति खुसी भइन् कि के वर्णन गरौं। लाग्यो म उनको खुसीका लागि भए पनि काम लागें। फेरि शालुले रोहिणीको बिबाह मसँग गराउन खोज्नुको कारण उनलाई थाहा छ, रोहिणी आकाशलाई खुसी राख्न सक्छिन्। मैले शालुले के भन्दिरहिछिन् भनेर नेपाल मेडिकल कलेजमा पढ्दा अन्नाको प्रसंशा गरेको थिएँ। उनले सम्झाएकी थिइन्- आकाश, जिन्दगी भनेको धेरै लामो छ। जे काम गर्दाखेरि पनि बडो

होस् पुऱ्याएर गर्नुपर्छ । म तिम्रो ओठमा सधैं हाँसो देख्न चाहन्छु । उनले ज्यादै खिन्न भएर भनेकी थिइन् । आज रोहिणीको कुरा गर्दा उनी भन्थिन्- आकाश म धेरै सोचेर यहाँ आएकी हुँ । मलाई तिम्रो पनि पीर थियो । यो स्वार्थी दुनियाँमा तिमीले कस्ती केटी पाउँछौ भन्ने । रोहिणीलाई तिमीले चिनेकै छौ । तिमीहरू दुवैको जीवन हाँसीखुसीमा बित्छ । मैले तिम्रो खुसी हेर्न नचाहेको भए तिमीले अन्नाको कुरा गर्दा किन मौन हुन्थें र ? म मनमनै भगवान्सँग प्राथना गर्थें- 'भगवान् आकाशलाई अन्नाको मोहिनी आँखाबाट टाढा राख । म आकाश टुटेको हेर्न सक्दिनँ । आज म खुसी छु रोहिणीजस्ती निष्पाप मन भएकी केटी पायौ । तिमीहरूको जीवन सधैंसधैं हराभरा हुन्छ ।'

फिरोजले सुस्केरा हाल्दै भने, 'त्यसो भए किन चुरोट पिउँछौ ? तिमीले चुरोट पिएको देखे शालु के खुसी होलिन् त ?'

छोड्छु फिरोज, के गरौं, कसो गरौं लागेर मात्र चुरोट पिएको हुँ । फिरोज तिमीले जीवनभर शालुलाई मैले प्रेम गर्थें भन्ने कुरा बिर्सेर पनि नबताऊ है ! तिमीले जस्तै मैले पनि शालुको फोटोहरूको आर्ट गरेको छु । तिमीले आजै लग । विवाहपछि हामी लगतै अमेरिका जान्छौं होला । तिमीले बेला-बेलामा तिमीहरूको हालखबर बताइरहनु है । फिरोज अर्को जन्म भए म अर्को जन्ममा चाहिँ शालु तिम्रो हुन दिन्न नि !

फिरोजले बर्र आँसु झारे । आकाशको पनि आँखा रसायो । दुवैका ओठहरू केहीबेर मौन रहे । फिरोजकी फुपू रमा कोठाभित्र पस्दै भनिन्, 'ओहो ! कुन बेला आएको तिमी, भर्खरै दाइले फोन गर्नुभएको थियो बधाई छ तिमीलाई ?'

केको बधाई फुपू ?'

केको हुनु तिम्रैं विवाह नि, कान्छीले हेराइजुराइ गरी मङ्सिर एक्काईस गते लगन राम्रो छ भन्न आएकी थिइन् रे । दाइले खुसी हुँदै भन्नुहुन्थ्यो- फिरोज त शालुलाई अझ दुई तीन वर्ष कुर्नुपर्छ भन्थे । कान्छीको कुराले हामी धेरै खुसी भयौं । बेलुका आफान्तहरूलाई तिम्रो विवाह हुने खुसीयालीमा सानो पार्टी दिने रे । फुपूको कुराले फिरोज न खुसीले हाँस्न सके न रुन नै ।

आकाशले हाँस्दै भने, 'ल यार बधाई छ । तिमी मभन्दा दुई दिनअगाडि हुलाहा हुने भयौ ।'

रमा (फुपू) ले भनिन्, 'हामी त आकाशलाई देखेर छक्क पऱ्यौं । अघिल्लो दिनसम्म भन्दै हुनुहुन्थ्यो अब अमेरिका जान्छु । विवाह नै गर्दिनँ । भोलिपल्ट शालु आएर के-के भनेर सम्झाइन्, विवाह गर्न राजी भइहाल्नुभयो । म अचम्मै पर्छु किन सबैजना शालुको कुराको कदर गर्छन् ।'

माइजू, शालु सबैको भलाइका लागि कुरा गर्छिन् । त्यसैले सबैजना उनलाई मन पराउँछन् । फिरोजतिर फर्किंदै- जाऊ फिरोज तिम्रो घरमा सबैजना तिम्रो

प्रतीक्षामा होलान् । रमाले पनि आकाशको कुरामा नै समर्थन गरिन् । आकाशले हाँसेझैं गरी भने- अर्को जन्ममा चाहिं चिटिङ चल्दैन नि !

फिरोज बोल्नै सकेनन् । फुपू र आकाशसँग बिदा भएर फिरोज घर गए । घरको उल्लासमय वातावरणले पनि फिरोजलाई त्यति तान्न सकेन । फिरोज गएपछि आकाश धेरैबेर रोए ।

दीपक र उर्मिला सबै वास्तविकतासँग अनविज्ञ नै थिए । कान्छीले फिरोजको घर विवाहको कुरा लिएर जानुअगाडि सबै कुरा भनिन्- फिरोजको घर जान दीपक र उर्मिलालाई अनुरोध गरिन् । दीपक र उर्मिलाले खुसी हुँदै भने- हामीले त केवल जन्म मात्र दिएका हौं । जन्म दिनेभन्दा कर्म दिने नै ठूलो हुन्छ । शालु र सुजनका लागि तिमीले जे भने, जे गरे पनि हामीलाई मञ्जुर छ । हामीले मसान बनाइसकेको घरलाई तिमीले स्वर्गमा परिणत गर्‍यौ । त्यतिमात्र होइन, हामी लोग्ने-स्वास्नीको सम्बन्ध टुटिसकेको थियो । तिमीले जोडिदियौ । तिमीले नै हामीलाई जिन्दगीको सही अर्थ बुझायौ । मायाको अर्थ बुझायौ । तिमीले गर्दा नै आज हामी समाजको अगाडि शिर ठाडो गरेर हिंड्न सक्ने भएका छौं । सम्पूर्ण अधिकार तिम्रै हो भनी पुनः शिर झुकाए । सुजन कलेजबाट आएर कान्छीलाई अङ्गालो मार्दै भने- को हिंड्न् सक्ने भयो ममी, पापा ?

कसको हुन्थ्यो हामीले आफ्नै कुरा गरेका हौं । शालुको विवाह यही मङ्सिर २१ गते हुँदैछ ।

'फिरोज दाइ भनिरहेको बानी, अब कसरी भिनाजु भन्ने होला, मलाई त लाजै लाग्छ भन्या । आज एघार गते भइसक्यो । दिदी आजै जाऊँ सुटको अर्डर गर्न । मलाई सुट छान्न आउँदैन । तपाईंले नै सुट छानिदिनुहोला । सौरब र सौजन्यले हिजो भन्दै थिए । हामीलाई हजुरबुबाले रोहिणी दिदीको विवाहका लागि भनेर सुट सिलाइदिइसक्नु भयो । म पनि उनीहरूको कलरसँग म्याचिङ हुने कलरकै सुट लाउँछु ।'

'हुन्छ बाबा हुन्छ, पहिला खाजा त खाइस्यो त्यसपछि हामी सबै जाने ।' उर्मिलातिर हेर्दै भनिन्- 'ठूली मैयाँसाप र सापले पनि कपडा फेरिस्यो । चाहिने सामानहरू फटाफट आजैदेखि किन्न सुरु गर्नुपर्छ । नभए भ्याइदैन ।'

दीपकले भने, 'ठीकै भन्यौ तिमीले, ल उर्मी तयार होऊ । कान्छी तिमी पनि तयार होऊ, आज सुजनले आफैं झिकेर खाजा खान्छन् ।'

'प्लिज पापा मलाई दिदीको मुख नहेरी नास्ता खायो भने नास्ता खाएको जस्तो लाग्दैन । बरु म छिटोछिटो खान्छु ।' सुजनको कुराले दीपक र उर्मिला दुवै हाँसे । कान्छी र सुजन भान्सातिर लागे ।

# पच्चीस

'आन्टी, नमस्कार, उहाँ प्रशन्न अंकलको आमा हुनुहुन्छ ।' भनी गोकुलले परिचय गराएर काम छ भनी प्रशन्नको घरबाट निस्के ।

प्रशन्नकी श्रीमती वर्षाले गोकुलको नमस्कार फर्काएर प्रशन्नकी आमा प्रमिलाको खुट्टा ढोगिन् । प्रमिलाले सौभाग्य रहनू भन्ने आशिष दिँदै भनिन्, 'रोहिणी बाबा, तिमी त मैले कल्पना गरेको भन्दा पनि सुन्दरी रहिछ्यौ । प्रशन्न कहाँ गए त ?'

वर्षा आफूलाई रोहिणी नामले सम्बोधन गरेको सुनेर केही आश्चार्य परिन् र भनिन्, 'बुटवलमा ठूलो होटल बन्दैछ । उहाँलाई त्यो होटलको नक्सा बनाउने जिम्मा दिएको हुनाले होटल बनाउने ठाउँ निरीक्षण गर्न जानु भएको छ । एक-दुई दिनपछि फर्किनुहुन्छ ।'

'बाबा ! बिवाहमा मलाई किन नबोलाएको त ? गोकुलले अंकलले बिबाह गर्नुभयो भन्न गएपछि हामफाल्दै आएकी ।'

'वर्षा प्रमिलाको कुराले छक्क परिरहेकी थिइन् । वर्षा ठूलो खान्दानमा हुर्किन्, बढिन् । बैंस उनलाई पनि चढ्यो । तर वर्षात्को खहरेझैं उर्लिनन् उनी । वर्षा मायालु, दयालु र सुन्दरी थिइन् । प्रशन्न धन, दौलत र वर्षाको मायामा छलाङ मारिरहेको थियो । ऊ आफूलाई संसारकै भाग्यमानी पति सम्झन्थ्यो । वर्षा पनि प्रशन्नलाई आदर्श पतिको रूपमा सम्झिन्थिन् । त्यसैले अस्ट्रेलियाबाट वर्षालाई भिसा आइसक्दा पनि प्रशन्नको मायाले अस्ट्रेलिया गएकी थिइनन् । प्रशन्नलाई पनि अस्ट्रेलिया लैजाने प्रोसेस चलिरहेको थियो । प्रमिलाको कुराले भने वर्षा केही अल्मलिरहेकी थिइन् ।

प्रमिलाले हाँस्दै भनिन्, 'रोहिणी बाबा, किन मौन रहेकी अब तिमीलाई नलिई गाउँ जाँदै जान्न । गाउँलेहरू तिमीलाई हेर्न ज्यादै उत्सुक छन् । थाहा छ । तिमीलाई ? मैले तिम्रो नाममा एउटा भैंसी र दुईवटा बाखा पेवा पालिदिएकी थिएं । पहिलो बेतमै एउटा बाखीले तीनवटा पाठापाठी पायो । अर्कोले दुईवटा पाठा पायो । गोठभरि तिम्रो पेवाका पाठापाठी छन् । भैंसीले पनि बिहान-बेलुका गरेर झन्डै एक पाथी दूध दिन्छ । पहिला-पहिला त घ्यू, कुराउनी पठाएका सामानहरू पर्काउँथ्यौ, चिठी पनि लेख्थ्यौ । धेरै भयो तिमीले चिठी पनि नपठाएकी, पछिल्लो पालाको क्यान फर्काइनौ । बिवाहमा पनि बोलाइनौ । कतै मसँग रिसाएकी त छैनौ ?'

प्रमिलाको कुराले बर्षालाई भाउन्न होलाजस्तै भयो । बर्षाले मनमनै सोचिन् । को रहिछिन् घ्यू कुराउनी खाने रोहिणी, आफू रोहिणी नै भएर वास्तविकता बुझ्नुपऱ्यो । बर्षाले हाँसेझैं गरी भनिन्, 'हेर्नोस् आमा, हतारमा विवाह गरियो, हजुरलाई बोलाउने भन्दाभन्दै बोलाउनै पाइएन । अब क्यानहरू हामीसँगै जाँदा लैजाउँला हुन्न र ?'

'मैले साक्षात लक्ष्मी बुहारी भनौं या छोरी भनौं तिमीलाई पाएपछि नाथे क्यानको त चिन्ता छैन तर यहाँ मिल्किएको भाँडो गाउँमा काम लाग्छ भनेर मात्रै हो । लाऊ यो कुराउनी सम्धी-सम्धिनीका लागि, योचाहिँ तिम्रो र बाबुको लागि । झोला खोलेर कपडाको पोको फुकाउँदै भनिन्, 'ल हेर बाबा मैले तिम्रै पेवाको खसी, बाख्रा बेचेर सुनको दुईवटा चुरा बनाइदिएकी छु । तिमीले पठाइदिएको चुराको साइजमै छ यो । आऊ म लगाइदिन्छु । बर्षाको हात मागिन् ।

बर्षाले हात दिइन् । बर्षाको हातमा त्यो चुरा साह्रै ठूलो देखिएपछि रिसाउँदै बाणालाई गाली गरिन्, 'त्यो च्याङ्ग्रे मोराले त मैले दिएको नापमा चुरी नै बनाएनछ । पर्खोस् त्यसलाई गाउँ गएपछि मार हपार्छु र अर्को चुरीको त ज्याला नदिई बनाउँछु । बाबा ! त्यो चुरा फुकाल फेरि हराउला । गाउँ गएपछि त्यही बज्याले तिम्रो नापमा चुरा बनाउँछ । नानु, यो कोठाहरूको बहाल कति तिर्नुपर्छ नि ?'

'आमा यो हाम्रो आफ्नै घर हो । हजुरलाई भोक लाग्यो होला के-के बनाऊँ ?'

'रोहिणी बाबा, तिमीलाई देखेपछि भोक, प्यास, थकाई सबै हट्यो । नानु, प्रशन्न पढेर आएको पाँच-छ महिनामै यत्रो घर कसरी बन्यो त ? बाबु त भन्थ्यो- रोहिणीको बाबुआमाले मलाई पढाउनका लागि पैसा नपुगेर घरको कारसमेत बेचिदिनुभयो । फेरि यति ठूलो महल कहाँबाट आयो ? कतै तिमीले बाबुआमाको सोझोपनको फाइदा धेरै त उठाइनौ ? अर्काको छोराको विश्वास गरेर त्यत्रो इन्जिनियर हो कि क्या हो पढाइदिनुभयो फेरि उहाँहरूलाई नङ्ग्याएर यो घर पनि माग्यौ ? रोहिणी, तिमी यति कठोर छ्यौ भन्ने मलाई पटक्कै लागेको थिएन । मलाई सम्धी-सम्धिनासँग भेटाइदेऊ म उहाँहरूलाई साफ गाली गर्छु । प्रशन्न अलि लाल्ची छ भन्ने त मलाई थाहा भएकै हो तर तिमी पनि कम रहिनछ्यौ । अब तिमी रिसाए रिसाऊ खुसाए खुसाऊ यो घरको एक गेडा अन्न पनि नखाई घर फर्किन्छु ।'

मायालु बर्षालाई सबै कुरा सपनाजस्तै लाग्यो । सोचिन्- बाबुबिनाको

गरिब गाउँले कसरी त्यत्रो पैसा खर्च गरी इन्जिनियर बने होला भनेको त कुरा यति गहिरो पो रहेछ। यो चुरा रोहिणीको नापकै चुरा हो। आमालाई पनि नबोलाई हतारहतार विवाह गर्नुको रहस्य त यस्तो पो रहेछ। भगवान् अब म कसरी बाचौँ ? रोहिणी भन्नेको हृदयमा कति चोट परेको होला। मभन्दा अर्को धनी र राम्री पायो भने प्रशन्नले मलाई पनि छोड्छ। म बर्बाद भएँ भन्ने सम्झेर वर्षालाई सहिनसक्नु भयो। उनी एक तमासकी भइन्। आँसु तप्पतप्प गालाको बाटो हुँदै कुर्थामा झऱ्यो।

प्रमिलाले वर्षातिर हेर्दै सम्झाइन्, 'बाबा, नरोऊ, तिमी अलि काँची नै रहिछौ। मैले त यति मात्र भन्न खोजेकी हुँ, औँला दिँदा डुडुल्नो नै निल्नुहुँदैन। कतै घर माग्न प्रशन्नले नै दबाब त दिएनन्? उसको शरीरमा मेरो मात्र होइन उसको बाबुको पनि रगत छ। पढेर आएको यति छोटो समयमा यत्रो दरबारजस्तो घर बनाउने पैसा कमाए त प्रशन्नले ?'

वर्षाले आँसु पुछ्दै भनिन्, 'आमा तपाईं मेरो माइतीको पीर नगर्नोस्। उहाँहरूले दिन सक्ने भएरै यत्रो घर दाइजोमा दिनुभएको हो। दाइ अस्ट्रेलियामा हुनुहुन्छ।'

'तिमीहरू दुई बहिनीमात्र होइन र ? फेरि दाइ कहाँबाट आए ?'

वर्षाको मुटु ढुक्क भयो। उनले कुरा बनाइहालिन्, 'हामी दुईवटी छोरी भएकोले एउटा धर्मदाइ बनाएका थियौँ, उहाँले नै हाम्रो सहयोग गर्नुहुन्छ।'

प्रमिलाले गहभरि आँसु पार्दै भनिन्, 'यो जमानामा पनि सहयोग गर्ने तिमीजस्तै अर्को मान्छे तिम्रो धर्मदाइको पनि जन्म भएको रहेछ, खुसी लाग्यो। रोहिणी बाबा! तिमीलाई देख्ने पनि साह्रो रहर थियो। तिमीलाई देख्दा साक्षात देवीलाई देखेजस्तै भयो। तिमीले प्रशन्नलाई त जीवनदान दियौदियौ मलाई पनि जीवनदान दियौ। तिमीले पठाइदिएको पैसाले त ठूलै काम गऱ्यो। धनवीरे साहुले त्यत्रो जग्गा पचाउन खोजेको थियो। ब्याजको स्याजसम्म लिएर बलैले जग्गा छोड्यो। घरमा नातिनी त छँदैछे एउटा टुहुरो कुमालको छोरोलाई पनि पालेकी छु। तिम्रो पेवा बाखापाठाहरूले बाली खाएर बिगार गऱ्यो भने गाउँलेहरू भन्छन्- यो रोहिणीको भैँसी बाखाले त अचाक्ली गऱ्यो। कोही गाउँलेहरू त तिम्रो नाममा बाखा पाल्न लैजान्छन्। तिम्रो नामको बाखाले पाठापाठी पाएपछि पाठापाठी बेचेर आएको पैसा आधा टक्रक्क दिन्छन्। कोही त मलाई रोहिणीकी आमा भनेर पनि बोलाउँछन्। सबैको ओठमा तिम्रै नाम छ। काठमाडौँका केटा-केटी राम्रा हुँदैनन् भन्थे, तिमीले त सिङ्गै काठमाडौँको लाज राख्यौ। तिमीले विवाहबारे थाहा नदिँदा भने साह्रै मन रोयो।'

प्रमिलाको कुराले वर्षाको आँखाबाट एकनास आँसु बग्यो । के भन्ने के नभन्ने सोच्नै सकिनन् र पनि भनिन्, 'आमा ! अब चिन्ता नै नगर्नोस् । मलाई पनि तपाईंको अभावमा विवाह गर्न मन नै थिएन । अपर्झट विवाह गर्न परेर मात्र हो ।'

'मैले त तिमीलाई चिनेकै छु । गाउँलेहरूले भन्ने ठाउँ पाए । भन्थे मेरी बुहारी साक्षात लक्ष्मी हो भन्थेऊ खोई विवाह जस्तोमा पनि बोलाएनन् । खैर छोड सानातिना कुरा, सत्यचाहिँ म मेरो अपमान सहन सक्छु तिम्रो अपमान सहन सक्दिनँ । गाउँलेले तिमीले पठाइदिएको जस्तै ग्यास्टिकको वैद्य औषधि लेराइदिनु भनेका छन् । त्यो औषधि खाएपछि मलाई छाती पोल्न धेरै कम भयो । फेरि म गाउँमा हिलो-धूलोसँग खेल्नेलाई अनाहकमा पैसा खर्च गरीगरी महँगो-महँगो सारी किन पठाएकी ? मैले ती सारीहरू केही त छोरीलाई दिएँ, केही तिम्रै लागि राखिदिएकी थिएँ त्यो पनि लेराइदिएकी छु । लाऊ' भन्दै वर्षाको हातमा सारी थमाउँदै भनिन्, 'यसको सट्टा मलाई दुई-चार सुतीको धोती किनिदेऊ ।'

वर्षाले आँखा ओभानो पार्दै भनिन्, 'हुन्छ आमा म हजुरले जे-जे भन्नुहुन्छ त्यही किनिदिन्छु । सम्धी-सम्धिनी भेट गर्नुपर्‍यो । म ममीड्याडीलाई हजुर आउनुभएको कुरा बताउँछु ।'

'हुन्छ बाबा हुन्छ, मलाई पनि त उहाँहरूलाई भेट्ने साह्रै रहर छ । मैले तिमीलाई धेरै अलमलाएँ । झोलामा आँपको अचार, सिलाम, भागो, चुक, घ्यू छ, सबै राख । बसमा कच्याङकुचुङ के-के खाइयो । मुख सुकेको छ एक गिलास तातोपानी देऊ अनि चिया खाउँला ।'

वर्षा झोला बोकेर भान्सातिर लागिन् । उनी आफूलाई सम्हाल्न नसकी छट्पटाउन थालिन् । प्रमिलालाई पानी, चिया दिएपछि आफ्नो बाबुआमालाई छोटकरीमा सबै कुरा बताइन् । वर्षाको कुरा सुनेर वर्षाको बाबुआमा पनि छाँगाबाट खसेजस्तै भए । आफ्नी सुशील र मायालु छोरीमाथि परेको बज्रले वर्षाका आमाबाबुलाई मर्माहत पार्‍यो नै । वर्षाले भनेझैं रोहिणीकै बाबुआमा बनेर सम्धीभेट गर्नुपर्ने हुँदा कम कस्टकर परिस्थिति थिएन । सम्पन्न व्यक्तिहरू भएको हुँदा झरिभुट्ट सम्धिनी भेट गर्नुपर्ने सामान किनेर वर्षाको घरमा आए । बाजेले मन्त्र पढेर सम्धी भेट गराए । सम्धिनी भेटमा दिएको सामान लिँदै प्रमिलाले भनिन्, 'हजुरहरूले पहिल्यै परिपूर्ण पारिसकेपछि फेरि आज धेरै सामान दिई दुःख किन गर्नुपर्‍यो ?'

वर्षाकी आमा बबिता त केही बोल्न सकिनन् । जितेन्द्रले भने 'धेरै केही गरेका छैनौं' भनी कुरा टार्न खोजे । प्रमिलाले हात जोडेर भनिन्, 'यदि रोहिणी

बाबा नजन्मिदिएको भए हामी उहिल्यै मर्थेउँ होला । हजुरहरू जस्तो बाबुआमा पनि यो संसारमा हुँदारहेछन् । हजुरहरूले प्रशन्नलाई पढाउन आफ्नो जायजेथा बेचेपछि यो घर नदिनुपर्ने थियो । त्यत्रो पढेर आएपछि प्रशन्नले नै दुईजनालाई खान पुग्ने पैसा कमाइहाल्छन् होला नि ! खोई त रेष्मा नानी आउनुभएन ? उहाँको लागि पनि केही सम्पत्ति राखिदिनुभएको भए हुन्थ्यो ।'

'हजुरले पीर नगर्नुहोला, रेष्माका लागि पनि हामीले सबै राखिदिएका छौं ।'

'यहाँबाट कति टाढा छ र धोबीघाट बोलाउनुभए हुन्थ्यो । अहिले त आइन् पनि होला ।'

त्यसो भए रोहिणीको घर धोबीघाट पो रहेछ । वास्तविक कुरा के रहेछ बुझ्नैपर्‍यो भनी रेष्मालाई लिन जान्छु भनी निस्केका जितेन्द्र धोबीघाट पुगे । कहाँ सोध्नु, कसलाई सोध्ने, के भनेर सोध्ने अन्योलमा परेर एउटा किराना पसलनिरै उभिइरहेका थिए । फेरि झमक्क साँझ पनि परिसकेको थियो । उनले झट्ट आफ्नो अफिसमा सँगै काम गरेको रिटायर अधिकृतलाई सम्झी उनको नाम सोध्दै त्यो घरमै पुगे । घरमा विवाहको धुमधाम तयारी भइरहेको थियो । जितेन्द्रलाई देख्नेबित्तिकै केशवले बडो स्वागत साथ बैठकमा लग्दै भने, 'हजुर आज यहाँ कताबाट पाल्नुभयो ?'

जितेन्द्रले भने, 'हेर्नोस्, तपाईलाई के ढाँट्नु ? हामी कसैको जालमा परेछौं । मेरी छोरीको जिन्दगी एउटा डाकाले बर्बाद गर्‍यो । आज केटाको आमा आएपछि पो सबै कुरा थाहा पायौं । त्यो डाकाले पहिला नै विवाह गरेको थियो वा प्रेममात्र गरेको थियो त्योचाहिँ बुझ्न सकिएन ।'

केशवले लामो सुस्केरा हाल्दै भने, 'ममात्र फसेछु भनेको त हजुर पनि फस्नुभएछ । यो संसार नै चोरी र फटाइँ गर्नेहरूका लागि बनेको हो । हामीजस्ता सीधासाधाका लागि त यहाँ बाँच्नसम्म मुस्किल छ । सीधा-साधालाई भगवान्ले कतै न कतैबाट पारचाहिँ लगाउँदारहेछन् । तपाईंकी छोरीलाई पनि पार लगाउलान् । गाँठी कुरा नबुझीकनै म भावनामा पो बगें । भन्नोस् हजुर, उसले विवाह गरेर छोडिदियो कि क्या हो ?'

'विवाह गरेरै छोडिसकेको त होइन तर उसको नियति राम्रो छैन रहेछ । उसको आमाको भनाइअनुसार उसले मेरो छोरीसँग रूप र धनको लोभमा विवाह गरेको हुनुपर्छ ।'

'विवाह नहुनु भइसकेपछि हामी छोरीहरूको बाबुले जे पनि त सहनुपर्छ नि ! नत्र यो समाज यही हो, समाजका मान्छेहरू यही हुन् । घाउ कोट्याइकोट्याई

नुन-खोर्सानी दल्न पछि नपर्दारहेछन् मान्छेहरू । हेर्नोस्, मैले एउटा पापिष्टलाई भुइँबाट उठाएर आकाशमा पुऱ्याइदिएँ । छोरी रोहिणीले पनि उनलाई त्यत्तिकै विश्वास गरिन् । हामी सबैले विश्वासकै भरमा घरको जायजेथा यहाँसम्मकी घरको कारसम्म बेचेर आर्किटेक इन्जिनियर पढायौं । त्यतिमात्र होइन, उसको आमाको ऋण चुक्ता गरिदियौं । त्यो निचले मेरी छोरीलाई धोका दियो । समाजले त मेरी छोरीलाई बेश्या नै साबित गरे ।'

छोरीको साथीले गर्दा पाउन त त्योभन्दा लाखौं गुना असल केटा पायौं । यदि अहिलेको केटाले विवाह नगरेको भए मेरी छोरी जिन्दगीभर कुमारी बस्नुपर्थ्यो । सायद यो समाजले उसलाई बाँच्न पनि दिन्थेन होला । खान नपाई बसमा बेहोस भएको कङ्गालले शिखर छोएपछि आफू उभिएको धरातल नै बिर्सियो । समयको अगाडि घुँडा टेक्नबाहेक हामीले केही गर्न सकेनौं ।'

केशवको कुराले जितेन्द्र टोलाइरहे । जितेन्द्रले बुझे, ओहो ! यो रोहिणी भन्ने त केशवकै छोरी पो रहिछिन् । अब के गरौं ? केशवको खाटा लागिसकेको घाउ उक्काउनुभन्दा थाहा नपाएझैं गरी जानु नै बेश हुन्छ । तर एउटा कुराचाहिं सोध्छु नै । जितेन्द्रले उफ ! गर्दै भने, 'कसरी बसमा बेहोस भएछन् ? कसरी तपाईंहरूले उसमाथि ठूलो विश्वास गर्नुभयो त ?'

'भनिहालें नि जितेन्द्रजी, प्रशन्न गरिबको छोरा रहेछ । पढ्नमा चाहिँ होनहार नै रहेछ । आमाले अलिअलि भएको सम्पत्ति बेचेर बन्धकी राखेर छोरालाई पढाइछिन् । घरबाट केही पठाउन नसकेपछि त्यो स्वार्थी भोकै परेछ र बसमै बेहोस भएछ । बसमा भएकाहरू सबै छारेरोगी भनेर भागेछन्, मेरी छोरीले उनलाई हस्पिटल पुऱ्याएर उपचार गराइछिन् । आमा-छोरी भएर उसको खाने-बस्ने व्यवस्था पनि मिलाएछन् । भेटघाट गर्दागर्दै उनीहरूको प्रेम परेछ । मेरी छोरी साइन्समा बाइलोजी लिएर पढेकी मान्छे । दुईजनालाई पढ्न पैसा लगानी गर्न सकिँदैन भनी बुझेर आफू जानीजानी फेल भइछन् । कारण उनले प्रशन्नलाई इन्जिनियर बनाउन चाहेकी रहिछिन् । उसलाई इन्जिनियर पढाएर हामीले सम्पत्ति स्वाहा गऱ्यौं । इन्जिनियर पढेर आएपछि त ऊ सियोबाट हात्तीमा परिणत भयो । विवाहका लागि आमा लिन जान्छु भनेर विवाह पो गरेछ । हामी भने ऊ हरायो भनेर कति तड्पियौं । बिचरी रोहिणी त बेहोस नै भइन् । अरू भनेको भए त ठीकै थियो । त्यो पापीका लागि बैंस थेगेर बस्ने मेरी छोरीलाई बेश्या संज्ञा दियो त्यसले । ठीकै छ, त्यसको भलो होस् । मेरी छोरीमा छलकपट थिएन, त्यसैले उसले त्यो पापीभन्दा कयौं गुना असल डा. पति पाइन् ।'

सबै कुरा बुझेपछि जितेन्द्र केशवसँग बिदा भएर घर आई श्रीमती र छोरीलाई सबै कुरा बताए । वर्षाले आफू प्रशन्नजस्तो स्वार्थीसँग नबस्ने निर्णय गरिन् । वर्षाको आमाबाबुले पनि प्रशन्नलाई थाहा नै नदिई कालिमाटीको घर बेचिदिने र वर्षालाई अस्ट्रेलिया पठाउने निर्णय गरे । जितेन्द्रले गर्दा नै होटेलको नक्सा बनाउने काम साथीहरूद्वारा दिलाएको हुँदा जितेन्द्रले साथीहरूलाई लगाई हप्ता-दस दिनका लागि प्रशन्नलाई बुटवलतिर काममा व्यस्त गर्नु भने । अस्ट्रेलियाबाट भिसा आइसकेको हुँदा टिकटको मात्र कुरा थियो । जितेन्द्रले अस्ट्रेलिया पठाउन टिकट लिए । प्रमिलालाई वास्तविकता भनी मन दुखाउन चाहेनन् । अझै प्रशन्न दस-बाह्र दिन नआउने भनिदिए । प्रमिलाले आफू यतिखेर बुहारीकै मुख हेर्न आएको बताइन् । आफू नहुँदा घरमा डामाडोल हुन्छ भनी खुसीसाथ घर गइन् । वर्षाको बाबुआमाले सबै सोधपुछ गरी उनले ल्याएको सुनको चुरीको हिसाब गरी रोहिणीकै नाममा गाउँमा एक टुक्रा खेत किन्नु भनी केही हजार दिएर पठाए । प्रमिलाले पैसा लिन साफ इन्कारचाहिँ गरेकी थिइन् । धेरै सम्झाएपछि प्रमिलाले पैसा लिइन् र जाने बेलामा भनिन्, 'चाँडै घर आउनू, यो पैसाले तिम्रै नाममा खेतको गरा किनिदिन्छु । त्यही धान कुटेर चामल पठाइदिन्छु ।'

प्रमिलाको सरल हृदय देखेर वर्षालगायत वर्षाको आमाबाबुको पनि परेली रुझ्यो । प्रमिला पनि बुहारीसँग छुट्टिनुपर्दाको पीरले रुँदैरुँदै घर गइन् । वर्षालगायत वर्षाको बाबुआमालाई पनि उनलाई पनि छल गर्नुपर्दा त नरमाइलै लाग्यो । कुनै सानोतिनो गल्ती गरेको भए त वर्षाको बाबुआमा र वर्षाले नै माफ दिन्थे तर, प्रशन्नको अपराध माफी दिन लायक सम्झेनन् उनीहरूले । वर्षालाई अस्ट्रेलियातर्फ उडाए । कालिमाटीको घर बेची वर्षाकै नाममा पैसा बैंकमा राखिदिए । भविष्यको मीठो सपना बुनेको प्रशन्न जब आफ्नी मायालुलाई भेट्न कालिमाटी पुग्यो त्यहाँ सबैको नौलो अनुहार देखेर चित खायो । घर बेचेको थाहा पाएपछि ससुराली पुग्यो । जितेन्द्रले वर्षाले दिएको डिभोर्सको कागज दिँदै भने, 'बाबु प्रशन्न लाऊ तिमीलाई दिन हामीसँग यो चिर्कटोबाहेक केही छैन ।' कागज हेरेर प्रशन्न चिच्यायो, 'यो के हो ? यो सब के हो ?'

वर्षाकी आमा त देखै परिनन् । जितेन्द्रले आँसु झार्दै भने, 'यो तिम्रो पापको सजाय हो । सत्यलाई कहिलेसम्म छुपाउँछस् तँ ? तैँले मेरी छोरीको विश्वास र रोहिणीकै विश्वासमा गला घोटिस् । तँलाई मैले सोधेकै थिएँ । कसैलाई प्रेम गर्छस् कि गर्दैनस् भनेर तैँले महाझूट बोलिछस् । जाक्न त जेलमा जाक्नुपर्ने हो तँलाई तर चुपचाप गइहाल । नत्र राम्रो हुनेछैन ।'

प्रशन्नले बोल्ने कुनै ठाउँ नै थिएन । ऊ चुपचाप रन्थनिँदै वर्षाको माइतीबाट निस्क्यो । रोहिणी र वर्षा दुवैको आँखा सम्झ्यो । दुवैको आँखामा रत्तिभर पाप थिएन । दुवैको मन गंगाजस्तै पवित्र थियो । प्रशन्न सडकको पेटीमा बसेर धेरैबेर वर्षा र रोहिणीकै मायाले रोयो । स्वार्थले गर्दा आफू घर न घाटको भएको सम्झ्यो । त्यही रात नाइटमा घर गयो । घरमा आमालगायत सबै छिमेकीहरूले रोहिणी खोई भनेर सोधे ? प्रशन्नको अनुहार देखेर सबैले रोहिणी मरेकै अनुमान गरे । प्रमिलाले कैयौँ दिन रोएर बिताइन् । प्रशन्न आफूले गरेको पापले भित्रभित्रै जल्दै गयो । रोहिणीको टाडी खेत, रोहिणीको बाखा, रोहिणीको भैँसी हेरेर प्रमिलाले मन बुझाउन बाध्य भइन् । प्रशन्न सहर पस्न सकेन । गाउँकै स्कुलमा मास्टरी जागिर खायो । गाउँकै केटी बिवाह गऱ्यो तर जति समयले फेरो मारे पनि रोहिणी र वर्षा उसको आँखाबाट कहिल्यै ओझेल हुन सकेनन् । कहिल्यै ...

# छब्बीस

फिरोज र शालुको विवाह भएलगत्तै आकाश र रोहिणीको बिबाह पनि भयो । विवाहको केही समयपछि नै आकाश र रोहिणी अमेरिका गए । फिरोज र शालुले फ्रान्स जान भिसा पाए पनि रमण र गंगा र कान्छी दिदीले विदेश जान जरुरत नभएको बताएपछि उनीहरू खुसीखुसी नै नेपालमा बस्ने निर्णय गरे । शालु र फिरोजको जीवनमा र रोहिणी र आकाशको जीवनमा कहिल्यै पनि सानो आँधी आएन । उनीहरू हरक्षण डालीमा लटरम्म फुलेको फूलहरूजस्तै भए । शालुले दुईटा छोरा र रोहिणीले एक छोरा एक छोरीको जन्म दिइन् ।

कान्छीदिदीको जेठो छोरा सौरभलाई दीपकले नै होटेल म्यानेजमेन्ट गर्न बाहिर पठाई पैसा लगानी गरे पनि सुजन स्टुडेन्ट भिसामा लन्डन पढ्न गएपछि उर्मिला र दीपकको त्यो वैभवलाई छोडी कान्छी केशवकै घरमा फर्किन् । सबैले अनुमान गरे, कान्छी शालुको उमेरमै विवाह होस् । शालुले भाइको जिम्मेवारी बोक्न नपरोस् भनी शालुको जिम्मेवारी बोक्न नै दीपकको घरमा फर्केकी थिइन् । आफ्नो जिम्मेवारी पूरा गरेपछि उर्मिला र दीपकले लाख बिन्ती गर्दा पनि कुपण्डोल बस्न नमानी केशवकै घरमा फर्किन् । पीताम्बरा र केशवले कान्छीको आगमनलाई सहर्ष स्वीकार गरे । रोमाकान्त र मोनाले टीकाथलीमा तीन कोठाको घर बनाई त्यतै सरे । रेष्माले प्रेमलाई सधैँ घृणा गरे पनि रेष्मालाई एकतर्फी मन पराउने नरेशले रेष्माको घरमै आई मागी विवाह

गरे । नरेश प्रोफेसर थिए । रूपमती डा. अन्नाले स्वास्नी भएको पाइलटसँग जानीजानी विवाह गरिन् । लोग्नेले जेठी स्वास्नीसँग रात बिताएको थाहा पाएपछि रिसले विष सेवन गर्दा मृत्युबरण गरिन् । मोनाको बलात्कारी मालिकले आफ्नो स्वास्नीको वास्तविक रूप मोनाबाट थाहा पाएपछि भित्रभित्र स्वास्नीलाई मारेको पश्चात्ताप गर्दै सारा जीवन बिताए । उनले 'मूलको पानी र कुलको छोरी' उखानको वास्तविकता बुझे । थुप्रैले योगेन्द्र साहुसँग विवाह गर्न प्रस्ताव ल्याए पनि उसले विवाह गर्न मानेनन् ।

मोनाले बाबुआमा दुवै मर्दा पनि माइतीमा खुट्टा टेकिनन् भने कान्छी आफ्नो बाबु मरेपछि माइती गइन् । मौसमीले एड्सबारेमा केही भए पनि चेतना फैलाइन् । आफूजस्तै पछिको बाटो नहेरी बैंसको उन्मादलाई मात्र सर्वस्व ठान्नेलाई आफ्नै उदाहरण दिएर केही हदसम्म सचेत गराइन् । मर्नुभन्दा अगाडि शालुको सम्झना गरी बोलाए पनि शालु बीर हस्पिटल पुग्दा उनी मरिसकेकी थिइन् ।

शालु खल्लो मन गरी घर फर्किन् । आँखामा भने मौसमीकै सुन्दर अनुहार नाचिरहेको थियो । शालुको निराश अनुहार देखेर फिरोज पेन्टिङ गर्ने सबै सामान लिएर आई शालुतिर हेर्दै भने, 'शालु तिमी यही पोजमा बस । तिमी उदास हुँदाको तिम्रो तस्विर मैले बनाएकै छैन ।' गंगा र रमणले पनि फिरोजको कुराको समर्थन गर्दै भने, 'हो बाबु, हाम्री शालु उदास हुँदा पनि राम्रै देखिने रहिछन्, उनी उदास हुँदाको फोटो उतारेरै छोड ।'

सबैको कुरा सुनेर शालु फिस्स हाँसिन् । सँगसँगै रमण र गंगा तथा फिरोज र शालुका छोराहरू सुलभ र संयोग पनि हाँसे । हा...हा...हा... ।

अस्तु ।

# परिचय



नाम : ललिता 'दोषी'

जन्म : २०२५।०७।१६, इमाडोल, ललितपुर

घर : लु. अ. गुल्मी, अर्जै

शिक्षा : एम. ए.

**प्रकाशित कृति:**

| | |
|---|---|
| - प्रेमको परिभाषा (कथासंग्रह) | २०५६ |
| - भत्किएका किनारा (कथासंग्रह) | २०५७ |
| - बुद्ध रोएझैं लाग्छ (कवितासंग्रह) | २०५८ |
| - दुखेको घाउ (कथासंग्रह) | २०६० |
| - मानिस नै देवता (बालकथासंग्रह) | २०६३ |
| - नीलकमल (बालउपन्यास) | २०६४ |
| - इन्द्रेनी (बालकविता) | २०६५ |

**पुरस्कार, सम्मान:**

| | |
|---|---|
| - भानुमोती पुरस्कार | २०५९ |
| - महेन्द्र प्रकृति संरक्षण कोष पुरस्कार | २०६२ |
| - गुञ्जन नव प्रतिभा पुरस्कार | २०६२ |
| - मानचित्र सम्मान | २०६३ |
| - आमा सम्मान | २०६५ |

**...सरल र बगेको शैलीले गर्दा अनि कथावस्तुको राम्रो विकासका कारण उपन्यास लोकप्रिय बन्ने आशा गर्न सकिन्छ। यो उपन्यासको कथा अत्यन्त रोचक हुनाले यसमा एक सफल फिल्म वा टेलिफिल्म पनि बन्न सक्छ भन्ने मलाई बिश्वास छ।**

**डा: ध्रुवचन्द्र गौतम**

डीकुरा पब्लिकेशन

८७